

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

चौधौं वार्षिक प्रतिवेदन

२०६०।६१

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।
आश्विन, २०६१

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
चौधौं बार्षिक प्रतिवेदन

आ. ब. २०६०/०६१



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
आश्विन, २०६१

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल, काठमाडौं

फोन नं. : ४-२६२ ८४२
४-२६२ ५१५
फ्याक्स : ४-२६२ ९३०

इ-मेल :- akhtiyar@ntc.net.np

पत्र संख्याः-

मिति :- आश्विन, २०६१

विषय :- चौधौं बार्षिक प्रतिवेदन ।

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संबिधान, २०४७ को धारा ९८ को उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक बर्ष २०६०/६१ (२०६० श्रावण १ गतेदेखि २०६१ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरुको बार्षिक प्रतिवेदन चढाएका छौं ।

सरकार, जो हुकुम ।

सरकारका अनन्य भक्त सेवकहरु,

(बेद प्रसाद सिवाकोटी)	(ललित बहादुर लिम्बु)	(इन्द्र कुमार श्रेष्ठ)	(बासुदेव लामिछाने)	(सूर्यनाथ उपाध्याय)
आयुक्त	आयुक्त	आयुक्त	आयुक्त	प्रमुख आयुक्त

अनुक्रमणिका

पृष्ठ

परिच्छेद-१ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पृष्ठभूमि

१. पृष्ठभूमि..... १
२. गठन..... १
३. काम, कर्तव्य र अधिकार..... १
४. छानबीन र अनुसन्धान प्रकृया..... २
५. क्षेत्राधिकार..... ४
६. प्रशासनिक संगठन..... ५
७. आयोगका बैठक र निर्णय..... ५
८. अधिकार प्रत्यायोजन..... ५
९. बजेट व्यबस्था..... ५-६

परिच्छेद-२ : आ.ब. २०६०।६१ मा आयोगबाट निष्पादित कार्य

१. आयोगमा परेका उजूरीहरु उपर भएका कारवाहीको विवरण ७
२. अभियोजन र कारवाहीको विवरण..... ७
३. विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको विवरण..... ७
४. अनुसन्धान कारवाहीको तथ्यांकगत विवरण ८
५. अनुसन्धान अधिकृत तोकि बिभिन्न मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको विवरण ८
६. गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु... ९
७. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरु १०
८. रिसवत लिएको सम्बन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु १३
९. राहदानी सम्बन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु..... १३
१०. सवारी दर्ता अनियमितता सम्बन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुको विवरण १५
११. गैरकानुनी कर्जा कारोवार, प्रतितपत्र कारोवार तथा ठेक्कापट्टा लगायतका बिषयमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी बिवरण १६
१२. शैक्षिक योग्यता सम्वन्धी बिभिन्न मुद्दाहरुमा बिशेष अदालतबाट भएका फैसलाको बिवरण २०
१३. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही २०

परिच्छेद-३ : अभियोजन

१. बिशेष अदालतमा दायर गरिएका मुद्दाहरु..... २३
२. बिशेष अदालतबाट भएका फैसलाहरुको स्थिति..... ४२
३. पुनरावेदन गरिएका मुद्दाहरुको संक्षिप्त बिवरण..... ४२
४. पुनरावेदन/दोहोऱ्याउन निवेदन नगरिएका मुद्दाहरुको संक्षिप्त बिवरण.... ५५

परिच्छेद-४ : बिभागीय कारवाही

१. कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत ६३
२. गृह मन्त्रालय वा अन्तर्गत ६३
३. जलस्रोत मन्त्रालय वा अन्तर्गत ६४
४. भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत ६४
५. भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत ६६
६. वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत ६७
७. बिज्ञान प्रबिधि मन्त्रालय वा अन्तर्गत ६८
८. शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत ६८
९. श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत ६९
१०. सूचना तथा संचार मन्त्रालय वा अन्तर्गत ६९
११. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत ७०
१२. स्थानीय बिकास मन्त्रालय वा अन्तर्गत ७१
१३. स्वास्थ्य मन्त्रालय वा अन्तर्गत ७२-७३

परिच्छेद-५ : सचेत

१. अर्थ मन्त्रालय वा अन्तर्गत ७५
२. कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत ७५
३. गृह मन्त्रालय वा अन्तर्गत ७६
४. जलस्रोत मन्त्रालय वा अन्तर्गत ७७
५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत ७८
६. रक्षा मन्त्रालय वा अन्तर्गत ७९
७. वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत ७९
८. शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत ८०
९. श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत ८०
१०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत ८१
११. स्थानीय विकास मन्त्रालय वा अन्तर्गत ८२
१२. स्वास्थ्य मन्त्रालय वा अन्तर्गत ८३-८४

परिच्छेद-६ : ध्यानाकर्षण

१. भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत ८५
२. श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत ८५
३. स्थानीय विकास मन्त्रालय वा अन्तर्गत ८५
४. स्वास्थ्य मन्त्रालय वा अन्तर्गत ८६

परिच्छेद-७: सुझावहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ८७
२. अर्थ मन्त्रालय १०१

३. कृषि तथा सहकारी मन्त्रालय १०६
४. गृह मन्त्रालय १०६
५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय १०८
६. भौतिक योजना तथा निर्माण मन्त्रालय ११०
७. श्रम तथा यातायात व्यवस्था मन्त्रालय १११
८. सूचना तथा संचार मन्त्रालय ११२
९. संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय ११३
१०. स्थानीय विकास मन्त्रालय ११३
११. स्वास्थ्य मन्त्रालय ११५

परिच्छेद-८ : आयोगबाट भएका अन्य कारवाहीहरु ११६-१३२

परिच्छेद-९ : बिभागीय वा अन्य कारवाही गर्न लेखिएका बिषयको अनुगमन

१. अर्थ मन्त्रालय वा अन्तर्गत १३३
२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत १३५
३. कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत १३६
४. गृह मन्त्रालय वा अन्तर्गत १३७
५. जलस्रोत मन्त्रालय वा अन्तर्गत १३८
६. वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत १३८
७. विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत १३९
८. भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत १३९
९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत १३९
१०. शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत १४१
११. श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत १४२
१२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत १४२
१३. सूचना तथा सञ्चार मन्त्रालय वा अन्तर्गत १४२
१४. स्थानीय विकास मन्त्रालय वा अन्तर्गत १४३
१५. स्वास्थ्य मन्त्रालय वा अन्तर्गत १४४-१४५

परिच्छेद-१० : तामेली १४६-१७६

परिच्छेद-११ : आयोगका अन्य गतिविधिहरु

(क) बाह्य गतिविधि १७७
१. सभा, सम्मेलन, गोष्ठी तथा अध्ययनका सिलसिलामा बिदेश भ्रमण
(ख) आन्तरिक गतिबिधि १७८-१८०
१. तालीम, गोष्ठी तथा बिविध क्रियाकलापहरु

परिच्छेद-१२ : उपसंहार १८१-१८३

अनुसूचीहरु :

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका १७६
- हाल आयोगमा कार्यरत कर्मचारी संख्या १७७-१८४
- आयोगको लागि भएको बजेट व्यवस्था १८५-१८६
- भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धमा क्षेत्रीय प्रशासन कार्यालयहरुबाट भएको कारवाहीको बिवरण १८७
- भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कारवाहीको बिवरण १८८-१९२
- अभियोजन र अन्य कारवाहीको स्थिति १९३
- बिशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको बर्गिकरण १९४
- सफल/असफल मुद्दाहरुको अनुपात १९५
- आयोगमा परेका उजूरीहरु र कारवाहीको स्थिति १९६
- कारवाहीको तुलनात्मक बिवरण १९७
- कूल उजुरी र फछ्यौंटको तुलनात्मक बिवरण १९८

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पृष्ठभूमि

१. पृष्ठभूमि

नेपाल अधिराज्यको संबिधान, २०४७ को धारा ९७ अनुसार सार्बजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संबैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ।

२. गठन

नेपाल अधिराज्यको संबिधान, २०४७ को धारा ९७ बमोजिम आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरु रहने प्रावधान छ। श्री ५ बाट संबैधानिक परिषद्को सिफारिसमा आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्तहरुको नियुक्ति गरिबक्सिन्छ। आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ बर्षको उमेरसम्म बहाल रहन सक्ने व्यवस्था छ। हाल आयोगमा निम्नानुसार एक जना प्रमुख आयुक्त र चार जना आयुक्तहरु कार्यरत रहनु भएको छ :-

श्री सूर्यनाथ उपाध्याय प्रमुख आयुक्त	२०५७।७।१८ मा प्रमुख आयुक्त पदमा नियुक्त।
श्री बासुदेव लामिछाने आयुक्त	२०५७।७।१८ मा आयुक्त पदमा नियुक्त।
श्री इन्द्र कुमार श्रेष्ठ आयुक्त	२०६०।९।२१ मा आयुक्त पदमा नियुक्त।
श्री ललित बहादुर लिम्बु आयुक्त	२०६०।९।२१ मा आयुक्त पदमा नियुक्त।
श्री वेद प्रसाद सिवाकोटी आयुक्त	२०६०।९।२१ मा आयुक्त पदमा नियुक्त।

३. आयोगका काम, कर्तव्य र अधिकारहरु :

नेपाल अधिराज्यको संबिधान, २०४७ बमोजिम आयोगका काम, कर्तव्य र अधिकारहरु निम्नानुसार छन् :

- कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने,

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा बिवादित वा अन्य आवश्यक कार्यबाही गर्न अख्तियारवालालाई लेख्ने,
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर समेत मुद्दा दायर गर्ने वा गराउने,
- श्री ५ समक्ष सम्पादित कामहरुको वार्षिक प्रतिवेदन चढाउने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सम्बन्ध र सहयोग वृद्धि गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको बिशेषज्ञ वा बिशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४ छानविन तथा अनुसन्धान प्रकृया :

नेपाल अधिराज्यको संविधान, २०४७ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजूरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्नेछ साथै निवेदकले सनाखत समेत गर्नु पर्नेछ । तर सार्वजनिक चासोको बिषय भएको उजूरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारवाही चलाउन सक्दछ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका अख्तियार दुरुपयोग सम्बन्धी कुनै पनि उजूरी निबेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा सो बिषयमा कारवाई गर्नु पर्ने वा नपर्ने निर्क्यौल गर्न मूलत: निम्न तथ्यहरुको निरुपण गर्ने गरिएको छ :

क) उजूरी निवेदनको विषय वस्तु के हो ?

ख) उजूरी आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ग) उजूरीमा उल्लिखित विषयको गम्भीरता के कति छ ?

घ) उजूरीमा उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

ङ) बिवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?

च) बिवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै बिवादित वा अन्य कारवाई भएको छ, छैन ?

छ) बिवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानविन गरी संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानविन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ :-

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,

ख) ऐनको हदम्याद नाघेको,

ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,

घ) अदालतमा मुद्दा परिरहेको बिषयको,

ङ) तथ्ययुक्त आधार नभएको,

च) खिचोला वा टण्टा दिने मनसायको, र

छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका उजूरीहरुमा प्रारम्भिक छानविनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरुबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै विषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृतअनुसन्धान पनि गर्न सक्दछ ।

<u>बिस्तृतअनुसन्धान तहकिकातको प्रकृया :</u> प्रारम्भिक छानवीनको रोहबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित

जवाफ लिने, निजहरुलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, बिवादको गम्भीरता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा बिभागीय वा अन्य कारवाहीको सिफारीश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

⇒ नेपाल अधिराज्यको संविधान, २०४७

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (दोश्रो संशोधन सहित)

⇒ भ्रष्टाचार निवारण ऐन, २०५९

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९

⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५७

५. क्षेत्राधिकार

कुनै सार्वजनिक पद धारण गरेको कुनै पनि व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्दछ । तर देहायका पदाधिकारीको सम्बन्धमा कारवाही गर्ने अधिकार आयोगलाई प्राप्त छैन :

क) त्यस्तो कारवाहीको सम्बन्धमा संबिधानमै छुट्टै व्यवस्था गरिएका पदाधिकारी, र

ख) सैनिक ऐन बमोजिम कारवाही हुने पदाधिकारी ।

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा श्री ५ को सरकारद्वारा नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको सचिव पदमा मिति २०५९।२।५ देखि श्री बाल कृष्ण प्रसाई कार्यरत रहदै आउनु भएको छ । आयोगले स्वीकृत गरेको नयाँ रणनीति अनुरुप आयोगको प्रशासनिक संगठनलाई सुदृढ गरिएको छ । आयोगको सांगठनिक संरचना अनुसूची २ मा दिइएको छ । नयाँ संरचना अनुरुप हाल आयोगमा अनुसन्धान महाशाखाहरु - ६, मुद्दा महाशाखा -१, प्रहरी महाशाखा - १, प्रशासन महाशाखा - १ र योजना महाशाखा - १ गरी १० वटा महाशाखाहरु कायम गरी स्वीकृत दरबन्दी तर्फका १७८, प्रहरीतर्फका २२, काज खटिएका ७५, पुल दरबन्दी २०, फाजिल १७ समेत जम्मा ३१२ कर्मचारी कार्यरत रहेका छन् । प्रशासनिक संगठन तालिका एवं कर्मचारीहरुको बिस्तृत बिबरण अनुसूची १ र २ मा दिइएको छ ।

७. आयोगको बैठक र निर्णय

आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिब मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिबबाट तय गरिन्छ। यसरी कार्यसूची तयार भएपछि बिषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय गर्न सकिने व्यवस्था छ। यसै अनुरुप आर्थिक वर्ष २०६०/६१ को अबधिमा १२९ पटक आयोगको बैठक बसी ३५१ वटा निर्णयहरु भएका थिए।

८. अधिकार प्रत्यायोजन

आयोगको क्षेत्राधिकार व्यापक भए पनि हाल आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भैनसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०५९।६।१ को नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ।

९. बजेट व्यवस्था

आर्थिक वर्ष २०६०/६१ मा आयोगको कूल बजेट रु. ३ करोड ९१ लाख ४७ हजार २ सय ९६ रुपैंया ७८ पैसा मध्ये रु. ३ करोड ८८ लाख ६३ हजार ६ सय ७३ रुपैंया ६१ पैसा निकासा भई रु. ३ करोड ८७ लाख ६८ हजार ४ सय ३६ रुपैंया १४ पैसा खर्च भएको छ। यस अघि आर्थिक वर्ष २०५९/६० मा आयोगको कूल बजेट रु. २ करोड ८० लाख ९४ हजार ६ सय ७२ रुपैंया ४३ पैसा मध्ये रु. २ करोड ४३ लाख ७९ हजार ४ सय ४० रुपैंया ९८ पैसा निकासा भई रु. २ करोड ४३ लाख ७९ हजार ४ सय ४० रुपैंया ९८ पैसा खर्च भएको थियो। आर्थिक वर्ष २०५९।६० सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन। आर्थिक वर्ष २०६०/६१ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

परिच्छेद - २

आ.ब. २०६०।६१ मा आयोगबाट निष्पादित कार्य

१. **आ.ब. २०६०/६१ मा परेका उजूरीमा आयोगले गरेका कारवाहीको बिवरण :**

आर्थिक बर्ष २०६०/६१ मा आयोगमा परेका उजूरी उपर छानवीन, अनुसन्धान गरी फछ्यौंट गरेका उजूरीको संख्या तथा कारवाहीको स्थिति निम्न तालीकाबाट प्रष्ट हुन्छ ।

आ.ब. २०६०/६१	
उजूरी परेको	फछ्यौंट संख्या
३७३२	३१८८
कुल उजूरीको ८५.४२ प्रतिशत फछ्यौंट	

२. **अभियोजन र कारवाहीको बिवरण :**

आ. व.	मुद्दा दर्ता	पुनरावदेन	विभागीय कारवाही	ध्यानाकर्षण	सचेत	सुझाव
२०६०/६१	*९८	१४	३८	३	२४	२०

आ.व. २०६०/६१ को अवधिमा जम्मा ३१४ जनालाई प्रतिवादी बनाई १०५ वटा मुद्दा दायर गरिएको छ । जसको विषयगत स्थिति देहायको तालिकामा दिइएको छ ।

३ **विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको बिवरण :**

विषय	प्रतिवादी संख्या	मुद्दा संख्या
गैरकानुनी सम्पत्ति आर्जन	४३	१६
नक्कली प्रमाणपत्र	४७	४७
रिसवत लिएको	६	४
राहदानी	८२	१०
सवारी दर्ता	३४	६
अन्य	१०४	२२
जम्मा	३१५	१०५ (जम्मा दायर संख्या ९८)

नोट :

- दायर गरिएका मुद्दाहरु मध्ये ४ वटा निर्णयवाट ५ वटा मुद्दा प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रमुख जिल्ला अधिकारीको प्रतिवेदनका आधारमा दायर गर्ने निर्णय भएको पाइन्छ ।
- प्रतिवादीको हकमा एकजना व्यक्ति एक भन्दा वढी मुद्दामा प्रतिवादी रहेको अवस्थामा सोही वमोजिम नै संख्या गणना भएको छ ।
- * मुद्दा दर्ता गर्ने निर्णय भएतापनि सोही आर्थिक वर्षमा दर्ता नभैसकेको अवस्थामा निर्णय गरिएको संख्या र दायर भएको संख्या मेल नखाएको ।

४. अनुसन्धान कारवाहीको तथ्यांकगत बिवरण :

अनुसन्धान महाशाखा नं	तामेली	सुझाव	ध्यानाकर्षण	सचेत		विभागीय कारवाही		
				विषयगत	व्यक्तिगत	विषयगत	व्यक्तिगत	अभिलेख राख्न लेखिएको
१	३४२	३	-	-	-	-	-	-
२	२४३	१६	४	-	४	-	-	-
३	१७०	१	३	१	१	-	-	१
४	२१२	-	५	१	-	-	-	-
५	१८५	१	१	२	५	१	१	-
६	१२७	-	४	१	-	-	-	-
जम्मा	१२७९	२१	१७	५	१०	१	१	१

५. अनुसन्धान अधिकृत तोकि मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरणः

म.शा. नं	सम्वन्धित मन्त्रालयहरु	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
१	अर्थ मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय राष्ट्रिय योजना आयोग महालेखा नियन्त्रकको कार्यालय महालेखा परीक्षकको विभाग	१९	१५३
२	भौतिक योजना तथा निर्माण मन्त्रालय श्रम तथा यातायात व्यवस्था मन्त्रालय स्थानीय विकास मन्त्रालय सूचना तथा सञ्चार मन्त्रालय	५३	४२२
३	जलश्रोत मन्त्रालय स्वास्थ्य मन्त्रालय कानून तथा संसदीय मन्त्रालय	१३	१८९
४	शिक्षा तथा खेलकूद मन्त्रालय महिला वालवालिका तथा स.क. मन्त्रालय जनसंख्या तथा समाजकल्याण मन्त्रालय जनसंख्या तथा वातावरण मन्त्रालय संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालय	१९	३९५
५	वन तथा भू-संरक्षण मन्त्रालय कृषि तथा सहकारी मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय	५१	२३०
६	गृह मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सामान्य प्रशासन मन्त्रालय परराष्ट्र मन्त्रालय लोक सेवा आयोग निर्वाचन आयोग	९	२३१
	जम्मा:-	१६४	१६२०

६. गैर कानुनी सम्पत्ति आर्जन सम्वन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१.	२८ २०६०/५/२६	गैरकानुनी सम्पत्ति आर्जन	महेन्द्र गौतम दीपा शर्मा	५७,३०,४९८।८७
२.	४१ २०६०/६/२२	गैरकानुनी सम्पत्ति आर्जन	प्र.व.उ. बसन्तराज कुँवर पुजा कुँवर बटुकृष्ण खड्का	८४,३६,३६१।४९
३.	४२ २०६०/६/२२	गैरकानुनी सम्पत्ति आर्जन	प्र.व.उ. किरणकुमार गौतम अन्जना गौतम	६१,८६,८३०।२०
४.	५६ २०६०/६/२७	गैरकानुनी सम्पत्ति आर्जन	प्र.व.उ. कल्याणकुमार तिमिल्सिना वसन्ती तिमिल्सिना	६३,९१,०९८।६०
५.	६४ २०६०/७/७	गैरकानुनी सम्पत्ति आर्जन	व.का.नि. युवराज शर्मा शिला पोखरेल (शर्मा)	१०१४५२५१/९१
६.	९० २०६०/८/८	गैरकानुनी सम्पत्ति आर्जन	पू.स.चक्रबन्धु अर्याल श्रीमती सीता देवी अर्याल सुदर्शन अर्याल	२,६०,८१,५६१.३१
७.	९१ २०६०/८/८	गैरकानुनी सम्पत्ति आर्जन	पू.स.पदमप्रसाद पोखरेल झुना पोखरेल रोमिला पोखरेल	१,५१,३८, ८९८/५५
८.	९६ २०६०/८/११	गैरकानुनी सम्पत्ति आर्जन	रविन्द्रनाथ शर्मा सरोज शर्मा शरद ज्ञवाली अरुणा ज्ञवाली शैलजा ज्ञवाली स्वस्तिका शर्मा	४,९५,५४, ७०८.५७
९.	१२६ २०६०/९/१८	गैरकानुनी सम्पत्ति आर्जन	गोविन्दराज जोशी वासुदेव पन्त नीरकुमारी पन्त रामकृष्ण तिवारी दिनेशराज जोशी	३,९३,६२,५७६.४५
१०.	१७० २०६०/१०/२३	गैरकानुनी सम्पत्ति आर्जन	ना.सु. दुर्गावहादुर कार्की इरा कार्की	१,०७,५७,०३३.८८
११.	१८५ २०६०/११/१२	गैरकानुनी सम्पत्ति आर्जन	मदनराज शर्मा रुपा ढुङ्गेल	२,४६,०८,८१८।०७
१२.	२१९ २०६०/१२/१३	गैरकानुनी सम्पत्ति आर्जन	सि.डि.इ. गुरुप्रसाद ढकाल राधा ढकाल रिना ढकाल	१,७५,८९,२३३।६६

१३.	▩२५४ २०६१/१/१५	गैरकानुनी सम्पत्ति आर्जन गरेको	ताराराज पाण्डे (गोविन्दराज जोशीको स्रोत नखुलेको सम्पत्तिसँग सम्बन्धित)	
१४.	२७० २०६१/१/२८	गैरकानुनी सम्पत्ति आर्जन गरेको	डा. लक्ष्मीराज पाठक सुशिला पाठक	६९,४३,४४४।३६
१५.	२७५ २०६१/२/५	गैरकानुनी सम्पत्ति आर्जन गरेको	सि.डि.ई. हरेकृष्ण भगत सुनयनादेवी भगत	८५,८६,७५४।७९
१६.	३०७ २०६१/२/२०	गैरकानुनी सम्पत्ति आर्जन	बद्रीनाथ श्रेष्ठ रोविन श्रेष्ठ	७२,९२,०३९।६९

७. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी मुद्दाहरु :

गत बर्ष भरिमा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान, शैक्षिक निकायमा कार्यरत निम्न लिखित कर्मचारीहरुले शुरु नियुक्ति, बढुवा हुँदा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले मुद्दा दायर गर्ने निर्णय भएको देखिन्छ :-

क्र. सं.	निर्णय संख्या र मिति	नाम	पद र कार्यालय	विश्वविद्यालय /बोर्ड
१.	४८ २०६०।६।२६	पार्वतीकुमारी बस्नेत	शिक्षिका, नेपाल राष्ट्रिय नि.मा.वि, थुमन रसुवा ।	विहार संस्कृत शिक्षा बोर्ड पटना
२.		जानुकाकुमारी गुरुङ्ग	शिक्षिका, डाडा गाउँ मा.वि. डाडा गाउँ ।	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
३.		पम्फादेवी शर्मा	शिक्षिक श्री सरस्वती प्रा.वि. रसुवा ।	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
४.		भुपेन्द्र बहादुर वस्नेत	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	मा.शि.प., इलाहावाद
५.		राजन कुमार पोखरेल	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	,,
६.		मदनलाल प्रधान	खजाञ्ची का.स. ने.बै.लि.	,,
७.		शर्मिला नेवा	बरिष्ठ सहायक, ने.बै.लि.	,,

▩ हदै सम्मको सँजायको मागदावी ।

८.		मिना दिक्षित	प्रमुख सहायक क.सं. कोष	मा.शि.प. उत्तरप्रदेश
९.		निरन्जन पौडेल	स्टोर सहायक ज.उ .तथा प्र.कं.लि.	,,
१०		मोहन प्रसाद अर्याल	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	,,
११.	४९ २०६०।६।२६	हेमलाल महर्जन	प्रधान सहायक, नि.वि.तथा क.सु.निगम	वि.इ.इ. काउन्सील
१२.		वीमला थापा	स्टाफ नर्स, शिक्षण अस्पताल	बिहार संस्कृत शिक्षा वोर्ड
१३.		डमरुबल्लभ ढकाल	शा.अ., भु.तथा व्य. मन्त्रालय	कामेश्वर सिंह दरभंगा
१४.	८२ २०६०।९।४	स्मिता रायमाझी	प्रशासन सहायक चौथो तह, नेपाल रोजिन एण्ड टर्पेटाइन लि. काठमाडौं कार्यालय ।	बिहार संस्कृत शिक्षा बोर्ड पटना
१५		ज्योती कोइराला	प्रशासन सहायक तेस्रो तह, नेपाल रोजिन एण्ड टर्पेटाइन लि. काठमाडौं ।	बिहार संस्कृत शिक्षा बोर्ड पटना
१६.	१०७ २०६०।९।४	थमन बहादुर पाण्डे	प्रहरी निरीक्षक, प्रहरी प्रधान कार्यालय	पटना विश्वविद्यालय
१७.		उत्तम प्रकाश शर्मा	ब.स. नेपाल बैक लि.	माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश
१८.		शान्ती भट्टराई	हे.अ., त्रिभूवन विश्वविद्यालय	माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेश
१९.		सुरेश देव भट्ट	प्र.स. नेपाल राष्ट्र वैक	विहार इन्टर मिडियट एजुकेशन काउन्सील
२०.		तारादेवी श्रेष्ठ	महिला कार्य कर्ता महिला विकास शाखा, पाँचथर	बिहार संस्कृत शिक्षा बोर्ड
२१.		राजन पोखरेल	बरिष्ठ पियन, नेपाल बैक लि.	माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश
२२.	१०८ २०६०।९।४	गणेश प्रसाद भट्टराई	शिक्षक, गोसाईकुण्ड प्राथमिक विद्यालय, हाईकु, रसुवा ।	विहार संस्कृत शिक्षा बोर्ड पटना
२३.	१६६ ०६०।१०।२२	लालबहादुर रावल क्षेत्री	शा.अ., कृ.वि.बैंक	मा.शि.प. इलाहावाद
२४.		राजनकुमार कर्माचार्य	सुपरीक्षक, ने.बैं.लि.	,,
२५.	१६७ ०६०।१०।२२	तारा राजभण्डारी कार्की	टाईष्टि तेश्रो तह, ने.वि.प्रा.	बिहार विद्यालय परीक्षा समिति
२६		श्यामकृष्ण खड्का	तेश्रो तह, साझा स्वास्थ सेवा	,,

२७		लक्ष्मी पोखरेल	प्र.ना.नि., नेपाल प्रहरी	,,
२८		श्यामकृष्ण मगर	पियन, ने.रा.बैंक	विहार संस्कृत शिक्षा बोर्ड
२९.	२२० २०६०।१२।१३	नीरु सुव्वा	विमान परिचारिका पाँचौ तह, शाही नेपाल वायु सेवा निगम ।	University of North Bengal
३०.	२३७ २०६१।१।२	रघुनाथ जैशी	नि.मा.शिक्षक त्रिशक्ति मा.वि., वारविस, बाजुरा	माध्यामिक शिक्षा परिषद्, उत्तरप्रदेश
३१.	२५५ २०६१।१।१५	कृष्ण कुमार तामांङ्ग	क्यास कार्य सहायक ने.बै.लि.	विहार इन्टर मिडियट एजुकेशन काउन्सील पटना
३२.		खड्गवहादुर चन्द	प्रवन्धक (ले.अ.) रा.बा बैक	छत्रपति सहुजी महमराजा विश्वविद्यालय कानपुर
३३.	२७३ २०६१।१।३१	आशा श्रेष्ठ	माध्यमिक परीक्षा	विहार विद्यालय परीक्षा समिति, पटना
३४.	२८८ २०६१।२।११	लिल गुरुङ	प्रहरी निरीक्षक नेपाल प्रहरी	मा.शि.प. बनारस
३५.		हुमनाथ अधिकारी	प्रा.शि., गणेश प्रा.वि. तुलसी भन्ज्यांग	मा.शि.प. बनारस
३६		नामदेउ अधिकारी	प्रा.शि., कालिका प्रा.वि. पेलाकोट	मा.शि.प. बनारस
३७.	३०२ २०६१।२।१९	डब्लु कृष्ण श्रेष्ठ	शाखा अधिकृत, कृषि विकास बैंक (स्वेच्छिक अवकाश प्राप्त)	माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश
३८.		लिलाधर शर्मा	नगद सहायक ने.रा.बैंक - (स्वेच्छिक अवकाश प्राप्त)	माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश
३९.	३२५ २०६१।३।७	अभिनन्दन ठाकुर	वरिष्ट सहायक (पाँचौ तह)	बाबासाहेव भीमराव अम्वेदकर विहार विश्वविद्याल, मुजफरपुर
४०.	३२९ २०६१।३।९	राधा शर्मा	लेखपाल, कृषि विकास बैंक	मा.शि.प. उत्तर प्रदेश
४१.		कोकिला सत्याल	सहायक, पाचौं नेपाल आयल निगम	मा.शि.प. उत्तर प्रदेश
४२.	३३० २०६१।३।९	यज्ञप्रसाद शर्मा	खजान्जी रा.वा.बैंक	मा.शि.प. उत्तर प्रदेश

४३.	३४२ ०६१।३।१५	सीतादेवी गौतम	प्रा.शि. महेन्द्र जनसहयोग प्रा.वि., आरुखर्क, स्यांग्जा	माध्यमिक शिक्षा परिषद् ,उत्तर प्रदेश
४४.		कुल प्रसाद उपाध्याय	लेखापाल जिल्ला शिक्षा कार्यालय वाग्लुङ्ग	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
४५.	३४४ ०६१।३।१६	चुम बहादुर जि.सी.	प्रहरी निरीक्षक, इलाका प्रहरी कार्यालय मुग्लिन	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
४६.		कृष्ण विक्रम राणा	हेड अशिष्टेण्ट, पृथ्वीनारायण वहुमुखी क्याम्पस पोखरा	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश
४७.		विष्णु प्रसाद पंगेनी	कम्प्युटर अपरेटर जि.वि.स. स्यांङ्गजा	माध्यमिक शिक्षा परिषद उत्तर प्रदेश

८. रिसवत लिएको सम्वन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१.	२४ २०६०/५/१२	रिसवत लिएको	जिल्ला सिंचाई कार्यालय सल्यानका इन्जिनियर थलेस पूर्वे	१,००,०००।००
२.	५० २०६०/६/२७	रिसवत लिएको	जि.वि.स. सर्लाहीका ओ.सी.आविद हुसेन	१६,०००।००
३.	६३ २०६०/७/७	रिसवत लिएको (राहदानी)	शिववहादुर स्वाँर लिलाप्रसाद पोखरेल दुर्गाप्रसाद बाँस्कोटा	२२,०००।००
४.	३०३ २०६१/२/१९	रिसवत	टा.ना.सु. गणेशप्रसाद भट्टराई	५,०००।००

९. राहदानी सम्वन्धमा दायर गर्न निर्णय भएका मुद्दाहरु :

क्र. सं.	निर्णय संख्या र मिति	विषय	प्रतिवादीहरु	कैफियत
१	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ.विनोद प्रसाद शर्मा प्र.अ. यज्ञराज वोहरा ना.सु. कमला रेग्मी ना.सु. दुर्गा वहादुर कार्की सुरेन्द्र कार्की फिरोज देवान सुरेन तामाङ्ग उदय गुरुङ्ग शैलेन्द्र थापा रमेश राई पासाङ्ग शेर्पा	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको

२	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ.विनोद प्रसाद शर्मा प्र.अ. प्रदिपराज कँडेल शा.अ. जनार्दन भट्टराई ना.सु. प्रदिपकुमार खरेल ना.सु. दुर्गा वहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान खगेन्द्र प्रधान सुरेश तामाङ्ग	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको
३	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. विनोद प्रसाद शर्मा प्र.अ. गोपाल प्रसाद रेग्मी ना.सु. दुर्गा बहादुर कार्की ना.सु. देवेन्द्र वहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान ललित क्षेत्री सारथी वस्नेत	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको
४	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. गोविन्द खनाल प्र.अ. टंकराज ज्ञवाली ना.सु. विष्णु प्रसाद ज्ञवाली ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान ववित खत्री अभिसेख मुखिया जफेरी खत्री	
५	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. विनोद प्रसाद शर्मा प्र.अ. प्रदीप राज कडेल प्र.अ. ओम राज पुरी ना.सु. प्रदीप कुमार खरेल ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान गजेन्द्र गुरुङ्ग फूर्वा लामा	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको
६	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. गोविन्द खनाल शा.अ. धनेन्द्र कुमार सुव्वा प्र.अ. टेक राज ज्ञवाली ना.सु. विष्णु प्रसाद अर्याल ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान सुशान्त कार्की	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको

७	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. विनोद प्रसाद शर्मा प्र.अ. प्रदीप राज कडेल ना.सु. कमला रेग्मी ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान रीवाज गुरुङ्ग संजय गुरुङ्ग	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको
८	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. विनोद प्रसाद शर्मा प्र.अ. गोपाल प्रसाद रेग्मी ना.सु. देवेन्द्र बहादुर कार्की ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान मनोज देवान	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको
९	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. गोविन्द खनाल प्र.अ. यज्ञ राज वोहोरा ना.सु. विष्णु प्रसाद अर्याल ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान सुरज राई	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको
१०	२४४ २०६१/१/७	गैर नेपाली नागरिकलाई राहदानी जारी गरेको	स.प्र.जि.अ. विनोद प्रसाद शर्मा प्र.अ. गोपाल रेग्मी खरीदार रुद्र प्रसाद भट्टराई ना.सु. दुर्गा बहादुर कार्की सुरेन्द्र के.सी. फिरोज देवान अनिल थापा	जिल्ला प्रशासन कार्यालय काठमाण्डौवाट जारी भएको

१०. सवारी दर्ता अनियमितता सम्वन्धमा मुद्दा दायर गर्न भएका निर्णयहरुको बिवरण :

क्र. सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१.	१३४ २०६०/९/२४	किर्ते कागजात तयार गरी सवारी (आठवटा ट्रक) दर्ता गर्दा भ्रष्टाचार गरेको	तुल्सीराम पाण्डे लालु पथ्थरकट श्रीनारायण लालकर्ण केदारप्रसाद पलान्चोके हरिकिशोर लालकर्ण राजकुमार दाहाल	२७,१९,२५५.५२
२.	१३५ २०६०/९/२४	किर्ते कागजात तयार गरी सवारी	तुल्सीराम पाण्डे लालु पथ्थरकट	

		(वीस वटा जीप) दर्ता गर्दा भ्रष्टाचार गरेको	गोपालप्रसाद ढुंगेल श्रीनारायण लालकर्ण केदारप्रसाद पलान्चोके भरत चौधरी	१,१७,७९,६८४.६८
३.	१६९ २०६०/१०/२३	किर्ते कागजात तयार गरी सवारी (फोर्ड कार) दर्ता गरी भ्रष्टाचार गरेको	का.प्र. अब्दुल रइस खाँ मे.सु. राजेन्द्रकुमार रिजाल ख. हरिशरण फुयाल का.प्र. रामप्रसाद अर्याल शा.अ. नारदमणी काफ्ले सोमवहादुर श्रेष्ठ अमरनाथ श्रेष्ठ दिपक थुलुङ्ग	१३,३५,२६७.००
४.	१७१ २०६०/१०/२३	भन्सार नतिरी ल्याएको गाडि बा ३ च ३७७९ व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको	का.प्र. अब्दुल रइस खाँ आइतवहादुर गुरुङ्ग	८,८०,१६५.२९
५.	१७१ २०६०/१०/२३	भंसार नतिरी चोरी पैठारी गरी ल्याएको गाडीको नक्कली कागजात तयार गरी व्यक्तिको नाममा दर्ता गरी (बा.३ च ४०४४) भ्रष्टाचार गरेको	शा.अ. नारदमणी काफ्ले टशी छवाङ्ग लामा राजन नापीत	५,८५,९२१.३०
६.	३०० २०६१/२/१९	लिलाम गरेको गाडी लाई किर्ते कागज खडा गरी नयाँ गाडी भनी दर्ता गरी भ्रष्टाचार गरेको	सोम बहादुर श्रेष्ठ अमरनाथ श्रेष्ठ अनुराज प्रधान कृष्णलाल श्रेष्ठ अब्दुल रइस खाँ राजेन्द्र कुमार रिजाल हरिशरण फुयाँल राम प्रसाद अर्याल नारदमणी काफ्ले	१९,६०,५७८.७२

११. **गैरकानुनी कर्जा कारोवार, प्रतितपत्र कारोवार तथा ठेक्कापट्टा लगायतका विषयमा मुद्दा दायर गर्न भएका निर्णय सम्वन्धी बिवरण :**

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	विषय	प्रतिवादी	विगो रकम (रु.)
१.	२४ २०६०/५/१२	सर्भेक्षणको ठेक्का अनियमिततापूर्व स्विकृत गरी भ्रष्टाचार गरेको	जिल्ला सिंचाई कार्यालय सल्यानका इन्जिनियर थलेश पूर्वे	१,९८,३८२।००
२.	५१ २०६०/६/२७	प्रिन्स सर्टिङ्ग तथा सुटिङ्गसँग सम्वन्धित विषयमा गैरकानुनी रुपमा वैंक कर्जा कारोवार गरी रकम हिनामिना	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने वीरबहादुर श्रेष्ठ वील वहादुर तामाङ्ग	१३,४६,८९०।००
३.	५१ २०६०/६/२७	न्यू कमलविनायक ट्रेडर्ससँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने कृष्णमुरारी तिमिल्सिना रामहरी बस्नेत राधाकृष्ण लामिछाने	५,५९,८५३।-
४.	५१ २०६०/६/२७	लक्ष्मी हेण्डीक्राफ्ट उद्योगसँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने लक्ष्मी खड्का शरद पाण्डे राजेन्द्र वस्नेत	७,१३,४३१।-
५.	५१ २०६०/६/२७	चन्द्रविनायक डिष्ट्रीव्यूटर्ससँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने जयवहादुर खत्री ध्रुवराम प्रसाई वील वहादुर तामाङ्ग	११,५२,४४५।-
६.	५१ २०६०/६/२७	शिखर टेक्सटायल उद्योगसँग सम्बन्धित कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने कुलप्रसाद पौडेल पर्शुराम के.शी.	१७,०८,१६१।-
७.	५१ २०६०/६/२७	ईन्द्रेणी टेक्सटायल उद्योगसँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने लुल्सीमैया सुवाल रमेशभक्त भुजु गंगाराम लघु पर्शुराम के.सी.	२९,२६,९०४।-

८.	५१ २०६०/६/२७	सुजाता ट्रेडर्ससँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने बालकृष्ण कायस्थ	१०,६३,२२६।-
९.	५१ २०६०/६/२७	आर.पी. कोल्ड स्टोर्स एण्ड किराना पसलसँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने नमराज श्रेष्ठ	७,४३,७१९।-
१०.	५१ २०६०/६/२७	कालिका टेक्सटायल उद्योगसँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने कृष्णगोपाल राजचल रामहरी बस्नेत	१३,७०,१३५।-
११.	५१ २०६०/६/२७	ममता कार्पेटसँग सम्बन्धित कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने अम्बरवहादुर पूर्वछाने शरद पाण्डे कोमलवहादुर थापा	१४,१४,६६६।-
१२.	५१ २०६०/६/२७	जयगुरु गणेश ऊनी धागो उद्योगसँग कर्जा कारोबारमा अनियमितता	विजय सुन्दर खड्का राजेन्द्र न्यौपाने बालकुमार मानन्धर रामहरी बस्नेत कोमल बहादुर थापा	१४,२९,८५८।-
१३.	९३ २०६०/८/११	प्रतितपत्र कारोवारमा अनियमितता	अविरे तामाङ्ग श्रीकृष्ण श्रेष्ठ मदन कुमार शिवाकोटी महेन्द्रभक्त प्रधानाङ्ग	US DOLLAR ४८०२६०।-
१४.	९४ २०६०/८/११	प्रतितपत्र कारोवारमा अनियमितता	हर्षवहादुर ठाडामगर श्रीकृष्ण श्रेष्ठ मदन कुमार शिवाकोटी महेन्द्रभक्त प्रधानाङ्ग रामप्रसाद राई बाल प्रसाद न्यौपाने	US DOLLAR ७०२२००।-
१५.	९५ २०६०/८/११	नक्कली सुराकी खडा गरी आर्थिक अनियमितता गरेको	रविन्द्रनाथ शर्मा जनार्दन शर्मा	१०९३८३९९।५४

१६.	✦१०९ २०६०/९/८	किर्ते दस्तखत गरी आर्थिक अनियमितता	प्रधानाध्यापक कुपेन्द्र झा	३२०००.००
१७.	११९ २०६०/९/९	बैंक भौचर सच्चाई अनियमितता गरेको	भिष्मकान्त शर्मा शरदप्रसाद भट्टराई अमृतवहादुर के.सी. मोहमद हासिम खाँ	१३२०६९।०० ३३०००।०० २९६४०।०० ७१८८०।००
१८.	⊙ १९८ २०६०/११/२१	विद्यालयको रकम किर्ते दस्तखतबाट झिकी हिनामिना गरेको	प्र.अ. शैलेन्द्रकुमार कर्ण	१,०४,९५०।५९
१९.	✪२३९ २०६१/१/२	राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गैंडाकोटमा रोक्का रहेको जग्गा गैरकानूनी रुपमा कृ.वि.बैंक, शाखा कार्यालय नवलपुरमा रोक्का गराई सोही जग्गा व्यक्तिका नाममा पारित गरी भ्रष्टाचार गरेको	ऋणि द्रोणराज सापकोटा स.ख. गिरिराज खनाल प्रबन्धक विनोदकुमार नेपाल स. प्रबन्धक प्रेमहरि ढकाल गा.वि.स. उपाध्यक्ष टोलनाथ घिमिरे	१४०००००।००
२०.	✱२३९ २०६१/१/२	रोक्का रहेको जग्गा रोक्का छैन भनी राजिनामा पारित गराई भ्रष्टाचार गरेको	ऋणि द्रोणराज सापकोटा खरिदार ध्रुव ढुंगाना	

✦ महोत्तरीका प्र.जि.अ.बाट अनुसन्धान भई प्राप्त प्रतिवेदनका आधारमा ।
⊙ धनुषाका प्र.जि.अ.बाट अनुसन्धान भई प्राप्त प्रतिवेदनको आधारमा ।
✪ नवलपरासीका प्र.जि.अ.बाट अनुसन्धान भई प्राप्त प्रतिवेदनको आधारमा ।
✱ नवलपरासीका प्र.जि.अ.बाट अनुसन्धान भई प्राप्त प्रतिवेदनको आधारमा ।

२१.	२७४ २०६१/२/४	नगरपालिकाको ठेक्का संचालनमा आर्थिक ऐन, नियम विरुद्ध काम गरी आर्थिक हिनामिना समेत गरेको	प्र.बजरंगप्रसाद शाह उ.प्र.किसोरी साह वडा अध्यक्ष माधबबहादुर थापा ,, केशव ढुंगेल ,, ईश्वर ढुंगाना ,, राघो सिंह ,, हफिज अन्सारी ,, इदरीस कवारी ,, जीवछ साह ,, अवधेशकुमार पोखरेल ,, आनन्दराज ढकाल ,, रामेश्वर ठाकुर ,, जानकीप्रसाद साह ,, महेन्द्र साह ,, सत्यनारायण यादव ,, रामबरण पासमान ,, रामचन्द्र साह ,, रामचन्द्र पञ्जियार मनोनित सदस्य विनोद शाह ख. वीरेन्द्रकुमार झा ठे. अमरनाथ गुप्ता ठे. दिनदयाल प्रसाद साह ठे. हरि राउत ठे. शैलेन्द्रकुमार शाह ठे. शिव शंकरप्रसाद शाह ठे. अजय कुमार साह ठे. अशोककुमार झा	३८,५८,१८९।६२ २,१८,६५७।८७ १०८७७१९।३०
२२.	३३६ २०६१/३/११	दूर संचार तालिम केन्द्रको नाममा रहेको खाताको रकम गैरकानूनी रुपमा झिकी किर्ते दस्तखत गरी भ्रष्टाचार गरेको	ले.प्र.रमेशकुमार श्रेष्ठ मु. सहायक विमल भट्टराई	४,९०,९२३।६२

१२. शैक्षिक योग्यता सम्वन्धी बिभिन्न मुद्दाहरुमा बिशेष अदालतबाट भएको फैसलाको बिवरण :

शैक्षिक योग्यताका झुठ्ठा प्रमाणपत्रहरु पेश गर्ने राष्ट्रसेवकहरु उपर सम्मानीत बिशेष अदालतमा मुद्दा दायर गरिएकोमा बिशेष अदालतबाट २०६१ आषाढ मसान्तसम्ममा कूल १०३ मुद्दाको फैसला भएको छ । फैसला भएका ९८ वटा मुद्दाहरु आयोगको पक्षमा भएको छ भने ५ वटा मुद्दामा असफलता भएको र सो असफलता मध्ये १ जना प्रतिवादीको मृत्यु भएकोले मुद्दा खारेजीमा परेको हो ।

बिबरण	फैसला भएको			फैसलाको परिणाम	
	गत वर्ष सम्मको	आ.व. २०६०।६१ मा	जम्मा	सफल	असफल
निजामती सेवा	२	१०	१२	१२	
प्रहरी सेवा	३	१५	१८	१७	१
सार्वजनिक संस्थान/समिति	२३	३९	६२	५८	४
विश्वविद्यालय सेवा	१	३	४	४	
शिक्षक सेवा		७	७	७	
कूल जम्मा	२९	७४	१०३	९८	५

१३. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही :

मिति २०५९।६।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । तद्नुरुप आ.ब. २०६०।६१ मा पाँच बिकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३६४ वटा उजूरी परेकोमा जम्मा ७४ वटा फछ्यौंट भई २९० वटा फछ्यौंट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यसै गरी ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १४४८ वटा उजूरी परेकोमा जम्मा ४३१ वटा फछ्यौंट भई १०१७ वटा फछ्यौंट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । हाल मुलुकमा विद्यमान असहज परिस्थिति एवं वातावरणका कारण क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयहरुबाट आशातित् रुपमा भ्रष्टाचार तथा अनुचित कार्यको रोकथाममा काम हुन नसकेको पाइएको छ । यस सम्वन्धी विस्तृत तथ्याङ्क अनुसूची ४ र ५ मा दिइएको छ ।

परिच्छेद - ३
अभियोजन

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ। त्यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति उपर भ्रष्टाचारको आरोप सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकीकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्दछ। सोही अनुरुप आर्थिक वर्ष २०६०।६१ मा दोषी भेटिएका अभियुक्तहरु उपर विशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरुको बिवरण देहायमा सविस्तार उल्लेख गरिएको छ।

विशेष अदालतमा दायर गरिएका मुद्दाहरु :

१. भुम्केज्युला जल उपभोक्ता समिति, सल्यानका अध्यक्ष टेकबहादुर वली समेतका नाममा संचालित उक्त समितिको नेपाल बैंक लिमिटेड, सल्यान स्थित खाताबाट जिल्ला सिंचाई कार्यालय, सल्यानका इन्जिनीयर थलेश पूर्वेको नाममा चेकद्वारा १,७७,०००।- रिसवत लिई भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर छानवीन हुँदा तत्कालीन जिल्ला सिंचाई कार्यालय, सल्यान अन्तर्गत भुम्केज्युला सिंचाई योजना निर्माण गर्ने सिलसिलामा श्री ५ को सरकारबाट रु. १९,०३,९९५।८९ व्यहोर्ने र भुम्केज्युला जल उपभोक्ता समितिबाट रु. २,६६,७१९।२२ को काम जन श्रमदानबाट निःशुल्क गर्नु पर्ने गरी सम्झौता भै सो अनुसार निर्माण कार्य संचालन भएकोमा १०% रिसवत वापतको रकम नदिएसम्म अन्तिम बिल भुक्तानी नदिने भनी तत्कालीन निमित्त कार्यालय प्रमुख थलेश पूर्वेले भनेको हुँदा कमिशन वापत रु. १,७७,०००।- को चेक काटी दिएको अनुसन्धानबाट देखिँदा निज पूर्वेलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) को कसूरमा उक्त दफा अन्तर्गत हदैसम्म कैद सजाय गरी रिसवत लिएको विगोको हकमा रु. १,७७,०००।- मध्ये रु. ७७,०००।- प्रतिवादीले पटक पटक गरी बुझाई सकेको देखिंदा बांकी रु. १,००,०००।- विगो भराउन मागदावी गरी पाउन आयोगको मिति २०६०।५।१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको।

२. जिल्ला सिंचाई कार्यालय, सल्यानका तत्कालीन निमित्त कार्यालय प्रमुख थलेश पूर्वेले आ.व. ०५५।५६ र ०५६।५७ मा सर्भेक्षणको कार्य गराउंदा अन्य व्यक्तिलाई वीचमा खडा गरी अन्ततः आफैले रकम लिई खाई बदनियतसाथ गैरकानूनी कार्य गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ङ अन्तर्गतको कसूर गरेको देखिनाले निजले रु. १,९८,३८२।- भ्रष्टाचार गरेको कसूरमा सोही दफा बमोजिम सजायको मागदावी गरी आयोगको मिति २०६०।५।१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको।

३. पूर्व मन्त्री खुमवहादुर खड्काले निजको सालो महेन्द्र गौतमका नाममा समेत सम्पत्ति लुकाई भ्रष्टाचार गरे गराएको भन्ने विषयमा यस आयोगबाट अनुसन्धान हुँदा निज महेन्द्र गौतम र निजकी पत्नी दीपा शर्माको नाममा रु. १,२७,६७,८८६।४१ को चल अचल सम्पत्ति रहेको देखियो। निजहरुले कानूनी रुपमा आर्जन गरेको देखिने तलव, भत्ता, कमिशन समेतको रकम र निज छुट्टि भिन्न हुंदा प्राप्त गरेको भनिएको रु. ४ लाख नगद, गर गहना, सुनचाँदी, पैतृक सम्पत्ति र कृषि आय समेतलाई गणना गर्दा निजको रु. ७०,३७,३८७।५४ को सम्पत्तिको स्रोत खुलेको र रु.५७,३०,४९८।८७ को सम्पत्तिको स्रोत

खुल्न नसकी गैरकानूनी सम्पत्ति देखिएको हुंदा निज महेन्द्र गौतम उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२), दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२), २९, १६ग र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम हदै सम्म सजाय हुन र गैरकानूनी आर्जनको सम्पत्ति जफत हुन मागदावी लिई तथा महेन्द्र गौतमले भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति निजकी श्रीमति दीपा शर्माको नाममा समेत राखेको हुंदा निजको नाममा भएको सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निज दीपा शर्मालाई समेत प्रतिवादी बनाई आयोगको मिति २०६०।५।२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

४. प्रहरी वरिष्ठ उपरीक्षक वसन्तराज कुंवरले गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा निज वसन्तराज कुंवर र निजकी श्रीमती पूजा कुंवरले आफ्नो छोरा अभयजंग कुँवरको नाउँमा खरिद गरेको जग्गा लुकाउने छिपाउने उद्देश्यले आफ्नो फुपुको छोरा वटुककृष्ण खड्काको नाममा राजीनामा मार्फत नामसारी गरी राखेको काठमाडौंको जग्गा र मकवानपुर जिल्लाको घर जग्गा समेतको कूल १,४५,४३,३७१।९७ बराबरको चल अचल सम्पत्ति देखिएकोमा सो मध्ये रु.६१,०७,०१०।४८ बराबरको सम्पत्तिको स्रोत खुलेको र रु.८४,३६,३६१।४९ बराबरको स्रोत खुलेको देखिन नआएकोले स्रोत नखुलेको रु. ८४,३६,३६१।४९ बराबरको सम्पत्ति वसन्तराज कुंवर उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१), दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) अन्तर्गत पर्ने भई सो कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम हदैसम्म सजाय भै गैरकानूनी आर्जनको सम्पत्ति जफत हुन मागदावी लिई तथा अभियुक्त वसन्तराज कुंवरले गैरकानूनी रुपमा आर्जन गरी निजकी श्रीमती पूजा कुंवर र फुपुको छोरा वटुक कृष्ण खडकाका नाममा राखेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र प्रतिबादी कायम गरी आयोगको मिति २०६०।६।२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

५. प्रहरी बरिष्ठ उपरीक्षक किरणकुमार गौतमले आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा निज किरणकुमार गौतम र निजकी श्रीमती अन्जना गौतमका नाउंमा पैत्रिक संपत्ति वाहेक चितवन र काठमाडौं जिल्लाका विभिन्न स्थानमा रहेको कूल चल/अचल सम्पत्ति रु. १,११,५४,६०५।५३ देखिएकोमा सो मध्ये स्रोत खुलेको रकम रु.४९,६७,७७५।३३ र स्रोत नखुलेको सम्पत्ति रकम रु.६१,८६,८३०।२० देखिएकोले उक्त स्रोत नखुलेको सम्पत्तिमा किरणकुमार गौतमलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम हदैसम्म सजाय हुन र निज अभियुक्त किरणकुमार गौतमले गैरकानूनी रुपमा आर्जन गरी निजकी श्रीमती अन्जना गौतमको नाममा राखेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख र ३० समेतको माग दावी लिई मिति २०६०।६।२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

६. विभिन्न सरकारी कार्यालय, संघ, संस्थान तथा शिक्षण संस्थामा कार्यरत कर्मचारीहरुले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु सम्बन्धमा छानवीन गर्दा प्रहरी प्रधान कार्यालयका प्रहरी निरीक्षक त्रय भुपेन्द्र बहादुर वस्नेत, राजन कुमार पोखरेल र मोहन प्रसाद अर्याल, नेपाल बैंक लिमिटेडका खजाञ्ची का.स. मदनलाल प्रधान, नेपाल बैंक लिमिटेडकै बरिष्ठ सहायक शर्मिला नेवा, कर्मचारी संचय कोषका प्रमुख सहायक मीना दीक्षित, ज.उ.तथा प्र.कं.लि.का स्टोर सहायक निरन्जन पौडेल, निर्जीवन विमा तथा कर्जा सुरक्षण निगमका

प्रधान सहायक हेमलाल महर्जन, शिक्षण अस्पतालका स्टाफ नर्स विमला थापा, भूमिसुधार तथा व्यवस्था मन्त्रालय का शाखा अधिकृत डमरुबल्लभ ढकालले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली भएको भनी आयोगमा प्राप्त उजूरी उपर अनुसन्धान हुँदा सम्वन्धित विश्वविद्यालय र बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।६।२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

७. नेपाल राष्ट्रिय नि.मा.वि, थुमन, रसुवाकी शिक्षिका पार्वतीकुमारी बस्नेत, डांडा गाउँ मा.वि., डांडा गाउँकी शिक्षिका जानुका कुमारी गुरुङ्ग र श्री सरस्वती प्रा.वि. रसुवाकी शिक्षिका पम्फादेवी शर्माले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यताको प्रमाणपत्रहरु पेश गरेकोमा आयोगबाट अनुसन्धान हुंदा सम्वन्धित विश्वविद्यालय र बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।६।२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

८. सर्लाही जिल्ला सिसौट रामवन गाउँ विकास समिति अन्तर्गत कृषि सडक, चेनेज कलभर्ट तथा स्ल्याव निर्माण सम्पन्न भए पछि जि.वि.स., सर्लाहीका प्राविधिक ओ.सी. आविद हुसेनलाई मूल्यांकन गरी दिन आग्रह गर्दा निज हुसेनले रु. १६,०००।- घूस माग गरेकोले प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गरी उपलव्ध गराएका विभिन्न मान दरको रु. १६,०००।- रकम सहित ओ.सी. आविद हुसेन रंगेहात पक्राउ परेकोले निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र हाल वहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (क) बमोजिमको कसूरमा निज हुसेनलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र २९ तथा हाल वहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (क) बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।६।२७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

९. कृषि विकास बैंङ्क, वैकिङ्ग कार्यालय, भक्तपुरका प्रबन्धक विजय सुन्दर खड्का र कार्यालय सहायक राजेन्द्र न्यौपाने समेत भई ऋणीहरुसँग मिलेमतो गरी गैरकानूनी रुपमा कर्जा दिई बैंङ्क डुवाउन लागेकोले भ्रष्टाचारमा कारवाही गरी पाऊँ भन्ने उजूरीका सम्वन्धमा अनुसन्धान गर्दा भक्तपुर स्थित कृषि विकास बैङ्क, बैकिङ्ग कार्यालयबाट विभिन्न मितिमा विभिन्न ११ ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कमसल र कम मूल्यका जग्गालाई बढी मूल्यको भनी मूल्याङ्कन गर्ने, हालै मात्र खरिद भएका, बैङ्कको नीति अनुसार धितो राख्न मिल्ने अवधि पुरा भै नसकेका जग्गाको लिखत, जग्गा धनी पूर्जा आदिमा मिति थपी, सच्याई अवधि पुरा भैसकेको देखाई गैरकानूनी कागजात तयार पार्ने, बाटो र व्यवसायिक पूर्वाधार नभएको जग्गालाई बाटो भएको भन्ने देखाई गैरकानूनी कागजात तयार पार्ने, संचालन नै नभएको परियोजना राम्रोसँग संचालन भएको भनी झूट्टा प्रतिवेदन दिने, लिने र आवश्यक जांचबुझ नगरी ऋण लिने दिने समेतको कार्य गरी ऋणी, बैङ्कका कर्मचारी र अन्य राष्ट्रसेवक समेत संलग्न भई बैङ्कको नीति निर्देशन, दिग्दर्शन तथा प्रचलित कानून विपरित कार्य गरी बैङ्कलाई हानी नोक्सानी र आफ्नोलाई फाइदा हुने कार्य गरी तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२), दफा ८, १३, दफा १६क र २९ अनुसारको कसूर गरेको र सो कार्य हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उप दफा (३), उप दफा (४), १७ र दफा २२ बमोजिम समेत कसूर भएको हुनाले तत् तत् दफामा उल्लेख भए अनुसार हदैसम्म सजाय गरी बैङ्कलाई हानी नोक्सानी भएको रकम

रु.१,४४,२९,२८८।- र उक्त रकम असूल उपर हुंदाका मितिसम्म कायम हुन आउने थप विगो रकम समेत प्रतिवादीहरुबाट असूल उपर गराउने समेतको मांग दावी लिई विजय सुन्दर खड्का, राजेन्द्र न्यौपाने, वीरबहादुर श्रेष्ठ, वील वहादुर तामाङ्ग, कृष्णमुरारी तिमिल्सिना, रामहरि बस्नेत, राधाकृष्ण लामिछाने, लक्ष्मी खड्का, शरद पाण्डे, राजेन्द्र बस्नेत, जय वहादुर खत्री, ध्रुवराम प्रसाई, कुल प्रसाद पौडेल, पर्शुराम के.सी., तुल्सीमैयां सुवाल (लघु), रमेशभक्त भजु, गंगाराम लघु, वालकृष्ण कायस्थ, नमराज श्रेष्ठ, कृष्ण गोपाल राजचल, रामहरि बस्नेत, अम्वर वहादुर पूर्वछाने, वालकुमार मानन्धर, सर्भेक्षक रामहरि बस्नेत र कोमल वहादुर उपर आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१०. प्रहरी वरिष्ठ उपरीक्षक कल्याणकुमार तिम्सिनाले आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा निज तिम्सिना र निजकी श्रीमती वसन्ती तिम्सिनाका नाउँमा पैतृक सम्पत्ति वाहेक काठमाडौ उपत्यका र मोरंग जिल्लाका विभिन्न स्थानमा कूल रु.१,१४,९३,७७६।८९ बराबरको चल/अचल सम्पत्ति देखिएकोमा सो मध्ये रु. ५१,०२,६७८।२९ बराबरको सम्पत्तिको स्रोत खुलेको र रु. ६३,९१,०९८।६० बराबरको सम्पत्तिको स्रोत नखुलेको देखिएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१), दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) अन्तर्गतको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम हदैसम्म सजाय हुन र निज कल्याण कुमार तिम्सिनाले गैरकानूनी रुपमा आर्जन गरी निजकी श्रीमती वसन्ती तिम्सनाको नाममा राखेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र निज बसन्तीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख र दफा ३० समेतको माग दावी लिई आयोगको मिति २०६०।६।३० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

११. गैरनेपाली नागरिकलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौका कर्मचारीहरुको मिलेमतोमा रिसवत लेनदेन गरी नेपाली नागरिकता र राहदानी वितरण हुने गरेको भन्ने सूचनाको आधारमा एकजना गैरनेपाली नागरिकलाई सोही प्रयोजनको लागि नेपाली राहदानी बनाउन भनी रु.४०,०००।- दिई आयोगका कर्मचारीलाई पठाईएकोमा जिल्ला मोरङ्ग इटहरा गाउँ विकास समिति वडा नं. ७ का दुर्गा प्रसाद बांस्कोटाले सो मध्ये रु.९,०००।- आफुले लिएको र रु. ३१,०००।- सुनसरी इनरुवा नगरपालीका-६ का लिलाप्रसाद पोखरेललाई दिएकोमा निज लिलाप्रसाद पोखरेलले नक्कली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी बनाई दिएको, राहदानीका लागि निवेदन लेखि दिएको, कागजपत्र प्रमाणित गर्न पठाएको, राहदानी शाखामा गैरनेपाली नागरिक राजु थापालाई साथ लिई गई त्यहाँका नायव सुब्बा शिवबहादुर स्वाँरलाई रु. २२,०००।- र कागजात समेत जिम्मा दिएको, निज स्वाँरले रु. २२,०००।- र कागजात लिई २:३० बजे राहदानी लिन आउनु भनेकोमा तत्पश्चात आयोगबाट खटि गएको टोलीले निज स्वाँरका साथबाट आयोगले नम्बर टिपी पठाएका रु. १८,०००।- सहितका नोट समेत वरामद भएको र अन्य नोट लिलाप्रसाद पोखरेल र दुर्गा प्रसाद वाँस्कोटाले फिर्ता गरेको अवस्थामा फेला पारी दाखिला भएको देखिनाले निज नायव सुब्बा शिवबहादुर स्वाँरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (क) अन्तर्गतको कसूरमा निजलाई उक्त ऐनको सोही दफा बमोजिम सजाय हुन, लिलाप्रसाद पोखरेल र दुर्गाप्रसाद वाँस्कोटाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (२) र दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अन्तर्गतको कसूरमा निजहरुलाई उक्त ऐनको सोही दफा बमोजिम सजायको माग दावी गर्ने भन्ने आयोगको मिति २०६०।७।७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१२. श्रम मन्त्रालय अन्तर्गतका वरिष्ठ कारखाना निरीक्षक युवराज शर्माले भ्रष्टाचार गरी गैरकानूनी रुपमा सम्पत्ति संग्रह गरे भन्ने व्यहोराको उजूरी उपर अनुसन्धान हुँदा संकलित विवरण, कागजात, वयान समेतका प्रमाणहरु हेर्दा प्रतिवादी युवराज शर्मा र निजकी पत्नी शीला पोखेल (शर्मा) समेतको नाममा रु. १,४०,७३,७६१।७० को चल अचल सम्पत्ति रहेको देखियो। निजले कानूनी रुपमा आर्जन गरेको देखिने तलव, भत्ता घर भाडा र बिदेश भ्रमण वापत प्राप्त रकम र पैतृक सम्पत्ति समेतवाट प्राप्त गरेको जग्गाको आयस्ताले निर्वाह खर्च धानी बचत हुने कृषि आय समेतलाई गणना गर्दा हालको मूल्याङ्कनको आधारमा रु. ३९,२८,५०९।७९ को सम्पत्तिको स्रोत खुलेको र रु.१,०१,४५,२५१।९१ को सम्पत्तिको स्रोत खुल्न नसकेकोले निजसँग गैरकानूनी सम्पत्ति रहेको देखिएको हुंदा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) को कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), १४क, १६ग र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२), दफा २४ तथा दफा ४७ बमोजिम हदैसम्म सजाय हुन र गैरकानूनी आर्जनको सम्पत्ति जफत हुन समेत मागदावी लिई निज युवराज शर्मा उपर तथा सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निज शीला पोखेल (शर्मा) र प्रसन्न पोखेललाई प्रतिवादी वनाई आयोगको मिति २०६०।७।७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको।

१३. नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि. काठमाडौंका प्रशासन सहायक (चौथो तह) स्मिता रायमाझी र प्रशासन सहायक (तेस्रो तह) ज्योती कोइरालाले शुरु नियुक्तिका लागि पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु उपर यस आयोगबाट अनुसन्धान हुँदा सम्बन्धित बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।८।२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको।

१४. पूर्व सचिव चक्रबन्धु अर्यालले श्री ५ को सरकारका विभिन्न कार्यालय एवं मन्त्रालयहरुमा कार्यरत रहँदा भ्रष्टाचार गरी आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी सो सम्पत्ति लुकाउने छिपाउने कार्य गरेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा निज अर्याल र निजका एकाघर सगोलका बिभिन्न सदस्यहरुका नाममा चितवन, मकवानपुर, रुपन्देही र काठमाडौं जिल्लाका विभिन्न स्थानमा पैतृक सम्पत्ति र स्रोत खुलेको सम्पत्ति बाहेक रु. २,६०,८१,५६१।३१ बराबरको चल अचल सम्पत्तिको स्रोत खुल्न नआएकोले गैरकानूनी रुपमा आर्जन गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १० को उल्लंघन गर्दै ऐ.ऐनको दफा ३, ७ (१) र १५ तथा सोलाई निरन्तरता दिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) अन्तर्गतको अपराध गरेकोले सावित ऐनको दफा ३, ७(१), १० र १५ तथा प्रचलित ऐनको दफा २० (२) बमोजिम कैद र जरीवाना गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १०, १६ग र २९ तथा वर्तमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२), ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफतको माग दावी लिई तथा निज चक्रबन्धु अर्याल श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदाधिकारी रहेबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क र सो लाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन समेत माग दावी लिई एवं निज चक्रबन्धु अर्यालले गैरकानूनी रुपमा आर्जन गरी निजकी श्रीमती सीतादेवी अर्याल र छोरा सुदर्शन अर्यालका नाममा राखिएको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरुलाई समेत सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा

२९ख समेतको मागदावी लिइ आयोगको मिति २०६०।८।८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१५. पूर्व सचिव पदमप्रसाद पोखरेलले श्री ५ को सरकारका विभिन्न कार्यालय एवं मन्त्रालयहरुमा कार्यरत रहँदा भ्रष्टाचार गरी आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी सो सम्पत्ति लुकाउने छिपाउने समेतको कार्य गरेको भन्ने विषय उपर अनुसन्धान हुँदा निज पोखरेल र एकाघर सगोलका सदस्यहरुका नाममा खोटाङ्ग तथा सुनसरी जिल्लाका विभिन्न स्थानमा रहेका पैतृक सम्पत्ति र स्रोत खुलेको सम्पत्ति बाहेक कूल रु.१,५१,३८,८९८।५५ बराबरको चल अचल सम्पत्तिको स्रोत खुल्न नआएकोले निज पोखरेलले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १० को उल्लंघन गर्दै दफा ३, ७ (१) र १५ तथा सोलाई निरन्तरता दिईएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) अन्तर्गतको अपराध गरेकोले साविक ऐनको दफा ३, ७ (१),१० र १५ तथा प्रचलित ऐनको दफा २०(२) बमोजिम कैद र जरीवाना गरी त्यसरी गैरकानूनी ढङ्गले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १०, १६ग र २९ तथा वर्तमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२), ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुनका साथै निज पदमप्रसाद पोखरेल श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदाधिकारी रहेबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क र सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन तथा निज पदमप्रसाद पोखरेलले गैरकानूनी रुपमा आर्जन गरी निजकी श्रीमती भुना पोखरेल र छोरी रोमिला पोखरेलका नाममा राखेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजहरुलाई प्रतिवादी बनाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ख समेतको मागदावी लिई आयोगको मिति २०६०।८।८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१६. शालुका ट्रेड कन्सर्नका प्रो. अविरे तामाङले राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर शाखामा खोलेको प्रतितपत्र कारोवारमा बैंकका कर्मचारी समेतको संलग्नता रहेको भन्ने विषयमा अनुसन्धान हुँदा निज अविरे तामाङ तथा राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर शाखाका प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, एकाउण्टेन्ट मदन कुमार शिवाकोटी र वरिष्ट सहायक महेन्द्रभक्त प्रधानाङ्ग समेतको मिलेमतोमा स्थापना र सञ्चालन नै नभएको फर्मका नाममा राष्ट्रिय बाणिज्य बैंक, वानेश्वर शाखामा प्रतितपत्र खोली ४,८०,२६०।- यू.एस. डलर भुक्तानी लिई दिई तथा भन्सार अधिकृतको र भन्सार कार्यालयको कीर्ते दस्तखत छाप प्रयोग गरी धरौटी रकम फिर्ता दिइएको तथ्य समेत खुल्न आएकोले प्रतिवादी अविरे तामाङ उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम र श्रीकृष्ण श्रेष्ठ तथा मदन कुमार शिवाकोटी र महेन्द्रभक्त प्रधानाङ्ग उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन र विगोको हकमा विगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसार विगो रकम प्रतिवादीहरुबाट असूल उपर गरी दिलाई भराई पाउन माग दावी लिई आयोगको मिति २०६०।८।११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१७. वि.आर.ओ. ओभरसिजका प्रोप्राइटर हर्ष बहादुर ठाडा मगरले राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर शाखामा खोलेको प्रतितपत्र कारोवारमा बैंकका कर्मचारीको संलग्नता रहेको भन्ने विषयमा अनुसन्धान गर्दा निज हर्ष बहादुर ठाडा मगर तथा राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर शाखाका प्रबन्धक श्रीकृष्ण श्रेष्ठ एकाउण्टेन्ट द्वय मदन कुमार शिवाकोटी, राम प्रसाद राई, वरिष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र फिल्ड सहायक बाल प्रसाद न्यौपाने समेतको मिलेमतोमा स्थापना नै नभएको फर्मको नाममा प्रतितपत्र खोली

७,०२,२००।०० यू.एस.डलर भुक्तानी लिई तथा भन्सार अधिकृत र भन्सार कार्यालयको कीर्ते दस्तखत छाप प्रयोग गरी धरौटी रकम फिर्ता दिईएको तथ्य समेत खुल्न आएकोले प्रतिवादी हर्ष बहादुर ठाडा मगर उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम र श्रीकृष्ण श्रेष्ठ, मदन कुमार शिवाकोटी, राम प्रसाद राई, महेन्द्रभक्त प्रधानाङ्ग र बाल प्रसाद न्यौपाने उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम सजाय हुन र विगोको हकमा विगो असुल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसार विगो रकम प्रतिवादीहरुबाट असूल उपर गरी दिलाई भराई पाउन माग दावी गरी आयोगको मिति २०६०।८।११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१८. सिंगापुर एयरलाइन्सबाट आएको उत्तर कोरियाली राजदूतावासका कर्मचारीबाट त्रिभुवन विमानस्थल कार्यालयमा वरामद भएको अवैध रूपमा सुन चोरी पैठारी गरेको सम्बन्धी मुद्दा निर्णय गर्दा सुराकी दिए वापत प्रदान गरेको सुराकी खर्च बनावटी सुराकी खडा गरी उक्त रकम आफूहरूले लिनु खानु गरी श्री ५ को सरकारको सम्पत्ति बदनियतसाथ हिनामिना गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सिंगापुर एयरलाइन्सको उडानबाट उत्तर कोरियाली राजदूतावासका कर्मचारीबाट अवैध रूपमा ल्याएको करीव १०० के.जी. सुनको सुराकी खर्च वापत भनी रु.१,०९,३८,३९९।५४ रकम जि. भट्टराई र पि.टि. गर्जका नाममा चेक भुक्तानी दिएको देखियो । सो रकम भुक्तानी लिने जि. भट्टराई र पि.टि. गर्ज वास्तविक सुराकी नभई तत्कालीन प्रमुख भन्सार प्रशासक जनार्दन शर्माले सोही कार्यालयका नायव सुब्बा कृपासुर शेर्पाको सहयोग लिई बनावटी सुराकी खडा गरेको देखियो । जनार्दन शर्माले चेक काटी भुक्तानी लिन सोही कार्यालयमा कार्यरत तत्कालीन प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल र नायव सुब्बा कृपासुर शेर्पालाई बैंक पठाई भुक्तानी प्राप्त गरेपछि उक्त रकम निज जनार्दन शर्मा समक्ष माधवराज पोखरेल समेतले बुझाए पश्चात जनार्दन शर्मा र तत्कालीन अर्थमन्त्री रविन्द्रनाथ शर्माले लिई खाई हिनामिना गरेको पुष्टि भएको देखियो । अतः प्रमुख भन्सार प्रशासक जनार्दन शर्मा र तत्कालीन अर्थमन्त्री रविन्द्रनाथ शर्माले लिनु खानु गरी भ्रष्टाचार गरेको देखिएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ र १७ बमोजिम सजाय गरी उक्त रकम असूल उपर हुन र निज तत्कालीन अर्थमन्त्री रविन्द्रनाथ शर्मालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग दावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको । प्रमुख भन्सार अधिकृत माधवराज पोखरेल तथा नायव सुब्बा कृपासुर शेर्पाले उक्त रकम सरकारी सम्पत्ति भएको जान्दा जान्दै आफूले पनि सो रकमबाट लिने खाने उद्देश्यले रकम भुक्तानी लिन चेक लिई बैंकमा गई भुक्तानी लिई जनार्दन शर्मालाई बुझाएको तर आफूले लिए खाएको भने नदेखिएको र आयोगको अनुसन्धान कार्यमा सहयोग गरेकोले हुन सक्ने सजायमा पूर्ण छुट दिई आयोगको साक्षीको रुपमा अदालत समक्ष प्रस्तुत गर्ने गरी आयोगको मिति २०६०।८।११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

१९. पूर्व मन्त्री रविन्द्रनाथ शर्माले सार्वजनिक पदमा कार्यरत रहँदा भ्रष्टाचार गरी आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी सम्पत्ति लुकाउने छिपाउने समेतको कार्य गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा निज रविन्द्रनाथ शर्मा र निजका परिवारका सदस्यहरूका नाममा नवलपरासी जिल्लासमेतमा रहेका पैत्रिक एवं स्वआर्जनका सम्पत्ति मध्ये रु. ४,९५,५४,७०८।५७ बराबरको चल अचल सम्पत्तिको स्रोत खुलेको देखिएन । निज रविन्द्रनाथ शर्माले सार्वजनिक पदमा प्रवेश गर्दाका बखतका अचल सम्पत्ति उल्लेख्य रूपमा बेचबिखन गरेको नदेखिएको, कृषि आयबाट उल्लेख्य वचत हुन सक्ने नदेखिएको तथा चल सम्पत्ति पनि घर व्यवहारका लागिसम्म रहे भएको देखिएको र निज २०५३ सालमा अर्थमन्त्री

भएपछि नै निज तथा निजका परिवारको सम्पत्तिमा अस्वाभाविक बृद्धि भएको देखियो । निज शर्माले काठमाण्डौको विष्णु गाउँ विकास समितिमा ठूलो रकम खर्च गरी घर जग्गा खरीद गरेको, निजका छोराहरूलाई ठूलो रकम प्रदान गरेको, पाल्ही आवास विकास कम्पनी प्रा.लि. समेतका कम्पनीहरूमा शेयर लगानी गरेको, सिद्धार्थ बैंक लि. मा ठूलो रकम शेयर लगानी गरेको, निजका हालसम्म पनि तीन/तीनवटा पजेरो सहितका निजी सवारी साधन प्रयोगमा रहेको, ठूलो रकम व्यक्तिगत ऋण लगानी गरेको, विभिन्न बैंक खातामा रकम मौज्दात हुनुका साथै बैंक कारोवार अस्वाभाविक देखिएको, निजले सुन एवं नगद सम्पत्ति न्यायिक जाँचबुझ आयोगमा नदेखाई लुकाए छिपाएको समेत देखिन आयो । तसर्थ निज शर्माले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७ (१) र १५ तथा सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूर गरेकोले साविक ऐनको दफा ३, ७(१) र १५ तथा प्रचलित ऐनको दफा २०(२) बमाजिम कैद र जरिवाना गरी त्यसरी गैरकानूनी ढंगले आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुनका साथै निज रविन्द्रनाथ शर्मा पूर्व अर्थमन्त्री समेतको पदाधिकारी रहेबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क र सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन समेत माग दावी हुन तथा निज रविन्द्रनाथ शर्माले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजकी श्रीमती शरोज शर्मा, छोरा शरद ज्ञवाली, बुहारी अरुणा ज्ञवाली, बुहारी शैलजा ज्ञवाली तथा सम्धिनी स्वस्तिका शर्मा समेतका नाममा राखेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख समेतको आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनको लागी निजहरुलाई प्रतिवादी बनाई आयोगको मिति २०६०।८।११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२०. प्रहरी प्रधान कार्यालयका प्रहरी निरीक्षक थमन बहादुर पाण्डे, नेपाल बैक लि. का बरिष्ठ सहायक उत्तम प्रकाश शर्मा, त्रिभुवन विश्वविद्यालयका हेड असिष्टेण्ट शान्ती भट्टराई नेपाल राष्ट्र बैंकका प्र.स. सुरेश देव भट्ट महिला विकास शाखा, पाँचथरका महिला कार्य कर्ता तारादेवी श्रेष्ठ र नेपाल बैक लि.का बरिष्ठ पियन राजन पोखरेलले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उपर आयोगबाट अनुसन्धान हुंदा नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।९।४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२१. गोसाईंकुण्ड प्राथमिक विद्यालय, हाईकु, रसुवामा कार्यरत शिक्षक गणेशप्रसाद भट्टराईले स्थायी नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुँदा नक्कली एवं झुठा देखिन आएकोले निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।९।४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२२. महोत्तरी जिल्ला सुकदेव माध्यमिक विद्यालय, सुगाका प्रधान अध्यापक कुपेन्द्र झाले विद्यालयको लेखापालको दस्तखत कीर्ते गरी रु. ३२,०००।- विद्यालयको खाताबाट निकाली भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको हुँदा निज उपर सोही ऐनको दफा १७ एवं दफा ३ बमोजिम सजाय हुन तथा निजले हिनामिना गरेको रकम सोही दफा १७ बमोजिम निजबाट असूल उपर

गरी पाउन मागदावी गरी निज उपर आयोगको मिति २०६०।९।८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२३. साझा भण्डार लिमिटेडबाट सिमेन्ट खरिद गर्दा वैंक भौचर सच्याई अनियमितता गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा साझा भण्डारका तत्कालीन महाशाखा प्रमुख भिष्मकान्त शर्मा र सहायक शरदप्रसाद भट्टराईले आफैले दस्तखत गरी जारी गरेका भौचरहरु थप, केरमेट गर्ने गराउने काम गरी तथा तत्कालीन विक्रेता द्वय अमृत बहादुर के.सी. र मोहमद हासिम खाँले सच्याएका बैंक भौचरका आधारमा विल काटी कसूरमा संलग्न रहेको देखिएकोले भिष्मकान्त शर्माले रु. १,३२,०६९।- र सहायक शरद प्रसाद भट्टराईले रु. ३३,०००।- आफू समेतलाई गैर कानुनी लाभ र आफू कार्यरत संस्थालाई गैर कानुनी हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसूर गरेको देखिदा निजहरु उपर सोही ऐनहरु बमोजिम सजाय भै निजहरुबाट नोक्सानी भएको विगो भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिम साझा भण्डार लिमिटेडलाई भराई पाउन तथा तत्कालीन विक्रेताहरु अमृत वहादुर के.सी. र मोहमद हासीम खाँले भिष्मकान्त शर्मा र शरद प्रसाद भट्टराईलाई माथि उल्लेखित कसूर गर्न सहयोग पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसूर गरेको देखिंदा सोही दफाहरुको प्रतिवन्धात्मक वाक्यांश बमोजिम निजहरुको संलग्नता रहेको हदसम्म अमृत वहादुर के.सी.लाई रु. २९,६४०/- र मोहमद हासीम खाँलाई रु. ७१,८८०।- समेत जरीवाना गरी पाउन माग दावी लिई आयोगको मिति २०६०।९।९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२४. पूर्व मन्त्री गोविन्दराज जोशीले सार्वजनिक पदमा कार्यरत रहँदा भ्रष्टाचार गरी आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी सम्पत्ति लुकाउने छिपाउने समेतको कार्य गरेको भनी उजूरी प्राप्त हुन आएको तथा सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन समेतमा निजको स्रोत नखुलेको सम्पत्ति देखिएको उल्लेख भएकोले सो समेत उपर अनुसन्धान गर्दा निज गोविन्दराज जोशीले निजका परिवार तथा ससुराली तर्फका विभिन्न सदस्यहरूका नाममा लुकाई छिपाई राखेका तनहुँ, चितवन, ललितपुर जिल्ला समेतमा रहेका सम्पत्तिहरु मध्ये रु. ३,९३,६२,५७६।४५मूल्य बराबरको चल/अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन । निज गोविन्दराज जोशीको २०४८ साल पूर्वको सम्पत्तिको तुलनामा निज सार्वजनिक पदमा आए पछि निजले आर्जन गरेको सम्पत्ति अस्वाभाविक रुपमा वृद्धि भएको देखिन आएको छ । निज जोशीले अवैध रुपमा आर्जन गरी ससुराली तर्फका नातेदार समेतका नाममा लुकाए छिपाएको स्रोत खुल्न नआएको रु. ३,९३,६२,५७६।४५ बराबर मूल्य कायम भएको सम्पत्तिका हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) एवं १५ को उल्लंघन गर्दै सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको अपराध गरेकोले सावित ऐनको दफा ३, ७(१) र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २०(२) बमोजिम कैद र जरिवाना गरी त्यसरी गैरकानूनी ढंगले आर्जन गरेको सम्पत्ति सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत हुनका साथै निज गोविन्दराज जोशी पूर्व मन्त्री समेतको पदाधिकारी रहेबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अनुसार निजलाई थप सजाय हुन एवं निजको अवैध सम्पत्ति लुकाउनमा संलग्न रहेका वासुदेव पन्त, नीरकुमारी पन्त, रामकृष्ण तिवारीले गोविन्दराज जोशीको गैरकानूनी आर्जनको सम्पत्ति राख्ने रखाउने, लुकाउने छिपाउने कार्यमा संलग्नभै सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. र सोलाई निरन्तरता दिने प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुसार कसूर गरेकोले यिनीहरु तीनै

जनालाई सोहि प्रतिवन्धात्मक वाक्यांश अनुसार मूल कारणी गोविन्दराज जोशी सरह तथा तारांराज पाण्डे र गोविन्दराज जोशीका छोरा दिनेशराज जोशीका हकमा निजहरुको नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनका लागि मात्र सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र सोलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम प्रतिवादी कायम गरी आयोगको मिति २०६०।९।१८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२५. यातायात व्यवस्था कार्यालय, वाग्मती अञ्चलको कीर्ते कागजात तयार गरी यातायात व्यवस्था कार्यालय वाग्मती र जनकपुर अञ्चलका कर्मचारीहरुलाई मिलाई तुल्सीराम पाण्डे समेतले आठबटा ट्रकहरु दर्ता गराएको भन्ने विषयमा अनुसन्धान गर्दा तुल्सीराम पाण्डे, लालु पथ्थरकट, यातायात व्यवस्था कार्यालय जनकपुरका तत्कालीन निमित्त कार्यालय प्रमुख (नायव सुब्बा) श्रीनारायण लाल कर्ण, सोही कार्यालयका तत्कालीन मेकानिकल सुपरभाइजर केदार प्रसाद पलान्चोके, तत्कालीन खरिदार हरिकिशोर लाल कर्ण र तत्कालीन खरिदार राजकुमार दाहालले अनियमित ढँगले आठबटा ट्रकहरु दर्ता गरे, गराएर आफुहरुलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याएको हुँदा निजहरु उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने निर्णय भयो । प्रतिवादी तुल्सीराम पाण्डे, श्रीनारायण लाल कर्ण, केदार प्रसाद पलाञ्चोके, हरिकिशोर लाल कर्ण र राजकुमार दाहालसमेतको संलग्नतामा दर्ता गराइएका ती ८ बटा ट्रकहरु भारतबाट अवैध रुपमा पैठारी भई आएको देखिएको र यी प्रतिवादीहरुले गरेको कसूरबाट रु. २७,१९,२५५।५२ श्री ५ को सरकारलाई भंसार समेतको दस्तुर गैरकानूनी हानी भएको देखिएकोले उक्त विगो यी प्रतिवादीबाट भराई तुल्सीराम पाण्डेको हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूरमा सोही दफा बमोजिम सजाय हुन, लालु पथ्थरकटको हकमा सावित भ्रष्टाचार निबारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूर गर्दा तुल्सीराम पाण्डेको मतियारको रुपमा काम गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसूर गरेको हुँदा सोही दफा बमोजिम सजाय हुन तथा अन्य प्रतिबादीका हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिमको कसूर हुँदा सोही दफा बमोजिम सजाय हुन समेत माग दावी लिने गरी आयोगको मिति २०६०।९।१८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२६. हेभी इक्यूप्मेन्ट डिभिजन, वुटवलको कीर्ते कागजात तयार गरी यातायात व्यवस्था कार्यालय वाग्मती र जनकपुर अञ्चलका कर्मचारीहरुलाई मिलाई तुल्सीराम पाण्डे समेतले वीसबटा जीपहरु दर्ता गराएको भन्ने विषयमा अनुसन्धान गर्दा तत्कालीन शाखा अधिकृत गोपालप्रसाद ढुंगेल, सोही कार्यालयका तत्कालीन नायव सुब्बा श्रीनारायण लाल कर्ण, तत्कालीन मेकानिकल सुपरभाइजर केदार प्रसाद पलान्चोके र तत्कालीन खरिदार भरत चौधरीले अनियमित ढँगले वीसबटा जीपहरु दर्ता गरे, गराएर आफुहरुलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याएको हुँदा निजहरु उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने निर्णय भयो । प्रतिवादी तुल्सीराम पाण्डे, गोपाल प्रसाद ढुंगेल, श्रीनारायण लाल कर्ण, केदार प्रसाद पलाञ्चोके र भरत चौधरी समेतको मिलेमतोमा दर्ता गराएका २० बटा जिपहरु भारतबाट अवैध रुपमा पैठारी भई आएको देखिएको र यी प्रतिवादीहरुले गरेको कसूरबाट रु. १,१७,७९,६८४।६८ श्री ५ को सरकारलाई भंसार समेतको दस्तुर गैरकानूनी हानी गरे गराएकोले उक्त विगो यी प्रतिवादीहरुबाट भराई तुल्सीराम पाण्डेको हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूरमा सोही दफा बमोजिम सजाय हुन, लालु पथ्थरकटको हकमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूर गर्दा

तुल्सीराम पाण्डेको मतियारको रुपमा काम गरी सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसूर गरेको हुँदा सोही दफा वमोजिम सजाय हुन तथा अन्य प्रतिबादीका हकमा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) वमोजिमको कसूर हुँदा सोही दफा वमोजिम सजाय हुन समेत माग दावी लिई आयोगको मिति २०६०।९।२४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२७. कृषि बिकास बैंकका शाखा अधिकृत लालबहादुर रावल क्षेत्री र नेपाल बैंक लिमिटेडका सुपरीक्षक राजनकुमार कर्माचार्यले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु आयोगबाट अनुसन्धान हुँदा सम्वन्धित विश्वविद्यालय र बोर्डबाट प्राप्त पत्र समेतका आधारमा नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।१०।२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२८. नेपाल विद्युत प्राधिकरणका टाइपिष्ट तारा राजभण्डारी कार्की, साझा स्वास्थ्य सेवाका तेस्रो तह श्यामकृष्ण खड्का, नेपाल प्रहरीका प्रहरी नायव निरीक्षक लक्ष्मी पोखरेल र नेपाल राष्ट्र बैंकका पियन श्यामकृष्ण मगरले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु उपर अनुसन्धान हुँदा सम्वन्धित विश्वविद्यालय र बोर्डबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ आयोगको मिति २०६०।१०।२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

२९. नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ्ग सेवा, केन्द्रीय वर्कशप हेटौडाले लिलाम गरेको बा. अ. च. ५१७६ नं. को सवारी साधनलाई लिलाम सकार गरी यातायात व्यवस्था कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ र यातायात व्यवस्था कार्यालय, सगरमाथा अञ्चल, लाहानका कर्मचारीहरु समेतको मिलेमतोमा सन् २००० पछि वनेको फोर्ड कारलाई उक्त लिलामी भएको फोर्ड कार हो भनी कागज पत्र मिलाई भंसार समेत छली ल्याइएको नयाँ कार गैरकानूनी रुपमा दर्ता गरी श्री ५ को सरकारलाई भंसार लगायतका राजस्व हानी नोक्सानी पुऱ्याउने र आफु समेतलाई गैरकानूनी लाभ लिने वद्नियतले भ्रष्टाचारजन्य कार्य गरेको भन्ने विषयमा अनुसन्धान गर्दा यातायात व्यवस्था कार्यालय बाग्मतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रइस खाँ, तत्कालीन शाखा अधिकृत नारदमणी काफ्ले, तत्कालीन मेकानिकल सुपरभाइजर राजेन्द्र कुमार रिजाल, तत्कालीन खरिदार हरिशरण फुयाल, यातायात व्यवस्था कार्यालय सगरमाथा, लाहानका तत्कालीन कार्यालय प्रमुख रामप्रसाद अर्याल, सोम बहादुर श्रेष्ठ, अमरनाथ श्रेष्ठ र दिपक थुलुङ्गले आफु समेतलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई गैरकानूनी हानी पुऱ्याउने कार्य गरेको देखिएकोले रु. १३,३५,२६७- विगो कायम गरी प्रतिवादी अब्दुल रईस खाँ लगायतका राष्ट्र सेवकको हकमा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) को कसूर गरेको देखिदा निजहरुलाई सोही दफा वमोजिम सजाय हुन माग दावी लिई तथा सोम बहादुर श्रेष्ठ, अमरनाथ श्रेष्ठ र दिपक थुलुङ्गका हकमा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूर गरेको देखिदा निजहरुलाई सोही दफा वमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६०।१०।२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

३०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन आवश्यक कारवाहीको लागि यस आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा दुर्गाबहादुर कार्कीको कूल रु. ३८,५१,०२५।– बराबरको चल अचल सम्पत्ति मध्ये रु. रु.३,०८,९४०।– बराबरको सम्पत्तिको स्रोत पुष्टी भएको रकम कटाउंदा बाँकी हुने रु. ३५,४२,०८५।– बराबरको सम्पत्तिको आय स्रोत पुष्टी नभएको भन्ने उल्लेख भएकोमा निजको स्रोत नखुलेको सम्पत्ति समेतको सम्बन्धमा छानवीन गर्दा निज कार्कीले सार्वजनिक पद धारण गरेपछि आर्जन गरेको मोरङ्गको विराटनगर, ललितपुरको टिकाथली, काठमाडौंको चावहिल तथा सरस्वती गाँउ विकास समिति समेतका स्वआर्जनका सम्पत्ति मध्ये रु. १,०७,५७,०३३।८८ मूल्य बराबरको चल अचल सम्पत्तिको स्रोत खुलेको देखिन आएन। निज दुर्गाबहादुर कार्की मिति २०३७।११।१५ मा निजामती सेवामा प्रवेश गरी सार्वजनिक पदमा आउदाका बखत तेह्रथुम तथा मोरङ्ग जिल्लाको राजघाटमा रहेका पैतृक सम्पत्तिको आयले ठुलो परिवार रहेको घर व्यवहार चलाउन वाहेक अन्य रकम बचत भई थप सम्पत्ति आर्जन गर्न सक्ने अवस्था देखिएन। निज कार्कीले काठमाडौं चावहिलमा रु. ५०,००,०००।- मा घर जग्गा खरीद गरेको देखिएकोले दुर्गाबहादुर कार्की उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूरमा साविक ऐनको दफा ३ र १५ तथा प्रचलित ऐनको दफा २०(२) बमोजिम कैद र जरिवाना गरी त्यसरी गैरकानूनी ढंगले आर्जन गरी श्रीमती ईरा कार्कीको नाममा राखेको स्रोत नखुलेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १०, १६ग. र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत हुन माग गरी आयोगको मिति २०६०।१०।२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको।

३१. यातायात व्यवस्था बिभाग र अन्तर्गत कार्यालयमा गैरकानूनी तवरले चोरीका गाडीहरु दर्ता हुने गरेको भन्ने उजूरीका सम्बन्धमा छानवीन हुँदा भन्सार नतिरी चोरी पैठारी गरी ल्याएका गाडी यातायात व्यवस्था कार्यालयमा दर्ता गरी दिने, आवश्यक रेकर्ड नराखी त्यसरी गैरकानूनी कार्य गर्न सहज हुने अवस्था सिर्जना गर्ने र गाडी पैठारी गर्दा बुझाउनु पर्ने राजश्व समेतको दस्तुर छली गैरकानूनी कार्य गरी आफुलाई फाइदा र श्री ५ को सरकारलाई नोक्सान हुने कार्यमा संलग्न बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयका तत्कालीन कार्यालय प्रमुख अब्दुल रइस खाँ, शाखा अधिकृत नारदमणी काफ्ले, खरीदार धर्मराज भण्डारी, खरीदार भरतराज दाहाल र नक्कली दस्तखत भएको व्लूबुक तयार गरी गराई गाडी आफ्नो नाममा दर्ता गराउने आइत बहादुर गुरुङ, राजिप महर्जन, टशी छवाङ लामा र सो काममा संलग्न देखिएका राजन नापित समेतले आफु समेतलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई हानी पुऱ्याउने कार्य गरेको देखिएकोले रु. १४,६६,०८६।५९ बिगो कायम गरी प्रतिवादीहरु अब्दुल रइस खाँ, शाखा अधिकृत नारदमणी काफ्ले, खरीदार धर्मराज भण्डारी, र खरीदार भरतराज दाहाल उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसूरमा सोही दफा बमोजिमको सजाय माग दावी लिई एवं आइतबहादुर गुरुङ, राजिप महर्जन, टशी छवाङ लामा र राजन नापित उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूरमा सोही दफा बमोजिमको सजाय माग दावी लिई आयोगको मिति २०६०।१०।२३ को निर्णयानुसार मुद्दा दायर गरिएको।

३२. नेपाल आयल निगमका तत्कालीन महाप्रवन्धक मदनराज शर्माले आफू र आफ्नो परिवारका नाममा रु. रु.२,४६,०८,८१८।०७ को सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी अस्वभाविक जीवन यापन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूर गरेकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५, १६ग. र २९ तथा

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम हदैसम्म सजाय गरी, गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति जफत गर्न र निज संस्थान प्रमुख समेत भएको अवस्थामा गरेका कसूर हुँदा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत गर्न मागदावी लिई एवं प्रतिवादी रुपा ढुङ्गेल र प्रतिवादी प्रिती भण्डारी (ढुङ्गेल) लाई निजहरुका नाममा रहेको सम्पत्ति जफत गर्ने प्रयोजनको लागि प्रतिवादी कायम गरी आयोगको मिति २०६०।११।१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

३३. राष्ट्रिय प्राथमिक विद्यालय, हाँसपट्टी (फूलगामा गाउँ विकास समितिवडा नं.८) धनुषाका प्रधान अध्यापक शैलेन्द्रकुमार कर्णले विद्यालयको रकम कीर्ते दस्तखत गरी झिकी हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको हुँदा निजले हिनामिना गरेको रकम सोही दफा बमोजिम निजबाट असूल उपर हुन तथा सो दफामा सोही ऐनको दफा ३ बमोजिम सजाय हुने व्यवस्था भएको हुँदा निज उपर उक्त कसूरमा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६०।११।२१ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

३४. हाल सिनियर डिभिजनल इञ्जिनियर पदमा कार्यरत गुरुप्रसाद ढकालले आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने विषयमा निज ढकालले आफू र आफ्नी श्रीमती राधा ढकाल तथा छोरी रीना ढकालका नाउँमा विगो रु. १,७५,८९,२३३।६६ बराबरको गैरकानूनी सम्पत्ति आर्जन गरी अमिल्दो र उच्च जीवन यापन गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५, १६ग., २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) र (२) तथा दफा ४७ समेतको कसूर देखिएकोले तत् तत् ऐन बमोजिम सजाय हुन र त्यसरी आर्जन गरेको सम्पत्ति जफत हुन तथा निजले कानून बमोजिम पेश गर्नु पर्ने सम्पत्ति विवरण पेश गर्दा सम्पत्ति लुकाए छिपाएको देखिनाले सो कसूर वापत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(२) बमोजिमको सजाय समेत हुन र निज गुरुप्रसाद ढकालले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी राधा ढकाल र छोरी रीना ढकाल समेतका नाममा राखिएको पाइएकोले सो सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निजहरुलाई प्रतिवादी कायम गरी आयोगको मिति २०६०।१२।१३ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

३५. शाही नेपाल वायुसेवा निगम काठमाडौमा कार्यरत विमान परिचारिका नीरु सुव्वाले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई विशेष अदालत, काठमाण्डौमा आयोगको मिति २०६०।१२।१३ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

३६. प्रहरी निरीक्षक राजन कुमार पोखरेलले शुरु नियुक्ति, पदोन्नति तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण-पत्रहरु नक्कली देखिएकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६०।१२।१३ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

३७. त्रिशक्ति मा.वि. वारवीस, बाजुरामा कार्यरत नि.मा.वि. शिक्षक रघुनाथ जैसीले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताका प्रमाण-पत्र नक्कली एवं झुठा देखिएकोले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।२ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

३८. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, गैंडाकोटमा पहिले नै रौक्का रहेको जग्गा गैरकानूनी रुपमा कृषि विकास बैंक, शाखा कार्यालय, नवलपुरका नाममा रोक्का गराई सोही जग्गा व्यक्तिका नाममा पारित गरिएको सम्वन्धी विषयमा अनुसन्धान हुँदा कृषि विकास वैंक, शाखा कार्यालय, नवलपुरबाट मिति २०५८।९।२५ मा द्रोणराज सापकोटालाई रु. ३,००,०००।- कर्जा प्रवाह हुँदा मिति २०५५।११।३ मा राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय, गैडाकोटका नाममा धितो पारित भएको उक्त जग्गाको रोक्का फुकुवा नगराई पुनः सोही जग्गा धितो पारित गरेको, त्यस सम्वन्धमा पेश गरिएका जग्गा सम्बन्धी कागजहरु पनि सबै कीर्ते देखिएका, कृषि विकास वैंकबाट माग गरिए वमोजिम राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय, गैडाकोटबाट दिइएको भनिएको साख सूचनामां भएको उक्त वाणिज्य वैंकका कर्मचारीहरुको नाम र दस्तखत वास्तविक नभएको पाइयो। तसर्थ ऋणी द्रोणराज सापकोटा उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूरमा सोही दफा बमोजिम सजाय भै सोही ऐनहरु बमोजिम विगो भराई विगो बमोजिम जरिबाना हुन माग दावी गरी एवं उक्त काम गराउँदा निजले राष्ट्रसेवक प्र. गिरिराज खनाललाई रु. ३,५०,०००।- रिसवत दिएको समेत देखिनाले सावित भ्रष्टाचार ऐन, २०१७ को दफा ५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (३) बमोजिमका समेत सजायको माग दावी गरी, राष्टिय बाणिज्य बैंक, शाखा कार्यालय, गैंडाकोटका स.ख. गिरिराज खनाल, सहायक प्रबन्धक प्रेमहरि ढकाल, प्रवन्धक विनोदकुमार नेपाल, उपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र दफा ७ (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) र दफा ८ (१)(झ) को कसूरमा सोही दफाहरु बमोजिम सजायको माग दावी गरी, गैंडाकोट गाउँ विकास समितिका उपाध्यक्ष टोलनाथ घिमिरे उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसूरमा सोही दफाहरु बमोजिम सजायको माग दावी गरी तथा खरिदार ध्रुव ढुंगाना उपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) को कसूर गरेको देखिंदा यी प्रतिवादीलाई उक्त ऐनहरुका उक्त दफा बमोजिम सजाय हुन दावी गरी तथा केशव महर्जन र नन्दकुमारी सापकोटाका हकमा भ्रष्टाचारजन्य कार्य गरी बैंकहरुलाई नोक्सानी भएको विगो भराउँदा निज समेतका नामको सम्पत्तिमा दावी गर्नु पर्ने अवस्था हुँदा सो प्रयोजनका लागि मात्र प्रतिवादी कायम गरी विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।२ को निर्णयानुसार मुद्दा दायर गरिएको।

३९. गैरनेपाली नागरिकहरुलाई नेपाली नागरिकताको कीर्ते प्रमाण-पत्र बनाई सोही कीर्ते नागरिकताको प्रमाण-पत्रको आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौका कर्मचारीहरु समेतको मिलेमतोमा नेपाली राहदानी बनाई भ्रष्टाचारजन्य कसूर गरे भन्ने विषयमा अनुसन्धान गर्दा भारतं दार्जिलिङ्ग निवासी विभिन्न गैरनेपाली व्यक्तिहरुलाई राहदानी बनाई दिने फिरोज देवान समेतका व्यक्तिहरुले प्रति व्यक्ति भा. रु. १५,०००।०० लिई सुरेन्द्र के.सी. लाई राहदानी बनाई दिने कामको जिम्मा दिने तथा निज सुरेन्द्र के.सी.ले उक्त भा. रु. १५,०००।०० को हुने रु. २४,०००।०० मध्ये आफूले रु. १,०००।०० राखी बाँकी रकम जिल्ला प्रशासन कार्यालय काठमाडौका तत्कालीन नायव सुब्बा दुर्गाबहादुर कार्कीलाई दिने गरेको कुरा खुल्न आयो। निज दुर्गाबहादुर कार्कीले कीर्ते नागरिकताका प्रमाण-पत्र, वसाई सराईका प्रमाण-पत्र लगायतका आवश्यक कागजात तयार पारी आफू कार्यरत रहेका अड्डाका अन्य कर्मचारी समेतलाई मिलाई गैरनेपालीलाई राहदानी वनाई दिने गरेको तथ्य सुरेन्द्र के.सी.ले गरेको वयानबाट पुष्टि भएको पाइयो। यसरी वद्नियतपूर्वक लिनु खानु समेत गरी गैरनेपाली नागरिकलाई नेपाली राहदानी जारी गरेको देखिएकोले निजहरुबाट गरिएका यस्ता वद्नियतपूर्ण र गैरकानूनी कार्यबाट कानूनको उल्लंघन हुनुको साथै नेपाली नागरिकले मात्र प्राप्त गर्न सक्ने राहदानी विदेशीलाई दिने गम्भीर कसूर गरेको देखिनाले सो कार्यमा संलग्न निज दुर्गाबहादुर कार्की लगायत नायव सुब्बा विष्णु प्रसाद अर्याल, खरिदार रुद्रप्रसाद भट्टराई, नायव सुब्बा देवेन्द्र बहादुर कार्की, नायव सुब्बा कमला रेग्मी, नायव सुब्बा प्रदिप

कुमार खरेल, प्रशासकीय अधिकृत टेकराज ज्ञवाली, प्रशासकीय अधिकृत गोपाल प्रसाद रेग्मी, प्रशासकीय अधिकृत यज्ञराज वोहरा, प्रशासकीय अधिकृत प्रदिपराज कडेल, सहायक प्रमुख जिल्ला अधिकारी गोविन्द खनाल, सहायक प्रमुख जिल्ला अधिकारी विनोद प्रसाद शर्मा, रक्षा मंत्रालयका शाखा अधिकृत घनेन्द्र कुमार सुब्बा, केन्द्रीय धनादेश कार्यालयका शाखा अधिकृत जनार्दन भट्टराई र बन पैदावार विकास समितिका प्रशासकीय अधिकृत ओमराज पुरीका हकमा सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा ७(१) दफा १६क तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ र २२ बमोजिम सजाय हुन तथा सुरेन्द्र के. सी.का हकमा सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) बमोजिम सजाय हुन र फिरोज देवानका हकमा सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिम सजाय हुने कसूर गर्न मतियार भै कार्य गरेको देखिनाले निजको हकमा सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम माग दावी लिई विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।७ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४०. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन बमोजिम पूर्व मन्त्री गोविन्दराज जोशीको स्रोत नखुलेको सम्पत्तिका सम्वन्धमा अनुसन्धान हुंदा निजले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिबाट निजकी सासु निरकुमारी पन्तका नाममा ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका २०ख स्थित कि.नं. ५३०, कि.नं. ४५१, कि.नं. ४७४ र कि.नं. ४७६ समेतको जम्मा क्षेत्रफल १-९-१-३ जग्गा र सो जग्गामा वनेको घर मिति २०५४।१०।९ मा खरिद गरेको र सो घर जग्गा लुकाउने छिपाउने वदनियत राखी निज निर कुमारी पन्तको नामबाट मिति २०५९।१२।१७ मा तारांराज पाण्डेको नाममा राखेको देखिन आएकोले यस आयोगको मिति २०६०।९।१८ को निर्णयानुसार निजहरु उपर मुद्दा दायर गर्दा तारांराज पाण्डेलाई अनुसन्धानमा सहयोग पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायको माग दावीमा पूर्ण छुट दिएकोमा निजले विशेष अदालतमा वयान गर्दा उक्त सहयोग प्रतिकुल हुने गरि वयान दिएकोले निज तारांराज पाण्डे उपर सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क तथा सो लाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम हदैसम्मको सजाय समेतको अभियोग मागदावी सहित विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।१५ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४१. नेपाल वैंक लिमिटेडका क्यास कार्य सहायक कृष्ण कुमार तामाङ्ग र राष्ट्रिय वाणिज्य वैंकका प्रवन्धक खड्गबहादुर चन्दले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले सावित्र भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।१५ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४२. सह-सचिव (प्रा.) पदमा कार्यरत डा. लक्ष्मीराज पाठकले आफ्नो हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने समेतको उजूरी उपर अनुसन्धान गर्दा डा. लक्ष्मीराज पाठक र निजकी श्रीमती सुशिला पाठकको नाममा पैत्रिक सम्पत्ति बाहेक कैलाली, काठमाण्डौ र भक्तपुर जिल्लाका विभिन्न स्थानमा रु. १,३२,५७,३६९।- बराबरको चल/अचल सम्पत्ति रहेको देखियो । निज डा.लक्ष्मीराज पाठक, निजकी पत्नी सुशिला पाठक समेतका सम्बद्ध व्यक्तिहरुले गरेको वयान, निजले पेश गरेको प्रमाण तथा आयोगले अनुसन्धानको क्रममा संकलन गरेको प्रमाण समेतको अध्ययन गर्दा निजले प्राप्त गरेको वैध आयस्रोतबाट संग्रह गरेको र सोबाट बढे बढाएको सम्पत्ति बाहेक निज र निजकी पत्नी समेतका नाममा रहेको रु. ६९,४३,४४४।३६ बराबरको सम्पत्तिको स्रोत पुष्टि भएको देखिएन । अतएव निज

डा. लक्ष्मीराज पाठक र निजकी पत्नीको नाममा रहेको उल्लिखित रु. ६९,४३,४४४।३६ मूल्य बराबरको सम्पत्ति निजले गैरकानूनी रुपमा आर्जन गरेको र वैध आयस्रोतसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरी अमिल्दो र उच्च जीवन यापन गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५, १६ग., २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) र दफा ४७ समेतको कसूर देखिएकोले तत् तत् ऐन बमोजिम सजाय हुन र त्यसरी आर्जन गरेको सम्पत्ति जफत हुन तथा निज डा. लक्ष्मीराज पाठकले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजकी पत्नी सुशिला पाठक समेतका नाममा राखिएको पाइएकोले सो सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निजलाई समेत प्रतिवादी कायम गरी विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।२८ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४३. पूर्वाञ्चल विश्वविद्यालय विराटनगरमा तत्कालीन सहायक द्वितीय पदमा कार्यरत आशा श्रेष्ठले सेवा प्रवेश गर्दा पेश गरेको माध्यमिक परीक्षाको प्रमाणपत्र प्रमाणीकरण समेतका विवरणबाट झुठ्ठा देखिन आएकोले निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।१।३१ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४४. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा समेत बदनियतपूर्वक प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनको पालना नगरी नगराई भ्रष्टाचारजन्य काम कारवाहीबाट नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्दा जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह, उप-प्रमुख किसोरी साहका साथै वडाध्यक्षहरु माधबबहादुर थापा, केशव ढुंगेल, ईश्वर ढुंगाना, राघो सिंह, हफिज अन्सारी, इदरीस कवारी, जीवछ साह, अवधेशकुमार पोखरेल, आनन्दराज ढकाल, रामेश्वर ठाकुर, जानकीप्रसाद साह, महेन्द्र साह, सत्यनारायण यादव, रामबरण पासवान, रामचन्द्र साह, रामचन्द्र पञ्जियार समेतले चुंगी तथा सवारी कर उठाउने सम्बन्धी निर्णयहरुबाट आ.ब. ०५४।५५ का तुलनामा ०५५।५६ मा रु. ११ लाख ९९ हजार ९ सय ९९ रुपैया र पैसा ९९ आम्दानी हुनबाट जनकपुर नगरपालिकालाई बन्चित पारेको देखिएकोले निजहरुका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र १७ को कसूरमा जनही रु. ६६,६६६।६६ बिगो कायम गरी मुद्दा दायर गरियो । त्यसै गरी प्रमुख बजरंगप्रसाद साह, उप-प्रमुख किसोरी साह तथा वडाध्यक्षहरु माधवबहादुर थापा, केशव ढुंगेल, ईश्वर ढुंगाना, राघो सिंह, हफिज अन्सारी, इदरीस कवारी, जीवछ साह, अवधेशकुमार पोखरेल, आनन्दराज ढकाल, रामेश्वर ठाकुर, जानकीप्रसाद साह, महेन्द्र साह, सत्यनारायण यादव, रामवरण पासमान, रामचन्द्र साह र मनोनीत सदस्य विनोद साह समेत संलग्न भएको मिति २०५६।८।४ को निर्णयद्वारा अघिल्लो ठेक्काका तुलनामा दैनिक रु. २,४१३।६९ का दरले जम्मा कार्य दिन १५७ को रु. ३,७८,९४९।३३ नगरपालिकालाई आम्दानी हुनबाट बञ्चित पारेकोले निजहरुका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसूरमा जनही विगो रु. २१,०५२।७४ कायम गरी भ्रष्टाचार मुद्दा दायर गरियो । साथै वडा नं. १५ का वडाध्यक्ष रामचन्द्र साह उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र दफा १७ बमोजिम मागदावी लिई, वडा नं. १६ का वडाध्यक्ष रामचन्द्र पञ्जियार उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र १७ बमोजिम मागदावी लिई, नगरपालिकाका खरिदार बीरेन्द्रकुमार झा उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ८ (३) र १७ बमोजिम तथा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा ऐ.को दफा १६(क) तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) को कसूरमा ऐ.को दफा २२ बमोजिम मागदावी लिई र चुंगी तथा सवारी कर ठेकदारहरु अमरनाथ गुप्ता, दीनदयालप्रसाद साह, हरि राउत, शैलेन्द्रकुमार साह, शिव शंकरप्रसाद साह, अजयकुमार साह र हाटबजार कर ठेकदार अशोक कुमार झा उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा सो ऐनलाई निरन्तरता प्रदान गरेको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम मागदावी लिई आयोगको मिति २०६१।२।४ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४५. हाल सिनियर डिभिजनल इञ्जिनियर पदमा कार्यरत हरेकृष्ण भगतले आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने विषयमा निज हरेकृष्ण भगत र निजकी श्रीमती सुनयनादेवी भगतको नाममा सप्तरी र काठमाण्डौं जिल्लाका विभिन्न स्थानमा कूल रु. १,४०,९३,४८७।९१ वरावरको चल/अचल सम्पत्ति रहेको देखिएकोमा सो मध्ये रु. ८५,८६,७५४।७९ वरावरको सम्पत्तिको स्रोत खुलेको देखिन नआएको भै निजले सावित भ्रष्टाचार ऐन, २०१७ को दफा ३, दफा १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) अन्तर्गतको कसूर गरेको हुँदा निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५, १६ग. र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) बमोजिम हदैसम्म सजाय हुन र निजको गैरकानूनी आर्जनको सम्पत्ति जफत हुन माग दावी लिई विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।२।५ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४६. नेपाल प्रहरीका प्रहरी निरीक्षक लिल गुरुङ, गणेश प्रा.वि. तुलसी भन्ज्यांगका प्रा.शि. हुमनाथ अधिकारी र कालिका प्रा.वि. पेलाकोटका प्रा.शि. नामदेउ अधिकारीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।२।११ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४७. नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ्ग सेवा, केन्द्रीय वर्कशप हेटौडाले २०५७ साल मंसिर महिनामा लिलाम गरेको बा.१च ५१७६ नं. को फोर्ड कारसँगै लिलाम भएका बा.अ.ञ ७६९, बा.१ञ ७७१ र बा.१ञ ७७४ नं. का जीपहरु समेतका सवारी साधन लिलाम सकार गरी यातायात व्यवस्था कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ र यातायात व्यवस्था कार्यालय, सगरमाथा लाहानका कर्मचारीहरु समेतको मिलेमतोमा कागज पत्र मिलाई भंसार समेत छली ल्याइएका नयाँ जिपहरु गैरकानूनी रुपमा दर्ता गरी श्री ५ को सरकारलाई भंसार लगायतका राजस्व हानी नोक्सानी पुऱ्याउने र आफु समेतलाई गैरकानूनी लाभ लिने वद्नियतले भ्रष्टाचारजन्य कार्य गरेको भन्ने विषयमा अनुसन्धान गर्दा सोमबहादुर श्रेष्ठ, अमरनाथ श्रेष्ठ, अनुराज प्रधान र कृष्णलाल श्रेष्ठले लिलामी भएको पुरानो जिपको नाममा भंसार छली चोरी पैठारी गरी ल्याएका जिपहरुलाई लिलामी भएका जिप हुन् भनी यातायात व्यवस्था कार्यालय बाग्मतीका कर्मचारीलाई समेत मिलाई दर्ता गरेको देखिएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) को कसूर गरेको देखिँदा निजहरुलाई सोही दफा वमोजिम सजाय हुन माग दावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने निर्णय गरियो । यातायात व्यवस्था कार्यालय बाग्मतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रइस खाँ, सोही कार्यालयका शाखा अधिकृत नारदमणी काफ्ले, मेकानिकल सुपरभाइजर राजेन्द्रकुमार रिजाल, खरिदार हरिशरण फुयाँल, यातायात व्यवस्था कार्यालय सगरमाथा लाहानका तत्कालीन कार्यालय प्रमुख राम प्रसाद अर्याललले सोमबहादुर श्रेष्ठ, कृष्णलाल श्रेष्ठ, अनुराज प्रधान र अमरनाथ श्रेष्ठ लगायतका व्यक्तिहरुसँग मिलेमतो गरी निजहरुले गरेको गैरकानूनी कार्यलाई वैधानिकता दिई

आफूहरुलाई गैरकानूनी लाभ र श्री ५ को सरकारलाई हानी पुऱ्याउने कार्य गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) वमोजिम कसूर गरेको देखिएकोले सोही दफा बमोजिम सजाय हुन माग दावी लिई निजहरु उपर विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो । उपर्युक्त बाहेक सोमबहादुर श्रेष्ठ, कृष्णलाल श्रेष्ठ, अमरनाथ श्रेष्ठ, अनुराज प्रधान, अब्दुल रईस खाँ, राजेन्द्र कुमार रिजाल, हरिशरण फुयाँल, रामप्रसाद अर्याल, ध्रुवराज रेग्मी र नारदमणी काफ्ले समेतको संलग्नतामा दर्ता गराइएको टोयोटा जिप अवैध रुपमा पैठारी भएको देखिएकोले टोयोटा कम्पनीको आधिकारिक बिक्रेता युनाइटेड ट्रेडर्स सिन्डीकेट्स प्रा.लि.बाट प्राप्त स्पेसिफिकेशनका अनुसार सो वमोजिमका टोयोटा ल्याण्डक्रुजर जिपको कलकत्तासम्म ल्याउदा पर्ने मूल्य जापानी येन २२,६४,०००।०० लाई तत्काल प्रचलित नेपाली रुपैयाको सटही दर प्रति जापानी येन रु. ०.६१२ ले हिसाव गर्दा रु. १३,८५,५६८।०० पर्न जाने भई तत्काल प्रचलित भंसार दर १४१.५ प्रतिशतका दरले हिसाव गर्दा रु. १९,६०,५७८।७२ भंसार समेतको दस्तुर श्री ५ को सरकारलाई गैरकानूनी हानी भएको देखिएकोले उक्त विगो यी प्रतिवादीहरुबाट भराई विगो वमोजिम जरिवाना हुन समेत आयोगको मिति २०६१।२।१९ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४८. कृषि विकास बैंकका तत्कालीन शाखा अधिकृत (स्वेच्छिक अवकाश प्राप्त) डब्लु कृष्ण श्रेष्ठ र नेपाल राष्ट्र बैंकका नगद सहायक (स्वेच्छिक अवकाश प्राप्त) लिलाधर शर्माले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।२।१९ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

४९. भूमिसुधार कार्यालय, सप्तरीका टाईपिष्ट नायव सुब्बा गणेश प्रसाद उपाध्याय घिमिरेले रिसवत लिई भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान गर्दा निज घिमिरेले कानून बमोजिम हुने कामलाई चाँडो गरी दिन्छु भनी रु. ५,०००।- रिसवत लिएको हुँदा निज उपाध्यायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिम कसूर गरेकोले निजलाई सोही ऐनको दफा ३ (१) (क) बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।२।१९ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५०. हाल लेखा अधिकृत पदमा कार्यरत बद्रीनाथ श्रेष्ठले आफ्नो हैसियतभन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा निज श्रेष्ठ र निजकी श्रीमती मन्दीरा श्रेष्ठ र छोरा द्वय रोविन र शैल श्रेष्ठका नाममा मोरङ्ग, सुनसरी र काठमाडौं जिल्लाका विभिन्न स्थानमा रहेको सम्पत्ति मध्ये रु. ७२,९२,०३९।६९ वरावरको सम्पत्तिको स्रोत खुलेको देखिएन । हाल निज र निजको परिवारका सदस्यहरुका नाउँमा रहेको सम्पत्ति आर्जन हुन सक्ने भरपर्दो अवस्था पनि नभएको र सरकारी सेवा पश्चात नै अस्वाभाविक र अमिल्दोरुपमा चल अचल सम्पत्ति आर्जन गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) ,अन्तर्गतको कसूर गरेकोले निज श्रेष्ठलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५, १६ग. र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम हदैसम्म सजाय हुन र निजले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्ति आफ्नो छोरा रोबिन श्रेष्ठको नाममा समेत राखेको पाइएकोले सो सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निज रोबिन श्रेष्ठलाई समेत प्रतिवादी कायम गरी विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।२।२० को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५१. जनकपुर चुरोट कारखानामा वरिष्ठ सहायक (पाँचौं तह) मा कार्यरत अभिनन्दन ठाकुरले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर यस आयोगबाट अनुसन्धान गर्दा नक्कली देखिन आएकोले निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।३।७ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५२. कृषि विकास बैंकका लेखापाल राधा शर्मा र नेपाल आयल निगम लिमिटेडका सहायक (पाँचौ) कोकिला सत्यालका शैक्षिक योग्यताका प्रमाणपत्रहरु उपर छानवीन हुँदा ती प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।३।९ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५३. राष्ट्रिय बाणिज्य बैंकमा कार्यरत खजान्जी यज्ञप्रसाद शर्माले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर छानवीन हुँदा निजका प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।३।९ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५४. नेपाल दूरसंचार संस्थान, दूरसंचार तालिम केन्द्रका दशौं तहका लेखा प्रवन्धक रमेशकुमार श्रेष्ठ र निजका मतियार मुख्य सहायक विमल भट्टराईको मिलेमतोमा रकम समेत हिनामिना गरे भन्ने सम्वन्धमा अनुसन्धान गर्दा सो केन्द्रको नाममा रहेको खाताको रकम गैरकानूनी रुपमा चेक खिची दर्ता नै नभएको पल्पसा निर्माण सेवा प्रा.लि. को नामबाट रकम झिकेको देखिने गरी कागजात तयार पारी खाता संचालकहरुको कीर्ते दस्तखत गरी गराई पूरा ठेगाना समेत नभएको परिचयपत्र समेत वनाई भुक्तानी लिने कार्य गरी गराई आफूलाई फाइदा र तालिम केन्द्रको राजश्व रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ८ को उपदफा (३) बमोजिमको कसूर गरेको देखिदा विमल भट्टराईले मस्यौट हिनामिना गरेको देखिएको विगो रु.४,९०,९२३।६२ र विगो बमोजिम जरिवाना समेत असुल उपर गरी सावित नेपाल दूरसंचार संस्थान, दूरसंचार तालिम केन्द्र हाल नेपाल टेलिकम नेपाल दूरसंचार कम्पनी लिमिटेडलाई दिलाई भराई पाउने माग दावी लिई विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।३।११ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५५. महेन्द्र जनसहयोग प्रा.वि. आरुखर्क, स्याङ्जामा कार्यरत प्राथमिक शिक्षिका सीतादेवी गौतमले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।३।१५ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

५६. जिल्ला शिक्षा कार्यालय, बाग्लुङ्गका लेखापाल कुल प्रसाद उपाध्याय, इलाका प्रहरी कार्यालय, मुग्लिनका प्रहरी निरीक्षक चुम बहादुर जि.सी., पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखराका हेड असिस्टेण्ट कृष्ण विक्रम राणा र जिल्ला विकास समिति, स्याङ्जाका कम्प्यूटर अपरेटर विष्णुप्रसाद पंगेनीले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली एवं झुठा देखिन आएकोले निजहरु उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल लागू भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसूरमा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिइ विशेष अदालत, काठमाडौंमा आयोगको मिति २०६१।३।१६ को निर्णयानुसार मुद्दा दायर गरिएको ।

विशेष अदालतबाट भएका फैसलाहरुको स्थिति

विशेष अदालतबाट यस आर्थिक वर्षमा जम्मा १२९ वटा मुद्दा फैसला भएको छ। त्यस मध्ये १०९ वटा मुद्दामा अभियोग मागदावी वमोजिम कसूर ठहर भएको छ भने २० वटा मुद्दामा कसूर ठहर हुन सकेको छैन ।

पुनरावेदन गरिएका मुद्दाहरुको संक्षिप्त विवरण

आ.व. २०६०/६१ मा विशेष अदालतको फैसलामा आयोगको चित्त नबुझि पुनरावेदन गरिएका मुद्दाहरुको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. **विषय : मालपोत कार्यालय, डिल्लीबजारका खरीदार बैद्यनाथ ठाकुर, नापी शाखा डिल्लीबजारका अमिन बालकृष्ण ठकुरी, काठमाण्डौं-७ सिफल बस्ने भिमप्रसाद हुमागाई र काठमाण्डौ-२१ गोफले टोल बस्ने बेखालाल महर्जन संलग्न भएको भ्रष्टाचार मुद्दा ।**

फैसला मिति : २०६०।१।३

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) प्र. वेखालाल महर्जनले जग्गा विक्रि गर्दा रजिष्ट्रेशन दस्तुर बुझाउने दायित्व नहुने हुँदा निजले आफूलाई फाइदा र श्री ५ को सरकारलाई हानी पु-याएको भनी निश्चित गर्न सकिने सवूद प्रमाण नभएको ।

(ख) प्र. भीमप्रसाद हुमागाईले बकसपत्रबाट जग्गा प्राप्त गरेको हुँदा रकम लेनदेन भएको भनी कल्पना गर्न नसकिने, रजिष्ट्रेशन दस्तुर लिनु पर्ने मालपोत कार्यालयको वाध्यता नभएको ।

(ग) प्र. बालकृष्ण ठकुरीले पिच सडक, घर छ, छैन भन्ने लिखतमा उल्लेख गर्ने दायित्व पूरा गरेको, सडक र जग्गाको अवस्थिति खुलाई दिनु पर्थ्यो भन्ने कागज प्रमाण पेश हुन नसकेको ।

पुनरावेदन दर्ता मितिः २०६०।४।६

पुनरावेदनका आधारहरु : प्रतिवादीहरुलाई सफाई दिँदा लिइएका उल्लिखित आधारहरु निम्न वमोजिम खण्डनीय एवं बदरभागी छन् :-

(क) प्र. बेखालाल महर्जनले जग्गाको हक हस्तान्तरण गर्दा वास्तविक अवस्थिति खुल्ने गरी कागज तयार गर्ने गराउने दायित्वबाट उम्कन मिल्दैन, सो नखुलाएको कारण जग्गाको न्यूनतम मूल्यांकन फरक परी श्री ५ को सरकारलाई रु.३,२६,१८८।- रजिष्ट्रेशन दस्तुर कम हुन आएको छ ।

(ख) बकसपत्रबाट जग्गा प्राप्त गरेको अवस्थामा लेनदेन भएको छ भनी अनुमान गर्न नसकिने भन्ने अदालतको तर्क यस मुद्दाको अभियोग दाबीसँग कुनै हिसाबले पनि मिल्दो छैन ।

(ग) प्र. बैद्यनाथ ठाकुरले प्रतिवादीहरुसंगको मिलेमतोमा लिखतको व्यहोरा अपूर्ण हुँदा हुँदै सनाखत गराउने कार्य गरेको, कार्यालयबाट निजको साथमा खटाएकी सरस्वती कार्कीलाई डोरमा नलगी जग्गाको वास्तविक अवस्थिति लुकाउने गरी कार्य गरेको कसूर प्रष्टै देखिन्छ ।

(घ) प्र. बालकृष्ण ठकुरीको जिम्मेवारी जग्गामा बाटो भए कस्तो, कति चौडा हो, कहाँबाट कहाँ जाने हो ? सो समेत खुलाउने निजको कर्तव्य हो। केवल संकुचित अर्थ ग्रहण गरी निजलाई कसूरबाट उन्मुक्ति दिन मिल्ने होइन ।

(ङ) मूल सडकमा जोडिएको रु. २७,००,०००।- प्रति रोपनी न्यूनतम मूल्याङ्कन कायम भएको जग्गालाई प्रति रोपनी रु. १२,००,०००।- कायम हुने किसिमले रु. ३,२६,१८८।- कम रजिष्ट्रेशन दस्तुर तिरी रजिष्ट्रेशन पारित गराएकोमा उक्त कम रकम प्रस्तुत मुद्दाको अनुसन्धान शुरु भए पछि मात्र दाखिला गराइएको, डोरमा जाने मालपोत कार्यालय डिल्लीबजारका बैद्यनाथ ठाकुर, घर छैन भनेर जग्गा प्रमाणीत गरिदिने नापी शाखा डिल्लीबजारका अमिन बालकृष्ण ठकुरी, जग्गा विक्रि गर्ने बेखालाल महर्जन तथा जग्गा लिने भिमप्रसाद हुमागाईको मिलोमतो र गैरकानूनी साँठ गाँठ नभै श्री ५ को सरकारलाई रु. ३,२६,१८८।- हानि नोक्सानी हुने कार्य हुनै नसक्ने अवस्था छ ।

२ <u>विषय</u> : **नेपाल इञ्जिनियरिङ कलेजमा असिष्टेन्ट प्रोफेसर अच्युतराज गौतम र काठमाण्डौ कुलेश्वर बस्ने गजेन्द्रराज श्रेष्ठ शाही नेपाल वायुसेवा निगमको सञ्चालक समितिको तत्कालीन सदस्य द्वय प्रतिवादी भएको भ्रष्टाचार मुद्दा ।**

फैसला मिति : २०६०।२।३०।६

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) विभागीय प्रमुखहरुको बैठकमा सञ्चालक समितिका सदस्यको हैसियतमा यी दुवै जना उपस्थित भएकोमा त्यसरी उपस्थित हुन कानूनले रोक लगाएको देखिदैन ।

(ख) निजहरु समेत उपस्थित रहेको उक्त बैठकबाट चेज एयर भाडामा लिने निर्णय भएको छैन ।

(ग) अग्रिम भुक्तानी भै सकेपछि पनि विमान नआएको अवस्थामा सञ्चालकको हैसियतले बैठकमा बसी भुक्तानी भएको रकम कानूनी कारवाही गरी असूल गर्ने कार्यलाई अनुमोदन गर्नुलाई बद्नियत भन्न मिल्दैन ।

(घ) चेज एअरसँग विमान भाडामा लिने सम्बन्धी अन्य कार्यमा निजहरुको संलग्नता रहेको मिसिल संलग्न तथ्य प्रमाणबाट पुष्टि भएको पाइदैन ।

पुनरावेदन दर्ता मितिः २०६०।६।९

<u>पुनरावेदनका आधारहरु</u> : प्रतिवादीहरुलाई सफाई दिइदा लिइएका उल्लिखित आधारहरु निम्न बमोजिम खण्डनीय भै बदरभागी छन् :-

(क) निगम र चेज एअर बीच विमान उपलब्ध गराउने सम्बन्धमा चेज एअरको एजेन्ट स्काई लिंक एभिएसन सर्भिसेजसँग ८ अक्टोवर १९९८ देखि पत्राचार भएको छ । निगमले विमान भाडामा लिनका लागि २६ सेप्टेम्बर १९९८ मा आव्हान गरेको प्रस्ताव अनुरुपका शर्त पूरा गरेको नदेखिएको भनी सञ्चालक समितिको १४ अक्टोबर १९९८ को बैठकले रद्द गरेको छ । साथै यसै बैठकमा व्यवस्थापनले आफूसँग उपलब्ध भएका सम्भावित आपूर्तिकर्ताको सूची मध्येबाट वार्ता प्रक्रियाबाट व्यवस्था गर्न पर्यटन तथा नागरिक उड्डन मन्त्रालयबाट सहमति लिई व्यवस्थापनले व्यवस्था गर्ने निर्णय गरिएको छ ।

(ख) सञ्चालक समितिको १४ अक्टोबर १९९८ को उल्लिखित बैठकबाट भएको निर्णय मुताविक १७ अक्टोबर १९९८ का दिन वसेको विभागीय प्रमुखको बैठकमा सञ्चालक समितिमा सदस्य रहेका विरुद्ध खण्डमा नाम उल्लेख गरिएका प्रतिवादीहरुको पनि उपस्थिति रहेको छ । सोही दिन चेज

एअरसँग विमान भाडामा लिने सम्बन्धमा निगमका तर्फबाट सम्झौता पनि गरिएको छ। यसबाट प्रतिवादीहरु उपस्थित हुनै नपर्ने बैठकमा उपस्थित भै फैसलामा उल्लेख भए जस्तो सैद्धान्तिक निर्णय गरिएको मात्र नभै त्यसभन्दा बढी पनि काम भएको स्पष्ट छ र त्यो काम चेज एअरसँग सम्बन्धित रहेको भन्ने कुरा '....निगमका तर्फबाट सम्झौताका मस्यौदा समेत तयार गरियो।' भन्ने वाक्यांशले स्पष्ट पार्दछ। यसबाट उक्त सम्झौता पारित गराउन आफ्नो प्रभाव पार्ने ध्येयले मात्र यी प्रतिवादीहरु यस बैठकमा उपस्थित भएको स्पष्ट देखिन्छ।

(ग) २६ नोभेम्बर १९९८ का दिन वसेको सञ्चालक समितिको बैठकमा फैसलामा उल्लेख भए जस्तो '.. विमान नआएको अवस्थामा .....भुक्तानी भएको रकम कानूनी कारवाही गरी असूल उपर गर्ने कार्यलाई अनुमोदन गर्ने... ' काम मात्र गरिएको छैन। उक्त बैठकमा चेज एअरकै सम्बन्धमा '..हालसम्म गरेका सम्पूर्ण कानूनी कारवाही अनुमोदन गर्ने ..' र ' ... यस प्रक्रियामा भएका खर्चहरु समेत अनुमोदन गर्ने' भन्ने समेत निर्णय गरिएको छ। यस अवस्थासम्ममा निगमबाट भैसकेको काम गलत भएको जानकारी हुन आइसकेको छ र यी प्रतिवादीहरु समेतले उक्त गलत कामको समेत अनुमोदन गर्ने निर्णय गरेको तर्फ अदालतको ध्यान पुग्न सकेको छैन।

३. <u>विषय</u> : **टी.सी. एन्. शाखा कार्यालय, नेपालगञ्जका लेखा इकाई प्रमुख हरिहरमान श्रेष्ठ प्रतिवादी भएको भ्रष्टाचार मुद्दा।**

फैसला मिति : २०५९।१२।९।४

फैसलाको प्रकृति : **बाँके जिल्ला अदालतबाट ठहरिएको विगो पुनरावेदन अदालत, नेपालगन्जबाट घटाइएको।**

फैसलाको आधार :

नगद मौज्दातमा के कति रकम रहेको र के कुन मितिमा यी प्रतिबादीले के कुन तरिकाले मस्यौट गरी मौज्दात कम भएको भन्ने कुनै प्रमाण नरहेको र धरौटी जम्मा नगरेको भनिएको रकम यी प्रतिबादीले बुझेको रसीद वा अरु केही निस्सा प्रमाण स्वरुप रहेको नदेखिएको।

पुनरावेदन दर्ता मितिः २०६०।६।२८

<u>पुनरावेदनका आधारहरु</u> : पुनरावेदन अदालत, नेपालगञ्जको फैसलामा उल्लेखित आधारहरु निम्नानुसार खण्डनीय भै उक्त फैसला बदरभागी छ :-

(क) प्रतिवादी हरिहरमान श्रेष्ठले भ्रष्टाचार सम्वन्धी कसूर गरेको सम्वन्धमा पुनरावेदन अदालत नेपालगञ्जको फैसलाबाट समेत पुष्टी भैसकेको छ।

(ख) कुनै पनि व्यक्तिले भ्रष्टाचार एवं आर्थिक हिनामिना गर्दा कागज खडा गरेर हस्ताक्षरले प्रमाणित गरेर गरेको हुदैन। आर्थिक हिनामिना अनुसन्धानवाट देखिने कुरा हो। निज प्रतिवादी हरिहरमान श्रेष्ठ स्वयंले अनुसन्धानका समयमा एवं अदालतमा समेत वयान गर्दा आफ्नो जिम्मामा रहेको रकम हिनामिना भएको हो भनी स्वीकार गरेको अवस्था छ।

(ग) स्वयं प्रतिवादीले अदालतमा गरेको वयानमा कतिपय व्यक्तिहरुको धरौट रकम दोहोरो भुक्तानी हुन गएको, रसीदको रकम भन्दा वढी विक्री विल काटिएको भनी स्वीकार गरिसकिएको छ।

(घ) तसर्थ उक्त त्रुटीपूर्ण फैसला बदर गरी प्रतिवादीका हकमा अभियोग माग दाबी बमोजिम ठहर भएको बांके जिल्ला अदालतको फैसला सदर कायम गरिपाउन पुनरावेदन प्रस्तुत गरिएको छ।

४. <u>विषय:</u> टि. सि. एन. हेटौडामा तत्काल सातौ तहमा कार्यरत कीर्तिजंगध्वज कार्की प्रतिवादी भएको काठ समेत निकासी गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६०।४।१९

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) यी प्रतिवादीले मेजरमेन्ट सीटमा सही गरी पठाए पछि त्यस पछिका काठ निकाशी गर्दासम्मका प्रक्रियात्मक काम कारवाहीमा यी प्रतिवादीको पनि दायित्व रहेको र त्यस्तो दायित्व यी प्रतिवादीले पूरा नगरेको भनी बादी पक्षले भन्न नसकेको ।

(ख) अन्य प्रतिवादीले यी प्रतिवादीलाई पोल गर्न नसकेको ।

(ग) अधिनस्थ कर्मचारीलाई नियन्त्रण नगरेको वा रेखदेख नगरेको भन्ने जस्तो कार्यलाई भ्रष्टाचारको संज्ञा दिन नमिल्ने ।

पुनरावेदन दर्ता मिति: २०६०।७।१७

<u>पुनरावेदनका आधारहरु:</u> उक्त फैसलामा उल्लेखित आधारहरु निम्नानुसार खण्डनीय भै उक्त फैसला बदरभागी छ :

(क) प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, हेटौडाबाट मिति २०५८।६।१४ मा भएको फैसलाबाट कसूर ठहर भैसकेको छ ।

(ख) प्रतिवादीले अदालतमा बयान गर्दा अनुसन्धानको समयमा सावित विशेष प्रहरी विभाग मुकाम हेटौडामा दिएको बयानलाई आफूले दिएको बयान हो भनेका छन् । उक्त बयान अन्यथा हो भन्ने निजको भनाई छैन । अनुसन्धानको समयमा भएको उक्त बयानमा यी प्रतिवादीले निम्न कुरा खुलाएको देखिन्छ -

- सेल्स मेनेजरको अनुपस्थितिमा दैनिक कार्य सञ्चालन गर्ने जिम्मा निजैसँग रहेको,
- पाँचथान मेजरमेन्ट सिटमा गरिएको दस्तखत निजको भएको,
- कुनै रकम नबुझाई काठ लैजान सकिने नदेखिएको,
- विलिङ इञ्जार्च र सेल्स मेनेजर मध्ये कसको सहि पहिले हुन्थ्यो भन्ने प्रश्नको जवाफमा ग्राहक वर्गको सुविधाको दृष्टिकोणले सहि हुन जाने गरेको भनेको,
- कृत्रिम गेटपास तथा विलबाट काठहरु गएको बारे जानकारी नरहेको ।

(ग) अनुसन्धानबाट यी प्रतिवादीले कृत्रिम विल बनाई काठ निकासी गरेको देखिएको छ । काठ निकासी प्रक्रियामा यी प्रतिवादीको पनि संलग्नता रहने कुरा यी प्रतिवादीले इन्कार गर्न सकेका छैनन् ।

(घ) सहुलियत दरमा काठ पाउन माग गर्ने सम्पूर्ण व्यक्तिहरु टि.सि.एन. कै कर्मचारी हुन् ।

(ङ) कसूरको प्रकृति र त्यसमा संलग्न व्यक्तिहरुको हैसियतलाई वीचार गर्दा पनि कार्यालय भित्रका काठ दिने काममा संलग्न विभिन्न पदका व्यक्तिहरुले आ-आफ्नो पदीय हैसियतबाट गरेको समग्र कामबाट यो कसूरले पूर्णता पाएको देखिएको छ ।

तसर्थ, उक्त त्रुटीपूर्ण फैसला बदर गरी प्रतिवादीलाई अभियोग माग दाबी बमोजिम सजाय गरिपाउन पुनरावेदन प्रस्तुत गरिएको छ ।

५. <u>विषय:</u> **फत्येबाल आँखा अस्पताल नेपालगन्जमा नेत्र प्राविधिक पदमा तत्काल कार्यरत फूलराज शर्मा प्रतिवादी भएको नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।**

फैसला मिति : २०६०।४।२३

फैसलाको प्रकृति : सफाई

फैसलाको आधार :

प्रतिवादीले बिशेष शैक्षिक उपाधि हासिल गर्ने उद्देश्यले आफ्नो शैक्षिक योग्यता ढांटी नक्कली प्रमाणपत्र पेश गरेको देखिएको स्थितिमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अन्तर्गतको कसूर गरेको भनी ठहर गर्नु कानून सम्मत भएन ।

पुनरावेदन दर्ता मिति: २०६०।७।१७

<u>पुनरावेदनको आधार:</u> उक्त फैसलामा उल्लेखित आधारहरु निम्नानुसार खण्डनीय भै उक्त फैसला बदरभागी छ :-

प्रतिवादीले प्राप्त गरेको भनिएको भुपेन्द्र नारायण मन्डल विश्वविद्यालय, लालुनगर, मधेपुर, विहार, भारतको वि.ए. उत्तीर्ण गरेको प्रमाण-पत्र नक्कली रहेको तथ्य त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुरको च.नं. ४६६।०५९, मिति २०५९।९।३ को पत्रसाथ प्राप्त विवरणबाट स्पष्ट छ । उक्त प्रमाण-पत्र आफूले विशेष शैक्षिक योग्यताको प्रमाण-पत्र (Diploma in Health Promotion and Education Course) प्राप्त गर्न लिएको भनी प्रतिवादीले बयान गर्दा समेत स्वीकार गरेका छन् । यी प्रतिवादी उक्त शैक्षिक योग्यताको आधारमा लोक सेवा आयोगको विज्ञापन नं. १०४०/०५५/०५६ को स्वास्थ्य निरीक्षक पदमा दरखास्त फाराम भरी लिखित परीक्षामा सम्मिलित भएको पनि देखिन्छ । यसरी उक्त विशेष शैक्षिक योग्यता प्रतिवादीका लागि माथिल्लो ओहदा प्राप्त गर्ने आधार हुने अवस्था तर्फ अदालतको ध्यान पुग्न नसकेको हुँदा उक्त फैसला वदरभागी छ । उक्त फैसला बदर गरी प्रतिवादीलाई आरोपत्र मागदावी बमोजिम सजाय गरिपाउँन पुनरावेदन प्रस्तुत गरिएको हो ।

६. <u>विषय:</u> **दुग्ध बिकास संस्थानका व्यापार व्यवस्थापन प्रमुख राघबकिशोर भट्टराई प्रतिवादी भएको भ्रष्टाचार मुद्दा ।**

फैसला मिति : २०६०।३।१८

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) भएको सम्झौता आफूले तयार गरेको होइन भनी प्रतिवादीले भनेको र निजले नै तयार गरी पेश गरेको देखिने प्रमाण नपाइएको ।

(ख) यी प्रतिवादीले जानी बुझी भ्रष्टाचारजन्य कार्यमा सहयोग पुऱ्याएको भन्न सकिने अवस्था नदेखिएको ।

पुनरावेदन दर्ता मिति: २०६०।७।१७

<u>पुनरावेदनका आधारहरु:</u> प्रतिवादीलाई सफाई दिइदा लिइएका उल्लिखित आधारहरु निम्न बमोजिम खण्डनीय भै बदरभागी छन् :-

(क) नेपाल दुग्ध विकास संस्थानका तर्फबाट देवेन्द्र झा र प्रतिवादी सुनित माथुर बीच चिजभ्याट खरिद गर्ने सम्बन्धमा १९९६ डिसेम्बर ३ र ८ का दिन भएको संझौता तयार गर्ने कार्य व्यापार व्यवस्थापन इकाइका यी प्रतिवादीले आफ्नो बयानमा आफूले तयार गरेको होइन भने पनि सम्झौता निज प्रमुख भएको इकाइको कसले तयार गरेको हो भनी स्पष्ट रुपमा खुलाउन नसकेबाट निज आफ्नो जिम्मेवारीबाट पन्छन खोजेको मात्र देखिन्छ ।

(ख) यी प्रतिवादीले अदालतमा बयान गर्दा अनुसन्धानका समयमा भएको बयानलाई ठीक हो भनेका छन् । संम्झौता आफूले तयार गरेको होइन भनेता पनि मस्यौदा तयार गरी अध्यक्षलाई दिइएको हो भनेका छन् । यसबाट उक्त सम्झौताका बारेमा प्रतिवादीलाई जानकारी रहेको प्रष्ट हुन्छ ।

(ग) संस्थानभित्रका प्रक्रियागत कुरा मिलाउनु पर्ने जिम्मेवारी भएको इकाइको प्रमुख रहेको प्रतिवादीले विना आधार आफ्नो दायित्वलाई अस्वीकार गर्दैमा निजले त्यसबाट फुर्सद पाउन मिल्ने हुदैन ।

(घ) उल्लिखित आधारहरुबाट चिजभ्याट खरिद गर्दा प्रतिवादी देबेन्द्र झालाई सघाउ पुऱ्याउने काममा संलग्न रहेका यी प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला सो हदसम्म बदरभागी छ भन्ने दावी लिई पुनरावेदन प्रस्तुत गरिएको छ ।

७. **<u>विषय:</u> साझा स्वास्थ्य सेवाका तत्कालीन स्टोर इन्चार्ज सानुकाजी महत १ र तत्कालीन बिलर कुमोदचन्द्र प्रधान १ समेतका प्रतिवादीले रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

फैसला मिति : २०६०।३।२५

फैसलाको प्रकृति : दामासाहीले जरिबाना गर्ने

पुनरावेदन दर्ता मिति: २०६०।७।१७

<u>पुनरावेदनको आधार:</u> प्रतिवादीहरुले अभियोग मागदावी बमोजिम कसूर गरेको ठहर भएपछि भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(२) को प्रतिवन्धात्मक वाक्यांसले गरेको व्यवस्था अनुसार प्रतिवादीहरु प्रत्येकलाई भ्रष्टाचार गरेको ठहर भएको कूल विगो बमोजिम जरिवाना हुनु पर्नेमा निजहरुले तिर्नु बुझाउनु पर्ने भनी दामासाहीले भाग लागेको रकमलाई नै विगो मानी कूल विगोको आधा आधा मात्र जरिवाना गर्ने गरी भएको फैसला उक्त कानूनी व्यवस्थाको प्रतिकूल हुँदा त्रुटीपूर्ण भै वदरभागी छ । तसर्थ, उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादीहरुलाई कुल विगो बमोजिम जरिवाना गरिपाउँन पुनरावेदन प्रस्तुत गरिएको छ ।

८. **<u>विषय:</u> मालपोत कार्यालय रसुवाका मालपोत अधिकृत अर्जुन गौतम र बलबहादुर नगरकोटी भएको भ्रष्टाचार ।**

फैसला मिति : २०६०।५।८

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) जाहेरवालीले अघिल्लो दिन नामसारी र दोश्रो दिन लिखत पास गराई लिएको,

(ख) दुवै प्रतिवादीहरु अदालत समक्ष आरोपित कसूरमा इन्कार रहेको,

(ग) जाहेरवालीले आफ्नो कि.नं. ८८ को जग्गा फिर्ता पाइ बलबहादुर नगरकोटीको कारवाही यथावत राखी उजूरी कायम नराखी दिन निवेदन गरेको,

(घ) जाहेरवाली स्वयं अड्डामा गै २ वटा लिखत पास गरिदिएको,

(ङ) कि.नं ७ को लिखत जालसाज मुद्दा मिति २०६०।४।२ मा खारेज,

(च) जाहेरवालीले आफ्नो जग्गा बलवहादुरलाई वेचेकोमा पैसा नदिएकोले निज समेत उपर उजूरी दिएको हो भनी अदालतमा वकपत्र गरेकी ।

पुनरावेदन दर्ता मितिः २०६०।७।२०

<u>पुनरावेदनका आधारहरुः</u> प्रतिवादीहरुलाई सफाई दिँदा लिइएका उल्लिखित आधारहरु निम्न बमोजिम खण्डनीय भै बदरभागी छन् :-

(क) जाहेरवालीले जिल्ला प्रशासन कार्यालय, रसुवामा दिएको उजूरीमा आफूले नामसारीको लागि निवेदन दिएको रसुवा जिल्ला टिमुरे गाउँ विकास समितिकि.नं. १५ को क्षेत्रफल ४-१२-१-२ को जग्गा मिति २०५८।९।२३ मा कि.नं. ८७,८८ र ८९ कायम गरी सो मध्ये कि.नं. ८७ को क्षेत्रफल ०-१२-१-२ रोपनी जग्गा र कि.नं. ८८ को क्षेत्रफल १-०-० रोपनी जग्गा बलवहादुर नगरकोटीको नाउँमा राजीनामा गराएको कागज तयार गरी पास गराएको रहेछ । उक्त जग्गा मेरो नाममा नामसारीको लागि बलबहादुर नगरकोटीलाई काममा लगाएको मात्र हो राजिनामा गरी दिएको होइन भनी मौकैमा उजूरी दिएकी छिन् । प्रतिवादी बलबहादुर नगरकोटी र अर्जुन गौतमले प्राप्त गरेको उक्त जग्गाहरु जाहेरवाली न्हेमा छोपा तामाङनीले शेष पछिको वकसपत्र पाएको उक्त जग्गा मध्ये कै हो भन्ने कुरा बयान एवं प्रस्तुत मुद्दाको तथ्यबाट समेत स्पष्ट देखिएवाट प्रतिवादीहरुले गरेको उक्त वारदात पुष्टि भएको छ ।

(ख) अदालत स्वयंले जाहेरवाली निरक्षर भएको कुरा स्वीकार गरेको छ । झुक्याई सोही दिन सोही जग्गा आफ्नो नाममा पारित गर्ने गराउने कार्य गरेको आधारमा सजायको मागदावी गरिएको ।

(ग) उजूरी व्यहोराबाट प्रतिवादी बलबहादुरलाई जाहेरवालीले उक्त जग्गाको नामसारीको कामसम्म गर्न लगाएको २०५८।१०।१२ मा जिल्ला प्रशासन कार्यालयमा समेत आफ्नो मन्जुरी बेगर कित्ताकाट भएकोमा चित्त नबुझी निवेदन दिएकी छन् । उक्त कसूरलाई ढाकछोप गरी सजायबाट बच्ने अभिप्रायले मात्र प्रतिवादी बलबहादुरका नाउमा र निजको नाउँबाट प्र. अर्जुन गौतमको नाउँमा पास गरेबाट उक्त कसूर भएको प्रष्टै देखिन्छ ।

(घ) कसूर भै सकेपछिका घटनाक्रमले कसूर गर्दाको नियत र कसूरको कार्यलाई उन्मुक्ती दिन नसक्ने हुनाले सो आधारमा सफाइ दिएको फैसला त्रुटीपूर्ण छ ।

(ङ) प्रतिवादी अर्जुन गौतमले उक्त कसूर अपराध गरी आफूले लिएको सो कित्ता नं. ८८ को जग्गा उजूर परी सकेपछि मात्र कसूरबाट बच्न सकिन्छ कि भनी जाहेरवालीलाई फिर्ता गरेकोलाई निजले गरेको उक्त कसूरबाट सफाई दिने आधार मान्न मिल्दैन । जाहेरवालीले मिति २०५८।१०।१२ मा दिएको सो निवेदनमा पनि 'उक्त जग्गा आफ्नो मन्जुरी बेगर अन्यत्र गएको' भनी उल्लेख गरेतर्फ अदालतको ध्यान पुगेको छैन ।

(च) यसै गरी कि.नं. ८८ को जग्गा जाहेरवाली न्हेमा छोपाबाट बलबहादुर नगरकोटीले लिंदा पास भएको र.नं. १६६ को लिखततर्फ हेर्दा पनि सो लिखत तयार गर्ने भनिएका दोर्जे लामाले आफूले सो लिखत तयार नगरेको, सवै व्यहोरा बलबहादुरले नै लेखेको, निजैको विश्वासमा सही गरिदिएको, सोही लिखतका अर्का साक्षी रामेश्वर खड्काले उक्त लिखतमा परेको सही आफ्नो नभएको भन्ने तथ्यलाई बेवास्ता गरी भएको फैसलामा न्यायिक मनको अभाव प्रष्टै देखिन्छ ।

९. <u>विषय:</u> कृषि विकास बैक शाखा कार्यालय, भक्तपुरका कार्यालय सहायक विजयराज आचार्य प्रतिवादी भएको असूली रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।

फैसला मिति : २०६०।४।१४

फैसलाको प्रकृति : विगो कम गरी गरिएको फैसला

फैसलाका आधारहरु :

(क) बच्चु खड्काको पास वर्ड (५२०८) प्रयोग भएका २१ थान असूली पूर्जा मध्ये ६ थान असूली पूर्जा (नं.२७००,५९१,७९८,१०९८,१३१९,१३१७) मा प्रतिवादीको सही भएको प्रमाण पेश भएको नदेखिएको ।

(ख) बच्चु खड्काले बकपत्र गर्दा प्र. विजयराज आचार्यलाई काममा सघाउँदा केही रकम आफूले पनि असूली गर्ने गरेको स्वीकारेको ।

(ग) आफूलाई अत्यधिक रकम हिनामिनाको आरोप लगाइएको छ, भनी प्रतिवादीले अदालतमा गरेको बयानमा जिकीर लिएको ।

पुनरावेदन दर्ता मिति: २०६०।७।२०

<u>पुनरावेदनका आधारहरु:</u> प्रतिवादीको सम्बन्धमा विगो कम गरी फैसला गरिदा लिइएका उल्लिखित आधारहरु निम्न बमोजिम खण्डनीय भै वदरभागी छन् :

(क) प्रतिवादीले अदालतमा बयान गर्दा अनुसन्धानको बयानलाई अन्यथा दावी गरी विगोको जिकीर लिएको छैन । निजले असूली पूर्जामा भएका हस्ताक्षर आफ्नो भएको भनी सनाखत गरेकोछ । बच्चु खड्काको पास वर्ड प्रयोग भएका २१ थान असूली पूर्जा मध्ये ६ थान असूली पूर्जामा प्रतिवादीको सही भएको प्रमाण पेश भएको देखिदैन भन्ने फैसलामा उल्लेख भएको कथन त्रुटीपूर्ण हुँदा उक्त फैसला बदरभागी छ ।

(ख) बच्चु खड्काको वकसपत्रमा दावी विगोलाई कम गर्ने आधार छैन । ऋण असूल गर्ने सम्बन्धी जिम्मेवारी प्रतिवादीमा रहेको भन्ने कुरा पुष्टि भै रहेकोछ । स्पष्ट आधारको अभावमा विगो कम गर्ने गरी भएको फैसला नमिलेको हुँदा बदर भागी छ ।

(ग) अदालतमा बयान गर्दा दाबी बमोजिमको विगो रु. १६,६१,२८३।- हिनामिना गरेको स्वीकार गरेको तर्फ ध्यान नदिई गरिएको फैसला सो हदसम्म त्रुटीपूर्ण छ ।

(घ) प्रतिवादीलाई दिइएको कार्य विभाजनबाट पनि सोको जिम्मेवारी यी प्रतिवादीको देखिन्छ । हिनामिना गरेको भनिएको सम्पूर्ण रकमको दायित्वबाट प्रतिवादीले फूर्सद पाउने अवस्था छैन । तसर्थ, उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादीबाट अभियोग माग दाबी बमोजिम कै विगो भराई सोही बमोजिम सजाय गरिपाउँन पुनरावेदन गरेको ।

१०. <u>विषय:</u> **साझा कुरियर्स टेकु काठमाडौंका संचालक रामेश्वर सिवा, स्वास्थ्य सेवा विभाग, आपूर्ति महाशाखाका तात्कालीन निर्देशक डा. के.वि. सिंह कार्की, ऐ. विभागका तत्कालीन मुख्य लेखा नियन्त्रक शेरवहादुर के.सी, ऐ. विभागका तत्कालीन लेखा अधिकृत रत्नबहादुर नेपाली, ऐ. विभागका तत्कालीन लेखा अधिकृत न्हुछे बहादुर महर्जन, ऐ. विभागका तत्कालीन स्टोरकिपर बबर गुरुङ र ऐ. विभागका तत्कालीन स्टोरकिपर नयांबर्ण राई समेत प्रतिवादी भएको औषधि ढुवानीमा अनियमित गरी भ्रष्टाचार गरेको मुद्दा ।**

फैसला मिति : २०६०।३।३०

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) आपूर्ति महाशाखा, स्वास्थ्य सेवा विभागबाट विभिन्न जिल्लामा ढुवानी गर्नका लागि प्र. रामेश्वर सिवाले कति कति तौलका बस्तुहरु बुझि लगेको थिए भन्ने कुरा प्रमाणित गर्ने आधार नरहेको ।

(ख) हस्तान्तरण फाराममा उल्लेखित तौल ठीक बेठीक के हो भिडाउने आधार केही नरहेको ।

(ग) बादी दावीमा आधार बनाइएका हस्तान्तरण फारामहरु विश्वसनीय नदेखिएका; तिनीहरुको आधारमा ढुवानी भएको औषधीको तौल यकीन गरिनु हचुवा, अनुमानित, अस्वाभाविक र अविश्वसनीय हुन सक्ने खतरा देखा परेको ।

पुनरावेदन दर्ता मितिः २०६०।७।२६

<u>पुनरावेदनका आधारहरुः</u> फैसलामा लिइएका उल्लिखित आधारहरु निम्न आधारमा खण्डनीय भै बदरभागी छन्:-

(क) प्रस्तुत मुद्दाको अभियोग माग दावी स्पष्ट रुपमा ढुवानी गरिएका औषधी समेतका हस्तान्तरण फाराममा देखिएको तौल र ढुवानी गर्ने जिम्मा पाएको पक्षले विलमा दावी गरिएको तौलको वीचमा रहेको अन्तरलाई आधार बनाइ गरिएको छ । सो अनुसार बढी भुक्तानी हुन गएको रकम प्रतिवादी बनाइएका सबैको सामुहिक मिलेमतोमा श्री ५ को सरकारलाई गैरकानूनी रुपमा हानी नोक्सानी परेको भनी उक्त रकम भराइ पाउन दावी लिइएको छ ।

(ख) औषधी ढुवानी गर्ने जिम्मा लिएका प्र. रामेश्वर सिवाले त्यसरी हस्तान्तरण फाराममा लेखिएको तौलभन्दा बढी तौलका विल पेश गरी भुक्तानी लिएको छैन भनी अदालतमा स्पष्ट शब्दमा भन्न सकेका छैनन् । प्र. रामेश्वर सिवालाई भुक्तानी दिने सम्बन्धमा बढी तौल प्रमाणित गर्ने, आदेश दिने र भुक्तानी दिने प्रक्रियामा संलग्न सबै राष्ट्रसेवकहरुलाई निजको काम कारवाहीबाट भ्रष्टाचारजन्य कसूर भएको भनी अभियोग दावी लिइएको सन्दर्भमा प्र. रामेश्वर सिवाले नियमपूर्वक भुक्तानी लिएको भन्ने कथनले निज कसूरमा इन्कार रहेको अर्थ लाग्ने अवस्था छैन ।

(ग) औषधी बुझाउंदा ढुवानीकर्ताले तौल गराई नलिनु र कार्यालयले त्यसरी नदिनुका पछाडी अपारदर्शिताले भ्रष्टाचारलाई सघाउने तथ्यतर्फ ध्यान पुग्न नसकी अपारदर्शी व्यवहारबाट प्रतिवादीलाई नै फाइदा पुग्ने अर्थमा व्याख्या गरिनु न्यायसँगत हुँदैन ।

(घ) फैसला गरिदा सबै प्रतिवादीहरुबाट गरिएको काम, जसलाई भ्रष्टाचारजन्य कसूर भएको भन्ने दावी लिइएको छ, लाई यथास्थितिमा नै ठीक छ भनिएको र त्यस सम्बन्धमा लिइएको दावीका सन्दर्भमा मूल्यांकन नगरिएको अवस्था छ ।

(ङ) हस्तान्तरण फारामले देखाएको तौलभन्दा बढी तौल देखाइ विल पेश गरी भुक्तानी लिने काम सबै प्रतिवादीहरुको सामुहिक संलग्नताबाट भएको प्रस्तुत मुद्दामा हस्तान्तरण फाराममा खुलाइएको तौल र भुक्तानी गर्दा देखाइएको तौल एउटै नदेखिएसम्म प्रतिवादीहरुको काम ठीक रुपमा भएको भन्ने तथ्यलाई स्थापित गर्दैन ।

तसर्थ प्रमाणस्वरुप पेश भएका हस्तान्तरण फाराम र विलहरुको यकीन रुपमा तुलना भै प्रतिवादीहरुले बढी तौल देखाई भुक्तानी लिए, दिए, दिलाएको कारणबाट प्रतिवादीहरुलाई फाईदा

र श्री ५ को सरकारलाई हानी भएको तथ्य विचार गरी प्रतिवादीहरुलाई उजूरी प्रतिवेदन माग दावी बमोजिम सजायका लागि पुनरावेदन प्रस्तुत गरिएको छ ।

११. <u>विषय:</u> **जिल्ला धनुषा सिनुरजोडा गाउँ विकास समितिका सचिव रुपनारायण मिश्र प्रतिवादी भएको भ्रष्टाचार मुद्दा ।**

फैसला मिति : २०६०।७।२५

फैसलाको प्रकृति : दावी गरिए भन्दा कम रकम भ्रष्टाचार गरेको ठहरिएको

फैसलाका आधारहरु :

(क) विवादित चेकबाट झिकिएको रकम निर्माण तथा मर्मत कार्यमा खर्च भएको छ भन्ने प्रतिवादीको जिकीर रहेको,

(ख) वादी पक्षबाट मूल्यांकन फारामहरु मिसिलसाथ संलग्न राखी पेश गरेको र ती मूल्यांकन फाराम अनुसार काम भएको छ भन्ने कुरा प्राविधिकको बकपत्रले स्थापित गरेको,

(ग) सो मूल्यांकन फारामहरुको काम भएकै छैन वा सोसँग सम्बन्धित कार्यको भुक्तानी अलगै भएको छ भनिएको अवस्था नरहेको,

(घ) मिति २०५६।४।७ मा भएको मूल्यांकन फारम वाहेक मिति २०५६।६।१, २०५६।८।२ र २०५६।१०।१४ का मूल्यांकन फाराममा उल्लिखित रकम रु. २,७४,३९०।७२ खर्च भएको नै मान्नु पर्ने ।

पुनरावेदन दर्ता मितिः २०६०।११।१

<u>पुनरावेदनका आधारहरु:</u> प्रतिवादीको सम्बन्धमा विगो कम गरी फैसला गरिँदा लिइएका उल्लिखित आधारहरु निम्न बमोजिम खण्डनीय भै वदरभागी छन् :-

(क) प्रतिवादी उपर गरिएको अभियोग मागदावी निजले विभिन्न मितिमा १४ वटा चेकमा गाउँ विकास समितिका अध्यक्षको दस्तखत कीर्ते गरी रु. ३,५१,०६०।- बैंकबाट निकाली हिनामिना गरे भन्ने हो । प्रतिवादीले अदालतमा बयान गर्दा समेत उक्त विवादका चेकबाट रकम निकालेको भनेको पाइन्छ । स्वयं अदालतले विवादमा आएका १४ वटा चेक बैंकमा पेश गरी प्रतिवादीले रकम निकालेको तथ्यलाई मान्यता दिइ रहेको अवस्था छ । उक्त विवादको चेकमा भएको दस्तखत गाउँ विकास समिति अध्यक्षको नै हो भन्ने प्रतिवादीको जिकीर राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको हस्ताक्षर परीक्षण प्रतिवेदनले खण्डन गरेको छ ।

(ख) यसबाहेक प्रतिवादीले विवादको रकम भुक्तानी दिएको भनी देखाएका सनकलाल सादा, लालजी साह समेतले आफूले कुनै चेकबाट रकम भुक्तानी नलिएको भनी वकपत्र गरेका छन् र निजहरुले बुझेको भनिएको चेकमा भएको निजहरुको सही नमूना सहीसँग मिल्दैन भन्ने परीक्षण प्रतिवेदन देखिन्छ ।

(ग) यसै गरी आफूले असूल गरेको मालपोत रकम बैंक दाखिला गरेको तथा आम्दानी बाँधेको प्रमाण पेस नगरेको ।

उपरोक्त आधारहरुबाट माँग दावी अनुसार सजाय हुन पुनरावेदन प्रस्तुत गरिएको छ ।

१२. <u>विषय:</u> **नेपाल राष्ट्र बैंक, काठमाडौं बैंकिङ्ग कार्यालयका का.मु. सहायक निर्देशक दुर्गाप्रसाद मानन्धर, नगद सहायक हिरण्य निरौला, प्रधान सहायक विणा श्रेष्ठ, सहायक निर्देशक चम्पा कोइराला, भूतपूर्व प्रधान सहायक तिर्थकुमारी मानन्धर, हाल नेपाल बैंक लिमिटेड प्रधान कार्यालयका सन्ततीलाल जोशी,**

सुपरीक्षक विष्णु खनाल, नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयका सहायक निरीक्षक शारदा मिश्र, बा. १ ज ५८३७ को ट्याक्सी चालक दिनेश श्रेष्ठ र हाल ललितपुर वार्ड नं. ४ बस्ने रामबहादुर कार्की, हाल नयाँ बजारमा डेरा गरी बस्ने पार्वती राजवंशी ठाकुर समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दा ।

फैसला मिति : २०६०।१०।२९

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) प्रतिवादीहरुले इन्कारी बयान गरेका,

(ख) यी प्रतिवादीहरुले आर्थिक लाभ गरेको भन्ने एवं यिनीहरुबाट विगो भराई पाऊँ भन्ने अभियोग मागदावी नरहेको,

(ग) गैरकानूनी तवरले निकालेको रकमको हिस्सा यी प्रतिवादीहरुले पाएको पनि नदेखिएको,

(घ) सल्लाह र योजनामा सहमत भई बद्नियतपूर्ण तरिकाले सघाउ पुऱ्याएको नदेखिएको ।

पुनरावेदन दर्ता मितिः २०६१।१।२८

<u>पुनरावेदनका आधारहरुः</u> प्रतिवादीहरुलाई सफाइ दिँदा लिएका उल्लिखित आधारहरु निम्न बमोजिम खण्डनीय भई बदरभागी छन्:-

(क) विरुद्ध खण्डमा उल्लेख भएका प्रतिवादीहरुले प्रस्तुत विषयमा अनुसन्धानबाट देखिएका निम्न तथ्यहरुलाई इन्कार गर्न सकेका छैनन् -

(अ) प्र. दुर्गाप्रसाद मानन्धर, हिरण्य निरौला र तीर्थकुमारी मानन्धरका सम्बन्धमा स.अ. १३१७८०।२०५३ धरौटी खाताको नेपाल राष्ट्र बैंक, काठमाडौं बैंकिङ्ग कार्यालयबाट नं. ६३४६१०१ देखि ६३४६२०० सम्मका चेककिताब राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागले ल्याएको र नं. ६३४६१६९ देखि नं. ६३४२०० सम्म चेक पाना ३२ र चेक माग फाराम चेक किताब मै रहेकोमा सक्कलको भन्दा कागज, आकार, किनारा, मसी, (गाढा र हल्का) अंक, अक्षर र छाप तथा अन्य गुणहरुमा असमानता र फरक देखिने; शुरुमा चेक वितरण गर्दा गरिएका सहीको अवस्थामा फरक देखिने, महानिर्देशकको नाम र छाप भएको माथि लेखा अधिकृतको दस्तखत र लेखा अधिकृतको नाम र छाप माथि महानिर्देशकको सही भएको चेक माग फारामलाई कायम मुकायम सहायक निरीक्षक दुर्गाप्रसाद मानन्धरले दस्तखत जाँच गरी मान्यता दिएका छन् । यसबाहेक निजले कलेक्सनमा आएको चेक बिदाको दिन चेक जाँच गरेको पहिले वितरण भएको चेक किताबमा ३२ वटा पाना बाँकी भएको समेत वास्ता नगरी नयाँ चेकबुक पोष्टिङ गरेको देखिएको छ । चेक बाँकि नै रहेका अबस्थामा उक्त नयाँ चेक किताब कार्यालयको परिचय सहितको पत्र वा कर्मचारी परिचय, ठेगानाविना किताब दिएको देखिन्छ । निक्षेप लेखा डिभिजन परिच्छेद - ११ मा भएको व्यवस्था अनुसार चेक वितरण गर्दा विवरण प्रविष्ट गरी सम्बन्धित व्यक्तिलाई राजिष्टरमा पद, नाम, थर आदि लेखाई दस्तखत गराएर मात्र दिनु पर्नेमा सो प्रकृया पूरा नगरी चेक बुक दिइएको छ । आफूहरुले उक्त काम गरेको भन्ने सम्बन्धमा यी प्रतिवादीहरुले इन्कार गर्न सकेका छैनन् ।

(आ) प्र. चम्पा कोइराला, विणा श्रेष्ठ र शारदा मिश्र -

प्राप्त गरेको चेक किताबका चेकपानाहरुमा कीर्ते दस्तखत र कीर्ते छाप लगाई भुक्तानीका लागि प्राप्त भएको चेकहरुमा भएका छाप दस्तखत यी तीनजना प्रतिवादीहरुले जाँच गरेका छन् ।

(इ) प्र. सन्ततीलाल जोशी र विष्णु खनालका हकमा -

एभरेष्ट हेभी इक्वीपमेन्ट सप्लायर्सका प्रो. राजु भन्ने कविन्द्र सापकोटाको नेपाल बैंक लिमिटेड, लाजिम्पाट शाखामा खाता खोल्न दिएको निवेदनमा च.हि.नं. २०२७ का हारती व्याग पसलका राजेन्द्रमान श्रेष्ठको सिफारिस रहेकोमा प्रोप्राइटरको परिचय गराउनेको दस्तखत परिचय गरी दिने भनिएको राजेन्द्रले आफूले दस्तखत नगरेको भनी खुलाएको छ । परिचय दिने कम्पनी भए छाप लिने प्रचलन भएकोमा परिचय गरिदिने हारती व्याग पसलको खाता खोल्दा नेपाली छाप लगाएकोमा परिचय गराउँदा अंग्रेजी छाप लगाइएको छ । निवेदकको सही नभएको अवस्थामा नै विष्णु खनालले सही जाँची खाता खोल्ने स्वीकृतिका लागि शाखा प्रबन्धक सन्ततिलाल जोशी समक्ष पठाई स्वीकृत भै आएपछि खाता खोलेको छ ।

(ई) प्र. दिनेश श्रेष्ठ, पार्वती राजवंशी र रामबहादुर कार्कीका सम्बन्धमा :-

कृत्रिम नागरिकता, नाम ठेगाना समेत राखिएका राजु भन्ने कविन्द्र सापकोटासँगै आई मधुसुदन पुरीले अह्राए अनुसार रु. ४८,००,०००।- भुक्तानी लिने दिन भन्दा २-३ दिन अघि भएको सल्लाह अनुसार ट्याक्सीमा नेपाल बैंक लिमिटेड, लाजिम्पाट शाखामा पुऱ्याइ त्यहाँ ३/४ घण्टा बसी रकम झिकेपछि नयाँ बजार बालाजु पुलनेर छाडी आएको; खोरमा पुरीलाई भेटी सो बापत रु. २,०००।- पाएको समेत ट्याक्सी चालक दिनेश श्रेष्ठले स्वीकारेको छ ।

मधुसूदन पुरीको फोन आएको खबर श्रीमानलाई दिन मसाजमा आउने गर्थे भनी प्र. पार्वती राजवंशीले खुलाई आएको हुँदा निजले यस वारदातसँग सम्बन्धित सूचना आफ्ना श्रीमानलाई दिई भ्रष्टाचारको कसूर गर्नमा सहयोग पुऱ्याएको स्पष्ट छ ।

यसैगरी प्र. रामबहादुर कार्कीसँग दिलिप भन्ने अनिरुद्र ठाकुरले आफ्नो परिचय भएको कुरा र यसै अभियोगको अनुसन्धानको क्रममा रहेको मुद्दा सम्बन्धमा जानकारी प्राप्त गर्न सादिक विशेष प्रहरी विभाग गएको कुरा अनुसन्धानका समयमा स्वीकारिएको छ ।

(ख) यसप्रकार भ्रष्टाचार निवारण ऐन, २०१७ ले कसूरको रुपमा परिभाषित गरेको उल्लिखित काममा संलग्न देखिने यी प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला उक्त कानून र सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल भै सो हदसम्म मिलेको नहुँदा बदरभागी छ । यी एघारजना प्रतिवादीहरुको हकमा उक्त फैसला बदर गरी सबै प्रतिवादीहरुलाई अभियोग माग दावी बमोजिम सजाय हुन पुनरावेदन गरिएको छ ।

१३. **तत्कालीन नायव सुब्बा टंक प्रसाद भट्टराई प्रतिवादी भएको भ्रष्टाचार मुद्दा ।**

फैसला मिति : २०६०।१२।१६

फैसलाको प्रकृति : सफाई

फैसलाका आधारहरु :

(क) बसाइँ-सराइको प्रमाण-पत्रमा भएका दस्तखतहरु फोटोकपी गरी कीर्ते गरिएका हुन् वा होइनन् भन्ने सम्बन्धमा जाँच परीक्षण गरी गराई यकिन गर्न सकेको नपाइनुबाट प्रतिवादीले नै कीर्ते बसाइँ-सराईको प्रमाण-पत्र बनाएको भन्ने दावी पुष्टि हुन सकेको अवस्था भएन ।

(ख) प्रमुख जिल्ला अधिकारी गणेश प्रसाद ढकालले नायव सुब्बा टंक प्रसाद भट्टराईलाई मात्र अनियमित गरेको भनी दोषारोपण गरेको भन्ने उचित नदेखिएको भन्ने व्यहोरा स्वयं वादी पक्षले आरोप पत्रमा उल्लेख गरेको पाइन्छ ।

(ग) ७८ थान राहादानी मध्ये यस व्यक्तिका नाउँमा जारी भएको यति नम्बरको राहदानीमा प्रतिवादीले यस्तो अनियमित काम गरेको भनी यकीन गरी दावी लिन सकेको पाईदैन ।

(घ) विवादित राहदानी जारीका सम्बन्धमा प्रतिवादी उपर वादी श्री ५ को सरकारका तर्फबाट भक्तपुर जिल्ला अदालतमा दायर भएको किर्ते मुद्दा खारेज हुने ठहर गरी सो फैसला उपर पुनरावेदन नपरी अन्तिम भएर रहेको देखिन्छ ।

(ङ) प्रतिवादीले के कति रकम वा विगो बराबरको सरकारी सम्पत्तिको हिनामिना गरेको भन्ने स्पष्ट छैन ।

पुनरावेदन दर्ता मितिः २०६१।३।२४

पुनरावेदनका आधारहरुः प्रतिवादीलाई सफाई दिँदा लिएका उल्लेखित आधारहरु निम्न बमोजिम खण्डनीय भई बदरभागी छन् :

(क) जिल्ला प्रशासन कार्यालय, भक्तपुरको राहदानी फाँटको सम्पूर्ण जिम्मा आफूमा रहेको कुरालाई प्रतिवादीले अदालतमा पनि स्वीकार गरेको देखिन्छ। विवादका राहदानीहरुको सम्बन्धमा फाँटवालाका हैसियतले गर्नु पर्ने काम यिनै प्रतिवादीले गरेको भन्ने कुरामा पनि विवाद देखिदैन । त्यसरी जिम्मा लिएको कर्मचारीका रुपमा कार्यरत यी प्रतिवादीले विभिन्न मिति राखी बसाइँ सराइको दर्ता प्रमाणपत्रका रुपमा पेश भएका कैयौं प्रमाणपत्रहरु राहदानीका दरखास्त साथ निर्णयका लागि पेश गर्दा वेवास्ता गरेको देखिएको छ ।

(ख) उजुरी प्रतिवेदनबाट तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेश प्रसाद ढकाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) बमोजिम सचेत गराउने निर्णय भएको छ। आयोगबाट भएको अनुसन्धानबाट विवादास्पद राहदानीहरुका सम्बन्धमा आफ्नो मातहतको कर्मचारीको काममा उचित रेखदेख नपुऱ्याएको भन्ने आधारमा प्रमुख जिल्ला अधिकारीका हकमा निर्णय भएको छ ।

(ग) विवादास्पद राहदानी दरखास्तसाथ पेश भएका सबै कामलाई समग्रमा उल्लेख गरी निज उपर आरोप लगाइएको छ। विवादित ७८ वटै राहदानीका विषयमा भएको काम त्रुटिपूर्ण देखिएको अवस्थामा र सबै राहदानीमा लगभग एकै प्रकारका त्रुटी रहेको अवस्थामा पृथक दावी लिइरहनुको औचित्य प्रस्तुत मुद्दामा नरहेकोले नै एकमुष्ट दावी लिइएको हो ।

(घ) प्रतिवादीले व्यक्तिगत लाभ लिन राहदानीको हिनामिना गरेको भन्ने नै मुख्य आरोप हो । यस स्थितिमा प्रतिवादीबाट भएको कसूरको गम्भीरता विगोको रकममा आँकिन सकिने होइन । त्यस्तै विगो अंक किटान नहुँदैमा भ्रष्टाचारको कसूरमा प्रतिकूल प्रभाव पर्ने पनि होइन । विगो रकमको दावी नगरेको भन्ने आधारमा प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी भएकोले माँग दावी अनुसार सजाय हुन पुनरावेदन प्रस्तुत गरिएको छ ।

पुनरावेदन/दोहोऱ्याउन निवेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण

आ.व. २०६०/६१ मा बिभिन्न अदालतबाट भएका फैसलामा आयोगको चित्त बुझि पुनरावेदन/ दोहोऱ्याउन निवेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. सूर्य श्रेष्ठ समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा सम्पूर्ण प्रतिवादीहरुलाई सफाइ दिई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटन, ललितपुरको फैसला उपर मुद्दा दोहोऱ्याई हेरि पाउँन निवेदन गर्ने नगर्ने सम्बन्धमा यस आयोगको बैठकमा छलफल हुँदा आयोगको मिति २०६०।४।१ को निर्णयानुसार मुद्दा दोहोऱ्याउन सर्बोच्च अदालतमा निवेदन नगरिएको ।

२. प्रतिवादी अ.ई. दामोदरप्रसाद अर्याल समेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०६०।१।१० मा भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने भन्ने सम्बन्धमा छलफल हुँदा प्राविधिक प्रतिवेदनमा उल्लेखित आधारहरु नै विवादास्पद देखिएको, अभियोग पुष्टि हुने आधार एवं अभियोग दावी समेत स्पष्ट नभएको प्रस्तुत मुद्दामा विशेष अदालतबाट भएको फैसला उपर आयोगको मिति २०६०।४।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

३. नन्दबहादुर खाती समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा बाजुरा जिल्लाको कुलदेवमाण्डौ गाउँ विकास समिति भवन निर्माण गर्दा लगत इष्टमेट अनुसार निर्माण कार्य पूरा नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी लिने दिने कार्यमा संलग्न प्रतिवादीहरु नन्दबहादुर खाती, प्रसादबहादुर थापा, चक्रबहादुर थापा र प्रभुराज जैशी उपर मुद्दा दायर भएकोमा विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुले सफाइ पाउने ठहऱ्याई भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने विषयमा छलफल हुँदा प्रतिवेदकले के कति हानी नोक्सानी हुन गएको हो भन्ने प्रष्ट रुपमा खुलाउन नसकेकोले प्रतिवेदन स्पष्ट नभएको भन्ने कुरालाई आधार बनाई भएको विशेष अदालत, काठमाडौंको उक्त फैसला उपर आयोगको मिति २०६०।४।७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

४. प्रतिवादी विष्णुप्रसाद पौडेल भएको विभिन्न साझा संस्थाहरुको रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा चितवन जिल्ला अदालतबाट भएको फैसला उपर पुनरावेदन नगर्ने प्रस्ताव सहित पुनरावेदन सरकारी वकील कार्यालयबाट प्राप्त भएको भनी महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौबाट प्राप्त मुद्दा यस आयोगको बैठकमा पेश भै छलफल हुँदा चितवन जिल्ला अदालतबाट प्रतिवादीले भ्रष्टाचार गरेको ठहऱ्याईएको बिगो रु. १,५१,२५७९५ भराइ पाउने निर्णय भएको देखिएको र प्रतिवादीको मुत्यु भै सकेको देखिएकोले प्रतिवादीको अपुताली खाने व्यक्तिबाट भराइ लिन पाउने ठहऱ्याएको जिल्ला अदालतको फैसलाका सम्बन्धमा बिगो कम गरेको हदसम्म पुनरावेदन गरिरहनु पर्ने अवस्था नदेखिँदा आयोगको मिति २०६०।४।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

५. गुल्मी जिल्ला, हस्तीचौर गाउँ विकास समितिको याम सामुदायिक वनबाट जिल्ला वन अधिकृत दामोदर प्रसाद उपाध्याय, तम्घास रेञ्जपोष्टका रेञ्जर पञ्चलाल सिंह, नायव सुब्बा बोमलाल भण्डारी एवं काठ व्यापारीहरु शेरबहादुर भण्डारी र गोकर्ण भूजेल समेतको मिलोमतोमा रुख कटाइ टाँचा लगाइ नम्बरी आवादी जग्गाको पूर्जी मिलाई काठ निकासी गरी भ्रष्ट काम गरेको भन्ने मुद्दामा विशेष अदालत काठमाडौबाट सबै प्रतिवादीहरुले सफाई पाउने गरी भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने भन्ने सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा निजहरु उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गरेको देखिएको तर स्पष्ट रुपमा प्रतिवादीहरुको कसूरलाई पुष्टि गर्न नसकेकोले विशेष अदालतको फैसलामा असहमत भई प्रस्तुत मुद्दामा पुनरावेदन गर्नु पर्ने अवस्था नभएकोले आयोगको मिति २०६०।५।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

६. तोमप्रसाद भट्टराई समेत प्रतिवादी भएको गैरकानूनी रकम लिई फिल्डबुक सच्याई नक्कली फिल्डबुक तयार गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत काठमाण्डौंबाट भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा प्रतिवादीहरु तोमप्रसाद भट्टराई, हरिबहादुर हमाल र नारायण श्रेष्ठ समेतले अभियोग दावी बमोजिम भ्रष्टाचार गरेको ठहर्‍याई अदालतबाट फैसला भएको देखियो । गैरकानूनी रुपमा प्र. हरिबहादुर हमालबाट रु. ९,०००।- लिई प्र. तोमप्रसाद भट्टराई र प्र. नारायण श्रेष्ठले बाँडी लिएको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले खाएको विगो जनही जरिवाना गरी उक्त विगो दुवै जना प्रतिवादीबाट असूल गर्ने तथा प्रतिवादी हरिबहादुर हमाललाई जरिवाना गर्ने गरी भएको फैसलामा आयोगको मिति २०६०।६।७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

७. तोमप्रसाद भट्टराई समेत प्रतिवादी भएको गैरकानूनी रकम लिई फिल्डबुक सच्याई नक्कली फिल्डबुक तयार गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत काठमाण्डौबाट भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा तोमप्रसाद भट्टराई, हरिगोपाल अधिकारी र नारायण श्रेष्ठ समेतले अभियोग दावी बमोजिम भ्रष्टाचार गरेको ठहर्‍याई अदालतबाट फैसला भएको देखियो । रु. १२,०००।- गैरकानूनी रुपमा प्र. हरिगोपाल अधिकारीबाट लिई प्र.तोमप्रसाद भट्टराई र प्र. नारायण श्रेष्ठले बाँडी लिएको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले खाएको विगो बमोजिम जनही जरिवाना गरी उक्त विगो दुवैजना प्रतिवादीबाट असूल गर्ने तथा प्र. हरिगोपाल अधिकारीलाई रु. ५,०००।- जरिवाना गर्ने गरी भएको फैसलामा आयोगको मिति २०६०।६।७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

८. तोमप्रसाद भट्टराई र रामबहादुर खडका प्रतिवादी भएको गैरकानूनी रकम लिई नक्सा ट्रेस सच्याई भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत काठमाण्डौबाट भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा प्रतिवादीहरुले नक्सा ट्रेस सम्म सच्याएको देखियो । जग्गाको क्षेत्रफल घटबढ गरी सकेको र सो बमोजिम जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरी सकेको देखिएन । गैरकानूनी रुपमा लिने दिने काम भएको तथ्य अदालत समक्ष स्थापित गर्न नसकिएको प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला उपर आयोगको मिति २०६०।६।७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

९. कृष्णबहादुर थापा प्रतिवादी भएको जिल्ला कार्यालय सहकारी शाखा, मकवानपुरमा बुझाउने तथा बैक दाखिला गर्ने गरी बुझिलिएको रकम निज थापाले हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाण्डौंबाट प्रतिवादी उपरको भ्रष्टाचारको कसूर ठहर भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने भन्ने सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१०. अरसप्रसाद सापकोटा, रेञ्जरहरु रामप्रसाद देव र रामाधारप्रसाद सिंह, काठ व्यापारीहरु नरहरि रिजाल र भिमबहादुर श्रेष्ठ प्रतिवादी भएको निजी वनको काठ हो भन्ने कृत्रिम प्रमाण-पत्र बनाई काठ चोरी निकाशी गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाण्डौबाट अन्य प्रतिबादीहरुका हकमा भ्रष्टाचार गरेको ठहरभै प्रतिबादी अरसप्रसाद सापकोटालाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने भन्ने सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा पुनरावेदन गरिरहनु न्यायोचित नदेखिंदा आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

११. कमलप्रसाद कोइराला समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाण्डौले प्रतिवादीहरुलाई सफाई दिने ठहर्‍याई गरेको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने सम्वन्धमा छलफल हुँदा प्रतिवादीहरुले कन्या मा.वि. श्रीपुर कञ्चनपुरको नामबाट लब्धाङ्क पत्र र स्थानान्तर प्रमाण-पत्र तयार गर्न प्रयोग गरेको भनिएको छाप अनुसन्धानको क्रममा बरामद हुन नसकेको, प्रमाण-पत्रहरुमा

भएको हस्ताक्षर परीक्षण हुन नसकेको र प्रमाण-पत्र विक्रि वितरण गरेको पुष्टि हुन नसकेकोले आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार प्रस्तुत फैसला उपर पुनरावेदन नगरिएको ।

१२. चन्द्रमणी राउत समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु चन्द्रमणी राउत, कमलराज थापा, ज्ञानबहादुर थापा र गुञ्जमान राई, महेश पौडेललाई भ्रष्टाचार निवारण ऐन बमोजिम कारवाही र सजाय हुनका साथै विगो र जरिवानाको मागदावी लिई मुद्दा दायर गरिएकोमा प्रतिवादीहरु मध्ये गुञ्जमान राईलाई सफाई दिई अरु सबै प्रतिवादीहरुको कसूर कायम भई निजहरुले खाए मासेको रकम रु. ४,०६,०७७।२१ भराउने ठहर गरी फैसला भएकोमा सफाई पाउने प्रतिवादीको हकमा पुनरावेदन गर्ने, नगर्ने भनी आयोगमा छलफल हुँदा प्रतिवादी गुञ्जमान राईको कार्यालयमा मस्यौट भएको रकमको हकमा निजको कसूर देखिन नआएकोले प्रस्तुत फैसला उपर आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१३. प्रतिवादी कमलेश्वर खेदवार समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु कमलेश्वर खेदवार, अमोदलाल भोर, शनिश्चर यादव र हराधन चन्द्रचेल उपर भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुन मुद्दा दायर गरिएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादी कमलेश्वर खेदवार उपर कम विगो कायम गरी सजाय गरे तर्फ र हराधन चन्द्रचेललाई सफाई दिई भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा स्थानीय निकायले ठेकेको रकम कुनै व्यक्तिले नबुझाए जिल्ला प्रशासन कार्यालयले सरकारी बाँकी सरह असुल उपर गरी दिनु पर्ने स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७०(२) मा व्यवस्था भएको र गाउँ विकास समितिको विभिन्न मितिको बैठकबाट समेत उक्त रकम असूल उपर गर्न जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय समेत भै सकेको भनी फैसलामा उल्लेख भएको समेत देखिएकोले आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१४. प्रतिवादी प्रकाश दाहाल भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी उपर विगो रु. ५३,३१८।- कायम गरी सजायको मागदावी लिइएकोमा विशेष अदालत काठमाडौंबाट प्रतिवादीको साथबाट बरामद भएको जम्मा रु. २,१०२।- विगो कायम भएकै देखिएको र प्रतिवादीको साथबाट बरामद नभै पिजन होलमा किनारा च्यातिएको अवस्थामा रहेको खामबाट बरामद भएको रुपैयाहरु समेतका हकमा विगो कायम नगरे तर्फ आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१५. राधेश्याम शुक्ला समेतको उजूरीले वादी श्री ५ को सरकार प्रतिवादी हरिनारायण मिश्र समेत मजिबुल्लाह मुसलमान, शच्चिदानन्द शुक्ल, श्यामनारायण मिश्र, भिखु चमार र सर्जन पाण्डे उपर भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुन मुद्दा दायर गरिएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरु मध्येका हरिनारायण मिश्र, मजिबुल्लाह मुसलमान, श्यामनारायण मिश्र र सर्जन पाण्डेको हकमा मागदावी अनुसार नै ठहर भएको र प्रतिवादी मध्ये सच्चिदानन्द शुक्लको हकमा विगो रु. १,४९,७१३।६७ दावी भएकोमा निजले कामको प्रगती देखाउन नसकेको रु. १,३३,५००।- लाई मात्र विगो कायम गरी तथा प्रतिवादी भिखु चमारको हकमा विगो रु. ६,७७४।२० बरावरको काम नगरेको भनी प्राबिधिकबाट पेश भएको प्रतिवेदनलाई आधार लिई भएको उक्त फैसला उपर आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१६. प्रतिवादी शैलेन्द्रकुमार ठाकुर भएको भ्रष्टाचार मुद्दामा विगो रु. २२,०२,०४०।२८ कायम गरी प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुन मुद्दा दायर गरिएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीले खूद हिनामिना गरेको देखिएको रकम मध्ये अनुसन्धान शुरु हुँदाकै अवस्थामा निजले बुझाएको रु. ६,९०,७७७।२० तथा प्रतिवादीले हिनामिना गरेको भनिएको रकमबाट प्राप्त हुने व्याज भनी दावी गरिएको रु. २,४८,२८५।९६ कूल दावी विगोबाट घटाई प्रतिवादीबाट विगो भराउने र

विगो बमोजिम जरिवाना गर्ने फैसला भएको देखियो । भ्रष्टाचार मुद्दामा हिनामिना गरिएको रकमको व्याज समेत दावी गरिएको कुरालाई मान्यता नदिएको व्यहोरा र मुद्दा दायर हुनु पूर्व नै प्रतिवादीले बुझाएको रकमलाई पनि विगोमा समावेश नगरिएको कुरालाई मान्यता नदिएको व्यहोरालाई औचित्यपूर्ण छैन भन्ने अवस्था नहुँदा प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१७. प्रतिवादी हबिब मन्सुरी मियाँ समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी हबिब मन्सुरी मियाँ, रहमान अन्सारी, झनझनी चौधरी मौर, देवरुप साह, भागीरथ खत्वे, भागवत खत्वे र कृष्णदेव मेहता उपर भ्रष्टाचार निवारण ऐन, २०१७ अनुसार सजाय हुन मुद्दा दायर गरिएकोमा विशेष अदालत काठमाडौंबाट प्रतिवादी मध्येका हबिब मन्सुरी मियाँलाई दावी अनुसार सजाय हुने र अन्य प्रतिवादीहरुलाई सफाई दिनेगरि भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा उत्तरकुमारीबाट रु. ५०००।- मा खरिद गरी हबिब मन्सुरी मियाँको नाममा राख्ने र त्यही जग्गा मूल्यांकन गराई फरक रकम बाँडी खानेमा अन्य प्रतिवादी संलग्न भएको भन्ने पुष्टि हुन सकेको अवस्था समेत नदेखिदा सफाइ पाउने प्रतिवादीहरु उपर आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१८. प्रतिवादी लक्ष्मण उदास समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीहरु लक्ष्मण उदास, गुरुप्रसाद शर्मा, केन्द्रप्रकाश कार्की, जगतप्रसाद पराजुली र रमेसकुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुन मुद्दा दायर भएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादी मध्ये गुरुप्रसाद शर्मा, केन्द्रप्रकाश कार्की र जगतप्रसाद पराजुलीलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा सामान आपूर्ति गर्न आदेश दिने र आपूर्ति गर्ने प्रतिवादीहरु उपर मागदावी अनुसार नै सजाय भएको देखियो । सफाई पाउने प्रतिवादीहरु केन्द्रप्रकाश कार्की र जगतप्रसाद पराजुलीले प्रतिवादी लक्ष्मण उदासले लिएको कोटेशन र निजैले गरिदिएको खरिद आदेश, भुक्तानी आदेश र प्रमाणीत दाखिला रिपोर्ट समेतको आधारमा भुक्तानी दिएको देखिन आएको प्रस्तुत मुद्दामा निजहरु तथा प्रतिवादी गुरुप्रसाद शर्मा समेतले रिसवत लिएको प्रमाणित हुन सक्ने ठोस सवूद प्रमाण मिसिल संलग्न नदेखिदा आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१९. प्रतिवादी हरिप्रसाद बराल भएको आफ्नो जिम्मामा रहेको सरकारी रकम हिनामिना गरी मासेको तथा निजी प्रयोगमा लगाएको भन्ने भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा अभियोग मागदावी बमोजिम प्रतिवादीले भ्रष्टाचार गरेको ठहर भएको देखियो । प्रतिवादी उपरको दावी रकम निजले प्रस्तुत मुद्दा दायर गर्नु पूर्व नै फरफारक गरिसकेको आधारमा निजबाट भराउनु पर्ने अवस्था नभएको भनी प्रतिवादीलाई रु. ५,०००।- जरिवाना गरिएको प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६०।९।८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२०. प्रतिवादी चूडामणी मरासिनी भएको रु. १५,०००।- रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालत, काठमाडौंबाट भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा जुन काम गरिपाउनका लागि भन्न जाँदा घूस मागेको हो भनिएको छ उक्त काम गराउन उजूरवालाहरु प्रतिवादी कार्यरत रहेको कार्यालयमा गएको भन्ने र उक्त काम यो प्रतिवादीले सम्पादन गर्नु पर्ने काममध्येको हो भन्ने तथ्य पुष्टि गर्न नसकिएको तथा प्रतिवादी कार्यरत कार्यालयको शौचालयको सिसा पछाडिबाट बरामद भएको रकम प्रतिवादीलाई दिए पछि निजैले त्यहाँ राखेको हो भन्ने कथन पुष्टि गर्न नसकिएको आधारमा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गरे पनि ठहर हुन सक्ने स्थिति नदेखिंदा आयोगको मिति २०६०।९।८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२१. भूपेन्द्र मल्लसमेत प्रतिवादी भएको कामको लागि खाद्यान्न कार्यक्रम अन्तर्गत रुकुम जिल्लाका लागि प्राप्त गहुँ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने सम्बन्धमा छलफल हुँदा प्रस्तुत मुद्दामा रु. ७०,७०१।३० को गहुँ हिनामिना गरेको भनी गहुँ ढुवानी गर्ने जिम्मा लिएका ठेकेदार बलमान पुन, गहुँको आम्दानी खर्चको लेखा राख्ने जिम्मा लिएका तत्कालीन जिल्ला पञ्चायत सचिवालयका खरिदार भूपेन्द्र मल्ल तथा उपभोक्ता समितिका अध्यक्ष शेरबहादुर खत्री उपर भ्रष्टाचार मुद्दा दायर गरिएकोमा प्रतिवादीहरु तीनै जनाले भ्रष्टाचार गरेको ठहऱ्याई फैसला भएको देखियो । विगोको सम्बन्धमा कूल विगो रु. ७०,७०१।३० तीन जना प्रतिवादीबाट दामासाहीले भराउने विगो बमोजिमको रकम नै निजहरुलाई (मुत्यु भै सकेका प्रतिवादी शेरबहादुर खत्रीलाई बाहेक) जरिवाना गर्ने गरी भएको प्रस्तुत मुद्दाको फैसला न्यायोचित नै देखिंदा आयोगको मिति २०६०।९।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२२. उदयराज पाण्डे, दिपक शर्मा, पार्वती शर्मा समेतले बहिरा बाल विद्यालय, सिद्धार्थनगर, रुपन्देहीको रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने भन्ने सम्बन्धमा छलफल हुँदा प्रस्तुत मुद्दामा रुपन्देही जिल्ला अदालतबाट प्रतिवादीहरु तीनै जनाले भ्रष्टाचार गरेको ठहऱ्याएको देखियो । फैसला हुँदा मागदावी गरिएको विगो अनुरुप नै रकम हिनामिना भएको ठहर नभै कम विगो ठहर गरिएकोमा उक्त फैसला उपर बादी पक्षले पुनरावेदन गर्दा पुनरावेदन अदालत, बुटवलबाट प्रतिवादीहरु दिपक शर्मा र उदयराज पाण्डेका हकमा जिल्ला अदालतकै फैसला सदर गरिएको तथा प्रतिवादी पार्वती शर्माका हकमा जिल्ला अदालतबाट ठहऱ्याएभन्दा बढी रकम निजले हिनामिना गरेको ठहऱ्याएको देखियो । हिनामिना भएको भनी दावी गरिएका रकमहरु मध्ये केही पेश्की रकम रहेको र केही रकम सम्बन्धित बर्षमा भएका लेखा परिक्षणको समयमा आम्दानी बाँधिएको देखिएका आधारमा त्यस्ता रकमलाई भ्रष्टाचारको विगो मान्न अस्वीकार गरेको पुनरावेदन अदालतको फैसला न्यायोचित नै देखिंदा आयोगको मिति २०६०।९।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२३. चन्द्रप्रसाद जोशी समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा चन्द्रप्रसाद जोशी, उद्धवप्रसाद ढुंगाना, हिक्मतबहादुर भट्टराई, नारायणप्रसाद ओझा, मोहनप्रसाद न्यौपाने, हरि श्रेष्ठ, बलराम पोखरेल, प्रेमबहादुर थापा, कृष्णकुमारी थापा, सुनिलकुमार र गोम्बे लामा उपर भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुनको साथै विगो रु. ४०,६४८।१३ भराई पाउन मुद्दा दायर भएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरु हरि श्रेष्ठ, प्रेमबहादुर थापा र कृष्णकुमारी थापाले अभियोग मागदावी बमोजिम कसूर गरेको ठहऱ्याई र अन्य प्रतिवादीहरुले सफाई पाउने ठहऱ्याई भएको फैसला उपर पुनरावेदन गर्ने, नगर्ने बिषयमा छलफल हुँदा आयोगको मिति २०६०।१०।६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२४. राज किशोर साह समेत प्रतिवादी भएको सार्वजनिक जग्गा व्यक्तिका नाउमा सिफारिस गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट सबै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२५. पशुआहार उत्पादन विकास समिति, हेटौडाका प्रवन्धक डा. मुनीलाल चौधरी समेत प्रतिवादी भएको दाना बनाउने कच्चा पदार्थ किन्दा हेटौडाबाट किनेको देखाई बढी मूल्यको विल बनाई भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६०।११।२० गते त्यस मुद्दाका सबै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा आयोगमा छलफल हुँदा आर्थिक प्रशासन नियमावली, २०५० को उल्लंघन भएको मात्र आधारमा भ्रष्टाचार ठहर नगरेको विशेष

अदालत, काठमाडौंको फैसला उपर आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२६. प्रतिवादी जिल्ला विकास समिति, सर्लाहीका ओभरसियर आविद हुसेन मिया ठकुराई भएको कलभर्ट बनाउने कामको मूल्यांकन गर्न र अन्तिम प्रतिवेदन वनाउन गैरकानूनी रकम मागेकोमा त्यस बापत भनी रु. १६,०००।- दिँदै गर्दा पक्राउ परेको भ्रष्टाचार मुद्दामा प्रतिवादीलाई सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६०।१२।१० को फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा आयोगमा छलफल हुँदा प्रमाणका महत्वपूर्ण व्यक्तिहरुको बकपत्र गराउन नसकिएको कुरा समेतलाई आधार बनाई प्रतिवादीलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला उपर आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२७. प्रतिवादी केदार वहादुर कार्की भएको राष्ट्रसेवकको माथिल्लो ओहदा पाउन शिक्षा सम्वन्धी योग्यता ढाँटेर भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६०।१२।२६ मा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने भन्ने निर्णयका लागि पेश हुँदा प्रतिवादी उपर मुद्दा दायर भै सकेपछि निजको प्रमाण-पत्र ठीक हो भनी प्रमाणीकरण भै आएको र उक्त कुराको जानकारी मिति २०६०।१०।२९ को निर्णयानुसार यस आयोगको मिति २०६०।११।५ को पत्र बाट महान्यायधिवक्ताको कार्यालय, विशेष शाखा मार्फत विशेष अदालतलाई जानकारी गराइएको आधारमा नै प्रतिवादीलाई सफाई दिएको देखिदा प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६१।२।१८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२८. प्रतिवादी मातृका नेपाल समेत भएको ओखलढुंगा जिल्ला अदालतमा चल्दै गरेको मुद्दा मिलाउन भनी रु. एक लाख रिसवत लिई भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६०।३।२५ को फैसला उपर पुनरावेदन गर्ने नगर्ने भन्ने सम्बन्धमा निर्णयका लागि पेश हुँदा प्रस्तुत मुद्दाका प्रतिवादी दलवहादुर तामाङलाई रु. एक लाख जरिवाना भै चार महिना कैद गर्ने गरी निर्णय भएको छ, जुन सजाय मागदावी बमोजिम नै गरिएको देखिन्छ । प्रतिवादी मातृका नेपाललाई रु. पञ्चान्नब्बे हजार जरिवाना र पाँच महिना कैद तथा प्रतिवादी सोमबहादुर कार्कीलाई रु. पाँचहजार जरिवाना र तीन महिना कैद गर्ने ठहर भएको फैसला अभियोग मागदाबीभन्दा फरक भएको जस्तो देखिए पनि निजहरुबाट बरामद भएको रुपैयालाई आधार मानी त्यसै बमोजिम कैद र जरिवानाको सजाय भएको देखिंदा प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६१।२।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२९. मालपोत कार्यालय, मोरङ, विराटनगरका मालपोत अधिकृत गोपीकृष्ण पराजुली समेत भएको नक्कली जग्गाधनी वनी अर्कैको जग्गा वेची भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा यस मुद्दामा प्रतिवादीहरुले भ्रष्टाचार गरेको ठहरभै जरिवाना गर्ने फैसला भएको देखिएको र दावी गरिएको विगो रकम व्यक्तिगत हानिनोक्सानीको रकम देखिएको र आफ्नो रकम असूल उपर गर्न सम्बन्धित व्यक्ति (जग्गा किन्ने शिवप्रसाद रिजाल) ले कानूनी कारवाही चलाई रहेको देखिएकोले दावी गरिएको विगो ठहर नभएको हकमा प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६१।२।२७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

३०. प्रतिवादी भीमबहादुर चौलागाई भएको राष्ट्रसेवकको ओहदा पाउन शैक्षिक योग्यता ढाँटेको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला उपर पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा यस आयोगमा छलफल हुँदा प्रतिवादीलाई आरोप लगाइँदा प्राप्त प्रमाणीकरणलाई खण्डन गर्ने तथ्य प्राप्त भएको भन्ने जानकारी सम्बद्ध जिम्मेवार निकायबाट प्राप्त भएको आधारमा

प्रतिवादीलाई सफाई दिइएको देखिँदा प्रस्तुत मुद्दाको फैसला उपर आयोगको मिति २०६१।३।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

आर्थिक वर्ष २०६०/६१ को अभियोजन र अन्य कारवाहीको स्थिति अनुसूची-६ मा दिइएको छ । साथै सोही आर्थिक वर्षमा विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको वर्गिकरण र सफल असफल मुद्दाहरुको अनुपात अनुसूची-७ र ८ मा दिइएको छ ।

परिच्छेद - ४
विभागीय कारवाही

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरुप गत आर्थिक वर्षमा विभागीय कारवाहीका लागि बिभिन्न निकायमा लेखी पठाइएका मन्त्रालयगत बिबरण देहायमा उल्लेख गरिएको छ।

(क) कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत

१. लुम्बिनी विकास कोषले पदपूर्तिको लागि लिएको परीक्षामा अनियमितता भयो भन्ने विषयमा अनुसन्धान हुँदा जिल्ला कृषि विकास कार्यालय, रुपन्देहीका तत्कालिन सहायक योजना अधिकृत मकबुल अलीले कापी जाँच्दा गलत उत्तरलाई जानाजान बढी अंक प्रदान गरी अनुचित कार्य गरेको देखिन आएको सम्बन्धमा निजबाट स्पष्टिकरण माग गर्दा स्पष्टिकरण सन्तोषजनक नदेखिएको हुँदा विभागीय कारवाई गर्नु भनी कृषि तथा सहकारी मन्त्रालयका सचिवलाई आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लेखी पठाइएको।

(ख) गृह मन्त्रालय वा अन्तर्गत

१. काठमाडौ महानगरपालिकामा कार्यरत तत्कालीन पञ्जिकाधिकारी लेखनाथ पौडेलले तिब्बतियन शरणार्थीहरुका नावालकहरुको जन्म दर्ता गर्ने काम आफ्नै डेराबाट गर्ने गरेको भन्ने सुराकीको आधारमा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विशेष शाखाबाट खटिएका प्रहरीहरुको टोलीले निज पौडेलको डेरामा खानतलासी गर्दा जन्म दर्ता लगायतका विभिन्न कागजातहरु वरामद गरी वरामदी मुचुल्का सहित आयोगमा पेश गरेको। यस विषयमा अनुसन्धान गर्दा तत्कालीन काठमाडौ महानगरपालिकामा कार्यरत पंजिकाधिकारी लेखनाथ पौडेल, जिल्ला प्रशासन कार्यालय काठमाडौमा कार्यरत नायव सुव्वा विष्णु प्रसाद अर्याल र गृह मन्त्रालयमा कार्यरत शाखा अधिकृत शेखर कुमार अधिकारीले एक आपसको मिलेमतोमा विभिन्न तिव्वतीयन शरणार्थीहरुलाई आफ्नो डेरामा नै आफैले झुठो प्रमाण कागजातहरु खडा गरी प्रमाणपत्र दिएको, त्यसपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौमा कार्यरत नायव सुव्वा विष्णु प्रसाद अर्यालले दस्तखत नभएको, कार्यालयमा दर्ता नगरिएको तथा तोक आदेश समेत नभएको निवेदन लिई गृह मन्त्रालयमा ट्राभल डकुमेण्टसको लागि सिफारिश गर्न टिप्पणी पेश गरेको र तह तह हुँदै निर्णय भएपछि गृह मन्त्रालयमा पठाएको र गृह मन्त्रालयका शाखा अधिकृत शेखर कुमार अधिकारीले आफ्नो विभागीय प्रमुखलाई सहि सूचना नदिई परराष्ट्र मन्त्रालयमा ट्राभल डकुमेण्टसको लागि सिफारिश गर्ने निर्णय गराएको पुष्टि भएको हुँदा यस्तो कार्यमा संलग्न पंजिकाधिकारी लेखनाथ पौडेल, नायव सुव्वा विष्णु प्रसाद अर्याल र शाखा अधिकृत शेखर कुमार अधिकारीलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६०।४।२२ को निर्णयानुसार सम्वन्धित निकायहरुमा लेखी पठाइएको।

२. नेपाल भारत मैत्री समाज नामक संस्था दर्ता गर्दा अनियमित गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा उक्त संस्था दर्ता गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले नेपाली नागरिकताको प्रतिलिपी पेश गर्न नसकेको आधारमा संयोजक प्रेम लस्करीलाई हटाई निजको सट्टा डा. गौरीशंकर लाल दासलाई चयन गरेको तर निजले संस्था दर्ता गर्न दिएको निवेदन र विधानमा हस्ताक्षर नभएको, संस्थाको प्रबन्ध समितिबाट हटाएको आधिकारिक जानकारी सम्वन्धित पक्षलाई नदिनुका साथै विधान र आवेदन पत्र समेतमा संशोधन गरी पेश गर्न नलगाएको र हाल निज लस्करी नै अध्यक्ष भई संस्था

चलाई रहेको बुझिन आएकोले जिल्ला प्रशासन कार्यालय, काठमाडौंका सम्बन्धित पदाधिकारीहरुको गैर जिम्मेवारीपन स्पष्ट देखिन आयो । अतः निर्णयकर्ता सहायक प्रमुख जिल्ला अधिकारी विनोदप्रसाद शर्मा सेवा निबृत्त भइसकेकोले निजको हकमा केही गर्न परेन । प्रशासकिय अधिकृत यज्ञराज वोहरा र नायव सुब्बा दुर्गाबहादुर कार्कीलाई अनुचित कार्य गरे वापत विभागीय कारवाहीको लागि गृह मन्त्रालयमा आयोगको मिति २०६०।५।१६ को निर्णयानुसार लेखी पठाइएको ।

३. गैर नेपाली नागरिकहरुलाई नेपाली राहदानी बनाई दिई भ्रष्टाचारजन्य कसूर गरेको भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी एकमणी नेपाल, शाखा अधिकृत चन्द्रमणी पोखरेल, नायव सुब्वा हरिवहादुर कार्की, खरिदार अर्जुन घिमिरे र रक्षा मन्त्रालयका शाखा अधिकृत रामप्रसाद पन्तले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएकोले निजहरुको बढुवा ५ बर्षसम्म रोक्ने विभागीय सजाय गर्न आयोगको मिति २०६१।३।१४ को निर्णयानुसार गृह मन्त्रालयमा लेखी पठाइएको ।

(ग) जलस्रोत मन्त्रालय वा अन्तर्गत

१. नेपाल विद्युत प्राधिकरण, भद्रपुर, झापामा अनियमितता भयो भन्ने विषयमा तत्कालीन शाखा प्रमुख सूर्यनारायण मल्लिक एवं सो कामको जिम्मा लिएका र काममा समेत सँलग्न रहेका सो शाखाका स.ई. किशोरप्रसाद चौधरीलाई विभागीय कार्यवाही गरी सोको जानकारी यस आयोगलाई पठाउन नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयमा आयोगको मिति २०६०।१२।१२ को निर्णयानुसार लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत

१. नापी शाखा डिल्लीवजारमा कार्यरत अमिन राजेन्द्र लावतीले जग्गा दलालहरुसँग मिलोमतो गरी अनधिकृत रुपमा जग्गाको ट्रेस (नक्सा) फेरवदल गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा निजले पहिले भएको सीमा रेखालाई पूर्णरुपमा मेटी सीमाङ्कन हेरफेर गरेको कार्य अनुचित भएकोले निज उपर हदैसम्मको विभागीय कारवाही गर्न नापी विभागलाई आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार लेखी पठाइएको ।

२. मालपोत कार्यालय चावहिल र पशुपतिनाथ भण्डार तहविल कार्यालयका कर्मचारी र लोकनाथ पौडेलको मिलेमतोमा काठमाडौं जिल्ला, जोरपाटी गाउँ विकास समिति वडा नं. ५ ख कि.नं. १८० को २५-०-०-० रोपनी वागमती नदीको सरकारी जग्गा दर्ता गर्न लागेकाले संरक्षण गरी पाउँ भन्ने उजूरी सम्बन्धमा छानवीन गर्दा सो कार्यमा संलग्न देखिएका साविकमा मालपोत कार्यालय चावहिलमा प्रमुख पदमा र हाल उप-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवारमा कार्यरत उमानाथ ज्ञवालीसँग स्पष्टीकरण माग गरी प्राप्त स्पष्टीकरण अध्ययन गर्दा यस पूर्व यिनै उमानाथ ज्ञवालीले पर्सा जिल्ला अन्तर्गत साविक नापीमा बन, वुटेन, पर्ति, खोला, चौर, सडक आदि जनिएको सखुवा पर्सौनी गाउँ विकास समितिका जग्गा व्यक्ति विशेषको नाममा दर्ता गराई अनुचित कार्य गरेकोले निज उपर बिभागीय कारवाहीको लागि यस आयोगबाट यस अघि पनि लेखी गएको देखियो । यसरी एक पटक बिभागीय कारवाहीका लागि लेखी गई सकेका निज उमानाथ ज्ञवालीले बिभागको स्पष्ट आदेश र नीति प्रतिकूल हुने गरी सार्वजनिक जग्गा दर्ता गर्न पटक-पटक बिभागमा लेखेको, मिति २०५८।१।४ मा स्थलगत निरीक्षण गरी प्रतिवेदन दिंदा तत्काल देखिएको भौतिक अवस्थामात्र उल्लेख गर्नु पर्नेमा पूर्जा उपलब्ध गराई दिन मिल्ने व्यहोरा कारण सहित खुलाई प्रतिवेदन दिएको, सार्वजनिक जग्गा हिनामिना गरी आफूलाई र अन्य व्यक्तिलाई फाइदा पुग्ने कार्य गरेकोबाट निजले आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरेको देखिएको र निजले पेश गरेको स्पष्टिकरण सन्तोषजनक नहुँदा निजलाई उक्त अनुचित

कार्य गरे वापत कसूरको गाम्भीर्यतालाई विचार गरी हदैसम्मको विभागीय कारवाही गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आयोगको मिति २०६०।८।११ को निर्णयानुसार लेखी पठाईएको ।

३. विघटित सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समितिका सदस्य सचिव समेत रहेका ९ नं. नापी गोश्वाराका प्रमुख नापी अधिकृत नारायण चौधरीले विराटनगर नगर क्षेत्र भित्रका मुर्दा जलाउन प्रयोग हुने सार्वजनिक जग्गाहरु आफ्ना भाइ र साला समेतलाई सुकुम्वासी भनी वितरण गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा निज प्रमुख नापी अधिकृत चौधरीले आफ्ना भाइ सत्यनारायण चौधरी, साला विनोद कुमार देव र आफ्नै कार्यालयका लेखापाल दुर्गा वस्नेतकी पत्नी रुपा राईका नाउंमा मोरङ्गको वखरी गाउँ विकास समितिमा पर्ने विभिन्न जग्गाहरु सुकुम्वासी भनी आफू समेत निर्णय कार्यमा संलग्न भै गैर कानूनी निर्णय गरेको देखियो । तसर्थ गैर सुकुम्वासीलाई सुकुम्वासी भनी आफू समेत निर्णयमा संलग्न भै कार्य गर्ने निज चौधरीलाई हदैसम्मको विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइयो । लेखापाल दुर्गा वहादुर वस्नेतको हकमा निज सो अनियमित कार्यको निर्णयमा सामेल नभए पनि आफ्नो श्रीमती गैर सुकुम्वासी हुँदा हुँदै सुकुम्वासीको हैसियतबाट जग्गा प्राप्त गर्दा आफूले विरोध नगरी सो अनियमित कार्यमा समर्थन गरेको देखिंदा निज उपर समेत विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखी पठाइयो । व्यक्तिको नाउंमा दर्ता भएको सो जग्गा दर्ता वदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गरी आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार लेखी पठाइएको ।

४. विघटित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति, झापाका कर्मचारी अमिन खडानन्द साहकी श्रीमती निर्मला कुमारी देवी साहलाई अव्यवस्थित वसोवासी भनी जग्गा प्रदान गरेको देखिने ७ नं. नापी गोश्वारा झापाबाट प्राप्त फिल्डवुक विवरण सम्बन्धमा छलफल हुँदा निज अमिन खडानन्द साहकी श्रीमती निर्मला कुमारी देवी साहको नाममा अव्यवस्थित वसोवासी प्रयोजनार्थ जग्गा प्रदान गरी त्रुटीपूर्ण तथा अनियमित कार्य गरेको देखियो । तसर्थ आंफु वा आफ्नो श्रीमती वा परिवारले भोग चलन वा घरवास नै नगरेको अवस्थामा आफ्नी श्रीमतीको नाउंमा अव्यवस्थित वसोवासी भनी जग्गा प्राप्त गर्ने अमिन खडानन्द साहलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको

५. धादिङ्ग जिल्ला छत्रे देउराली गाउँ विकास समिति वडा नं. ८ (ग) कि.नं. २३,१५,७६ ऐ. जिल्ला ऐ. गाउँ विकास समिति वडा नं. १(घ) कि.नं. ७३ ऐ. जिल्ला ऐ. गाउँ विकास समिति वडा नं. ३(ग) कि.नं. ७९ का सरकारी एवं सार्वजनिक जग्गाहरु धादिङ्गका तत्कालीन मालपोत अधिकृत लोकदर्शन पण्डित, नापीका सह-लेखापाल तोम प्रसाद भट्टराई र अन्य कर्मचारी समेतको संलग्नतामा व्यक्ति विशेषको नाममा दर्ता गरेको सम्बन्धमा जग्गा दर्ता गर्ने सम्बन्धित कर्मचारीहरुको बयान र स्पष्टीकरण, तत्कालीन मालपोत विभागका महा-निर्देशकले जग्गा दर्ता बदर सम्बन्धमा भए गरेका निर्णयहरु तथा यस बिवादमा अनुसन्धान तहकिकात भई पेश हुन आएको अनुसन्धान प्रतिवेदन सहितको फाइल कागजात उपर आयोगको बैठकमा छलफल हुँदा मालपोत कार्यालय, धादिङ्गका तत्कालीन अधिकृत लोकदर्शन पण्डितले नक्कली रुपमा पेश भएका कागजातको सत्यताबारे कुनै सन्देह नै नगरि सरकारी, सार्वजनिक जग्गालाई व्यक्ति बिशेषका नाउँमा छुट जग्गा दर्ता गर्ने निर्णय गरी बिभिन्न व्यक्तिहरुलाई श्रेस्ता उपलब्ध गराई गैर जिम्मेवार काम गरेको देखिएको र सोही कार्यालयका खरिदार लक्ष्मण बस्नेतले छुट जग्गा दर्ताको लागि टिप्पणी उठाउनु पूर्व व्यक्तिले पेश गरेको कथित फिल्डबुक, रसिद र गाउँ विकास समितिको हचुवा सिफारिसलाई मात्र आधार मानि नापी शाखा र आफ्नै कार्यालयमा रहेका सक्कल कागजातसँग भिडाउने कार्य नगरि पदीय दायित्व र आचरण पूरा नगरेकोमा निजहरुसँग

स्पष्टीकरण माग गरिएकोमा निजहरुले दिएको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले आयोगको मिति २०६०।१०।१ को निर्णयानुसार निजहरुलाई हदैसम्मको विभागीय कारवाहीको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

६. नवलपरासी जिल्ला, साविक जमुवार्ड गाउँ विकास समिति हाल रामग्राम नगरपालिका १३ को कि.नं. २६४ र २६९ बाट कित्ताकाट गरी रजिष्ट्रेशन पारित भएको हाल कि.नं. २६४, ३८२ र ३८३ को जग्गामा मालपोत कार्यालय र नापी शाखा नवलपरासीको मिलोमतोमा हुँदै नभएको न्यूनतम मूल्य राखी राजस्व छली भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा छुट राजस्व उठाउन र अमिन एकनाथ गौतमलाई उपयुक्त विभागीय कारवाही गरी यस आयोगलाई समेत जानकारी गराउन आयोगको मिति २०६१।१।९ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

७. मालपोत कार्यालय र नापी कार्यालय, काभ्रेपलाञ्चोकका कर्मचारीहरुको मिलेमतोमा नल्दुम वालुवापाटी गाउँ विकास समिति वडा नं. २, कि.नं. ९९३ को मोटर बाटोसँग नजोडिएको जग्गालाई मोटर बाटोसँग जोडिएको भनी वढी मुल्यांकन कायम गराएको विषयमा अमीन विदुरराज गिरीले जग्गाको एकीन नाप जाँच गरी प्रतिवेदन दिनु पर्नेमा आफ्नो पदीय दायित्व विपरित अरु व्यक्तिले भनेको आधारमा काम गरेको देखिएकोले निजलाई विभागीय कारवाही गर्न महा-निर्देशक, नापी विभागलाई आयोगको मिति २०६१।१।९ को निर्णयानुसार लेखी पठाइएको ।

८. काठमाडौं महानगरपालिका वडा नं. १४ को कि.नं. ३६३ को कृषि सामग्री संस्थानको नाउँको जग्गालाई अनधिकृत रुपले नक्सामा कित्ता हेरफेर गरेको भन्ने विषयमा नापी शाखा कलंकीका तत्कालीन सर्भेक्षक एकनाथ आचार्यको संलग्नता देखिएकोले निजसँग स्पष्टिकरण माग गर्दा प्राप्त स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजलाई हदैसम्मको विभागीय कारवाही गर्न आयोगको मिति २०६१।३।८ को निर्णयानुसार नापी विभागमा लेखी पठाइएको ।

(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत

१. ललितपुर जिल्ला खानेपानी कार्यालयका कार्यालय प्रमुख र लेखापाल समेतको संलग्नतामा विभिन्न योजनाको लागि भनी पटक पटक गरी रु. ८,९५,०३२।३९ का फिटिङ्सका सामाग्री ३ वटा सप्लायर्ससँग पालो पाले गरी कोटेशनमा खरिद गरेको, यसै गरी ९ वटा योजनाहरुको निर्माण कार्य गराउँदा ४ वटा योजनाको टुक्रा गरी केही कामको टेण्डर गरेको र ती ४ योजनाको वाँकी कामको र अन्य ५ वटा योजनाको सबै काम टुक्रा टुक्रा पारी कोटेशनमा काम गरेको पाइएको हुँदा सो कार्यमा संलग्न तत्कालीन कार्यालय प्रमुख राजा कर्माचार्य र लेखापाल नारायण प्रसाद आचार्य समेतलाई अनुचित कार्य गरेको आरोपमा स्पष्टीकरण माग गरिएकोमा निजहरुले पेश गरेको स्पष्टीकरणबाट कार्य नियमित छ भन्ने पुष्ट्याई हुन नसकेकोले निजहरु उपर विभागीय कारवाही गर्न आयोगको मिति २०६०।५।१० को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

२. काठमाडौं महानगरपालिका वडा नं ७ चाबहिलमा पर्ने सडक बाटोको जग्गा सोही ठाउँ बस्ने मानकुमारी श्रेष्ठले दुई आना जग्गा खरीद गरी ३ नं नापी टोलीका अमिन समेतलाई मिलाई सडक समेत घुसाई दर्ता नाप नक्सा कायम गराई घर निर्माण गरी बसेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा ३ नं नापी गोश्वाराका तत्कालिन अमिन गोपालप्रसाद पराजुलीसँग स्पष्टीकरण लिई आयोगमा पेश हुँदा गोपालप्रसाद पराजुलीले आफ्नो बयानमा उल्लिखित जग्गाका सम्बन्धमा कि.नं ६४ र ६६ को बीचमा अर्को कि.नं ६५ रही फड्के परेको, फड्के प्रमाणले नाप नक्सा भई दर्ता स्रेस्ता तयार गर्न नमिल्ने र सो फड्के नाप नक्सा स्रेस्ता आफूले नै तयार गरेको हो भन्ने समेतको व्यहोरा उल्लेख

गर्नुका अतिरिक्त निजले यस आयोगमा पेश गर्नु भएको स्पष्टीकरणमा उक्त जग्गाहरु नाप जाँच गरी फिल्ड बुक तयार गरी ७ दिने सूचना प्रकाशित गरी नक्सा र फिल्डबुक नापी टोलीमा बुझाउने सम्मको कार्य निजले गरेको भनी स्वीकार गरेको अवस्थामा निजले उल्लिखित अनियमित कार्य गरेको देखिएकोले निजलाई निजामती सेवा ऐन, २०४९ बमोजिम हदैसम्मको विभागीय कारवाही गरी ३ (तीन) महिना भित्र यस आयोगमा जानकारी गराउनका लागि अख्तियारवालालाई लेखी पठाउनका साथै अख्तियारवालाले उक्त म्याद भित्र निजलाई विभागीय कारवाही नगरेमा ऐ. ऐनको ऐ. दफाको उपदफा (३) बमोजिम अख्तियारवाला स्वयंले अनुचित कार्य गरेको मानी निज उपर यस आयोगले कारवाही गर्न सक्ने समेतको प्रावधान तर्फ भूमिसुधार तथा व्यवस्था मन्त्रालयको ध्यानाकर्षण गराउन आयोगको मिति २०६०।५।११ को निर्णयानुसार लेखी पठाइएको ।

३. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, रोल्पाका निमित्त डिभिजन प्रमुख धनेश्वर प्रसाद साहले भवन निर्माण सुधार तथा अफिस माल सामान खरीदमा अनियमितता गरे भन्ने विषयमा अनुसन्धान हुँदा शौचालय निर्माण गर्ने ठेकेदारलाई रु १०, ५७।१७ बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम निज साह र ओभरसियर बौय लाल सिंहबाट असूल उपर गरी निजहरु उपर बिभागीय कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई आयोगको मिति २०६०।८।१ को निर्णयानुसार लेखी पठाइएको ।

(च) <u>वन तथा भू-संरक्षण मन्त्रालय</u>

१. जिल्ला वन कार्यालय, बाँकेको इलाका वन कार्यालय, वैजापुर अन्तर्गत पर्ने धामपुर रेञ्जपोष्टको लट नं. ८० मा रहेका ९४४.२६ क्यू.फिट काठ लिलाम भएकोमा सो मध्ये ७७५.९३ क्यू.फिट काठ पोखरा लगेको र १६८.३३ क्यू.फिट घाटगद्दी स्थलमा रहेको पाइयो । बाँकेबाट पोखरा गएको काठको जिल्ला वन कार्यालय, कास्कीबाट छडके नाप जाँच हुंदा ११४१.८५ क्यू.फिट रहेको र घाटगद्दी स्थलमा रहेको काठ नापी हुंदा २७९.४० क्यू.फिट हुन आई दुवैको जम्मा ४७६.९९ क्यू.फिट काठ बढी विमार्का गरी काठ छोड पूर्जी दिएको देखिन आयो । छोड पूर्जी दिने जिल्ला वन अधिकृत दिवाकर पाठकले काठ नाप जाँचमा संलग्न हुने रेञ्जर तथा ठेकेदारहरु समेतलाई विपक्षी बनाई जिल्ला अदालत बाँकेमा मुद्दा दर्ता गरिसकेको भएतापनि छानवीनका लागि वन तथा भू-संरक्षण मन्त्रालयबाट खटिएको टोलिले जिल्ला वन अधिकृत दिवाकर पाठकको फिल्डको रेखदेखमा कमी र कर्मचारी प्रति बढी विश्वासमुखी भएको कारणले गर्दा श्री ५ को सरकारको राजस्वमा नोक्सानी व्यहोर्नु पर्ने अवस्था देखिएकोले निज दिवाकर पाठक उपर विभागीय कारवाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा आयोगको मिति २०६०।५।२६ को निर्णयानुसार लेखी पठाइएको ।

२. अर्घाखाँची जिल्लाको ठाडा गाउँ विकास समिति वार्ड नं. ३ का विभिन्न २८ कित्ता, वार्ड नं. ५ का १३ कित्ता र सिमलपानी गाउँ विकास समितिवार्ड नं. १ को १ कित्ता समेत ४२ कित्ता सरकारी बन क्षेत्रको जग्गा व्यक्ति विशेषका नाममा नापी दर्ता भयो भन्ने विषयमा अनुसन्धान गर्दा राष्ट्रिय वनको संरक्षण गर्ने दायित्व भएका तत्कालिन जिल्ला वन कार्यालयका कर्मचारीहरु र फिल्डमा खटिएका प्रतिनिधि समेतले राष्ट्रिय वन क्षेत्रलाई वन हो भनी भन्न नसकेको देखिंदा उनीहरु उपर आवश्यक कारवाही गर्न र प्रत्येक जिल्ला र केन्द्रमा सरकारी वनको सिमाना कायम गरेको अभिलेख राख्नु भनी आयोगबाट दिइएको निर्देशन अनुसार हालसम्म अभिलेख राखेको नदेखिएकोले सो अनुरुपको अभिलेख ३ महिना भित्र लिपीबद्ध गरी गराई आयोगलाई जानकारी गराउन समेत बन तथा भू संरक्षण मन्त्रालयका सचिवलाई आयोगको मिति २०६१।१।१० को निर्णयानुसार पुनः लेखी पठाइएको ।

(छ) विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत

१. नेपाल इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजि नामक गैर सरकारी संस्थाद्वारा सञ्चालित १०+२ लगायतका स्कूल क्याम्पसमा रोनाष्टका कर्मचारीहरुद्वारा पूर्णकालिक कर्मचारीको रुपमा समेत काम गरी दुवै तर्फबाट तलव लिई कर समेत नतिरेको, तथा नेपाल इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजिको रकम हिनामिना गरेको भन्ने सम्बन्धमा विना स्वीकृति काम गर्ने कर्मचारीहरुलाई एक महिनाको समय दिई निजको अन्यत्र काम गरिरहेको संस्थाबाट राजिनामा दिएमा वा रोनाष्टबाट नै राजीनामा दिएमा बाहेक रोनाष्टको कर्मचारी प्रशासन नियमावली बमोजिम सेवाबाट वर्खास्त गर्ने, स्वीकृति दिंदा रोनाष्टको हीत विपरीत हुने कुरामा स्वीकृति नदिने, नियमावलीको उल्लंघन गर्नेहरुको हकमा पश्चातदर्शी रुपमा लागू हुने गरी विदा स्वीकृत नगर्ने र त्यस्ता कर्मचारीहरुलाई सो नियम बमोजिमको कारवाही गर्न आयोगको मिति २०६१।१।२५ को निर्णयानुसार लेखी पठाइएको ।

(ज) शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत

१. जुडो प्रशिक्षक श्री खड्ग बहादुर दाहालले राष्ट्रिय परिषद्को जुडो प्रशिक्षक पदमा स्थायी नियुक्ति लिनका लागि वास्तविक उमेर घटाई किर्ते गरेकोले निजलाई आवश्यक कारवाही गरी पाउँ भन्ने उजूरीमा अनुसन्धान हुँदा राष्ट्रिय खेलकूद परिषद्बाट स्थायी जुडो प्रशिक्षकको विज्ञापन गर्दा २१ वर्ष उमेर पुगी ४५ वर्ष ननाघेको उमेरको हद तोकिएकोमा निजको उमेरको हद नाघ्ने भएको हुँदा निजले उमेर सच्याउने कार्य गरेको देखिन्छ । यसरी विद्यमान ऐन कानूनको व्यवस्थालाई जानाजान उल्लंघन गरी अनुचित कार्य गरेको देखिँदा निजलाई विभागीय कारवाही गरी उमेर ढाटेर खाएकोले स्थायी नोकरीमा राखी रहन उचित नहुँने हुँदा हालको पदबाट वर्खास्त गर्नेतर्फ विभागीय कारवाही गर्ने । साथै पूर्ण रेकर्ड नभिडाई परिषद्का जिम्मेवार व्यक्तिले निजलाई सहयोग गरे, नगरेतर्फ अनुसन्धान गर्ने र गरेको देखिए त्यस्ता व्यक्ति उपर आवश्यक कारवाही गरी आयोगलाई जानकारी दिन खेलकूद परिषदका सदस्य सचिवलाई निर्देशन दिन आयोगको मिति २०६०।५।१६ को निर्णयानुसार लेखी पठाइएको ।

२. त्रिभुवन विश्वविद्यालय, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरको क्यास काउन्टरमा काम गर्ने कर्मचारीहरुबाट रकम हिनामिना भएको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा उक्त क्याम्पसका लेखापाल तीर्थ कोइराला तथा सह-लेखापाल भीष्मचन्द्र दाहालको मिलेमतोमा हिनामिना भएको रु. १,१७,०५०।- लेखापाल तीर्थ कोइरालाले बैंकमा जम्मा गरिसकेको देखियो । हिनामिना भएको रकम क्याम्पसको खातामा जम्मा भै सकेको देखिंदा प्रस्तुत अनुसन्धानको विषयमा भ्रष्टाचार मुद्दा चलाउनु न्यायोचित नहुँदा यस सम्बन्धमा मुद्दा नचलाई क्याम्पसको आम्दानी रकम हिनामिना गर्ने कार्यमा संलग्न देखिएका लेखापाल तीर्थ कोइरालाका हकमा निजलाई तत्कालदेखि नै क्यास काउन्टरको जिम्मेवारीबाट अलग गरी त्रिभुवन विश्वविद्यालयको नियम अनुसार विभागीय कारवाही गर्न त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइयो । भीष्म चन्द्र दाहालका हकमा निजलाई सेवाबाट अवकाश दिइसकेको देखिंदा थप केही गर्न परेन । आन्तरिक लेखा परीक्षण गर्ने बुद्ध महर्जन लगायत संलग्न पदाधिकारीलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइयो । त्यसै गरी लेखापरीक्षण गर्दा आफ्नो पदीय जिम्मेवारी उचित ढंगले बहन गरेको नदेखिंदा उक्त लेखापरीक्षण गर्दाका डोर प्रमुख दलबहादुर मोहत्रा र सुदनप्रसाद पौडेललाई विभागीय कारवाही गर्नका लागि श्री महालेखापरीक्षकज्यूलाई पनि आयोगको सोही निर्णयानुसार लेखी पठाइएको ।

३. प्रभात उच्च माध्यमिक विद्यालय, देहीमाण्डौ, डोटीमा महिला छात्रावास भवन निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा परेको उंजूरी उपर कारवाही गर्दा उक्त भवनका लागि प्राप्त रकम बाँकी रहन आएको स्थिति एकातिर रहेको देखियो भने अर्को तर्फ उक्त भवनमा बस्ने छात्राहरुका लागि अत्यावश्यक

पर्ने सुरक्षित पर्खाल, शौचालय जस्ता कामहरु भएको भन्ने देखिएन । रकम हिनामिना भएको यथार्थतालाई विचार गर्दा यस निर्माण कार्यमा खाता सञ्चालन गर्ने, रकम पेश्की लिने तथा रकम खर्च गर्ने काममा संलग्न भएका विद्यालयका शिक्षक लगायतका व्यक्तिहरुलाई भ्रष्टाचार तर्फ कारवाही गरिनु पर्ने हो तापनि एक विदेशी स्वयं सेवकबाट प्राप्त रकमलाई त्यसै प्रयोजनमा सदुपयोग गरिनु बढी उपयुक्त देखिंदा रकम हिनामिना गर्ने, खाता सञ्चालन गर्ने, रकम पेश्की लिने तथा रकम खर्च गर्ने काममा संलग्न भएका विद्यालयका शिक्षक लगायतका व्यक्तिहरुहरुबाट रु. १,३३,०२८।१२ असूल गरी बाँकी रकम समेत सदुपयोग गरी त्यसै छात्रावासको सुरक्षा र शौचालय समेतका अन्य उपयुक्त काम जिल्ला शिक्षा कार्यालय, डोटीको सुपरीवेक्षणमा गराई काम सम्पन्न भएको यथार्थ जानकारीका साथै कामको नाप जाँच गर्दा यथार्थ भन्दा बढी काम भएको देखाइ नापी किताव भर्ने जिल्ला प्राविधिक कार्यालय, डोटीका स.ओ.सी. बाबुराम दाहाललाई विभागीय कारवाही गरी यस आयोगलाई जानकारी गराउन आयोगको मिति २०६०।१२।२३ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, डोटीलाई लेखी पठाइएको ।

(झ) श्रम तथा यातायात मन्त्रालय वा अन्तर्गत

१. बा. ३ च ३०१४ नं. को सवारी साधन अनियमित तवरबाट दर्ता गर्ने कार्यमा संलग्न देखिएका यातायात व्यवस्था कार्यालय बाग्मतीका तत्कालिन नायव सुब्बा अनोज घिमिरेलाई बिभागीय सजाय गर्न आयोगको मिति २०६०।१०।२३ को निर्णयानुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. बा. ३ च. ३७७९ नं. गाडीको पुरानो फाइल हराएको भनी आफैले खडा गरेको नयाँ फायल बमोजिमको ढड्डामा केरमेट गरी नायव सुव्वा मुरारी प्रसाद निरौलाले अनुचित कार्य गरेको देखिएकोले निजलाई हदैसम्मको सजाय हुने गरी बिभागीय कारवाही गर्नु भनी श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।११।२९ को निर्णयानुसार लेखी पठाइएको ।

३. यातायात व्यवस्था कार्यालय, बाग्मतीका तत्कालिन खरिदार ध्रुवराज रेग्मीले २० दिन अघि आफनै कार्यालयबाट यातायात व्यवस्था कार्यालय सगरमाथा, लाहानमा सरुवा दर्ताको सहमति दिई पठाएको व्यहोरा उक्त कार्यालयले यातायात व्यवस्था कार्यालय, बाग्मतीलाई लेखेको सरुवा सहमति पत्रमा स्पष्ट उल्लेख भएको, सवारीको सरुवा दर्ताको लागि कृष्णलाल श्रेष्ठले दिएको निवेदनमा नेपाल विद्युत प्राधिकरण केन्द्रीय वर्कशपको पत्रलाई उल्लेख गरेको र स.१.च.३१३ नं. को सवारी साधनको सवारी दर्ता प्रमाणपत्रमा साविक नं. बा. १ ञ. ७६९ उल्लेख भएको देख्दा देख्दै सो बमोजिमको व्यहोराबाट गाडी दर्ता गर्न मिल्ने नमिल्ने भनी छुट्याउने प्रयास समेत नगरी उक्त स.१.च.३१३ सवारी साधनको सरुवा दर्ता गरी बा.२.च ६८५६ कायम गराई अनियमित तवरबाट दर्ता गर्ने कार्यमा संलग्न देखिएका निज रेग्मीसँग स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएकोले निजको ५ बर्षसम्म बढुवा रोक्ने बिभागीय सजाय गर्न आयोगको मिति २०६१।३।१५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ञ) सूचना तथा सञ्चार मन्त्रालय वा अन्तर्गत

१. नेपाल दूरसंचार संस्थान, दूरसंचार तालिम केन्द्रका दशौं तहका लेखा प्रवन्धक रमेशकुमार श्रेष्ठ र मुख्य सहायक विमल भट्टराईको मिलेमतोमा रकम हिनामिना गरेको भन्ने सम्वन्धमा अनुसन्धान गर्दा कीर्ते दस्तखत गरी मिति २०५९।९।२२ मै बैंकबाट रकम भुक्तानी भैसकेको व्यहोरा आर्थिक वर्षको अन्त्यमा मात्र जानकारी हुनुमा संस्थाको लेखा अद्यावधिक नराखिने प्रचलन नै कारक देखिँदा लेखा अद्यावधिक

नराख्ने सम्बन्धित कर्मचारी उपर संस्थानको नियमानुसार आवश्यक कारवाही गर्न र फर्निचर समेतका विषयमा संस्थानकै छानविन समितिले दिएको प्रतिवेदन अनुसार कारवाही गर्न आयोगको मिति २०६१।३।११ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

(ट) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत

१. शाही नेपाल वायुसेवा निगमको रकम खाई मासेकोमा कारवाही होस् भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा शाही नेपाल वायुसेवा निगमले जर्मनी स्थित कार्यालयमा कार्यरत युरोप क्षेत्रका क्षेत्रिय निर्देशक विष्णुप्रसाद वस्याल, अर्थ प्रबन्धक जीतेन्द्र बहादुर श्रेष्ठ र स्टेशन म्यानेजर श्रीधर विक्रम राणाले आफनो आयले कर शुल्क तिर्न नसक्ने भै निगमले सहुलियत स्वरुप तिरेको कर रकमबाट फिर्ता हुन आएको रकम निगममा दाखिला गरेको देखिएन । अतः सम्वन्धित कर्मचारीहरुले निगमलाई फिर्ता गर्नु पर्ने रकम ३ तीन महिना भित्र असूल उपर गर्न गराउन र निगमलाई फिर्ता आउनु पर्ने रकम फिर्ता नगर्ने नगराउने अर्थ विभागका सम्वन्धित पदाधिकारीलाई आवश्यक कारवाही गर्न लेखी पठाउने र यसको जानकारी निगमको संचालक समितिका अध्यक्ष समेतलाई दिन आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार लेखी पठाइएको ।

२. वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का निमित्त कार्यकारी निर्देशक शंभुनाथ प्रसाद साहले विभिन्न अनियमितता र भ्रष्टाचार गरे भन्ने विषयको उजूरी निवेदन उपर अनुसन्धान गर्दा वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली, २०५८ को नियम ८.५ ले परिषद्का अधिकृत स्तरका कर्मचारीलाई अवकाश दिने अधिकार कार्यकारीणी समितिलाई मात्र दिएको अवस्थामा इञ्जिनियर ऋषि ठाकुरलाई पछि कार्यकारिणी समितिको वैठकबाट अनुमोदन लिने गरी अवकाश दिएको भन्ने निज शंभुनाथ प्रसाद साहले आयोग समक्ष पेश गरेको स्पष्टिकरणको व्यहोरा सन्तोषजनक देखिएन । तसर्थः आफूलाई अधिकार नै नभई अधिकृत स्तरका कर्मचारी इञ्जिनियर ऋषि ठाकुरलाई निमित्त कार्यकारी निर्देशक शंभुनाथ प्रसाद साहले अवकाश दिई अनुचित कार्य गरेको देखिएकोले निज साहलाई परिषद्को ऐन नियम बमोजिम विभागीय सजाय गर्न वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सञ्चालक परिषद्का अध्यक्षलाई लेखी पठाइयो र सोको जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनुषा र परिषद्लाई आयोगको मिति २०६०।९।२९ को निर्णयानुसार दिइयो ।

३. बाजुराको बडिमालिका मन्दिर र अछामको बैधनाथ मन्दिर मर्मत तथा जिर्णोद्धारमा भ्रष्टाचार भएको भन्ने विषयमा इन्जिनियर बिनोदचन्द्र गिरीले अनुचित कार्य गरेको देखिन आएकोले निजबाट असुल उपर गर्नु पर्ने रकम असुल गरी विभागीय कारवाही समेत गर्न आयोगको मिति २०६०।११।२१ को निर्णयानुसार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।

४. सीता एयर नामक निजी वायुसेवालाई सिभिल एभिएशन भित्र वायुसेवाहरुको सेफ्टी अडिट गर्ने प्राविधिकहरुले समेत उडान संचालन गर्न दिनु हुदैन भन्दा भन्दै उडान अनुमति दिई लाखौं रकम भ्रष्टाचार गरेको भन्ने विषयमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महा-निर्देशक उपेन्द्रप्रसाद धितालले आफ्नो पदीय दायित्व अनुरुपको कार्य नगरी अनुचित कार्य गरेको देखिन आइ विभागीय कारवाही गर्नुपर्नेमा निज सो पदबाट अवकाश भैसकेको देखिँदा अब उप्रान्त जिम्मेवारीको पदमा नियुक्ति वा मनोनयन गर्ने प्रयोजनका लागि निजले गरेको उक्त अनुचित कार्यको रेकर्ड राख्न श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष लेखी पठाइयो । त्यसै गरी यस बिषयमा सो प्राधिकरणका उप-महानिर्देशक शम्भुप्रसाद अधिकारीले समेत अनुचित कार्य गरेको देखिँदा निजलाई विभागीय कारवाहीको लागि उक्त प्राधिकरणका

महा-निर्देशक समक्ष लेखी पठाउनुका साथै निजलाई एयरक्राफ्ट सर्भे इन्स्पेक्सनको जिम्मेवारी नदिन उक्त प्राधिकरणका महा-निर्देशकलाई आयोगको मिति २०६०।१२।३ को निर्णयानुसार लेखी पठाइएको ।

५. अमेरिकाको मायामीमा भएको सेमिनारमा भाग लिन गएका नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-निर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेल निर्धारित समयमा नफर्की काज थप गराई प्राधिकरणलाई अमेरिकी डलर २१००।- को थप व्यय भार पारेको भन्ने विषयमा उपरोक्त बढि व्यय भार परेको रकम निज उपनिर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेलको तलवबाट एक वर्षभित्र मासिक रुपले दामाशाहीले हुन आउने रकम कट्टा गरी असुल उपर गर्न र बढि काज स्वीकृत गरेको दिन निजहरुको कुनै पनि सञ्चित विदाबाट कट्टा गरी निर्णय कार्यान्वयनको जानकारी यस आयोगमा पठाउन समेत आयोगको मिति २०६१।२।७ को निर्णयानुसार नेपाल नागिरक उड्डयन प्राधिकरणको महा-निर्देशकलाई लेखी पठाइएको ।

६. तत्कालीन होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र भवनको नयाँ भवन निर्माण, पुरानो रवि भवनको जिर्णोद्धारको ठेक्का दिने, परामर्श दाताको छनौट र किचेनको सामान/ उपकरण खरीद आदि कार्यमा अनियमितता गरे भन्ने विषयमा सो तालिम केन्द्रका प्रमुख इन्जिनीयर जयन्द्र रिमालले अख्तियारको दुरुपयोग गरी अनुचित कार्य गरेको देखि स्पष्टिकरण पेश गर्न लेखिएकोमा निजको स्पष्टिकरण यस आयोगमा पेश हुँदा निजले गरेको कसुरको मात्रा बमोजिम तत्कालीन होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र (हाल नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान) मा लागू भै रहेको "संस्थामा नियुक्ति बढुवा र बिभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त, २०४३" को बुँदा नं.६.३ बमोजिम निज जयन्द्र रिमाललाई तल्लो तहमा घटुवा गर्न आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार सो प्रतिष्ठानको संचालक समितिमा लेखी पठाइएको ।

(ठ) स्थानीय विकास मन्त्रालय वा अन्तर्गत

१. सर्लाही, बरहथवा गाउँ विकास समितिबाट आर्थिक बर्ष २०६०।०६१ मा गोरु बजारको ठेक्का दिँदा उक्त गाउँ विकास समितिका सचिव जगन्नाथ साह समेतले भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान गर्दा उक्त ठेक्का दिने निर्णयमा संलग्न देखिएका गाउँ विकास समिति सचिव जगन्नाथ साह, प्राथमिक स्वास्थ्य केन्द्र, बरहथवाका हे.अ.सत्यनारायण यादव र कृषि सेवा केन्द्र, वरहथवाका प्रा.स. रामविनय मिश्रले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेको तर्फ आफ्नो स्पष्टीकरणमा सन्तोषजनक जवाफ दिन सकेको नदेखिंदा निजहरु उपर हदैसम्मको विभागीय कारवाही गर्न र उक्त कारवाहीको जानकारी यस आयोग समेतलाई पठाउन आयोगको मिति २०६०।११।१९ को निर्णयानुसार निजहरुका अख्तियारवालालाई लेखी पठाइएको ।

२. ओखलढुंगा, नमूना गाउँ विकास समिति, बेतिनीका तत्कालीन सचिव रामकाजी श्रेष्ठले २०५९ साउन देखि कार्तिकसम्मको जेष्ठ नागरिक, असहाय विधवा र अशक्त भत्ता बापत वितरण गरिएको भनिएको रकम वितरण नगरी हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा निज रामकाजी श्रेष्ठ उपर विभागीय कारवाही गरी जानकारी गराउन आयोगको मिति २०६१।१।१५ को निर्णयानुसार ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएको ।

३. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्दा सो नगरपालिकाका लेखा अधिकृत जटाधर राय, तत्कालीन दूर सञ्चार कार्यालय, हाल नेपाल दूर संचार कम्पनी, जनकपुरमा कार्यरत कार्यकारी इञ्जिनीयर रामानन्दलाल कर्ण, उप-लेखा नियन्त्रक सोभाकान्त लाल दास, सहायक लेखा अधिकृत

उद्धबलाल श्रेष्ठ र मुख्य सहायक मुकुन्दप्रसाद शर्मा, धनुषा जिल्ला अदालतका तत्कालीन तहसिलदार नरनारायण पौडेल र जनकपुर नगरपालिकाका मुखिया कमलाकान्त झाले आ-आफ्नो जिम्मेवारी पूरा गरेको नदेखिएकोले उचित छानवीन, कारवाही र सजाय गर्न सम्बन्धित निकायहरुमा लेखी पठाउन आयोगको मिति २०६१।२।४ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

४. भण्डार थोटुङ्ग निर्माण सेवा प्रा.लि. का प्रोप्राइटर दिपक कुमार श्रेष्ठले रेडियो प्रसार सेवा विकास समितिका कायम मुकायम नायव कार्यकारी निर्देशक रमेश अधिकारीसँग मिलोमतो गरी निजलाई आर्थिक प्रलोभनमा पारी कम लागतमा सम्पन्न गरेको कार्यलाई बढी लागतमा सम्पन्न गरेको भनी कार्य सम्पादन प्रमाणपत्र उपलब्ध गरे गराएको र सोही आधारमा "क" वर्गमा स्तर बृद्धि गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा निर्माण तथा यातायात मन्त्रालयका तत्कालिन शाखा अधिकृत ताराबहादुर कार्कीले 'क' वर्गमा स्तर बृद्धिका लागि भण्डार थोटुङ्ग निर्माण सेवा प्रा.लि. का प्रोप्राइटर दिपककुमार श्रेष्ठबाट पेश गरिएका कार्य अनुभवका प्रमाणपत्रहरु सच्याइएको, अंक थपिएको अवस्था सामान्य आँखाले समेत देखिँदा देखिँदै पनि त्यस्ता प्रमाण पत्रलाई स्वीकार गरेको, 'ग' वर्गमा रहँदा सम्पादन गरेको कार्य अनुभव प्रमाणपत्रलाई समेत 'ख' वर्गमा रहँदाको कार्य अनुभव सरह मान्यता दिएको, स्तरबृद्धि गरिदिई सके पछि पेश गरिएका सक्कल कार्य अनुभवका प्रमाणपत्रहरु सम्बन्धित फाइलमा नै रहनु पर्नेमा फिर्ता गराउने जस्तो अनुचित कार्य गरेको देखिन आएकोले सेवाबाट हटाउने विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन नपर्ने कुनै कारण भए पेश गर्न निज कार्कीसँग स्पष्टीकरण माग गरिएकोमा निज कार्कीले दिएको स्पष्टिकरण सन्तोषजनक नभएको, शाखा अधिकृत जस्तो आफ्नो पदीय कर्तव्य प्रतिको दायित्व बोध समेत नगरी आफू बच्ने प्रयासबाट आफूले गरेको गलत कार्यलाई अरुमाथि थोपर्ने प्रयास गरेको, पेशागत कर्तव्य प्रति सम्वेदनशील नभएको तथा पेश भएका नक्कली कार्यानुभवका प्रमाणपत्रहरुलाई मान्यता दिई भण्डार थोटुङ्ग निर्माण सेवा प्रा.लि. लाई 'क' वर्गमा स्तर बृद्धि गर्न गराउन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा निज ताराबहादुर कार्की सहभागी भई अनुचित कार्य गरेको देखिन आएकोले निजलाई एक ग्रेड रोक्का गर्ने गरी विभागीय कारवाई गर्न आयोगको मिति २०६१।२।७ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

५. गैरकानूनी आदेश बदर गराई अनियमितता गरी भ्रष्टाचार गर्ने भ्रष्टाचारीलाई आवश्यक कारबाही गरी पाउँ भन्ने उजूरी उपर अनुसन्धान गर्दा काठमाडौं महानगरपालिका, कानून तथा मुद्दा विभागका तत्कालिन निमित्त विभागीय प्रमुख विक्रम अधिकारीले आफूलाई अधिकार नभएको बाटो सम्बन्धी मुद्दामा तारेखमा रहेका मिठुदेवी पण्डित र राजेन्द्रप्रसाद पण्डितलाई जनाउ एवं सुनुवाईको मौका नै नदिई अनुचित कार्य गरेको देखिंदा दुई तलब बृद्धि रोक्का किन नगर्ने भनी निज बिक्रम अधिकारीसँग स्पष्टीकरण माग गर्दा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निज विक्रम अधिकारीलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ङ) स्वास्थ्य मन्त्रालय वा अन्तर्गत

१. वीर अस्पताल माइक्रो बायोलोजी सेक्शनका मेडिकल टेक्निसियन ज्योत्सना श्रेष्ठले म्युरेक्सको HIV केमिकल चाहिन्छ भनी विना अधिकार ठेकेदार विकास सर्जिकल कन्सर्नका अक्कल बहादुर भण्डारीलाई भनी म्याद नाघेका HIV केमिकल खरीद गर्न लगाई उक्त केमिकल खरीदार जगन्नाथ के.सी.लाई राख्न दिएको देखिएकोले म्याद नाघेको उक्त HIV केमिकल ४८० टेष्ट खरीद वापत वीर अस्पताललाई नोक्सान पर्न गएको रकम रु. ३३,६००।- मा वार्षिक १०% व्याज समेत जोडी हुन आउने रकम निज ठेकेदार भण्डारीबाट असुल उपर गर्न, तत्कालिन ल्यावट्रोनिक्स नेपालका प्रोप्राइटर किरणकुमार श्रेष्ठले

जानी जानी म्याद नाघेको केमिकल बिक्री गरेको देखिएकोले निज र निजको फर्म माथि औषधी व्यवस्था विभागबाट कारवाही गर्न गराउन स्वास्थ्य मन्त्रालयका सचिवलाई लेखी औषधी व्यवस्था विभागका व्यवस्थापकलाई समेत जानकारी दिइयो र मेडिकल टेक्निसियन ज्योत्सना श्रेष्ठ र खरिदार जगन्नाथ के.सी.लाई विभागीय सजाय गर्न आयोगको मिति २०६०।१२।३ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

२. डोल्पा जिल्लाको ईला हेल्थपोष्ट निर्माणमा अनियमितता भएको भन्ने विषयमा प्रोजेक्ट कार्यान्वयन इकाईका तत्कालीन कायम मुकायम निर्देशक डा. पुस्कल भारतीलाई विभागीय कारवाही गरी कसूरको मात्रा अनुसारको सजाय गर्न र जन स्वास्थ्य अधिकृत अरुणकुमार महतोलाई सचेत गर्न स्वाथ्य मन्त्रालयमा लेखी पठाइयो । उक्त निर्माणको सुपरीवेक्षण परामर्शदाता श्री मल्टी डिसिप्लीनरी कन्सल्टान्टस (प्रा.) लि. र निर्माण व्यवसायी सिद्धवावा निर्माण सेवाले आफूलाई तोकिएको ठेक्का सम्झौता अनुसारको जिम्मेवारी ठीकसँग पूरा नगरेकोले निजहरुलाई प्रचलित ऐन, नियम अनुसार कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी स्वास्थ्य मन्त्रालयलाई समेत आयोगको मिति २०६१।१।३ को निर्णयानुसार जानकारी दिइएको ।

३. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक रमेशचन्द्र न्यौपाने र लेखापाल तारा राज कोइराला समेतले शैक्षिक सामग्री छपाई, ढुवानी र विज्ञापन दिने लगायतको काममा अनियमितता गरि भ्रष्टाचार गरेको भन्ने विषयमा निजहरुलाई सेवाबाट हटाउने गरी विभागीय कारवाहीको लागि स्वास्थ्य मन्त्रालय र लेखापाल तारा‌राज कोइरालाको हकमा महालेखा नियन्त्रकको कार्यालयमा आयोगको मिति २०६१।१।१० को निर्णयानुसार लेखी पठाइएको ।

४. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालिन निर्देशक पदम बहादुर चन्द र शाखा अधिकृत कृष्ण प्रसाद चापागाईले सहायक तहका कर्मचारीहरु अस्थायी नियुक्ति, सरुवा र एक ठाँउबाट अर्को ठाँउमा काज खटाउँदा ठूलो रकम लिनु खानु गरी व्यापक भ्रष्टाचार गरेको तथा अन्य अनियमित कार्य गरेको भन्ने उजूरी उपर अनुसन्धानको कममा निजहरुसँग स्पष्टीकरण लिई आयोग समक्ष पेश हुँदा निजहरुको स्पष्टीकरण सन्तोषजनक नभएको र चन्दको स्पष्टीकरण तथा बयानमा शाखा अधिकृतलाई कर्मचारी काज खटाउने अधिकार नभएको र निज शाखा अधिकृतले कर्मचारी काज खटाएको जानकारी आफूलाई नभएको भनी लिखित बयान दिएको हुँदा शाखा अधिकृत कृष्ण प्रसाद चापागाईले आफ्नो अधिकार नभएको काम गरी अनुचित कार्य गरेको देखिएकोले दुई ग्रेड रोक्का गर्न आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

परिच्छेद - ५
सचेत

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १२ र २८ मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टिकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत वा सजग गराउन सक्ने व्यवस्था भए अनुरुप आयोगले वेला वेलामा निर्णय गरी सम्वन्धित राष्ट्र सेवकलाई सचेत वा सजग गराउने गरेको छ । तद्नुरुप आर्थिक वर्ष २०६०।६१ मा सचेत गराइएका राष्ट्र सेवकहरुको विवरण तपसीलमा विस्तार गरिएको छ ।

(क) अर्थ मन्त्रालय वा अन्तर्गत

१. न्यू राई इण्टरप्राइजेज, तातोपानी र जि.एन. इण्टरप्राइजेज, काठमाण्डौले तातोपानी भन्सार कार्यालय भई जाँचपास गराई ल्याएको सामानका कन्टेनरहरु राजश्व अनुसन्धान विभागबाट आकस्मिक चेक जाँच हुँदा केही सामान भन्सार प्रज्ञापनपत्रमा घोषणा भए भन्दा बढी परिमाणमा र केही घोषणा नै नभएका सामानहरु फेला परेको भन्ने विषयमा अनुसन्धान गर्दा उक्त दुई फर्मका नामबाट सामान आयात गर्ने क्रममा प्रज्ञापनपत्रमा घोषणा भए भन्दा बढी परिमाणका तथा घोषणा नै नभएका सामानहरु आयात हुनमा सामान आयात गर्ने जि.एन. इण्टरप्राइजेजका प्रो. गणेश वहादुर भण्डारी जिम्मेवार देखिन आएको र घोषणा वेगर आयात भएको सामानहरु जफत गरी विगो बमोजिम रु. १,७७,१६०।५० जरिवाना बापत धरौटी समेत लिई राजश्व अनुसन्धान विभागबाट कारवाही भएको देखिन आएकोले श्री ५ को सरकारलाई हानी नोक्सानी हुने अवस्था देखिएन तापनि भन्सार अधिकृत सत्यनारायण मण्डलले सामान चेक जाँच गर्ने कर्मचारीहरुलाई लिखित आदेश नदिई प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारी पूर्वक पूरा नगरेको देखिएकोले निजलाई सचेत गराउन आयोगको मिति २०६०।७।२५ को निर्णयानुसार लेखी पठाइएको ।

२. वीरगन्ज भन्सार कार्यालयबाट जाँचपास गरि ल्याएको कटन साडी राजश्व अनुसन्धान विभागबाट छड्के जाँच गर्दा प्रज्ञापन पत्रमा घोषणा भएको भन्दा बढी परिमाण फेला परेको सम्बन्धमा भन्सार अधिकृत जनक बहादुर चन्द, खरिदार राजेन्द्र कुमार कार्की र खरिदार नारायण प्रसाद भण्डारीले प्रज्ञापन पत्रमा लेखिएको व्यहोरा र संलग्न बिलमा लेखिएको सामानको परिमाणको तादात्म्यता नभएको तथ्य तर्फ विचारै नगरी जाँचपास गरि लापरवाही गरेको देखिएकोले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने पदीय कर्तव्य पालना नगरि अनुचित कार्य गरेको हुँदा निजहरुलाई आइन्दा यस्तो कार्य नदोहऱ्याउने गरी सचेत गराउन आयोगको मिति २०६१।२।११ को निर्णयानुसार लेखी पठाइएको ।

(ख) कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत

१. कृषि विकास बैंङ्क, वैकिङ्ग कार्यालय, भक्तपुरका प्रबन्धक विजय सुन्दर खड्का र कार्यालय सहायक राजेन्द्र न्यौपाने समेत भई ऋणीहरुसँग मिलेमतो गरी गैरकानूनी रुपमा कर्जा दिई बैंङ्क डुवाउन लागेकोले भ्रष्टाचारमा कारवाही गरी पाउँ भन्ने सम्वन्धमा अनुसन्धान गर्दा भक्तपुर स्थित कृषि विकास बैङ्क, बैकिङ्ग कार्यालयबाट विभिन्न मितिमा विभिन्न ११ ऋणीहरुलाई कर्जा प्रवाह गर्दा कमसल र कम मूल्यका जग्गालाई बढी मूल्यको भनी मूल्याङ्कन गर्ने, हालै मात्र खरिद भएका, बैङ्कको नीति अनुसार धितो राख्न मिल्ने अवधि पुरा भै नसकेका जग्गाको लिखत, पूर्जा आदिमा मिति थपी, सच्याई अवधि पुरा भैसकेको देखाई गैर कानूनी कागजात तयार पार्ने, बाटो र व्यवसायिक पूर्वाधार नभएको जग्गालाई बाटो भएको भन्ने देखाइ गैरकानूनी कागजात तयार पार्ने, संचालन नै नभएको परियोजना राम्रोसँग सञ्चालन भएको भनी झूट्टा प्रतिवेदन दिने, लिने र आवश्यक जाँचबुझ नगरी ऋण लिने दिने समेतको कार्य गरी

ऋणी, बैङ्कका कर्मचारी र अन्य राष्ट्रसेवक समेत संलग्न भई बैङ्कको नीति निर्देशन, दिग्दर्शन तथा प्रचलित कानून विपरित कार्य गरी बैङ्कलाई हानी नोक्सानी र आफूहरुलाई फायदा हुने कार्य गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले मालपोत अधिकृत रमेशप्रसाद मैनाली, नायव सुब्बा रुपलाल ठाकुर, खरिदार गणेशप्रसाद पोखरेल, खरिदार नानीराम वाग्ले, खरिदार उर्मिला पोखरेल, नायव सुब्बा अरुणोदयमान रंजित, खरिदार तुलामणी राजभण्डारी, का.स. शान्तु कार्की, का.स. राजेश चित्रकार, का.स. विश्वेश्वरनाथ श्रेष्ठ र का.स. किरणवहादुर प्रधानाङ्गलाई अब उप्रान्त पदीय कर्तव्य पालन गर्दा पूर्ण सावधानी र सतर्कताका साथ गर्ने भनी सचेत गर्न आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार सम्वन्धित निकायहरुमा लेखी पठाइएको ।

२. पशु प्रजनन सेवा कार्यालयमा संलग्न प्राविधिज्ञहरुले अनियमित रुपमा साँढे खरिद गर्ने र मार्ने कार्य गरे भन्ने सम्बन्धमा छानवीन गर्दा जिल्ला पशु सेवा कार्यालय खोटाङ्ग, ओखलढुंगा र सोलुखुम्बुका कार्यालय प्रमुखहरुले आ.व. २०५६।५७ मा जर्सी साँढे र मुर्रा राँगो दरभाउ पत्रबाट खरिद गरेको कार्य अनुचित देखिएको हुँदा उक्त कार्यमा संलग्न जिल्ला पशु सेवा कार्यालय, खोटाङ्गका तत्कालिन कार्यालय प्रमुख श्री कनकलाल साहु, सोही कार्यालयका अर्का तत्कालिन कार्यालय प्रमुख श्री हरिनारायण यादव, जिल्ला पशु सेवा कार्यालय, सोलुखुम्बुका तत्कालीन कार्यालय प्रमुख श्री सत्यनारायण चौधरी, जिल्ला पशु सेवा कार्यालय, ओखलढुङ्गाका तत्कालिन कार्यालय प्रमुख श्री नाथु प्रसाद चौधरी र पशु उत्पादन महाशाखा, हरिहरभवनका तत्कालिन कार्यालय प्रमुख श्री बज्र किशोर प्रसाद साहले अनुचित कार्य गरेको देखिएकोले निजहरुलाई सचेत गराउन आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएको ।

३. पशु उत्पादन महाशाखाका तत्कालीन प्रमुख श्री बज्र किशोर प्रसाद साहले ठेकेदारले समयमा जिल्लाहरुमा सामान आपूर्ति गरे नगरेको सम्बन्धमा भरपर्दो अनुगमन नगरेको र कार्यादेश बमोजिम पोर्टेवल ह्याङ्गिङ्ग ब्यालेन्स १२०० थान बुझाउनु पर्नेमा जम्मा ३० थान मात्र बुझाएकोमा ठेकेदार उपर कुनै कारवाही गरेको नदेखिंदा निज बज्र किशोर प्रसाद साहलाई सचेत गराउन आयोगको मिति २०६०।११।१ को निर्णयानुसार कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएको ।

४. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, गैंडाकोटमा रोक्का रहेको जग्गा गैरकानूनी रुपमा कृषि विकास बैंक, शाखा कार्यालय, नवलपुरका नाममा रोक्का गराई सोही जग्गा व्यक्तिका नाममा पारित गरे भन्ने सम्बन्धमा मालपोत कार्यालय कावासोतीका नायव सुब्बा त्रियुगी नारायण पाण्डे, कृषि विकास बैंक, नवलपुरका ऋण अधिकृत टिकाराम पन्त र ऋण सहायक चेतनाथ भट्टलाई सचेत गराउन आयोगको मिति २०६१।१।२ को निर्णयानुसार सम्वन्धित निकायहरुमा लेखी पठाइएको ।

५. कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग, व्यवसायिक किट विकास निर्देशनालय, रेशम खेती विकास शाखा, खोपासीले रेशम खेती विस्तारको प्राविधिक प्रस्तावको मुल्याङ्कनमा धाँधली गरी शुरुमा नै अंक सार्वजनिक नगरी जथाभावी मुल्याङ्कन गरी श्री ५ को सरकारलाई करिव दश लाख रुपैयाँ नोक्सान पारी ज्वालामुखी क्लवसँग संभौता गरेर भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा मुल्याङ्कनकर्ताहरु व्यवसायिक किट विज्ञ एअरले वजिर सिंह - १, सहायक किट विज्ञ केशवराज काफले - १, सहायक वाली संरक्षण अधिकृत पुरुषोत्तम दवाडी - १ र लेखापाल केदारनाथ भेटवाल - १ समेत ४ जनाले गरेको कार्य कार्यविधिगत त्रुटीसम्म भएको देखिन्छ । तसर्थ निजहरु ४ जनालाई सचेत गराउन अख्तियारवाला समक्ष आयोगको मिति २०६१।२।१८ को निर्णयानुसार लेखी पठाइएको ।

(ग) <u>गृह मन्त्रालय वा अन्तर्गत</u>

१. काठमाडौं महानगरपालिकामा कार्यरत पञ्जिकाधिकारी लेखनाथ पौडेलले तिब्बतीयन शरणार्थीहरुका नावालकहरुको जन्म दर्ता गर्ने काम आफ्नै डेरावाट गर्ने गरेको भन्ने विषयमा अनुसन्धान गर्दा

आयोगवाट वुझिएका अन्य व्यक्तिहरुमध्ये निमित्त प्रमुख जिल्ला अधिकारी विनोद शर्माले राजिनामा दिई सकेको हुँदा निजको हकमा केहि गरिरहन परेन, अन्य कर्मचारीहरु गृह मन्त्रालयका सह- सचिव सुशील जंग वहादुर राणा, जिल्ला प्रशासन कार्यालय काठमाण्डौंका तत्कालीन सहायक प्र.जि.अ. वालकृष्ण पन्थी, ऐ. कार्यालयका तत्कालीन प्रशासकीय अधिकृत गोपाल प्रसाद रेग्मीको हकमा निजहरुले तिव्वती शरणार्थीसँग मिलेमतो गरेको नदेखिए तापनि शरणार्थी परिचयपत्रमा नजनिएका व्यक्तिहरुलाई छानवीन नै नगरी शिफारिश गर्ने काम भए गरेको देखिदा निजहरुले आफ्नो पदिय कर्तव्य पालना गरेको देखिएन, अतः निजहरुलाई आफूले सम्पादन गर्ने काममा सजग रहन आयोगको मिति २०६०।४।२२ को निर्णयानुसार लेखिएको ।

२. गोपाल प्रसाद बस्यौला समेतले किर्ते पासपोर्ट बनाई मानिस विदेश पठाउन त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीसँग मिलेमतो गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा तेन्जिङ छुचोक लामाको नाममा रहेको राहदानीको फोटो गोपालप्रसाद बस्यौलाले परिवर्तन गरी सोमवहादुर जुञ्जालीको फोटो टाँसी निज जुञ्जालीलाई वेलायत पठाउन लाग्दा अध्यागमनका तत्कालीन बरिष्ठ अध्यागमन सहायक गोपालप्रसाद बराल र अध्यागमन अधिकृत नारायणप्रसाद मैनालीले रु. १,००,०००।- लिई मिलेमतो गरी निज बरालले फोटो परिवर्तन गरेको राहदानीमा प्रस्थान अनुमति दिएको र तत्कालीन अध्यागमन अधिकृत मैनालीले रेखदेख गर्न नसकेको भन्ने सम्वन्धमा हेर्दा रकम लिए खाएको सम्वद्ध प्रमाण नभेटिएकोले निजहरू दुवै जनालाई सचेत गराउनु पर्ने देखियो । निज सोमबहादुर जुञ्जाली र गोपालप्रसाद बस्यौलाका हकमा भ्रष्टाचार जन्य कसूरमा संलग्न नदेखिएको र किर्ते राहदानी तर्फ जिल्ला अदालत, काठमाण्डौमा मुद्दा चलिरहेकोले यस आयोगबाट केही गरिरहन परेन । त्यसै गरी साङ्पो लामालाई जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट नागरिकता प्रदान गर्नेमा संलग्न रहेका खरीदार द्वारिकाप्रसाद खतिवडा, नायव सुब्बा नरेन्द्रबहादुर विष्ट, शाखा अधिकृत वालकृष्ण पन्थी र सहायक प्रमुख जिल्ला अधिकारी दुर्गाराज शर्माले पंजिकाधिकारीको कार्यालय, काठमाण्डौको नक्कली बसाइ सराईको प्रमाणपत्रको आधारमा नागरिकता दिने कार्य गरेकोले निजहरूलाई सचेत गराउन आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार गृह मन्त्रालयमा लेखी पठाइएको ।

३. गैर नेपाली नागरिकहरुलाई नेपाली राहदानी बनाई दिई भ्रष्टाचारजन्य कसूर गरेको भन्ने सम्बन्धमा राहदानी लिने व्यक्तिहरु नुर्वु वाङ्दी शेर्पा, नविन राई, राकेश सुब्बा, विकास प्रधान, युगेन क्षेत्रि, सुनोद मोक्तान, छिरिङ्ग लामा, आदित्य राई, सुवास थापा, मिन्जु भुटिया, फुपु छिरिङ्ग लामा, सुनिल गुरुङ्ग र सोनाम तोप्गे शेर्पाको हकमा सुवास थापालाई राहदानी जारी गर्ने जिल्ला प्रशासन कार्यालय काठमाण्डौंका कर्मचारीहरु खरिदार कुमार राजभण्डारी तत्कालीन अधिकृत काशीराज मरासिनी र निर्णयकर्ता रमेश कुमार श्रेष्ठले सुवास थापा वाहेक अन्य व्यक्तिलाई राहदानी जारी गर्ने कार्यमा संलग्न रहेको प्राप्त कागजातबाट नदेखिएको र निर्णय वाहेक अन्य कागजात प्राप्त भएको नदेखिंदा निजहरुले समूचित सतर्कता नअपनाएको देखिनाले निजहरुलाई सचेत गराउन आयोगको मिति २०६१।२।८ को निर्णयानुसार लेखी पठाइएको ।

(घ) <u>जलस्रोत मन्त्रालय वा अन्तर्गत</u>

१. नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ्ग सेवा, केन्द्रीय वर्कशप हेटौडाले लिलाम गरेको वा.अ.च. ५१७६ नं. को सवारी साधनलाई लिलाम सकार गरी यातायात व्यवस्था कार्यालय वागमती अञ्चल, काठमाण्डौ र यातायात व्यवस्था कार्यालय, सगरमाथा अञ्चल, लाहानका कर्मचारीहरु समेतको मिलेमतोमा सन् २००० पछि वनेको फोर्ड कारलाई उक्त लिलामी भएको फोर्ड कार हो भनी कागज पत्र मिलाई भंसार समेत छली ल्याइएको नयाँ कार गैर कानूनी रुपमा दर्ता गरी श्री ५ को सरकारलाई भंसार लगायतका राजस्व हानी नोक्सानी पुऱ्याउने र आफु समेतलाई गैर कानूनी लाभ लिने वद्नियतले भ्रष्टाचार जन्य कार्य गरे भन्ने विषयमा अनुसन्धान गर्दा यातायात व्यवस्था कार्यालय बागमती, प्रदूषण

शाखा एकान्तकुनाका मेकानिकल ईन्जिनियर टेकराज वोहरा, मेकानिकल सुपरभाइजर तीर्थ वहादुर नापित, यातायात व्यवस्था कार्यालय बाग्मतीका तत्कालिन नायव सुब्वा कान्छा राना, तत्कालिन खरिदार धर्म भण्डारी, तत्कालिन मेकानिकल सुपरभाइजर जयन्तलाल जाकिवन्जा, श्रीकृष्ण महर्जन र नेपाल विद्युत प्राधिकरण केन्द्रीय वर्कशप हेटौडाका तत्कालिन कार्यालय प्रमुख कृष्ण प्रसाद श्रेष्ठले आ-आफ्नो जिम्मेवारी पूरा नगरेकोले निजहरुलाई सचेत गराउन आयोगको मिति २०६०।१०।२३ को निर्णयानुसार लेखी पठाइएको ।

(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत

१. ललितपुर जिल्ला टिकाथली गा.वि.स. वडा नं. ९ कि.नं. २७८, ३४१ र २७१ का जग्गाहरु श्रेस्ता संशोधन गरी पूर्जा दिएपछि विभिन्न व्यक्तिका नाममा लिखत पारित भई गएकोमा स्वामित्वमा नै असर परेकोले पुनः साविक बमोजिम नै कायम गर्ने गरी मालपोत अधिकृत बुद्धिराज घिमिरेले गरेको निर्णय उपर आवश्यक कारवाही गर्न सोही कार्यालयका प्रमुख मालपोत अधिकृतले विशेष प्रहरी विभागमा पठाएको पत्रानुसार अनुसन्धान गर्दा नाप नक्सा भई दर्ता गर्नसम्म छुट भएको जग्गाको दर्ता तोकिएको समितिको सिफारिशमा मालपोत कार्यालयले गर्न सक्ने व्यवस्था भएकोले त्यसरी दर्ता नै नभएको जग्गाको प्रतिलिपि दिन र तीन पुस्ते कायम गर्न नमिल्ने तर्फ समेत ध्यान पुऱ्याएको नदेखिदा उक्त कार्यमा संलग्न मालपोत अधिकृत वुद्धिराज घिमिरेलाई अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन निजको अख्तियारवाला समक्ष लेखि पठाउने । त्यसै गरी श्रेस्तामा दर्ता वाँकी नामसारी वाँकी जनिएको व्यहोरा तर्फ ध्यान नदिई मालपोत अधिकृतले गरेको तोक आदेशको आधारमा मात्र तीन पुस्ते कायम गर्ने र पाध्यालाई रिमाल वनाई संशोधन गर्ने कार्यमा संलग्न खरिदार लोक प्रसाद वास्कोटा, कित्ता नं. २७१ को जग्गा दर्ता वाँकी नामसारी वाँकी जनीएको तर्फ ध्यान नदिई उक्त जग्गा विक्री गर्न ल्याउदा मोठ भिडाउने, मालपोत अधिकृतले गरेको उक्त तोक आदेश अनुसार पुर्जाको नक्कल दिने कार्यमा संलग्न मुखिया दिलकुमारी न्यौपाने र नामसारी वाँकी दर्ता वाँकी जनिएको जग्गा विक्री भई कायम हुन आएको जग्गाहरु विक्री गर्न ल्याउदा समेत मोठ भिडाउने कार्यमा संलग्न खरिदार जयहरी चालिसे समेत जना ३ ले आफ्नो ओहदा सम्वन्धी काम गर्दा विचार पुऱ्याई काम गरेको नदेखिदा निजहरुलाई पनि अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. धादिङ्ग जिल्ला छत्रे देउराली गा.वि.स.का बिभिन्न सरकारी एवं सार्वजनिक जग्गाहरु धादिङ्गका तत्कालीन मालपोत अधिकृत लोकदर्शन पण्डित, नापीका सह-लेखापाल तोम प्रसाद भट्टराई र अन्य कर्मचारी समेतको संलग्नतामा व्यक्ति विशेषको नाममा दर्ता गरेको सम्वन्धमा आयोगको बैठकमा छलफल हुँदा नापी शाखाका तत्कालीन अमिन हरिनारायण चौधरी र अर्का तत्कालीन अमिन राय विलास साहलले नापी निरीक्षकको अनुपस्थितिमा का.मु. निरीक्षक भई काम गर्दा एकै कार्यालयमा काम गर्ने सहायक लेखापाल तोम प्रसाद भट्टराईले लेखी रुजु समेत गरी आफैले दस्तखत गरेको नक्कली फिल्डबुकलाई निज चौधरी र साहले प्रमाणित गरी सरकारी सार्वजनिक जग्गाको फिल्डबुक व्यक्ति विशेषलाई उपलब्ध गराउने कार्य गरी पदीय आचरण पूरा नगरेको देखिएकोले निजहरुलाई सचेत गराउन आयोगको मिति २०६०।१०।१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. धादिङ्ग जिल्ला बैरेनी गा.वि.स. वडा नं. ९ (ङ) कि..नं.१६१ ८२, १४२, १२३, १५७, १५२, १५५, १४०, १५१, १५९, १६२, १२० ऐ. गा.वि.स. वडा नं. ५ (ख) कि.नं. १५४,५३, ऐ. गा.वि.स. वडा नं.८(ज) कि.नं. ५,२६० र थाके गा.वि.स. वडा नं. १(घ) कि.नं. ३०५ समेतका जग्गाहरु पृथ्वी राजमार्ग २५ मीटर भीत्र परि सडक विभागको नाउँमा दर्ता हुनु पर्नेमा सो जग्गाहरु बिभिन्न व्यक्तिहरुका नाउँमा मालपोत कार्यालय, धादिङ्गका कर्मचारीहरुको मिलोमतोमा छुट जग्गा दर्ता गरी अनियमित गरेकोले कारवाही गरी पाउँ भन्ने उजूरी उपर अनुसन्धान गर्दा राजमार्ग ऐन र बेलाबेलामा भएका श्री ५ को

सरकारको सूचनालाई वेवास्ता गरी गा.वि.स.को सिफारिस, फिल्डबुक र तिरो तिरेको आधारमा राजमार्गमा परेका जग्गाहरु व्यक्ति विशेषका नाउँमा जग्गा दर्ता गरी अनियमीत गर्ने तत्कालिन मालपोत अधिकृत लोकदर्शन पण्डित र खरिदार लक्ष्मण बस्नेतलाई सचेत गराउन आयोगको मिति २०६०।१०।१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

४. मालपोत कार्यालय, नुवाकोट र भूमिसुधार कार्यालय, नुवाकोटमा कार्यरत रहदा सनकमानसिं डंगोलले पहिले नै दर्ता भै प्रमाण पूर्जा पाएका विभिन्न स्थानमा रहेको, सार्वजनिक पर्ती वनदेवी गुठी समेतका जग्गाहरु आफ्नो र आफ्ना परिवारका सदस्यहरुको नाममा दर्ता गरी गलत र अनियमितता गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा अदालतवाट भएको फैसलापछि पनि मालपोत कार्यालय नुवाकोटबाट एक पटक टुंगो लागिसकेको विषयमा निज सनकमान सिंहको निवेदनमा चार किल्ला कायम गर्ने निर्णय गरी नापीमा पठाई स्थलगत नक्सा जाँच गराउने कार्य पुनः थालनी गरेको देखिंदा पुनः कारवाही शुरु गर्न लागेको देखिनाले सो सम्वन्धमा सम्वन्धित कर्मचारीलाई सचेत गराउन आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार प्रमाण मिसिल सहित भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

५. जिल्ला मोरङ सावित बखरी गा.वि.स.वा.नं. ७ हाल विराटनगर उप-महानगरपालिका वा.नं. ७ को सावित कि.नं. १८२ को जग्गा नयाँ नापी गर्दा ७ नं. नापी टोलीका टोली प्रमुख शैलेन्द्रकुमार कर्ण र गोश्वारा प्रमुखले भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा निज कर्ण लगायत अमिनद्वय अशोकलाल कर्ण, गुरुदेव मण्डल र विराटनगर उप महानगरपालिकाका शाखा अधिकृत विनोद कोइरालालाई सचेत गराउन आयोगको मिति २०६०।११।२१ को निर्णयानुसार सम्वन्धित निकायहरुमा लेखी पठाइएको ।

६. भूमिसुधार कार्यालय, सप्तरीका टाइपिष्ट नायव सुब्बा गणेशप्रसाद उपाध्याय घिमिरेले सरकारी कामकाज गरी दिन रिसवत लिएको भनी खडा भएको बरामदी मुचुल्का प्रमाणित गरिसकेपछि आयोगमा कारवाईको क्रममा रहेको उक्त विषयलाई प्रभावित पार्ने गरी भूमिसुधार कार्यालय सप्तरीका भूमिसुधार अधिकारी महेन्द्रनारायण रजकले २०६०।१२।१५ मा गैर जिम्मेवार एवं अस्पष्ट पत्र लेखेको देखिंदा निजसँग स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरणमा टाइष्टि नायव सुब्बा गणेशप्रसाद उपाध्याय घिमिरेले रिसवत लिएको छैन भनि पत्र लेखेको होइन, उक्त घटना कार्यालय कम्पाउण्डभित्र नभई बाहिर सडकमा घटेको भनी आयोगलाई अनुसन्धान कार्यमा सहयोग पुगोस भन्ने उद्देश्यले पत्र लेखेको भन्ने व्यहोरा उल्लेख गरेको देखिंदा बरामदी मुचुल्का आफैले प्रमाणित गरि सकेपछि निज महेन्द्र नारायण रजकले आयोगलाई लेखेको पत्रको कानूनी मान्यता समेत नहुने देखिएको हुँदा अनुसन्धानको क्रममा रहेको विषयलाई अनुचित प्रभाव पार्ने गरी आयन्दा यस्तो कार्य नगर्न निजलाई सचेत गराउन आयोगको मिति २०६१।३।२९ को निर्णयानुसार लेखी पठाइएको ।

(च) <u>रक्षा मन्त्रालय वा अन्तर्गत</u>

१. गैर नेपाली नागरिकलाई जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंका कर्मचारीहरु समेतको मिलेमतोमा रिसवत लेनदेन गरी नेपाली नागरिकता र राहदानी वितरण हुने गरेको भन्ने सम्वन्धमा रक्षा मन्त्रालयका शाखा अधिकृत राम प्रसाद पन्तले राहदानी बनाउने प्रयोजनको लागि तयार गरिएको 'प्रतिलिपी नागरिकता वारे' भन्ने फारममा गैर नेपाली नागरिकलाई म राम्रोसँग चिन्दछु भनि सही गरेको तर रकम लिनु खानु गरेको प्रमाणित नभएको, आफुले चिने जानेको मानिसले ल्याएको फारममा विश्वासमा परी सही गरेको पाइएकोले अब आइन्दा यस प्रकारको गैर जिम्मेवार कार्य नगर्नु भनि निजलाई सचेत गराउन आयोगको मिति २०६०।७।७ को निर्णयानुसार रक्षा मन्त्रालयमा लेखी पठाइएको ।

(छ) <u>वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत</u>

१. गैंडाको खाग चोरलाई भगाई भ्रष्टाचार गरे भन्ने विषयमा शाही चितवन राष्ट्रिय निकुन्ज कार्यालयका तत्कालिन सहायक संरक्षण अधिकृत एवं चोरी शिकारी प्रतिरोधक इकाईका प्रमुख टिकाराम अधिकारीले

आफ्नो कार्यालय भित्र थुनामा रहेको व्यक्ति भाग्न नपाउने गरी पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने आफ्नो जिम्मेवारी प्रति लापरवाही गरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरेको देखिन आएकोले निजलाई सचेत गराउने । तत्कालिन प्रमुख संरक्षण अधिकृत गोपाल प्रसाद उपाध्यायले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरेको देखिएकोले निजलाई पनि सचेत गराउने । त्यसै गरि राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. तीर्थमान मास्केले आफ्नो पदको प्रकृति अनुरुप पालन गर्नु पर्ने कर्तव्य पालन नगरेको देखिएकोले निजलाई पनि सचेत गराउने । यस विषयको मुद्दाका प्रतिवादीहरुमध्ये मण्डल महतो र भदै महतो उपरको मुद्दाको टुङ्गो लगाई निजामति सेवा ऐन, २०४९ अनुसार को कारवाई अन्यथा कारण भएमा वाहेक ३ महिना भित्र सम्पन्न गरी यस आयोगमा जानकारी दिन समेत आयोगको मिति २०६१।१।१६ को निर्णयानुसार लेखी पठाइएको ।

(ज) <u>शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत</u>

१. जनता माध्यमिक विद्यालय, गोला, वर्दियाको खाली रहेको शिक्षक दरबन्दी एकका लागि अस्थायी शिक्षक नियुक्ति गर्ने क्रममा अन्तरवार्तामा तर्क बहादुर शाहीलाई बढी अंक दिएको, हुँदै नभएको अनुभवलाई गैरकानूनी मान्यता दिएको शैक्षिक योग्यताको अंकमा पनि तर्क बहादुर शाहीलाई बढी अंक दिई भ्रष्टाचार गरे भन्ने उजूरीमा छानबिन हुँदा तर्क बहादुर शाहीले नक्कली अनुभवको प्रमाण-पत्र पेश गरेको, यसको आधारमा निजलाई बढी अंक दिई नियुक्ति दिएको पाइएकोले यस्तो अनुचित कार्यको दुस्परिणाम सच्याउन जिल्ला शिक्षा कार्यालय, वर्दियालाई निर्देशन दिने र संचालक समितिका अध्यक्ष लाल बहादुर कडायतलाई सचेत गराउन जिल्ला शिक्षा अधिकारीलाई निर्देशन दिन आयोगको मिति २०६०।७।४ को निर्णयानुसार लेखी पठाइएको । साथै यो कार्यमा संलग्न तत्कालीन प्रधानाध्यापक डिल बहादुर जि.सी.लाई पनि संचेत गराई यस आयोगलाई जानकारी दिनु भनी आयोगको मिति २०६०।१२।१६ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, दैलेखलाई लेखी पठाइएको ।

२. ईसवु माध्यामिक विद्यालय, तेह्रथुमका तत्कालीन प्रधानाध्यापक महेशप्रसाद शर्मा समेतले विद्यालयमा अनुपस्थित रहेका शिक्षक जय प्रकाश इङनामका नामको तलब लिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान गर्दा विद्यालयको शिक्षकको तलब शिर्षकमा निकासा भएको रकम निकाली विद्यालयको भौतिक सुधार लगायतको अन्य प्रयोजनमा खर्च गरेको कार्यलाई उचित र कानून सम्मत् मान्न नसकिने भएकोले अब आइन्दा त्यसो नगर्न विद्यालयका तत्कालीन प्रधानाध्यापक महेशप्रसाद शर्मा तथा शिक्षक जयप्रकाश इङनामलाई सचेत गराई यस आयोगलाई जानकारी पठाउन आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, तेह्रथुमलाई लेखी पठाइएको ।

(झ) <u>श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत</u>

१. यातायात व्यवस्था कार्यालय, वागमती अञ्चलको कीर्ते कागजात तैयार गरी यातायात व्यवस्था कार्यालय वागमती र जनकपुर अञ्चलका कर्मचारीहरुलाई मिलाई तुल्सीराम पाण्डे समेतले आठबटा ट्रकहरु दर्ता गराएको भन्ने विषयमा अनुसन्धान गर्दा यातायात व्यवस्था कार्यालय बाग्मती अञ्चलका तत्कालीन शाखा अधिकृत नारदमणी काफ्लेले आफू कार्यालयमा हाजिर नै नभएको समयको माग फारमलाई पछिल्लो मितिमा प्रमाणित गरी दिएको र सोही कार्यालयका तत्कालीन खरिदार विनोदकुमार अधिकारीले पहिलेको मितिको माग फाराम कार्यालयमा पछि हाजिर भएका शाखा अधिकृत नारदमणी काफ्लेबाट प्रमाणित गराएकोसम्म देखिई प्रतिवादी तुल्सीराम पाण्डेबाट प्रयोग गरिएका ८ थान ब्लू बुक निजलाई उपलब्ध गराउने काममा यिनीहरुको संलग्नता रहेको देखिएको हुँदा निजहरुलाई सचेत गराउन आयोगको मिति २०६०।९।२४ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

२. गैर नेपाली नागरिकहरुलाई नेपाली नागरिकताको कीर्ते प्रमाण-पत्र वनाई सोही कीर्ते नागरिकताको प्रमाण-पत्रको आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौका कर्मचारीहरु समेतको मिलेमतोमा नेपाली राहदानी बनाई भ्रष्टाचार जन्य कसूर गरे भन्ने विषयमा द न्यूगोर्खा इन्टरनेशनल सर्भिस प्रा.लि.का सन्चालक लोकबहादुर गुरुङ र सुकबहादुर गुरुङको हकमा निजहरु राहदानी वनाउने कार्यमा संलन भएको नदेखिएको तर फिरोज देवान मार्फत सम्पर्कमा आएका गैरनेपाली नागरिकहरुलाई आफू समेत संचालक तथा कार्यकारी निर्देशक रहेको मेन पावरबाट विदेश पठाउने कार्य गरेको देखिएकोले तत्सम्बन्धमा उक्त मेन पावर कम्पनी उपर आवश्यक सचेतता अपनाउन आयोगको मिति २०६१।१।७ को निर्णयानुसार श्रम तथा रोजगार प्रवर्धन विभागमा लेखी पठाइएको ।

३. प्राविधिक प्रतिवेदनका लागि आएको स. १ च ३१३ नं. को सवारी साधनमा पुरानो लिलामी भएका सवारी साधनको ईन्जिन नं. र च्यासिस नं. रि-पंच भएको व्यहोरा पत्ता लगाई आवश्यक कारवाही गर्नु पर्नेमा सो नगरी सवारी दर्ता प्रमाण-पत्र र सवारी साधनको व्यहोरा ठिक छ भनि सिफारिस र प्रमाणित गरेको देखिएकोले यातायात व्यवस्था कार्यालय बाग्मती, प्रदुषण शाखा एकान्तकुनाका मेकानिकल ईन्जिनियर टेकराज वोहरा, मेकानिकल सुपरभाइजर तीर्थ वहादुर नापित र तत्कालिन मेकानिकल सुपरभाइजर नरेशकुमार कार्कीलाई सचेत गराउन आयोगको मिति २०६१।२।१९ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ञ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत

१. लुम्बिनी विकास कोषको नाममा विदेशी नागरिकबाट चन्दा उठाई कोषमा जम्मा नगरी मासी खाई भ्रष्टाचार गरे भन्ने उजूरीका सम्बन्धमा छानवीन हुँदा लेखापाल हरिशप्रसाद दुवेले चन्दा रसिदबाट जम्मा भएको रकमको आन्तरिक लेखापरीक्षण निजले नै गराएको तर रसिद प्याड देखाउन नसकेको हुँदा निजले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालन नगरी लापरवाही गरेको देखिएकोले निजलाई सचेत गराउन आयोगको मिति २०६०।७।२५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

२. विदेश स्थित शाही नेपाल वायुसेवा निगमका कर्मचारीले तलब रकम भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान गर्दा हङ्कङ्ग र सिँगापुर कार्यालयमा काम गर्ने केही कर्मचारीहरुले नेपाली मुद्राको हिसावले आफूले पाउने तलव निगमको केन्द्रीय कार्यालयबाट तोकिएको दरको आधारमा स्थानीय मुद्रामा बुझिलिनु पर्नेमा सो नगरी अनियमित तवरले बढी रकम बुझ्ने गरेको पाइयो । तसर्थ यस्तो अनियमित कार्यलाई समय मै नियन्त्रण नगर्ने अर्थ विभागका तत्कालीन प्रमुख उपेन्द्र प्रसाद उपाध्यायलाई अब आइन्दा यस प्रकारको काम कारवाही दोहोरिन नदिन सचेत गराउन आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

३. शाही नेपाल वायुसेवा निगमले आई.आर. युनिट समयमै मर्मत नगराई अर्को आई.आर.युनिट भाडामा लिई अनियमितता भएको भन्ने विषयमा तत्कालीन आन्तरिक लेखापरीक्षण विभाग प्रमुख (हालका कार्यकारी निर्देशक) मोहन प्रसाद खनालको संयोजकत्वमा गठित छानवीन समितिले पेश गरेको प्रतिवेदनले औल्याए अनुसार कमी कमजोरी र सुधारका लागि दिएका सुझाव कडाईकासाथ कार्यान्वयन गरी गराई यस्ता त्रुटीहरु दोहोरिन नदिन सजगता अपनाउन आयोगको मिति २०६१।१।९ को निर्णयानुसार कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।

४. आ.व. ०५८/५९ मा लुम्बिनी विकास कोषले पदपूर्तिका लागि लिएको परीक्षामा अनियमितता भयो भन्ने विषयमा पदपूर्ति समितिका पदाधिकारीहरुले अनुचित कार्य गरेको कारणले संग्रहालय अधिकृत र पुरातत्व अधिकृत दुई पदको लिखित परीक्षाको नतिजा फरक पर्न गएको हुँदा सही उत्तर सीटको आधारमा उक्त दुई पदको कापी पुनः परीक्षण गरी कोषको ऐन, नियम बमोजिम पुनः नतिजा प्रकाशित

गरी १(एक) महिनाभित्र आफ्नो दुष्परिणाम सच्याउन लुम्बिनी विकास कोषलाई लेखी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई समेत जानकारी दिनुका साथै पदपूर्ति समितिका तत्कालीन जिम्मेदार पदाधिकारी भै हाल कोषमा वहाल रहेका राम बहादुर बस्नेत र रत्नमान शाक्यलाई अब आइन्दा त्यस्तो कार्य दोहोरिन नदिन सजग गराउन आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लुम्बिनी विकास कोषलाई लेखी पठाइएको ।

५. शाही नेपाल वायुसेवा निगम, बजार व्यवस्था विभागका प्रबन्धकले उडान भाडामा अनियमितता गरी परिपत्र गरेको कारणबाट निगमलाई अमेरिकी डलर ५,१५,४३५।१७ नोक्सानी परेको भन्ने विषयमा अनुसन्धान गर्दा निगमले विगतको गल्तीलाई सच्याई उपर्युक्त परिपत्र गरेको देखिन्छ । यसरी सम्झौता लागू गराउँदाको अवस्थामा हेलचक्राई गरिएको भए तापनि कोरियन एयरलाइन्सलाई निगमले बढी रकम तिरी नसकेको र दुवै एयरलाइन्सका वीचमा आपसी छलफल चलिरहेकोले निगमको हितलाई ख्याल गरी सकेसम्म चाँडो उक्त विवाद सुल्झाई यस आयोगलाई जानकारी दिन र त्यसरी सम्झौता लागू गर्दा हेलचक्राई गरी परिपत्र निकाल्ने निर्णय गर्ने सम्बन्धित अधिकृतहरुलाई सचेत गराउन आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

६. तत्कालीन होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र भवनको नयाँ भवन पानी ट्याङ्की निर्माण सम्बन्धी परामर्श दाता छनौट कार्यको सिलसिलामा प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा योगेश्वरकृष्ण पराजुलीको शैक्षिक योग्यता स्नातक भएकोमा स्नातकोत्तर सरहको अंक दिई मूल्यांकन गरी अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएकोले तत्कालीन भवन बिभाग अन्तर्गतका सिनियर डिभिजनल इन्जिनीयर बालकृष्ण श्रेष्ठलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा र तत्कालीन होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रका शाखा प्रमुख केशवराज शिवाकोटीलाई सचेत गराउन नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, संचालक समितिमा लेखि पठाइयो । त्यसै गरी बोलपत्रको मूल्यांकन गर्दा अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएको हुँदा सो मूल्यांकन समितिका सदस्य, तत्कालीन होटल व्यवस्था तथा पर्यटन तालिम केन्द्रका केशवप्रसाद थपलियालाई सचेत गराउन नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, संचालक समितिमा र पर्यटन मन्त्रालयका तत्कालीन लेखा अधिकृत, बद्रीराज अर्याललाई सचेत गराउन आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

(ट) <u>स्थानीय विकास मन्त्रालय वा अन्तर्गत</u>

१. ग्रेड थपको निर्णय गर्ने अधिकारीलाई कारवाही गरी पाउँ भन्ने विषयको उजूरी उपर छानवीन हुँदा ग्रेड सम्वन्धी कारवाही रीत पूर्वक भएको नदेखिएकोले काठमाडौं महानगरपालिकाका निमित्त कार्यकारी अधिकृत (नगरपालिका सचिव) सूर्य प्रसाद सिलवालको तहबाट गरिएको ३ ग्रेड थप विषयक २०५९।३।१२ को निर्णय रद्द गराउन र अव आयन्दा यस्तो वेरीतको निर्णय हुन नदिन सम्वन्धित अधिकारीलाई सचेत गराउन आयोगको मिति २०६०।१०।२९ को निर्णयानुसार स्थानीय विकास मन्त्रालय मार्फत् काठमाडौं महानगरपालिका कार्यालयलाई निर्देशन दिन लेखी पठाइएको ।

२. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा थप अनुसन्धान गर्दा तत्कालीन कार्यकारी अधिकृत जीवनाथ पोखरेल, पशुपति पोखरेल र कृष्णप्रसाद दास कुसुमले सरकारी निर्देशन विपरीत चुंगी तथा सवारी कर ठेक्का लगाउने निर्णय कार्यान्वयन रोक्न नसकेका तर निजहरुले जन प्रतिनिधिहरुको दवावपूर्ण व्यवहारका कारण उक्त कामहरु गर्न असमर्थ रहेको व्यहोरा खुलाए अनुसार परिस्थितिको अध्ययन गर्दा आपत्ति जनाउँदा जनाउँदै पनि दबाबमा काम गर्नु परेको पुष्टि भएको र आयोगको अनुसन्धानमा सहयोगात्मक भूमिका निर्वाह गरी आएकाले निजहरुलाई आयोगको साक्षीको रुपमा अदालत समक्ष

प्रस्तुत गर्ने र सेवा निवृत्त कृष्णप्रसाद दास कुसुम बाहेक अन्य श्री ५ को सरकारका कर्मचारीलाई सचेत गराउन आयोगको मिति २०६१।२।४ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

३. इटहरी नगर पालिकाले नयां वसपार्क जोड्ने लिङ्केज ब्रिज निर्माण गराउदा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा सो नगरपालिकाका इन्जिनियर अर्जुन कुमार दाहाल र जुनियर इन्जिनियर कैलाश तिमल्सिनाले उक्त काम हुने स्थानको विस्तृत अध्ययन नै नगरी तथा भौगर्भिक अवस्थाको विश्लेषण पनि नगरी मेशीनरी प्रयोग हुने उक्त कामलाई उपभोक्ता समिति मार्फत काम गराउने गलत मनशायबाट हचुवा रुपमा डिजाईन इष्टिमेट तयार गरेको र पछि मेशीनरी औजारको प्रयोग समेत गर्नु परेकोले लागत इष्टिमेट बढेको भनी शुरु इष्टिमेटको ५५ प्रतिशत भन्दा बढी फरक लागत बढाएको देखिएको कार्य अनुचित भएकोले सो कार्यमा संलग्न उपर्युक्त प्राविधिकहरुलाई अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन र ठूलो मात्रामा लागत इष्टिमेट फेर वदल हुंदा पनि सम्वन्धित व्यक्तिहरुलाई कुनै कारवाही नगरी उक्त काम गराई भुक्तानी दिई अनुचित कार्य गरेको देखिएकोले सो कार्यमा संलग्न देखिएका सो नगरपालिकाका तत्कालीन सचिव दिलीप कुमार चापागांईलाई सचेत गराउन आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लेखी पठाइएको ।

४. काठमाडौं महानगरपालिकाका सहायक कार्यकारी अधिकृत गोपालप्रसाद पराजुलीले मिति २०५९।१२।१७ मा स्थानीय विकास मन्त्रालयलाई मिति २०५९।७।१२ मा विक्रम अधिकारीले गरेको आदेश सम्बन्धमा जानकारी पठाउँदा कानून बमोजिम भए गरेको भनी लेखी पठाएको र सोही सम्बन्धमा यस आयोगलाई मिति २०६०।६।२६ मा जानकारी पठाउँदा गैरकानूनी काम भएको भनी लेखी पठाएको देखिंदा र निजको बयानबाट सो कुरा पुष्टि पनि भएकोले एक जिम्मेवार अधिकृतबाट माथिको आदेशानुसार पत्र पठाएको भन्न नमिल्ने हुँदा निजलाई सचेत गराउन आयोगको मिति २०६१।२।११ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइएको ।

५. सप्तरी जिल्लाको वकधुवा गा.वि.स.वडा नं.७ र ९ मा पर्ने पर्ती जग्गालाई श्री ५ को सरकारको स्वीकृती नै नलिई सोही गा.वि.स.का तत्कालीन अध्यक्ष र सचिव समेतको मिलोमतोमा विभिन्न व्यक्तिहरुलाई विक्री वितरण गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा श्री ५ को सरकारले निर्णय गरे बाहेकको अवस्थामा सरकारी जग्गा कुनै प्रयोजनार्थ कसैलाई दिन नमिल्ने हुंदा उक्त वकधुवा गाँउ विकास परिषद र गाँउ विकास समितिले निर्णय गरी विभिन्न व्यक्तिहरुलाई वितरण गरेको कार्य अनुचित देखिन आयो । तसर्थ कानून विपरीत वितरण गरेको उल्लेखित जग्गाहरुको संरक्षण गर्न र सो जग्गामा कुनै संरचना बनिसकेको भए ऐन बमोजिम कारवाही गर्न प्रमुख जिल्ला अधिकारी, सप्तरीलाई लेखि पठाउने । अव आइन्दा यस्तो कार्य कुनै स्थानीय निकाय वा पदाधिकारीबाट समेत नदोहरिने तर्फ सतर्कता अपनाउन स्थानीय विकास मन्त्रालयलाई सुझाव दिनुका साथै उक्त गा.वि.स.का तत्कालिन सचिव कासिम मिंयालाई यस्तो गैर कानूनी कार्यमा सरिक भएको देखिएबाट निजलाई सचेत गराउन आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार लेखी पठाइएको ।

(ठ) <u>स्वास्थ्य मन्त्रालय वा अन्तर्गत</u>

१. शाही औषधि लिमिटेडमा विभिन्न किसिमका अनियमितताहरु भएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा सहायक पाँचौ तहका कर्मचारी रमेश वहादुर श्रेष्ठ अनुपस्थित रहेको अवधिलाई तत्कालिन महाप्रवन्धक राजेन्द्र वहादुर तुलाधर समेतले हाजीर मिलाई दिएर तलव भुक्तानी दिएको भन्ने उजूरी सम्वन्धमा हाजीर रजिष्टरको निरीक्षण गर्दा विवादित वर्षहरु मध्ये २०५६ सालको वैशाख, जेष्ठ, आषाढ र श्रावण महिनाहरुको हाजिरी रेकर्डमा अनुपस्थित रहेको र हाजिर गरेको देखिएकोले उल्लेखित ४ महिनाको हाजिरी रेकर्डमा गयल कट्टी जनाई उक्त अवधिको तलव भत्ता रु. १८,८१८।८० तीन महीना भित्र भरी भराउ गर्न तथा निज अनुपस्थित रहेको अवधिलाई उपस्थित भएको भनी सिफारिश गर्ने प्रशासनका

वरिष्ठ अधिकृत दिपक प्रसाद ढुंगेललाइ सचेत गराउन आयोगको मिति २०६०।६।७ को निर्णयानुसार कम्पनीको संचालक समितिका अध्यक्षलाई लेखी पठाइएको ।

२. वीर अस्पतालको रेडियोलोजी यूनिटमा काम गर्ने रेडियो ग्राफर रामचन्द्र साहले चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज क्याम्पसमा वी.पी.एच. अध्ययन गरी दोहोरो हाजिरी गरी वीर अस्पतालबाट तलब भत्ता लिनु खानु गरेको भन्ने विषयमा सञ्चित विदा स्वीकृत गराई बसेको अवधि बाहेकको अवधिको रकम निज रामचन्द्र साहबाट असूल उपर गरी निजलाई सचेत समेत गराउनु भनी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालमा आयोगको मिति २०६०।१२।३ को निर्णयानुसार लेखी पठाइएको ।

३. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, धनकुटाका तत्कालिन निर्देशक पदम बहादुर चन्द र शाखा अधिकृत कृष्ण प्रसाद चापागाईले सहायक तहका कर्मचारीहरु अस्थायी नियुक्ति गर्दा, सरुवा गर्दा र एक ठाँउबाट अर्को ठाँउमा काज खटाँउदा ठूलो रकम लिनु खानु गरी व्यापक भ्रष्टाचार गरेको तथा अन्य अनियमित कार्य गरेको भन्ने उजूरी उपर आयोगबाट अनुसन्धान गरी अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन र उपलब्ध प्रमाणहरुका आधारमा स्वास्थ्य सेवा विभागको दशौं तहमा कार्यरत डा. पदम बहादुर चन्द र शाखा अधिकृत कृष्ण प्रसाद चापागाईबाट पेश भएको स्पष्टीकरण आयोग समक्ष पेश हुँदा क्षेत्रीय निर्देशकको हैसियतले कर्मचारीहरु सरुवा गर्दा नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को परिच्छेद ४ को दफा २१ को उपदफा (१) (२) र (३) बमोजिम आधार पालना नगरी सरुवा गरेको देखिँदा भविष्यमा कानून बमोजिम मात्र सरुवा सम्बन्धी कार्य गर्न निज पदम बहादुर चन्द लाई सचेत गराउन आयोगको मिति २०६१।३।३ को निर्णयानुसार लेखी पठाइएको ।

परिच्छेद - ६
ध्यानाकर्षण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने कानूनी व्यवस्था भए अनुरुप गत आर्थिक वर्षमा विभिन्न निकायहरु र त्यहाँका पदाधिकारीहरुबाट जानाजान वा अन्जानवश भएका काम कारवाहीहरु तर्फ उनीहरुको ध्यानाकर्षण गराइएको विवरण तपसीलमा उल्लेख गरिएको छ ।

(क) भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत

१. मेलम्ची खानेपानी आयोजनाको टेण्डर प्रकृयामा अनियमितता भयो भन्ने उजुरी उपर छानविन गर्दा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मा रु. १ करोड भन्दा बढीको निर्माण कार्य सम्बन्धी ठेक्काको लागत अनुमान स्वीकृत भै सके पछि बोलपत्र आह्वान गर्नु भन्दा अघि राष्ट्रिय स्तरको पत्र पत्रिकाद्वारा दरखास्त आह्वान गर्न सकिने छ भन्ने उल्लेख भएकोमा मूल प्रवेश मार्ग निर्माण सम्बन्धमा मेलम्ची खानेपानी विकास समितिको ठे.प.नं. MDS/MAR-9 र MDS/MAR-10 को Pre-Qualification सूचना प्रकाशित गर्नु अगावै उक्त कामहरुको लागत अनुमान स्वीकृत हुनु पर्नेमा सो भए गरेको नपाईएकोले आइन्दा उक्त नियमको ब्यबस्था पालना गर्ने गराउने तर्फ आयोगको मिति २०६०।४।६ को निर्णयानुसार मेलम्ची खानेपानी विकास समितिलाई ध्यानाकर्षण गराइएको ।

२. चौथो सडक सुधार आयोजना अन्तर्गत Road Network Development Project (RNDP) को लागि परामर्शदाता छनौट सम्बन्धी कार्यमा धाँधली भयो भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा बोलपत्र मूल्याङ्कन उप-समितिले मूल्याङ्कन जस्तो संबेदनशील कार्य पर्याप्त कारण बिना होटलमा बसी गर्नु उचित देखिएन । तसर्थ आयन्दा बोलपत्र मूल्याङ्कन जस्तो कार्य गोपनियताका साथ गर्ने गराउने तर्फ सजग रहन आयोगको मिति २०६०।४।१५ को निर्णयानुसार सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइएको ।

(ख) श्रम तथा यातायात ब्यावस्था मन्त्रालय वा अन्तर्गत

१. वैदेशिक रोजगारमा जाने कामदारहरुको लागि अभिमुखिकरण तालीम प्रदान गर्ने संस्थाहरुको छनौट गरी सूचिकृत गर्ने कार्यमा अनुचित कार्य गरे भन्ने सम्बन्धमा यस आयोगबाट अनुसन्धान हुँदा नेपालबाट वैदेशिक रोजगारका लागि अदक्ष, अर्धदक्ष वा दक्ष जनशक्तिलाई विदेशमा पठाउँदा सम्बन्धित मुलुकको भौगोलिक, आर्थिक, सामाजिक अवस्था, संस्कृति, स्थिति तथा श्रम कानून वारे जानकारी दिने सम्बन्धी अभिमुखिकरण तालीम प्रदान गरी तालीम प्राप्त जनशक्ति पठाउने कुरा स्वभाविक नै देखियो । यस सम्वन्धमा इजाजतपत्र प्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्ने नै हुँदा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले निश्चित नीति र प्रक्रिया तयार गरी लागू गर्न आयोगको मिति २०६०।६।७ को निर्णयानुसार सो मन्त्रालयलाई ध्यानाकर्षण गराइएको ।

(ग) स्थानीय विकास मन्त्रालय वा अन्तर्गत

१. जिल्ला विकास समिति, वाराका सवओभरसियर मेघुप्रसाद जयसवालले उक्त कार्यालयमा रुजु हाजिर रहेको अवस्थामा भारतको पि.टी. दिनदयाल उपाध्याय मेमोरियल कलेजमा पढ्दै नपढी नियमित विद्यार्थीको रुपमा सम्मिलित भई आई. एस्सी. परीक्षामा पास भएको प्रमाणपत्र लिई सोही प्रमाणपत्रको आधारमा बेलारुसबाट एम.ई.पास गरेको भनी हालसम्म जागिर खाई रहेको भन्ने विषयमा अनुसन्धान गर्दा नियमित विद्यार्थीको रुपमा अध्ययनरत व्यक्तिलाई जिल्ला विकास समितिको सवओभरसियर पदमा हाजिर गराई तलव समेत खुवाएको जस्ता अनियमितता देखिएको सम्बन्धमा जिल्ला विकास समिति,

वारालाई अब आइन्दा यस्तो गल्ती नदोहोऱ्याउन आयोगको मिति २०६१।३।८ को निर्णयानुसार ध्यानाकर्षण गराइएको ।

२. इटहरी नगरपालिकाले नयाँ वसपार्क जोड्ने लिङ्केज ब्रिज निर्माण गराउदा ठेक्कापट्टा कार्यान्वयन भइसकेपछि ठूलो मात्रामा लागत इष्टिमेट फेर वदल हुँदा पनि सम्बन्धित व्यक्तिहरुलाई कुनै कारवाही नगरी उल्टै तिनै व्यक्तिहरुबाट उक्त काम गराई भुक्तानी दिई अनुचित कार्य गरेको देखिएकोले अव आइन्दा यस्तो कार्य कुनै पदाधिकारीबाट हुन नदिने तर्फ आवश्यक सतर्कता अपनाउन ईटहरी नगरपालिकालाई आयोगको मिति २०६१।३।८ को निर्णयानुसार ध्यानाकर्षण गराइएको ।

(घ) <u>स्वास्थ्य मन्त्रालय वा अन्तर्गत</u>

१. शाही औषधि लिमिटेडमा विभिन्न किसिमका अनियमितताहरु भएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा सो कम्पनीको सवारी साधनको मर्मत एवं इन्धन खर्च अनियन्त्रित देखिएको, आर्थिक प्रशासन सम्वन्धी नियम समय सापेक्ष नभएको, पदाधिकारी तथा कर्मचारीलाई दिने इन्धन आदि सुविधा पारदर्शी नभएकोले सुधार गरी व्यवस्थापनलाई चुश्त, दुरुस्त र सक्षम बनाउनका लागि निर्देशिका तयार गरी लागू गर्ने र नियमित अनुगमन गर्ने तर्फ सञ्चालक समितिलाई आयोगको मिति २०६०।६।७ को निर्णयानुसार ध्यानाकर्षण गराइएको ।

परिच्छेद - ७
सुझाव

अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा जानकारीमा आएको तथ्यहरुको आधारमा सम्वन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने व्यबस्था भए अनुरुप आर्थिक वर्ष २०६०।६१ मा दिइएको सुझावको विवरण निम्नानुसार छ ।

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. विभिन्न संस्थान र समितिहरुमा रहेको सञ्चालक समितिका अध्यक्ष र सदस्यहरुलाई दिइ आएको सुविधाहरुको हकमा आयोगको मिति २०६०।७।४ को निर्णयानुसार निम्न बमोजिम गर्न लेखी पठाइयो :

"श्री ५ को सरकार मन्त्रिपरिषद्बाट ०५७।२।२ मा सबै संस्थान र समितिका अध्यक्ष एवं सदस्यहरुको सुविधाका सम्बन्धमा निर्णय भएको देखिन्छ भने पुनः ०५९।३।२० मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका संस्थान र समितिहरुका हकमा मात्र बेग्लै निर्णय भएको देखिन्छ । त्यतिमात्र हैन, विभिन्न संस्थानहरु जस्तै कृषि विकास बैङ्क, राष्ट्रिय बिमा संस्थान, बुटवल धागो कारखाना इत्यादीमा उपर्युक्त निर्णय भन्दा पनि निकै बढी र फरक किसिमका सुविधाहरु सञ्चालक समिति स्वयंले निर्णय गरी दिइएको पनि देखिन्छ । साथै यस्ता संस्थान र समितिहरुको आर्थिक हैसियत बिग्रँदो रहेको अवस्था र त्यस्ता सुविधाहरु वीच कुनै तालमेल रहेको पनि देखिँदैन । अतः यस सम्बन्धमा, उपर्युक्त निर्णयहरु भन्दा बढी सुविधा लिने संस्थानका अध्यक्ष र सदस्यहरुबाट बढी लिएजति सुविधाका रकमहरु असूल उपर गर्ने, त्यस्तो सुविधा लिनेहरुलाई अब उप्रान्त यस प्रकारको कामको जिम्मा नदिने तथा यस सम्बन्धमा संस्थानको सञ्चालक समितिले आफू खुशी निर्णय गर्न नपाउने समेतका उपयुक्त व्यवस्थाहरु ३ (तीन) महिना भित्र गरी यस आयोगलाई जानकारी दिने ।"

२. वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का निमित्त कार्यकारी निर्देशक शंभुनाथ प्रसाद साहले इञ्जिनीयर ऋषि ठाकुरलाई राजनीतिमा लागेको भनि भविष्यमा परिषद्को सेवाको लागि अयोग्य नठहरिने गरी मिति २०५९।११।१८ मा अवकाश दिएको देखिन्छ । परिषद्का अधिकृत स्तरका कर्मचारीलाई अवकाश दिने अधिकार वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली, २०५८ को नियम ८.५ बमोजिम कार्यकारिणी समितिलाई मात्र भएकोमा आफुलाई अधिकार नै नभएको काम निज शंभुनाथ प्रसाद साहले गरी अनुचित कार्य गरेको देखिएकोले श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयलाई आयोगको मिति २०६०।७।१२ को निर्णयानुसार निम्न लिखित सुझाव दिने निर्णय भयो :-

(क) वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ अनुसार परिषद् स्वशासित संस्था भएको, परिषद्को नीति, योजना तयार गर्ने, कार्यक्रहरु स्वीकृत गर्ने, कार्यकारी निर्देशक नियुक्त गर्ने समेत दायित्व र अधिकार सहित सर्वोच्च निकायको रुपमा सञ्चालक परिषद् रहेको देखिन्छ । तर २०५८ साल मंसिर देखि माघ तक लगातार तीन पटकसम्म गणपुरक संख्या नपुगी सञ्चालक परिषद्को वैठक स्थगित भएको र त्यसपछि हालसम्म अध्यक्षले सञ्चालक परिषद्को वैठक नै नबोलाई परिषद्को प्रशासकिय प्रमुखको रुपमा ऐनले व्यवस्था गरेको कार्यकारी निर्देशक नियुक्त गर्ने प्रक्रियासम्म पनि शुरु हुन नसकेको अवस्था विद्यमान देखियो । साथै परिषद्को सम्पूर्ण काम कारवाही सञ्चालक परिषद्को स्वीकृती वेगर चलिरहेको देखिन्छ । अर्को तर्फ ऐन बमोजिम आफ्नो ४ वर्षे कार्यकाल भित्र अध्यक्षले काम नगरेमा वा निज काम गर्न नसक्ने भएमा के गर्ने भन्ने सम्बन्धमा ऐनमा कुनै व्यवस्था नहुनुका साथै अध्यक्ष, कार्यकारिणी समिति र कार्यकारी निर्देशक यी तीन अंगका काम, कर्तव्य र अधिकार वीच सामाञ्जस्य देखिएन । तसर्थ परिषद्को प्रचलिन ऐन नियममा भएको अव्यवहारिक प्रावधानको कारण

समेतले उत्पन्न भएको वर्तमान अवस्था र ५ वर्ष देखि लेखा अधिकृतलाई कार्यकारी निर्देशकको निमित्त भै काम काज गर्न लगाउनु परिरहेको अवस्था समेतलाई मनन् गरी परिषद्का सम्पूर्ण काम कारवाही ऐन, नियमको उद्देश्य अनुरुप सुचारु रुपले सञ्चालन गराउन परिषद्को वर्तमान ऐन, नियममा आवश्यक संशोधन गर्ने ।

(ख) वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ ले सञ्चालक परिषद्का अध्यक्षलाई वैठक भत्ता बाहेक अन्य पारिश्रमिक एंव सुविधा दिने व्यवस्था गरेको देखिदैन । वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली, २०५८ ले वैठक भत्ता, परिवहन सुविधा र आवास सुविधा दिने र काजमा खटिएको समयमा दैनिक तथा भ्रमण भत्ता दिने व्यवस्था गरेको देखियो । ऐन तथा नियममा भएको उपर्युक्त व्यवस्थाका अतिरिक्त, श्री ५ को सरकार मन्त्रिपरिषद्को मिति २०५५।४।४ को निर्णयबाट महेन्द्रनारायण निधीलाई र मिति २०५६।९।१ को निर्णयबाट नरेन्द्र मिश्रलाई मन्त्री सरहको पारिश्रमिक, सुविधा, गाडी पाउने गरी नियुक्ती गरिएको कार्य उचित नदेखिएकोले, अब उप्रान्त प्रचलित ऐन, नियमको परिधि भित्र रहेर मात्र पारिश्रमिक सुविधा तोक्ने गर्ने ।

३. शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र छानवीन कार्यक्रम तत्काल प्रारम्भ गर्ने सम्वन्धमा अपनाउनु पर्ने प्रक्रिया र सो सम्वन्धी निदेर्शिका सम्वन्धमा आयोगको मिति २०६०।११।१९ को वैठकबाट निम्नानुसार निर्णय गरी लेखी पठाइएको :

<u>शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र छानवीन सम्बन्धी प्रकृया र निर्देशिका श्री ५ को सरकारको नियन्त्रणमा रहेका संस्थानहरुको सम्बन्धमा :</u>

१. शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र छानवीन कार्यक्रम तत्काल प्रारम्भ गर्ने । यो कार्यक्रम खास अवधि भित्र सक्ने । संस्थानमा रहेका कर्मचारीहरुको संख्याको आधारमा २ महिना देखि ६ महिनासम्ममा सम्पन्न गरिसक्नु पर्ने । यो कामका लागि आवश्यक अधिकृत तथा सहायक कर्मचारीहरुको छुट्टै टोली गठन गर्ने र यो काम सम्पन्न नभएसम्म अन्य जिम्मेवारी नदिने । उक्त टोलीमा कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठतम अधिकृत संयोजक तोक्ने । त्यस्तो टोलीलाई कम्प्युटर, फोटोकपी, टाइप सुविधा, वाहन र लाग्ने अन्य खर्च समेत छुट्टयाई सुविधायुक्त बनाउने । त्यस्तो टोलीमा काठमाडौं उपत्यकामा भए सम्बन्धित मन्त्रालयको र उपत्यका बाहिर भए सम्बन्धित जिल्ला प्रशासन कार्यालयको एक जना प्रतिनिधि कर्मचारी पनि राख्ने ।

२. उपर्युक्त टोलीले कार्य प्रारम्भ गर्दा सबै भन्दा पहिले अधिकृत स्तर र सहायक स्तर गरी दुई भागमा आफ्ना कर्मचारीहरुलाई बाड्ने । कर्मचारीको त्यसरी वर्गीकरण गरीसकेपछि प्रमाणप छानवीनको काम अधिकृत स्तरको सबै भन्दा उपल्लो स्तरबाट थाल्ने ।

३. प्रमाणपत्रहरुको छानवीन प्रथम चरणमा भारतका बोर्ड र विश्वविद्यालयको हकमा मात्र शुरु गर्ने । त्यो शुरु गर्दा जसको अध्ययन सम्बन्धित निकायको मनोनयनबाट भएको छ र जो छात्रवृत्ति पाएर अध्ययन गरी आएको छ त्यसको छानवीन नगर्ने ।

४. माथि उल्लेख भए बमोजिमको कर्मचारीको विवरण र विभाजन गर्नका लागि आफ्नो निकायमा रहेका कर्मचारीहरुको व्यक्तिगत फाइलमा रहेका कागजातहरु चाँडै नै जिम्मामा लिई हाल्ने । ख्याल रहोस, व्यक्तिगत फाइलका कागजातहरु साटफेर गर्ने मौका कसैले पनि नपाओस । त्यसको राम्रो बन्दोबस्त सम्बन्धित निकायले मिलाउनु पर्छ । प्रत्येक फाइलमा भएका पत्रहरुको

पञ्जिकरण गरेको हुनु पर्छ । फाइल र आफूसित रहेको रेकर्डको आधारमा उपयुक्त प्रकरण २ बमोजिमको विवरण तयार गर्ने ।

५. प्रकरण २ बमोजिम छानवीन गर्नु पर्नेहरुको विवरणको तैयारी व्यक्तिगत विवरण राख्ने कार्यालयले गर्ने । अर्थात् जहाँ व्यक्तिगत विवरण रहन्छ सोही कार्यालयले माथि उल्लेख गरिए बमोजिमको टोली गठन गरेर काम थाल्ने ।

६. प्रकरण २ बमोजिम छानवीन हुने सम्बन्धित कर्मचारीहरु सित निजले पाएको शैक्षिक प्रमाणपत्रको सक्कल प्रतिको साथसाथै मौजुदा, ऐन, नियम, विनियममा उल्लेख गरिएका प्रमाणपत्र सम्बन्धित कागजातहरु जस्तै परीक्षाको प्रवेशपत्र, लब्धाङ्क पत्र, विदा स्वीकृतिको रेकर्ड, माइग्रेसन सर्टिफिकेट इत्यादि समेत निजसित भए गरेका अन्य सम्बन्धित कागजातहरु पेश गर्न म्याद तोक्ने र पेश गरेजति लिई सोको फोटोकपि नक्कल प्रति तैयार गरी सो नक्कल ठीक हो भनी निज सम्बन्धित कर्मचारीबाट प्रमाणित गराई राख्ने । सक्कल प्रति निजलाई नै फिर्ता दिने र सो कुरा समेत नक्कल प्रतिमा जनाउने ।

७. <u>छानवीन गर्दा देहायका कुराहरुलाई आधार बनाउने</u> :

(क) रेगुलर विद्यार्थी वा प्राईभेट विद्यार्थी कस्तो रुपमा परीक्षामा सम्मिलित भएको हो ।

(ख) त्यसरी परीक्षा दिन जाँदाको अवधिमा वा रेगुलर विद्यार्थीको रुपमा अध्ययन गर्दा सम्बन्धित निकायबाट विदा लिए नलिएको के हो हाजिरी रेकर्ड भिडाई यकिन गर्ने ।

(ग) कुन प्रयोजनको लागि पेश गरेको हो शुरु जागीर खानको लागि वा बढुवाको लागि ।

(घ) कर्मचारीले जागिरमा कसरी प्रवेश गऱ्यो कसैको तोक आदेशबाट पहिले ज्यालादारी वा अस्थायी अनि स्वत: स्थायी वा आन्तरिक प्रतियोगिताबाट स्थायी वा शुरुमै लिखित र अन्तर्वार्ता दिएर प्रवेश गऱ्यो । बढुवा हुँदा प्रमाणपत्रको आधारमा भयो वा परीक्षाबाट ।

(ङ) एउटै संस्थाबाट एउटै सालमा प्राप्त प्रमाणपत्रहरु एउटै साईज र पानामा छन् छैनन्, त्यस्ता प्रमाणपत्रहरुको प्रिण्ट स्तरयुक्त छ छैन, एउटै संस्थाबाट दिइएका प्रमाणपत्रहरुको लोगो फरक फरक छन् कि । प्रमाणपत्रहरुमा भएका हस्ताक्षरहरु एउटै हुनु पर्नेमा फरक फरक छन् कि भनी एउटै संस्थाका प्रमाणपत्रहरुलाई एक आपसमा भिडाई हेर्ने । मार्कसीट दिने शैक्षिक संस्थाले आफ्नो पूर्ण ठेगाना, टेलिफोन नम्बर आदि दिएको छ छैन? हेर्ने ।

(च) सम्बन्धित संस्थाको वेभसाइट भए सो समेतबाट भिडाई हेर्ने ।

(छ) उपयुक्त देखिएका अन्य कुराहरु ।

८. राष्ट्र सेवकको सेवामा प्रवेश गरेपछि कुनै राष्ट्र सेवकले सरकारी स्तरबाट मनोनयन भई विदेशी विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र बाहेक अन्य प्रकारबाट हासिल गरेको विदेशी विश्वविद्यालय/बोर्ड को शैक्षिक योग्यताको

प्रमाणपत्र प्राप्त गरेको भए देहायका कागजातहरु पेश गर्ने राष्ट्र सेवकको शैक्षिक प्रमाणपत्र छानवीन गर्दा देहायका कुराहरुलाई समेत आधार वनाउने ।

(क) लब्धाङ्कपत्र

(ख) प्रमाणपत्र

(ग) अवधि खुल्ने विदा लिएको प्रमाण

(घ) स्थानान्तर प्रमाणपत्र

(ङ) मिति र समय खुलेको परीक्षा कार्यक्रम

(च) परीक्षा शुल्क बुझाएको रसिद वा प्रमाण

(छ) प्रवेश पत्र

(ज) विद्यार्थी परिचयपत्र

(झ) रेगुलर रुपमा पढेको भए मासिक वा वार्षिक शुल्क बुझाएको रसिद

(ञ) रेगुलर रुपमा पढेको भए विश्वविद्यालय/बोर्ड रहेको स्थानमा बसोबास गरेको प्रमाणीत हुन सक्ने कुनै कागजात

(ट) परीक्षाफल प्रकाशित भएको पत्रिका (संभव भए) ।

९. सम्बन्धित संस्थाले भारतीय बोर्ड वा विश्वविद्यालयहरुमा आफ्नो तर्फबाट मानिस पठाई प्रमाणिकरण नगराउने । भारतीय संस्थाहरु सित एउटै निकाय अर्थात अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा आयोगबाट अधिकार प्रत्यायोजित गरिएको अधिकारीले मात्र सम्बन्ध राख्ने र यसरी शङ्कास्पद देखिएका कर्मचारीहरुको सम्पूर्ण प्रमाणपत्रहरुको स्पष्ट बुझिने छाँया प्रति दुई सेट प्रमाणपत्रको पछाडि सम्बन्धित संस्थाको छाप र व्यक्तिको सनाखत दस्तखत गराई पठाउनु पर्ने साथै उपरोक्त प्रमाणपत्रहरु शुरु नियुक्ति र बढुवा प्रयोजन के का लागि पेश गरेको हो सो समेत खुलाउनु पर्ने ।

१०. विभिन्न संघ संस्थाहरुले आयोगद्वारा मिति २०५८।६।२९ को निर्णयानुसार उपलब्ध गराएको नक्कली शैक्षिक प्रमाणपत्र छानवीन सम्वन्धी प्रकृया र निर्देशिका पठाउनु अगाडि नै आफ्ना कर्मचारीहरुको शैक्षिक योग्यताको प्रमाणपत्र छानवीन गर्न भारतीय वोर्ड तथा विश्वविद्यालयसँग संस्थागत रुपमा पत्राचार गर्दा ठीक हो भन्ने प्रमाणीकरण भई आएको शैक्षिक प्रमाणपत्रहरु आयोगमा पठाई रहनु नपर्ने । आयोगमा पठाइसकेको भए फिर्ता माग गर्ने ।

११. उपर्युक्त किसिमले छानवीन गर्दा त्यस्तो छानवीनको निष्कर्षबाट सङ्कास्पद देखिएकाहरुको हकमा त्यस्ता कर्मचारीहरुको प्रमाणपत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने । कसैले विदेशी विश्वविद्यालयको प्रमाणपत्र ल्याएको छ भन्दैमा त्यस्तो कर्मचारीहरुको अन्य कुनै कारणले दिएको राजीनामा वा निजले पाएको स्वैच्छिक अवकास नरोक्ने । आयोगमा पठाइएकाहरुको हकमा मात्र उनीहरुको राजीनामा स्वीकृत नगर्ने ।

१२. सम्वन्धित संघ संस्थाले छानवीन पश्चात सङ्कास्पद प्रमाणपत्र आयोगमा पठाउँदा सो प्रमाणपत्रसँग सम्बन्धित कर्मचारीको विस्तृत विवरण साथ पठाउने । (विस्तृत विवरण भन्नाले :-

नियुक्ति मिति, प्रकृया, हाल कार्यरत पद एवं कार्यालय, करार, अस्थाई, अवकास भईसकेको भए कहिले र कसरी भएको हो सो एवं स्थाई, अस्थाई, ठेगाना, टेलिफोन, फ्याक्स, इमेल भए सो समेत खुलाई पठाउने ।

१३. यसरी शङ्कास्पद प्रमाणपत्रहरु पठाउँदा प्रत्येक विश्वविद्यालय बोर्ड समितिको छुट्टा छुट्टै र धेरै संख्यामा भए वर्ष खुलाई छुट्टा छुट्टै राखी आयोगमा पठाउनु पर्ने ।

४. नक्कली शैक्षिक प्रमाणपत्रको समस्यालाई रोकथाम एवं नियन्त्रण गर्नका लागि गर्नु पर्ने कामहरुका लागि आवश्यक सुझाव दिन यस आयोगबाट मिति २०६०।६।२३ मा आयोगका सह-सचिव श्री सूर्य प्रसाद कोइरालाको संयोजकत्वमा सामान्य प्रशासन मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् र परीक्षा नियन्त्रण कार्यालयका अधिकृत प्रतिनिधि समेत रहेको गठित कार्य टोलीले पेश गरेको प्रतिवेदन समेतका आधारमा निम्न सुझावहरु कार्यान्वयन गर्न श्री ५ को सरकार (मन्त्रीपरिषद्) मा आयोगको मिति २०६१।२।१५ को निर्णयानुसार लेखी पठाईयो ।

सि.नं	सुझाव/निर्देशन	सुझाव कार्यान्वयन गर्न गर्नुपर्ने काम	कार्यान्वयन गर्ने निकाय	सुझाव कार्यान्वयन गर्ने अनुमानित समय
१	**<u>छनौट प्रक्रियामा कडाई गरिनुपर्ने</u> :** श्री ५ को सरकारका निकायहरु तथा सार्वजनिक संस्थामा सेवा प्रवेशको लागि प्रतिस्पर्धात्मक परीक्षा प्रणाली अर्थात् योग्यता प्रणालीलाई पूर्ण रुपमा लागु गरी सेवा प्रवेशको व्यवस्थामा कडाई गर्ने भनसुन तथा तोक आदेशको भरमा ज्यालादारी, अस्थायी तथा करारमा नियुक्ति गरी पछि यिनैहरुलाई स्थायी गर्ने परिपाटीको पूर्ण रुपमा अन्त्य गरिनु पर्ने ।	सेवा प्रवेशको लागि खुला प्रतिस्पर्धात्मक परीक्षा प्रणाली अर्थात् योग्यता प्रणालीलाई पूर्ण रुपमा लागु गरी सेवा प्रवेशको व्यवस्थामा कडाई गर्न कर्मचारी छनौट सम्बन्धी प्रक्रियामा सुधार गर्ने ।	श्री ५ को सरकारका निकायहरु तथा सार्वजनिक संस्थाहरु	तुरुन्त

२	**<u>प्रमाणीकरण गराउनु पर्नेः</u>** श्री ५ को सरकारका निकायहरु तथा सार्वजनिक संस्थामा कुनै पनि निकायमा सेवा प्रवेश हुना साथ नियुक्ति गरेको मितिले १ वर्ष भित्र नियुक्ति दिने निकायले नयाँ नियुक्ति पाएका कर्मचारीहरुको शैक्षिक प्रमाण-पत्रको प्रमाणीकरण देहाय बमोजिम गर्ने व्यवस्था मिलाउने :- क) नेपाल भित्रका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यता भएमा सिधै सम्बन्धित विश्वविद्यालय वा बोर्डमा सम्पर्क गरी प्रमाणीकरण गराईसक्नु पर्ने व्यवस्था हुनुपर्ने । ख) विदेशी विश्वविद्यालय वा बोर्डको शैक्षिक योग्यता भएमा त्रिभुवन विश्वविद्यालय वा उच्च माध्यमिक शिक्षा परिषद् वा परीक्षा नियन्त्रण कार्यालय वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् जससँग सम्बन्धित छ सोही संस्था मार्फत विदेशमा प्रमाणीकरणक लागि पठाई प्रमाणीकरण गराई सक्नु पर्ने व्यवस्था हुनुपर्ने ।	प्रमाणीकरण गराउनु पर्ने व्यवस्था आ-आफ्नो सार्वजनिक संस्थाको कर्मचारी संवन्धी ऐन/ नियमावली /विनियमावलीमा समावेश गर्ने ऐन/नियमावली/विनियमावली मा समावेस नहुन्जेलसम्मको लागि प्रशासकीय निर्णय गरी प्रमाणीकरण गराउने व्यवस्था तुरन्त लागू गर्नु पर्ने ।	निजामती सेवाको हकमा सामान्य प्रशासन मन्त्रालय, शिक्षकहरुको हकमा शिक्षा तथा खेलकूद मन्त्रालय विश्व-विद्यालयका शिक्षक/ कर्मचारीहरुको हकमा सम्बन्धित विश्वविद्यालयहरु माथि उल्लेख गरे बाहेकका सार्वजनिक संस्थाको हकमा ती संस्थाहरुको सञ्चालक समिति	१ वर्ष भित्र ३ महिना भित्र

३.	**बढुवा नियुक्ति सम्बन्धमा :** श्री ५ को सरकारका निकायहरु तथा सार्वजनिक संस्थाहरुमा हाल बहाल रहेका व्यक्तिहरुले बढुवा नियुक्ति भएको मितिले १ वर्ष भित्रमा बढुवा गर्ने निकायले (२) (क) र (ख) मा उल्लेख गरिए अनुसार प्रमाणीकरण गराई सक्नु पर्ने ।	नं. २ अनुसार	नं. २ अनुसार	नं.२ अनुसार
४.	**अध्ययन भर्ना गर्दा प्रमाणी-करण गराउने व्यवस्था :** नेपाल अधिराज्यभित्रका हरेक विश्वविद्यालयले विदेशी विश्वविद्यालय/ बोर्डहरुबाट एउटा शैक्षिक उपाधि हासिल गरिसकेपछि उपल्लो तहको लागि भर्ना हुनाको लागि आएका विद्यार्थीहरुको भर्ना गर्नु भन्दा पहिले नै सम्बन्धित विश्वविद्यालय/बोर्डहरुबाट त्यस्ता शैक्षिक प्रमाणपत्रहरुको प्रमाणीकरण गराएर मात्र भर्ना गर्ने व्यवस्था गर्ने ।	नेपाल अधिराज्यभित्रका हरेक विश्वविद्यालयले विदेशी विश्वविद्यालय/ बोर्डहरुबाट एउटा शैक्षिक उपाधि हासिल गरिसकेपछि उपल्लो तहको लागि भर्ना हुनाको लागि आएका विद्यार्थीहरुको भर्ना गर्नु भन्दा पहिले नै सम्बन्धित विश्वविद्यालय/बोर्डहरुबाट त्यस्ता शैक्षिक प्रमाणपत्रहरुको प्रमाणीकरण गराएर मात्र भर्ना गर्ने व्यवस्था गर्ने ।	त्रिभुवन विश्वविद्यालय, वा अन्य विश्वविद्यालय उच्च माध्यमिक शिक्षा परिषद् , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ।	१ वर्ष भित्र
५.	**अनुमतिपत्र प्रदान गर्दा प्रमाणीकरण गराउने व्यवस्थाः** पेशा गर्न अनुमति दिने हरेक पेशागत परिषद् तथा संघसंस्थाहरुले आफूकहाँ अनुमतिको लागि पेश भएका शैक्षिक प्रमाण-पत्रहरुको प्रमाणीकरण भईसकेको भए सो प्रमाण हेरेर र त्यस्तो प्रमाण नभए प्रमाणीकरण गराएर मात्र पेशागत अनुमति पत्र प्रदान गर्ने व्यवस्था गरिनुपर्ने ।	पेशा गर्न अनुमति दिने हरेक पेशागत परिषद् तथा संघसंस्थाहरुले आफूकहाँ अनुमतिको लागि पेश भएका शैक्षिक प्रमाण-पत्रहरुको प्रमाणीकरण गराएर मात्र पेशागत अनुमति पत्र प्रदान गर्ने व्यवस्था गर्न आ आफ्नो संस्थाको ऐन, नियमावली विनियमावलीमा समावेश गनुपर्ने ऐन/नियमावली/विनियमावलीमा समावेस नहुन्जेलसम्मको लागि प्रशासकीय निर्णय गरी उल्लेखित व्यवस्था तुरन्त लागू गर्नु पर्ने ।	पेशा गर्न अनुमति दिने पेशागत परिषद् तथा संघसंस्थाहरु र सम्वद्ध मन्त्रालयहरु बाट	१ वर्ष भित्र ३ महिना भित्र

६.	**छात्रवृत्तिको लागि पेश भएको योग्यता प्रमाणीकरण गराउने व्यवस्था :** छात्रवृत्तिको लागि पेश हुन आएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणीकरण गराएर मात्र छात्रवृत्ति प्रदान गर्ने । तर यो व्यवस्था लागू हुनु अगावै छात्रवृत्तिमा गएकाहरुको हकमा जुन शैक्षिक उपाधिको आधारमा छात्रवृत्तिमा अध्ययन गर्न गएको हो सो उपाधिको प्रमाणीकरण सम्बन्धित संस्थाले गर्नु पर्ने व्यवस्था हुनु पर्ने ।	यो व्यवस्था लागू हुनु अगावै छात्रवृत्तिमा गएकाहरुको हकमा कुनै पनि पेशागत संघ संस्थाहरु तथा नियुक्ति गर्ने निकायले आफूले पेशागत अनुमति दिदां वा नियुक्ति दिदां त्यस्ता व्यक्तिले पेश गरेको शैक्षिक उपाधि छात्रवृत्तिमा अध्ययन गर्न गई प्राप्त गरेको भएमा त्यस्तो छात्रवृत्ति प्राप्त गर्न निजले पेश गरेको शैक्षिक उपाधि प्रमाणीकरण गरेर मात्र पेशागत अनुमति पत्र वा नियुक्ति दिने व्यवस्था गर्ने ।	नियुक्ति गर्ने निकाय तथा पेशा गर्न अनुमति दिने पेशागत परिषद् तथा संघसंस्थाहरु	६ महिना भित्र
७.	**प्रमाणीकरण गरिदिनु पर्ने र जानकारी दिनुपर्ने :** श्री ५ को सरकारका सरकारी निकाय तथा सार्वजनिक संस्थाबाट प्रमाणीकरण गराईदिन अनुरोध भई आएमा त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले निम्नानुसार प्रमाणीकरण गरी सो को जानकारी दिने व्यवस्था गर्ने : क) नेपालभित्रका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताका प्रमाणपत्रहरु भए आ-आफ्नो अभिलेख हेरी प्रमाणीकरण सम्बन्धी कार्य गरी सो को जानकारी सम्बन्धित निकायलाई दिने ।	स्वदेशी तथा विदेशी शैक्षिक योग्यताको प्रमाणीकरण गर्नुपर्ने र सो को जानकारी दिनु पर्ने कुरा आ-आफ्नो संस्थाको कानूनमा समावेश गर्नुपर्ने भए समावेश गर्ने । कानूनमा समावेश गर्नु पर्नेमा कानूनमा समावेश नहुन्जेलसम्मका लागि प्रशासकीय निर्णय गरी प्रमाणीकरण गर्ने र प्रमाणिकरण भएको जानकारी दिने व्यवस्था तुरुन्त लागु गर्ने ।	शिक्षा तथा खेलकूद मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद् , परीक्षा नियन्त्रण कार्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्	१ बर्ष भित्र ३ महिना भित्र

	ख) विदेशी विश्वविद्यालय/ बोर्डहरुबाट प्राप्त शैक्षिक योग्यताको प्रमाणपत्रहरु भए सम्बन्धित विदेशी विश्वविद्यालय/ बोर्डहरुमा प्रमाणीकरण गर्न पठाई प्रमाणीकरण भई आएपछि सो को जानकारी सम्बन्धित निकायलाई दिने ।			
८.	**<u>प्रमाणीकरणबाट झूठ्ठा देखिएमा जानकारी दिनुपर्ने</u> :** पेशागत अनुमती प्राप्त गर्ने उद्देश्यले वा नियुक्ति वा वढुवाको प्रयोजनको लागि पेश गरेको उपाधि प्रमाणीकरणबाट झूठ्ठा देखिएमा त्यस्तो उपाधिका शैक्षिक प्रमाणपत्रहरु आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था गरिनु पर्ने ।	पेशागत अनुमती प्राप्त गर्ने उद्देश्यले वा नियुक्ति वा वढुवाको प्रयोजनको लागि पेश गरेको उपाधि प्रमाणीकरणबाट झूठ्ठा देखिएमा त्यस्तो उपाधिका शैक्षिक प्रमाणपत्रहरु आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था गरिनु पर्ने ।	निजामती सेवाको अधिकृतस्तरको हकमा सामान्य प्रशासन मन्त्रालयले, रा.प.अनं स्तरको हकमा सम्बन्धित मन्त्रालय/ विभागले । प्रहरीको हकमा प्रहरी प्रधान कार्यालयले । शिक्षकहरुको हकमा जिल्ला शिक्षा कार्यालयहरुले, त्रिभुवन विश्व विद्यालयका शिक्षक/कर्मचारी को हकमा त्रिभुवन विश्वविद्यालयले, अन्य सार्वजनिक संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिले ।	प्रमाणीकरण भएको जानकारी प्राप्तगरेको १ महिना भित्र

९.	**<u>पूर्व स्वीकृति लिएर अध्ययन गर्ने व्यवस्थाः</u>** श्री ५ को सरकारका निकाय तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारीहरुले आ-आफ्नो संस्थाको अख्तियार वालाको पूर्व स्वीकृति लिएर मात्र स्वदेश तथा विदेशमा अध्ययन गर्न तथा प्राइभेट रुपमा परीक्षा दिन पाउने व्यवस्था गर्ने ।	श्री ५ को सरकारका निकाय तथा सार्वजनिक संस्थामा कार्यरत कर्मचारीहरुले आ-आफ्नो संस्थाको अख्तियारवालाको पूर्व स्वीकृति लिएर मात्र स्वदेश तथा विदेशमा अध्ययन गर्न तथा प्राइभेट रुपमा परीक्षा दिन पाउने व्यवस्था आ-आफ्नो संस्थाको कर्मचारी संवन्धी ऐन/नियमावली /विनियमावलीमा समावेश गर्ने । ऐन/नियमावली/विनियमावलीमा समावेस नहुन्जेलसम्मको लागि प्रशासकीय निर्णय गरी उल्लेखित व्यवस्था तुरन्त लागू गर्नु पर्ने ।	निजामती सेवाको हकमा सामान्य प्रशासन मन्त्रालयले, शिक्षकहरुको हकमा शिक्षा तथा खेलकूद मनत्रालयले त्रिभुवन विश्व विद्यालयका शिक्षक/कर्मचारी को हकमा त्रिभुवन विश्वविद्यालयले । अन्य सार्वजनिक संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समिति ।	१ वर्ष भित्र ३ महिना भित्र

१०.	**<u>पूर्व स्वीकृति लिएर अध्ययन गरेको प्रमाणपत्र पेश गर्ने व्यवस्था</u> :** पूर्व स्वीकृति लिई अध्ययन गरी आफूले प्राप्त गरेको शैक्षिक योग्यताका प्रमाण-पत्रहरु शैक्षिक योग्यता प्राप्त गरेको मितिले एउटा निश्चित समय तोकी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।	उल्लेखित सुझाव कार्यान्वयन हुन आ-आफ्नो सार्वजनिक संस्थाको कर्मचारी सम्बन्धी ऐन/ नियमावली/विनियमावलीमा समावेश गर्ने । ऐन/नियमावली/विनियमावलीमा समावेस नहुन्जेलसम्मको लागि प्रशासकीय निर्णय गरी उल्लेखित व्यवस्था तुरन्त लागू गर्नु पर्ने ।	निजामती सेवाको हकमा सामान्य प्रशासन मन्त्रालयले, शिक्षकहरुको हकमा तथा खेलकूद मन्त्रालयले, त्रिभुवन विश्व विद्यालयका शिक्षक/ कर्मचारीको हकमा त्रिभुवन विश्वविद्यालयले, अन्य सार्वजनिक संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समिति ।	१ वर्ष भित्र ३ महिना भित्र

११.	**<u>हाल कार्यरत कर्मचारीले प्राप्त गरेको शैक्षिक योग्यता पेश गर्ने</u> :** हाल कार्यरत कर्मचारीहरुले सेवा प्रवेश गर्दा पेश गरेका शैक्षिक योग्यता वाहेक अन्य कुनै शैक्षिक योग्यता प्राप्त गरीसकेका भए एउटा निश्चित समयभित्र आफ्नो शैक्षिक योग्यताका सम्पूर्ण विवरण सम्बन्धित कार्यालय मार्फत केन्द्रिय अभिलेख राख्ने कार्यालयमा पेश गरिसक्नु पर्ने व्यवस्था मिलाउने ।	हाल कार्यरत कर्मचारीहरुले सेवा प्रवेश गर्दा पेश गरेका शैक्षिक योग्यता वाहेक अन्य कुनै शैक्षिक योग्यता प्राप्त गरीसकेका भए एउटा निश्चित समयभित्र आफ्नो शैक्षिक योग्यताका सम्पूर्ण विवरण सम्बन्धित कार्यालय मार्फत केन्द्रिय अभिलेख राख्ने कार्यालयमा पेश गरिसक्नु पर्ने व्यवस्था आ-आफ्नो संस्थाको कर्मचारी संवन्धी ऐन/नियमावली/विनियमावलीमा समावेश गर्ने । ऐन/नियमावली/विनियमावलीमा समावेस नहुन्जेलसम्मको लागि प्रशासकीय निर्णय गरी उल्लेखित व्यवस्था तुरन्त लागू गर्नु पर्ने ।	निजामती सेवाको हकमा सामान्य प्रशासन मन्त्रालयले, शिक्षकहरुको हकमा शिक्षा तथा खेलकूद मन्त्रालयले, त्रिभुवन विश्व विद्यालयका शिक्षक/कर्मचारीको हकमा त्रिभुवन विश्वविद्यालयले अन्य सार्वजनिक संस्थाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समिति ।	१ वर्ष भित्र ३ महिना भित्र

१२.	**<u>प्रतिस्पर्धात्मक प्रवेश परीक्षाको व्यवस्था</u> :** नेपालका विभिन्न विश्वविद्यालय एवं परिषद् अन्तर्गतका शैक्षिक संस्थाहरुमा भर्ना गर्दा प्राविधिक शिक्षामा जस्तै साधारण शिक्षाका सबै तहमा प्रतिस्पर्धात्मक प्रवेश परीक्षा अनिवार्य गर्ने ।	नेपालका विभिन्न विश्वविद्यालय एवं परिषद् अन्तर्गतका शैक्षिक संस्थाहरुमा भर्ना गर्दा प्राविधिक शिक्षामा जस्तै साधारण शिक्षाका सबै तहमा प्रतिस्पर्धात्मक प्रवेश परीक्षा अनिवार्य गर्ने ।	शिक्षा तथा खेलकूद मन्त्रालय, त्रिभुवन विश्वविद्यालय वा अन्य विश्व विद्यालय, उच्च माध्यमिक शिक्षा परिषद् , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ।	१ वर्ष भित्र
१३.	**<u>आपराधीक समूहको काम कारवाहीमा नियन्त्रण</u> :** नेपाल अधिराज्यका शैक्षिक संस्थाका प्रमाणपत्र, लब्धाङ्क पत्रका खाली प्रतिहरु चोरी गर्ने, वितरण गर्ने तथा स्वदेशी एवं विदेशी नक्कली प्रमाण-पत्र वितरण कार्यमा संलग्न आपराधीक समूह वा व्यक्तिको खोजी तथा कार्यवाहीको कार्य निरन्तर रुपमा अगाडि बढाउने व्यवस्था हुनु पर्ने ।	नेपाल अधिराज्यका शैक्षिक संस्थाका प्रमाणपत्र, लब्धाङ्क पत्रका खाली प्रतिहरु चोरी गर्ने, वितरण गर्ने तथा स्वदेशी एवं विदेशी नक्कली प्रमाण-पत्र वितरण कार्यमा संलग्न आपराधीक समूह वा व्यक्तिको खोजी तथा कार्यवाहीको कार्य निरन्तर रुपमा गर्ने ।	नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग ।	६ महिना भित्र त्यसपछि निरन्तर रुपमा ।

१४.	**दोहोरो प्रमाणीकरण गर्न नपर्ने:** माथि उल्लेख भएअनुसार प्रमाणीकरण गराउने सम्बन्धमा कुनै व्यक्तिको कुनै शैक्षिक योग्यताको एकपटक प्रमाणीकरण गराईसकेपछि पुन: पटक पटक सोही शैक्षिक योग्यताको प्रमाणीकरण गराईरहन नपर्ने व्यवस्था हुनुपर्ने ।	कुनै व्यक्तिको कुनै शैक्षिक योग्यताको एकपटक प्रमाणीकरण गराईसकेपछि पुन: सोही शैक्षिक योग्यताको प्रमाणपत्रको पुन: प्रमाणीकरण गराईरहन नपर्ने व्यवस्था गर्ने ।	सरोकारवाला संवन्धित निकाय	
१५.	**अनुगमनको व्यवस्था :** सेवा प्रवेश गर्दा, बढुवा गर्दा वा पेशागत अनुमति प्रदान गर्दा प्रमाणीकरण गराउनु पर्ने व्यवस्था गरिएकोमा प्रमाणिकरण गराए/नगराएको सम्बन्धमा निरन्तर अनुगमनको व्यवस्था गरिनु पर्ने ।	सेवा प्रवेश गर्दा, बढुवा गर्दा वा पेशागत अनुमति प्रदान गर्दा प्रमाणीकरण गराउनु पर्ने व्यवस्था गरिएकोमा प्रमाणिकरण गराए/ नगराएको सम्बन्धमा निरन्तर अनुगमनको व्यवस्था गरिनु पर्ने ।	राष्ट्रिय सतर्कता केन्द्र	६ महिना पछि निरन्तर रुपमा

द्रष्टव्य :- सार्वजनिक संस्था भन्नाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग) मा उल्लेखित संस्थालाई बुझाउँदछ ।

५. शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत दूर शिक्षा केन्द्र, सानोठिमी भक्तपुरमा काम गर्ने कर्मचारी र प्रेस मालिक मिलि छपाई सम्बन्धी काममा भ्रष्टाचार गरे भन्ने उजूरी सम्बन्धमा अनुसन्धान गर्दा बोलपत्र आव्हान गर्नु अघि के कति लागत लाग्छ भनि लागत अनुमान तयार गरी बोलपत्र आव्हान गर्दा बोलपत्रमा उल्लेख भएको दरको औचित्य निर्धारण गर्न सकिने देखियो । आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५६ को नियम ६४ मा सार्वजनिक निर्माण, मर्मत सम्भार वा सुधारका कार्य गराउँदा लागत अनुमान तयार गराउनु पर्ने उल्लेख छ । तर मालसामान खरिद गर्दा वा छपाई सम्बन्धी कार्य गराउँदा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख नभएकोले उल्लेखित नियमको ५८क. अनुसार खरिद योजना तयार गर्दा छपाई कार्य वा खरिद गर्ने मालसामानको स्पेसिफकेशनको अतिरिक्त लागत अनुमान पनि तयार गर्ने नियममा नै व्यवस्था गर्न श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई आयोगको मिति २०६१।३।९ को निर्णयानुसार लेखी पठाइएको ।

(ख) अर्थ मन्त्रालय वा अन्तर्गत

१. भ्रष्टाचार नियन्त्रणको सम्बन्धमा निरोधात्मक उपायको खोजी गर्ने सिलसिलामा नेपाललाई प्राप्त वैदेशिक सहयोगको प्राप्ति र उपयोग पारदर्शी र उत्तरदायीपूर्ण हुन सकेमा त्यसको अनुकूल प्रभाव पर्ने हुनाले त्यस बारेमा महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भएका कुराहरु तथा वैदेशिक सहायताको प्राप्ति र उपयोग सम्बन्धमा यस आयोगमा परेका विभिन्न उजूरीहरुलाई समेत विचार गरी केही मन्त्रालयहरुमा उपलब्ध भएको वैदेशिक सहायताको प्राप्ति र उपयोगका बारेमा यस आयोगबाट

अध्ययन गराउँदा देखिन आएको तथ्यको आधारमा यस सम्बन्धमा आयोगको मिति २०६०।१२।१० को वैठकबाट निम्न बमोजिमको निर्णय भयो :

- नेपालको आर्थिक विकासमा वैदेशिक सहयोगको महत्वपूर्ण योगदान रही त्यसको प्रभावकारी र समुचित ढङ्गबाट उपयोग गर्ने उद्देश्यले श्री ५ को सरकार अर्थ मन्त्रालयले वैदेशिक सहायता नीति, २०५९ प्रतिपादन गरेको छ । यद्यपि हालै यस आयोगबाट वन तथा भू-संरक्षण मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा विगत केही वर्षहरूमा वैदेशिक अनुदान सहयोगमा सञ्चालित आयोजनाहरू बारे सामान्य जानकारी लिने उद्देश्यले अध्ययन गराउँदा कतिपय आयोजनाहरु वैदेशिक सहायता सम्बन्धी प्रतिपादित नीति अनुरूप कार्यान्वयन भएको देखिएन । वैदेशिक सहायतासम्बन्धी विषयमा समन्वय गर्ने जिम्मेवारी अर्थ मन्त्रालयलाई भएकोमा मन्त्रालयसँग सम्पर्क तथा सहमति नै नलिई केही आयोजनाहरु सञ्चालनमा रहेको, आयोजनाहरुका लागि प्राप्त अनुदानको रकम खर्च गर्ने परिपाटि श्री ५ को सरकारले तोकेको मापदण्ड भन्दा फरक किसिमले दाताहरुको मनसाय बमोजिम हुने गरेको, आयोजना सञ्चालन सम्बन्धी विवरण र हिसाव किताव अद्यावधिक नरहेको, आर्थिक ऐन नियमले तोके मुताबिक खर्च गर्ने वा लेखापरीक्षण हुने नगरेको तथा आयोजनाका लागि प्राप्त स्रोत साधनहरू त्यसमा संलग्न कर्मचारीहरूले व्यक्तिगत लाभका लागि दुरुपयोग गर्ने गरेको जस्ता समस्याहरू विद्यमान रहेको देखिन्छ । यसबाट अख्तियारको दुरुपयोग गरी अनियमितता र भ्रष्टाचार गर्ने प्रवृत्तिले प्रश्रय पाइ रहेको प्रष्ट हुन्छ । वैदेशिक अनुदान सहयोग परिचालन सम्बन्धमा आयोगद्वारा गराइएको अध्ययनबाट देखिएका केही विसंगतिहरूलाई लिएर माननीय अर्थमन्त्री र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षसँग हाल सालै छलफल हुँदा त्यसमा विद्यमान समस्याहरुलाई हटाउन केही प्रकृयागत सुधार गर्नुपर्ने आवश्यकताबारे उहाँहरुले महसुस गर्नु भएको छ ।

- मुलुकको आर्थिक विकासका लागि प्राप्त वैदेशिक अनुदानको रकमको त्यस प्रकार दुरुपयोग हुन नदिन श्री ५ को सरकारले प्रतिपादन गरेको वैदेशिक सहायता नीति, २०५९ ले केही हदसम्म सघाउ पुऱ्याउने भए तापनि सो नीतिमा ज्यादै विस्तृत रूपमा उल्लेख भएका उपायहरूबाट मात्र सम्भव हुने देखिदैन । वैदेशिक सहयोग परिचालन गर्ने सवै मन्त्रालय तथा निकायहरूका लागि निश्चित मापदण्ड तयार गरी सो मुताविक अनुदान सहयोग प्राप्त गरी सञ्चालन गर्न गराउनु जरुरी देखिन्छ । यस सन्दर्भमा आयोगबाट श्री ५ को सरकारका सेवा प्रदायक विभागहरूलाई आफूले सम्पादन गर्दै आएका कार्यहरुलाई अझ बढी प्रभावकारी र गुणस्तरयुक्त रूपले सम्पादन गर्न सघाउ पुग्ने र त्यसको निरीक्षण अनुगमन गर्न सरल हुने हेतुले कार्यविधि निर्देशिका तयार गर्न अनुरोध भए मुताबिक कार्यविधि निर्देशिका तयार भई लागू हुने क्रममा रहेको छ । वैदेशिक सहयोग प्राप्ति र परिचालन सम्बन्धमा पनि दुरुपयोग रोकी प्रभावकारिता बढाउन राष्ट्रिय हित अनुकूल हुने गरी प्राथमिकता तोकी सम्बन्धित मन्त्रालय/विभाग/निकायहरूले अवलम्बन गर्नुपर्ने प्रक्रिया र पद्दतिहरूबारे स्पष्ट उल्लेख गरी तीन महिनाभित्र एक मार्गदर्शन पुस्तिका तयार गरी सम्बन्धित सबैलाई सो व्यवस्था अवलम्बन गर्न गराउन अध्ययन प्रतिवेदनको सारांश सो अध्ययन प्रतिवेदन सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत

१. नेपाल कृषि अनुसन्धान परिषद्मा बिभिन्न आर्थिक एवं प्रशासनिक अनियमितता गरे भन्ने विषयको उजूरी उपर यस आयोगबाट अनुसन्धान हुँदा सो परिषद् र अन्तर्गतका कार्यालयहरुमा अस्थायी/करार

सेवामा कार्यरत कर्मचारीहरुलाई भुक्तानी दिइएको ग्रेड उपलब्ध गराउन नमिल्ने भएकोले असूल उपर गर्न लगाउने भनी कार्यकारी समितिको ४८ औं वैठकले निर्णय गरेको देखिएको तर सो निर्णय कार्यान्वयन भएको नदेखिँदा उक्त निर्णय ३ महिना भित्र कार्यान्वयन गरी यस आयोगलाई जानकारी दिन अध्यक्ष, सञ्चालक समिति, नेपाल कृषि अनुसन्धान परिषद्लाई लेखि पठाउने निर्णय हुनुको साथै सो परिषद्लाई प्राप्त हुने रकम नेपाल अधिराज्य भित्रको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेमा विभिन्न फाइनान्स कम्पनीहरु समेतमा जम्मा गरेको देखिदा ऐनको प्रावधान बमोजिम गर्नु भनी कार्यकारी निर्देशक नेपाल कृषि अनुसन्धान परिषद्लाई आयोगको मिति २०६०।४।१३ को निर्णयानुसार लेखी पठाइएको ।

(घ) <u>गृह मन्त्रालय वा अन्तर्गत</u>

१. गैर नेपाली नागरिकलाई जिल्ला प्रशासन कार्यालय, काठमाडौका कर्मचारीहरुको मिलेमतोमा रिसवत लेनदेन गरी नेपाली नागरिकता र राहदानी वितरण हुने गरेको भन्ने सम्वन्धमा नरेन्द्र प्रसाद भण्डारी भन्ने व्यक्तिले रक्षा मन्त्रालयका शाखा अधिकृत राम प्रसाद पन्त समक्ष 'प्रतिलिपी नागरिकता वारे' भन्ने फारममा सिफारिस गर्न लैजाँदा निज शाखा अधिकृत राम प्रसाद पन्तलाई निज नरेन्द्र प्रसाद भण्डारीले रकम दिएको अनुसन्धानबाट नदेखिएको र निजले सो सिफारिस गर्न लानेसम्मको काम गरेको देखिदा नरेन्द्र प्रसाद भण्डारीको हकमा केही नगर्ने । निजले आफु सेवा मुक्त भए पश्चात पनि संयुक्त राष्ट्र संघिय पार्क विकास समितिको परिचय पत्र प्रयोग गरेको देखिएकोले, सो रद्द गर्न र सेवाबाट अलग भएका कर्मचारीले परिचय पत्र दुरुपयोग गर्न सक्ने अवस्था हुन नदिन आवश्यक कार्य गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको । साथै विभिन्न कारणले कागजात नष्ट भएका जिल्लाबाट जारी भएको भनि नक्कली नागरिकता बनाउने गिरोहले सो अवस्थाको फाइदा उठाई उक्त जिल्लाबाट जारी भएको भनि नक्कली नागरिकता बनाएको देखिएकोले नष्ट भएको कार्यालयको अभिलेख अद्यावधिक गर्न लगाउन गृह मन्त्रालयका सचिवलाई समेत आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार लेखी पठाइएको ।

२. नेपाल भारत मैत्री समाज नामक संस्था दर्ता गर्दा अनियमित गरे भन्ने विषयमा देहाय वमोजिम गर्न आयोगको मिति २०६०।७।४ को निर्णयानुसार गृह मन्त्रालयमा लेखी पठाइयो :

"संस्था दर्ता ऐन, २०३४ संस्था दर्ता नियमावली, २०३४ र श्री ५ को सरकारले संस्था दर्ता सम्बन्धमा गरेका निर्णयहरु र दिएका निर्देशनहरु मुताबिक जिल्लाहरुमा जिल्ला प्रशासन कार्यालयहरुले संस्था दर्ता गर्दा अपनाउनु पर्ने कार्यविधिमा एक रुपता नदेखिएको, कुन संस्था दर्ता हुँदा कुन मन्त्रालय, विभाग या अन्य सरकारी कार्यालयहरुको राय परामर्श लिनु पर्ने हो एकिन नभएको, संस्था दर्ताको अभिलेख विभिन्न जिल्लामा फरक फरक ढंगले राख्ने गरेको, संस्था दर्ता गर्दा कुनै जिल्लामा ढीलो र कुनैमा छिटो गर्ने गरेको, संस्था नवीकरण गर्दा हरेक वर्ष श्री ५ को सरकारको स्वीकृति प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने र सोको प्रतिवेदन स्थानीय अधिकारीलाई दिनु पर्ने कानूनी वाध्यताका वर्खीलाप पनि संस्था नवीकरण गर्ने गरेको, वर्षौसम्म नवीकरण नगरी संचालन भैरहेका संस्थाका सम्बन्धमा कुनै कारवाही नगरेको, जस्ता विभिन्न अनियमितताहरु भैरहेको सन्दर्भमा संस्था दर्ता गर्दा, नवीकरण गर्दा, अभिलेख राख्दा र अनियमित कार्य गर्ने संस्थाहरु माथि नियन्त्रण र कारवाही गर्दा अपनाउनु पर्ने प्रकृया बारे ७५ वटै जिल्लामा एक रुपता आउने गरी सुधारात्मक दृष्टिकोण राखी दुई महिनाभित्र कार्यविधि तयार पारी सो अनुसार गर्न गराउन र यस आयोगलाई जानकारी दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, ०४८ को दफा २८ (१) अनुसार गृह मन्त्रालयलाई सुझाव दिने ।"

३. गैरकानूनी रूपमा नक्कली पासपोर्ट बनाई देशी विदेशी गिरोहहरूसँग मिली अर्कैको पासपोर्टमा आफ्नो फोटो प्रयोग गरी नेपाल बाहिर जाने सिलसिलामा श्री ५ को सरकारका विभिन्न निकायहरूका

कर्मचारीहरूले समेत मोटो रकम लिई नेपाल बाहिर पठाउन सहयोग गरेको भन्ने विषयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयका कर्मचारीहरूको के कस्तो भूमिका रहेछ भन्नेतर्फ हेर्दा मिति २०५९।४।२५ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयमा सो दिन कार्यरत प्रमुख अध्यागमन अधिकृत विष्णुप्रसाद अर्याल, अध्यागमन अधिकृत द्वय खेमराज ओझा, रामजीप्रसाद मरासिनी र वरिष्ठ अध्यागमन सहायकहरू रामबहादुर रोका, कमलबहादुर कार्की, महेश पोखरेल समेतले आफ्नो जिम्मेवारी अनुरूप कार्य गरेको नदेखिएकोले निजहरूलाई विभागीय कारवाही गर्नु पर्नेमा यसै सम्बन्धमा गृह मन्त्रालयबाट भएको छानवीन अनुसार निजहरूलाई गृह मन्त्रालयबाटै निजामती सेवा ऐन, २०४९ को दफा ५९ अनुसार कारवाही भई सकेको पाइयो । अन्य व्यक्तिहरूको पासपोर्टमा फोटो परिवर्तन गरी विदेश जाने गणेश पौडेल, रविन गुरुङ्ग, श्रीनाथ सापकोटा, रामबहादुर कार्की, निशा लामा, सिमा गुरुङ्ग समेतले पासपोर्टमा जानी जानी फोटो परिवर्तन गरी विदेश गएको देखिएको र निजहरूबाट सो सम्बन्धमा अध्यागमन विभागले जनही रु. ९५,६२५।- धरौटी लिएको देखिएकोमा निजहरू यस आयोगमा तारिख गुजारी फरार रहेको हुँदा निजहरूका हकमा अध्यागमन ऐन अनुसार कारवाहीको लागि आयोगमा प्राप्त मिसिल समेत अध्यागमन विभागमा फिर्ता पठाउने र आयोगमा रहेको लगत कट्टा गर्ने । साथै यस सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयमा निम्न बमोजिमका कमी कमजोरी देखिएको र यस्ता किसिमका काम कारवाहीको पुनरावृत्ति हुन नदिन लागि अध्यागमन विभागलाई निम्न बमोजिमको निर्देशन दिने आयोगको मिति २०६१।१।८ को निर्णयानुसार लेखी पठाइएको:-

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयमा कार्यरत अध्यागमनका कर्मचारीहरूलाई सामान्य राहदानी सम्बन्धी ज्ञान समेत नदिई खटाई पठाउने गरेकोमा अब आइन्दा यसरी उक्त स्थानमा खटाई पठाउने कर्मचारीलाई पर्याप्त तालिम दिई दक्ष कर्मचारीहरू मात्र पठाउनुपर्ने ।

२. देशकै एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको अध्यागमन कार्यालयमा राहदानी चेक गर्ने एउटा मात्र यू.भि. लाईट भएको र सोको समेत उचित संरक्षण र सम्भार गर्न नसकी बारम्बार बिग्रेको अवस्थामा रहेकोले यस्तो अवस्था सृजना हुन नपाउनेतर्फ आवश्यक व्यवस्था मिलाउने ।

३. अवैध कार्यमा संलग्न गिरोहहरूले विकसित राष्ट्रका भिसा लागेका पासपोर्टहरू कुनै तरिकाबाट प्राप्त गरी सोमा भएको फोटो परिवर्तन गरी बारम्बार यस्ता घटना दोहोरिएका देखिएकोले हराएका पासपोर्टहरूका सम्बन्धमा समयमै जानकारी प्राप्त भए तापनि यस्ता पासपोर्टहरूको राम्रो रेकर्ड राखेको नदेखिएकोले यस्ता घटना दोहोरिने अवस्था विद्यमान रहेको हुँदा अध्यागमन कार्यालयहरूले यस्ता हराएका पासपोर्टहरूको कम्प्यूटरमा अध्यावधिक रेकर्ड राख्न लगाउने ।

(ङ) <u>भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत</u>

१. कृषि विकास बैङ्क, बैंकिङ कार्यालय भक्तपुरबाट कर्जा कारोबार गर्दा भक्तपुर स्थित मालपोत कार्यालयबाट जारी भएका जग्गा धनी दर्ता प्रमाण पूर्जाहरुमा उल्लिखित जग्गा के व्यहोराले कुन मितिमा स्वामित्वमा आएको हो सो खुल्ने प्रमाण सङ्केत महल नभरिएका, पूर्जा प्रमाणित गरिदिने अधिकृत समेतले प्रमाणित गरेको मिति उल्लेख गर्ने सम्बन्धमा एकरुपता नभएको र मोठ भिडाउने कार्यमा संलग्न कर्मचारीहरुको लापरवाही समेतको फाइदा उठाई बैङ्कलाई हानी नोक्सानी पुऱ्याउने दुराशय भएका ऋणी लगायतका व्यक्तिहरुले आफ्नो स्वामित्वमा तत्काल कायम नभएको जग्गा स्वामित्व कायम भएको देखाई धितो राख्न सफल भई कर्जा लिई र सो कर्जा नतिरी बैङ्कलाई हानि नोक्सानी पुऱ्याएको देखिन आयो । मालपोत कार्यालयमा अपनाउनु पर्ने सतर्कता र जिम्मेवारीमा भएको कमीकमजोरी, प्रचलनमा ल्याइएका सरकारी कागजपत्रको ढाँचाको अनेकता र प्रयोगको अनिश्चितताको

अवसरलाई उपयोग गरी बैङ्कलाई हानि नोक्सानी पुऱ्याउन सफल हुन सकेको देखिन्छ । तसर्थ यस्तो स्थितिको नियन्त्रणको लागि हाल प्रचलनमा रहेका जग्गा धनी प्रमाणपूर्जाको महलहरुमा दुरुस्त व्यहोरा उल्लेख गर्ने, प्रमाणित गर्ने कर्मचारीले दस्तखत गरेपछि अनिवार्य रुपमा मिति राख्ने लगायतका सुधारहरु गर्न आवश्यक व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सुझाव लेखि पठाइयो । यसैगरी यस्तो स्थितिको अन्त्यको लागि सम्बन्धित गाउँ विकास समिति/न.पा.को नक्साभित्रका कित्ता नम्बरको जग्गाको सरोकार पर्ने व्यक्तिले सरोकारको कित्ता नम्बर समेत उल्लेख गरी के प्रयोजनका लागि प्रिन्ट नक्सा माग गरेको हो, स्पष्ट खुलाई नक्सा माग गरेको अवस्थामा अख्तियार प्राप्त कर्मचारीले सकल ट्रेस नक्सासित रुजु गरी प्रमाणित गर्दा पूरा नाम थर र पद सहित दस्तखत गरी मिति राखी एमोनिया प्रिन्ट नक्सा दिने व्यवस्था गर्ने र नक्सा जुन प्रयोजनका लागि प्राप्त हो, सोही प्रयोजनमा मात्र उपयोगमा लिने प्रचलन कायम भएमा नक्साको दुरुपयोगबाट हानि नोक्सानी पुऱ्याउन सक्ने अवस्थाको अन्त्य हुन सक्ने हुँदा यसबारे आवश्यक व्यवस्था मिलाउन र भक्तपुर मालपोत कार्यालयका ११ जना कर्मचारीहरुलाई आफ्नो पदीय कर्तव्य पालन गर्दा पूर्ण सावधानी र सतर्कताका साथ गर्न आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. काठमाडौं जिल्ला मुलपानी गाउँ विकास समितिका अध्यक्ष भरत प्रसाद फुयांलले सरकारी जग्गा सोही गाउँ विकास समिति वडा नं. ८ स्थित ग्राण्ड नोर्लिङ्ग होटल्स रिसोर्टका नाउँमा दर्ता गरी भ्रष्टाचार गरे भन्ने बिषयमा अनुसन्धान गर्दा निज फुयाँलले सरकारी जग्गा ग्राण्ड नोर्लिङ्ग होटल्स रिसोर्टको नाउँमा दर्ता गरे गराएको देखिन नआएकोले निजको हकमा केही गरिरहनु परेन । फिल्डबुकमा खोला जनिएको कित्ता नं. ३८ सरकारी जग्गाको क्षेत्रफल ०-१०-१-० ग्राण्ड नोर्लिङ्ग होटल्स रिसोर्टको कम्पाउण्ड पर्खालभित्र घुसेको देखिन आएकोले सो रिसोर्टको कम्पाउण्ड पर्खाल भत्काएर पछाडी सारी सरकारी जग्गाको पूर्वस्थिति कायम गरी सरकारी नियन्त्रणमा राख्नका लागि आवश्यक जग्गा धनी प्रमाण पूर्जा समेत तयार गरी राख्ने । रिसोर्टको उत्तर पूर्वतर्फ गोकर्ण सफारी क्याम्पको पर्खालसँग जोडिएको रिसोर्टले उपभोग गरिरहेको कि.नं. ३७ को क्षेत्रफल. ०-१४-३-० रोपनी पर्ति जग्गामा समेत श्री ५ को सरकारको हक कायम गरी सो जग्गाको उचित उपयोग र वन्दोवस्त गर्ने गराउने कार्य तीन महिनाभित्र गरी आयोगलाई जानकारी दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई आयोगको मिति २०६०।९।१६ को निर्णयानुसार लेखि पठाइएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ३ बस्ने पञ्चनारायण महर्जन र सन्तुमाया महर्जनको निवेदन उपर यस आयोगमा छलफल हुँदा आयोगको मिति २०६०।१०।२८ को निर्णयानुसार देहाय वमोजिम गर्ने निर्णय भयो :

१) सावित बिष्णु गाउँ विकास समिति वडा नं. ४ कि.नं. २८ को जग्गा निजी गुठी सट्टा पट्टा गर्दा बाटो नदेखाई राजश्व उठाएको र उक्त जग्गामा ग्राभेल बाटो भएको भनी बिष्णु गाउँ विकास समितिबाट लेखी आएको । नापी शाखा चावहिलले पनि १२ फिटको ग्राभेल बाटो छ भनी लेखेको देखिंदा मालपोत मूल्याङ्कन समितिको तत्कालिन प्रचलित दररेट बमोजिम राजश्व नउठेको कुरा स्पष्ट देखिएबाट नपुग राजश्व उठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

२) उक्त सावित कि.नं. २८ फोड भै विभिन्न व्यक्तिहरुका नाममा सुक्री बिक्री भई गइसकेको र राजश्व असुल उपर गर्दा समेत बाटो नभएको मानी असुल उपर गरेको देखिंदा निजी गुठी सट्टापट्टा गरेको मितिदेखि हालसम्म जे जति तहमा उक्त जग्गाको कित्ता फोड भई सुक्रि बिक्री भै गएको भए पनि प्रत्येक कित्ताहरुबाट मालपोत मूल्याङ्कन अनुसार नपुग राजश्व प्रत्येक

व्यक्तिसँग असुल उपर गरी तीन महिनाभित्र आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

३) नेपाल अधिराज्यका नगरोन्मुख सबै गाउँ विकास समितिहरुको नापी नक्सालाई फिल्ड अनुसार घर बाटो नक्सामा अद्यावधिक गराउने व्यवस्था मिलाउन तथा प्रत्येक आर्थिक वर्षमा जग्गा मूल्याङ्कन समितिले जग्गाको मूल्याङ्कन गर्दा नगरोन्मुख सबै गाउँ विकास समितिहरुको समेत स्थलगत निरीक्षण गरी बाटो भए वा नभएको स्पष्ट रुपमा हेरी तद्नुरुप निर्णय पुस्तिकामा खोली निर्णय गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने ।

४. मालपोत कार्यालय, नुवाकोट र भूमिसुधार कार्यालय, नुवाकोटमा कार्यरत रहदा सनकमानसिं डंगोलले पहिले नै दर्ता भै प्रमाण पूर्जा पाएका विभिन्न स्थानमा रहेको, सार्वजनिक पर्ती वनदेवी गुठी समेतका जग्गाहरु आफ्नो र आफ्ना परिवारका सदस्यहरुको नाममा दर्ता गरी गलत र अनियमित गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा अदालतवाट भएको फैसलापछि पनि मालपोत कार्यालय नुवाकोटवाट एक पटक टुंगो लागिसकेको विषयमा निज सनकमान सिंहको निवेदनमा चार किल्ला कायम गर्न निर्णय गरी नापीमा पठाई स्थलगत नक्सा जाँच गराउने कार्य पुनः थालनी गरेको देखिंदा पुनः कारवाही शुरु गर्न लागेको देखिनाले नापी गर्नु अघि कानून बमोजिम सूचना प्रकाशित गरी स्थानीय कार्यालयहरुमा त्यस्तो सूचना टाँस गर्ने गरिएको पाइएता पनि गुठी संस्थान अधिनस्थ जग्गा भएको सवै स्थानमा उक्त संस्थानका कार्यालयहरु नरहेका हुन सक्ने हुनाले त्यस्तो नापीको सूचना सो क्षेत्र अन्तर्गतको संस्थानको कार्यालय र गुठी संस्थान केन्द्रीय कार्यालयमा पनि पठाईने व्यवस्था गरेमा संस्थानका जग्गा अन्य व्यक्तिको नाममा दर्ता भै जानवाट जोगिने हुंदा तत्सम्वन्धी व्यवस्था मिलाउनु उपयुक्त हुने सुझाव नापी विभाग र गुठी संस्थान केन्द्रीय कार्यालयमा आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार लेखी पठाइएको ।

५. काठमाडौं जिल्ला साविक चावहिल गाउँ विकास समिति वडा नं. ७(ख) कि.नं. २११ को क्षेत्र फल २-१३-३-० जग्गा हालको सर्भे नापीमा का.न.पा. वडा नं. ७ सिट नं. १०२-१०६७-०९ को कायम कि.नं. १५८ को क्षे.फ. १-४-०-३ जग्गा ०२१ सालको नापीबाटै पर्तिवास जनिई श्री ५ को सरकारका नाउँ दर्ता भएको सरकारी जग्गालाई हालै मालपोत कार्यालय चावहिलका कर्मचारी समेतको मिलोमतोमा गुणप्रसाद थपलियाकी श्रीमती तेजकुमारी थपलियाका नाउँ जग्गा दर्ता नामसारी गरी भ्रष्टाचार गरे भन्ने विषयमा यस आयोगबाट विस्तृत अनुसन्धान गर्दा सरकारी सार्वजनिक जग्गा पुनरावेदन नगएकै कारण व्यक्ति विशेषका नाउँ जग्गा दर्ता नामसारी हुन गएको देखिन आएकोले यी र यस्तै प्रकारका अन्य केसका सम्बन्धमा निम्न अनुसारको निर्देशन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई आयोगको मिति २०६१।२।१९ को निर्णयानुसार लेखी पठाईयो :

(१) देशभरीका सरकारी सार्वजनिक जग्गाहरुको लगत अद्यावधिक गरि भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सम्बन्धित जिल्लाको मालपोत कार्यालयलाई एक वर्ष भित्र अभिलेख राख्न लगाई त्यसको जानकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई उपलब्ध गराउने,

(२) जग्गा दर्ता गर्दा साविकको स्पष्ट लगतले जग्गा भिड्ने प्रमाण भएमा पनि उक्त जग्गा सरकारी सार्वजनिक हो, होइन स्पष्ट छानवीन गरि सरकारी सार्वजनिक नदेखिएमा मात्र दर्ता गर्ने व्यवस्था मिलाउने ।

(३) अदालतको फैसला अनुसार सरकारी सार्वजनिक जग्गा दर्ता गर्दा अन्तिम निकायको फैसला भएपछि मात्र गर्ने र अन्तिम निकायसम्म पुनरावेदन गर्ने म्याद हुँदाहुँदै पुनरावेदन नगर्ने कर्मचारीलाई कडा कारवाही गरि सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गर्ने,

(४) उल्लेखित कित्ताको सन्दर्भमा पुनरावेदन गर्नु पर्नेमा नगरिएको देखिएकोले सो कार्य नगर्ने कर्मचारीलाई आवश्यक कारवाही गर्ने, उल्लेखित जग्गा सरकारी सार्वजनिक गर्न सक्ने, कुनै कानूनी उपचारको व्यवस्था छ भने दृष्कृती सच्याउने कार्य गर्ने,

(५) सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण कार्यका लागि केन्द्रीय अनुगमन समिति गठन गरि त्यसको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(च) भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत

१. धादिङ्ग जिल्ला बैरेनी गाउँ विकास समिति वडा नं. ९ (ङ) कि.नं. १६१, ८२, १४२, १२३, १५७, १५२, १५५, १५१, १५९, १६२, १२०, ऐ. गाउँ विकास समितिको वडा नं. ५(ख)ल कि.नं. १५४,५३, ऐ. गाउँ विकास समिति वडा नं. ८(ज) कि.नं. ५,२६० थाक्रे गाउँ विकास समिति वडा नं. १(घ) कि.नं. ३०५ का जग्गाहरुको पृथ्वी राजमार्गमा के कति क्षेत्रफल परेको छ सो समेत एकिन गरी राजमार्ग ऐन अनुसार श्री ५ को सरकार सडक विभागका नाउँमा दाखिल खारेज गरी श्रेस्ता पूर्जा तयार पारी सो को जानकारी ३ महिनाभित्र यस आयोगमा पठाउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने । उल्लिखित कार्य नगर्ने पदाधिकारी उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन अनुसार कारवाही हुने व्यहोरा आयोगको मिति २०६०।१०।१ को निर्णयानुसार लेखी पठाइएको ।

२. सडक विभाग अन्तर्गत हेटौंडा- अमलेखगंज बीच पर्ने ४ नं. पुल मर्मत सुधार कार्य विशेष प्रविधिको काम हुनुको साथै बिभिन्न समस्याहरु दर्शाउँदै समयमै खुल्ला प्रतिस्पर्धा नगराई आर्थिक प्रशासन नियमावली, २०५६ को नियम ९१(१) हुंदा हुँदै नियम ६४(२) लाई आधार बनाई काम गराउन लागेको नियम सँगत नभएको भन्ने बिषयमा छलफल हुंदा परामर्शदाताको भनाईका कारण पुल मर्मत कार्य स्थगित गरी १८ महिना पछि पुनः अहिले सोही पुल मर्मत गर्न बढी खर्च समेत लाग्ने देखिएकोले अव उप्रान्त यस्तो बिषयमा विशेष ध्यान पुऱ्याउन आयोगको मिति २०६१।२।२२ को निर्णयानुसार सडक बिभागलाई लेखी पठाइएको ।

३. श्री ५ को सरकारको ५२% शेयर लगानी रहने गरी ग्रामिण आवास तथा वस्ती बिकास कम्पनी लिमिटेडको स्थापना भएको पाइयो । यस कम्पनीको प्रमुख उद्देश्य श्री ५ को सरकारबाट जग्गा र भवन प्राप्त गर्ने, कम्पनी आफैले कुनै व्यक्तिसँग जग्गा प्राप्त गर्ने, खरीद गर्ने, प्राप्त हुन आएका जग्गा र खरीद गरिएका जग्गाहरुमा आवश्यकता अनुसार सार्वजनिक स्थल, पार्क, सुरक्षित प्लट, हरित क्षेत्र, व्यापारिक क्षेत्र र औद्योगिक क्षेत्र लगायतका प्रावधान सहितको गुरु योजना तयार गरी विकसित घडेरी बनाई बिक्री वितरण गरी देशमा व्यवस्थित बस्तीहरुको विकास गर्दै लैजाने रहेको देखिन्छ । बर्तमान अवस्थामा उपर्युक्त खालका काम कारवाहीहरु विभिन्न निजी कम्पनीहरुले गर्न थालेको देखिन्छ । तसर्थ आर्थिक एवं प्रशासनिक दायित्वबाट मुक्त रहन आवश्यक र उपयुक्त देखिएकोले निजीकरण ऐन, २०५० अनुसार यस कम्पनीलाई तुरुन्त निजीकरण गर्न श्री ५ को सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय र श्री ५ को सरकार अर्थ मन्त्रालयलाई आयोगको मिति २०६१।३।७ को निर्णयानुसार लेखी पठाइएको ।

(छ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत

१. सवारी तथा यातायात व्यवस्थासँग सम्बन्धित विषयमा निम्न सुझावहरु श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६१।२।१९ को निर्णयानुसार लेखी पठाईयो :

१. कुनै पनि सवारी साधन शुरु दर्ता गर्दा ईन्जिन नम्वर र च्यासिस नम्वरको प्रष्ट र गुणस्तरीय फोटो खिचि प्रमाणित गराई सो सवारी साधनको फाइलमा राख्ने तथा सो सवारी साधन

अञ्चलिकरण भई (सरुवा सहमति लिई) अन्यत्र जाँदा सो फोटोहरु पनि सँगै पठाउने व्यवस्था गर्ने ।

२. एक अञ्चलबाट अर्को अञ्चलमा सवारी साधनको सरुवा सहमति लिई जाँदा (अञ्चलिकरण गर्दा) उत्पन्न भएका र हुन सक्ने समस्याहरुको पहिचान गरी समाधानका उपायहरु पत्ता लगाई त्यसको कार्यान्वयन गर्ने ।

३. कुनै पनि नयाँ मोडलको सवारी साधन शुरु दर्ता हुने अवस्थामा सो सवारी आयात गर्ने कम्पनीबाट सो सवारी साधनको आधारभूत प्राविधिक पक्षहरु खुलेको विवरण यातायात व्यवस्था कार्यालयले माग गर्ने र सो वमोजिमको सूचना कार्यालयका प्राविधिकहरु समक्ष प्रवाह गर्ने ।

४. यातायात व्यवस्था सम्बन्धी प्रशासनिक कार्य नेपाल प्रहरीद्धारा सञ्चालन गरिएको समयमा दर्ता भएका सवारी साधनहरुको लेजर राख्ने नगरिएको र त्यस समयका सवारी साधनहरुको फाइल नष्ट भएमा कार्यालयमा रेकर्ड नहुने हुँदा यस्ता लेजर नभएका सवारी साधनहरुको नाममा नयाँ सवारी साधन दर्ता गरेको पाइएकोले लेजर कायम नभएका यस्ता सवारी साधनहरुको समेत सम्बन्धित सवारीको फाइल र सवारी साधन समेतको परिक्षण गरी सोही आधारमा लेजर कायम गर्ने ।

५. सवारी साधनको नम्बर प्लेट वदली पहिचान वदल्न सक्ने भएकोले सवारी नम्बर प्लेटको गुणस्तर सुधार गर्न EMBOSSED Number Plate बनाउने तर्फ आवश्यक कार्य गर्ने ।

६. सवारी दर्ता प्रमाण पत्रमा सवारी धनी परिवर्तन (नामसारी) गर्ने पाना जस्तै नम्बर फेर बदल भएको उल्लेख गर्ने (निजीबाट भाडा, भाडाबाट निजी वा अन्य) र अञ्चलिकरण (ठाउँसारी) गर्ने पाना पनि राख्ने र कुनै पनि सवारी साधन शुरु दर्ता भए पछि सो सवारी साधन जहाँ जाँदा पनि सोही एकै सवारी दर्ता प्रमाण पत्रको प्रयोग गर्ने ।

७. सवारी दर्ता प्रमाण पत्रमा हुने सवारीको यान्त्रिक विवरण भएको पानालाई लेमिनेशन गर्ने व्यवस्था मिलाउने र हाल सवारीको यान्त्रिक विवरण भएको पानामा दर्ता गर्ने अधिकारीको सही गर्ने र कार्यालयको छाप लगाउने महल नभएकोले सो थप्ने ।

८. सवारी दर्ता प्रमाण पत्रको सिरियल नम्बर सो प्रमाण पत्रको सम्पूर्ण पानामा पर्ने गरी पञ्चिङ्ग गर्ने वा यान्त्रिक विवरण भएको पानामा पनि नम्बरको छाप लगाउने ।

९. सवारी साधनको कार्यालयमा रहेको लेजरमा र सो सवारी साधनको फाइलमा भएको कार्डमा कुन नम्वरको सवारी दर्ता प्रमाण पत्र उक्त सवारी साधनको नाममा जारी गरिएको हो सो खुलाउने महल थप गरी सो व्यहोरा उल्लेख गर्ने व्यवस्था मिलाउने ।

१०. यातायात व्यवस्था विभागले गरेका नीतिगत निर्णयहरुको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ज) <u>सूचना तथा सञ्चार मन्त्रालय वा अन्तर्गत</u>

१. नेपालमा छापा लगायतका संचार माध्यममा नेपाली नागरिकले खडा गरेका विभिन्न कम्पनीको बिदेशी कम्पनीले तुलनात्मक रुपले अत्यधिक शेयर लिई नेपाली तथा अँग्रेजी भाषामा प्रकाशित समाचार पत्रको प्रकाशन, बजार व्यवस्थापन र आर्थिक व्यवस्थापन समेत आफ्नो नियन्त्रणमा लिई सञ्चालन गरिरहेको भन्ने उजूरीको सम्वन्धमा हेर्दा प्रचलित कानूनले त्यसरी विदेशी लगानी गर्न नपाइने भनी स्पष्ट रुपमा किटान गरेको देखिएन । तर प्रकाशन व्यवसायमा वैदेशिक लगानी तथा व्यवस्थापनको बाहुल्यता देखिएको सम्बन्धमा प्रश्नहरु उठिरहेको तथ्यको सन्दर्भमा पत्रपत्रिका प्रकाशनको व्यवसायमा विदेशी

पूँजी र प्रविधि सम्बन्धी सरकारी नीति के हो ? त्यसबाट पर्न सक्ने नकारात्मक प्रभाव सम्बन्धमा के कस्तो संयन्त्र वा उपाय अपनाउनु पर्ने हो ? सो स्पष्ट भएको नदेखिएकोले राष्ट्रिय हित अनुकूल उपयुक्त नीति निर्धारण हुन र तदनुकूल कानूनी प्रावधान मिलाउनका साथै बिदेशी कम्पनीले ठूलो मात्रामा नेपालमा गरेको पूँजी निवेशको असर समाचार पत्र पत्रिका प्रकाशनको अतिरिक्त नेपालको राजस्व लगायतका अन्य क्षेत्रमा परेको छ वा छैन र बिदेशबाट आएको रकमको उपयोग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले अन्य प्रयोजनको लागि भएको छ वा छैन ? सो बारे समेत विचार गरिनु उपयुक्त हुने आयोगलाई लागेकोले अनुसन्धानबाट देखिएका मुख्य मुख्य तथ्यहरु समेत उल्लेख भएको सुझाव सूचना तथा संचार मन्त्रालयमा आयोगको मिति २०६०।४।१५ को निर्णयानुसार लेखी पठाइएको ।

(झ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा अनियमित तवरले वाल्स किचेनलाई रेष्टुराँ तथा कफी सप सञ्चालनको ठेक्का दिई भ्रष्टाचार गरे भन्ने विषयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले आन्तरिक टर्मिनल भवनमा रेष्टुरेण्ट तथा कफी सप सञ्चालनको लागि टेण्डर मार्फत वाल्स किचेन एण्ड रेष्टुरेन्टका प्रोप्राइटर बालमुकुन्द प्रजापतिसँग सम्झौता गरी ठेक्का दिएकोमा सो ठेक्काको म्याद २०५९।४।१६ मा सकिएपछि स्थायी व्यवस्था नभएसम्मको लागि भनी विना प्रतिस्पर्धा सोही ठेकेदारलाई उक्त सेवा सञ्चालनको ठेक्का दिइएको देखिएता पनि त्यसको २ महिनापछि २०५९।६।२३ मा रेष्टुरेन्ट सञ्चालनको लागि टेण्डर आह्वानको सूचना प्रकाशित गरी प्रतिस्पर्धाबाट ठेक्का दिने प्रक्रिया शुरु गरिसकेको पाइएकोले यो विषय उपर केही गरिरहनु पर्ने देखिएन । तर यसै उजूरीको विषयमा अनुसन्धान गर्दै जाँदा मनपरी किसिमले यात्रुहरुसित भाडा असुल गर्ने लगायतका विभिन्न अव्यवस्थाहरु विद्यमान रहिरहेको पाईयो । त्यस्तै विमानस्थलको प्रशासन पनि प्रभावकारी र चुस्त नपाईएकोले ३ (तीन) महिनाभित्र प्रचलित कानून अनुसार प्रतिस्पर्धी एवं पारदर्शी प्रक्रियाद्वारा गुणस्तरयुक्त र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई लाभ पुग्ने गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सवारी सेवा सञ्चालन गरी गराई यस आयोगलाई जानकारी दिनु भनी नेपाल नागरिक उड्डयन प्राधिकरणका महा-निर्देशकलाई आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लेखी पठाइएको ।

(ञ) स्थानीय विकास मन्त्रालय वा अन्तर्गत

१. काठमाडौ महानगरपालिकामा कार्यरत पञ्जिकाधिकारी लेखनाथ पौडेलले तिब्बतीयन शरणार्थीहरुका नावालकहरुको जन्म दर्ता गर्ने काम आफ्नै डेरावाट गर्ने गरेको भन्ने विषयमा अनुसन्धान गर्दा आयोगको मिति २०६०।४।१५ को निर्णयानुसार श्री ५ को सरकारलाई निम्न बमोजिमको सुझाव दिने निर्णय भयो ।

(क) केही कर्मचारीहरुले आफूलाई प्राप्त अधिकार दुरुपयोग गरी सरकारी छाप लागेका कागजातहरु कार्यालय वाहिर लगेर शरणार्थीहरुको जन्म दर्ता लगायतका कामहरु गरी त्यस्ता दर्ता प्रमाणपत्र वितरण गरेको देखियो । यस्तो कार्यले मुलुकको परराष्ट्र सम्वन्धमा समेत असर पार्न सक्ने भएकाले अभिलेखहरु व्यवस्थित नभएका कारण हुने गरेका यस्ता कार्यलाई निरुत्साहीत गर्न गृह मन्त्रालयले स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी तीन महिना भित्र तिब्बतीयन शरणार्थीहरु (तिनीहरु सँग आश्रित नावालकहरु समेतको) को लगत लिई तथ्याङ्क (नाम, परिचयपत्र नम्वर, उमेर, वसोवास गरेको क्षेत्र, पेशा र परिवार संख्या) अद्यावधिक र व्यवस्थित गर्ने । मृत्यु भै सकेका शरणार्थीहरुको छुट्टै लगत खडा गरी परिचयपत्र वितरण गर्दा खडा गरेको अभिलेखमा सो व्यहोरा जनाई प्रमाणित गराई राख्नुपर्ने व्यवस्था गर्ने ।

(ख) परराष्ट्र मन्त्रालयले यात्रा अनुमति पत्र प्राप्त गरी नेपाल अधिराज्य छाडी विदेश गएका तिव्वती शरणार्थीहरु (आश्रित नावालकहरु समेत) को नाम, परिचयपत्र नम्वर, यात्रा अनुमति प्राप्त

मिति, संख्या, गएको देश, आदि खुलाई तीन महिना भित्र लगत अद्यावधिक र व्यवस्थित गर्ने । अब उप्रान्त नेपाल अधिराज्य बाहिर जाने शरणार्थीहरुको परिचयपत्र अनिवार्य रुपमा खिचि गृह मन्त्रालयमा बुझाउने र ती शरणार्थी नेपाल फर्कि आएमा गृह मन्त्रालयले आवश्यक जाँचबुझ गरी अभिलेखमा जनाई परिचय पत्र फिर्ता दिने व्यवस्था गर्ने ।

(ग) नेपालले जेनेभा महासन्धिमा हस्ताक्षर नगरेको, छुट्टै शरणार्थी सम्बन्धी नेपाल कानूनको अभाव रहेकोले कानून तर्जुमा नभएसम्म शरणार्थीहरुको बारेमा के कस्तो व्यवस्था गर्नु पर्ने हो आवश्यक नीति र सो को कार्यान्वयन प्रक्रिया तैयार गर्ने र शरणार्थीको अधिकार, कर्तव्य एवं दायित्व समावेश गरी गृह मन्त्रालयले निर्देशिका जारी गर्ने ।

(घ) हरेक वर्ष शरणार्थीहरुको नविकरण गर्ने गरिए तापनि निश्चित अवधि किटान गरी सो अवधि भित्र मात्र परिचयपत्र नविकरण गर्ने, तोकिएको अवधि गुज्रे पछि नविकरण नभए जति शरणार्थीको नाम र परिचयपत्र नम्बर उल्लेख गरी सार्वजनिक सूचना जारी गर्ने । तत्पश्चात पनि नविकरण नहुने जति शरणार्थीको लगत कट्टा गर्ने । लगत कट्टा भै सकेका शरणार्थीहरुको जानकारी UNHCR लाई समेत दिई तत्पश्चात सम्पर्कमा आउने शरणार्थी उपर अन्य विदेशी नागरिक सरह व्यवहार गर्ने वा के गर्ने हो श्री ५ को सरकारले निश्चत नीति बनाउने ।

२. काठमाडौं महानगरपालिका, कुलेश्वर निवासी प्रतापमणि उप्रेती र निरञ्जन के.सी. समेतले कुलेश्वर क्लबका अध्यक्ष समेतको मिलोमतोमा क्लबको रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिकाबाट २०५३ सालमा कुलेश्वर क्षेत्रमा नमूना शहर निर्माणको अवधारणा अनुसार उक्त क्षेत्रमा एउटा Healthy City Demonstration Project नामको परियोजना संचालन गर्ने उद्देश्यले रु. १० लाख रकम दिने गरी बजेट कार्यक्रम स्वीकृत गरी उक्त रकम काठमाडौं महानगरपालिका कुलेश्वर स्थित कुलेश्वर क्लबलाई शहरी क्षेत्र पूर्वाधार सुधार आयोजना मार्फत् प्रदान गरिएको देखियो । सो रकम खर्च गर्दा प्रक्रियागत त्रुटीहरु देखिएको, खर्च भएको रकमको पेश्की फछर्यौट हुन नसकेको समेत सन्दर्भमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाबाट क्लब लगायत अन्य सामाजिक संघ, संस्थाहरुलाई विकास निर्माण, जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु संचालन गर्ने उद्देश्यका लागि रकम उपलब्ध गराउंदा त्यस्तो रकमको दुरुपयोग हुन नपाउने गरी खर्चको अनुगमन, निरीक्षण र निर्देशन गर्ने, खर्चको गुणस्तर लेखापरीक्षण र औचित्य हेर्ने जिम्मेवार संयन्त्र सहितको "खर्च कार्यविधि निर्देशिका" तयार गर्न आयोगको मिति २०६०।६।७ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा कुनै खास प्रकृतिको निश्चित अवधिमा सम्पन्न हुने कामका लागि सम्बन्धित परिषद्ले परामर्श दातृ व्यक्ति वा संस्था वा कर्मचारीहरु करारमा लिन सक्ने व्यवस्था रहेको देखिन्छ । काठमाडौं महानगरपालिका कार्यालयले विभिन्न पदमा मासिक ज्यालादारीमा कर्मचारीहरुको नियुक्ति गरेको व्यहोरा उक्त प्रावधान अनुरुप नदेखिए तापनि हाल सबै कर्मचारीहरु हटिसकेको देखिदा यस तर्फ केही गर्नु परेन । आयन्दा यस प्रकारको नियुक्ति गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५२ को व्यवस्था बमोजिम गर्न काठमाडौं महानगरपालिका लगायत सबै स्थानीय निकायहरुलाई परिपत्र गर्न स्थानीय विकास मन्त्रालयमा आयोगको मिति २०६०।१०।६ को निर्णयानुसार लेखी पठाइएको ।

(ट) <u>स्वास्थ्य मन्त्रालय वा अन्तर्गत</u>

१. श्री ५ को सरकार र अन्य दातृ संस्थाबाट औषधी खरीद गरी क्षेत्रीय मेडिकल स्टोर मार्फत् सम्बन्धित उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी एवं जिल्ला स्वास्थ्य कार्यालयमा औषधी उपलब्ध गराउदै आएकोमा यस्ता औषधी र उपकरणहरु समयमा ती क्षेत्रमा नपुग्ने, गएका औषधीहरु पनि म्याद भुक्तान भई जाने,

कति औषधी कुन कुन क्षेत्रमा गयो अभिलेख नरहने र वितरण भएका औषधीको सही सदुपयोग हुन नसक्ने तथा औषधीहरु प्रति स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य क्षेत्रीय निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालयले सम्वेदनशीलता अपनाउने नगरेको र उक्त कार्यहरुको अनुगमन तथा निरीक्षण गर्ने नगरेको भन्ने व्यापक जन गुनासो सुन्नमा आएकोले यस सम्बन्धमा के भएको हो भन्ने बिषयमा स्वास्थ्य सचिव र स्वास्थ्य सेवा विभागका महानिर्देशक समेतलाई आयोगको बैठकमा बोलाई छलफल हुँदा स्वास्थ्य मन्त्रालय र सो अन्तर्गतका विभाग तथा कार्यालयहरुको आन्तरिक दिग्दर्शन ३ महिनाभित्र तयार गरी लागू गर्न सुझाव दिने र त्यस्तो दिग्दर्शनमा अन्य कुराहरुका अतिरिक्त निम्न विषयहरु समावेश गर्न आयोगको मिति २०६०।१२।२३ को बैठकबाट निर्णय भयो :-

(क) औषधी खरिद सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि (टेण्डर सम्बन्धी कार्यविधि प्रिक्वालिफिकेशन सम्बन्धी कार्यविधि एवं कम्पनी छनौट सम्बन्धी प्रक्रिया),

(ख) खरिद, औषधी उपकरण र अन्य स्वास्थ्य सम्बन्धी विषयमा निरीक्षण गर्ने व्यवस्था र निरीक्षणको कार्यविधि,

(ग) औषधी खरिद सम्बन्धी वार्षिक रुपमा जिल्ला स्वास्थ्य कार्यालयमा सिधै जाने रकमहरुबाट औषधी एवं उपकरण खरिद सम्बन्धी प्रक्रिया, आर्थिक नियमावली बमोजिम गर्नु पर्ने व्यवस्थाहरु र खरिद प्रक्रिया, र

(घ) स्वास्थ्यमा कार्यरत हरेक कर्मचारीहरुको कार्य विवरण ।

२. भरतपुर अस्पताल, चितवनमा विभिन्न स्वास्थ्यकर्मीहरुले विभागीय स्वीकृति विना अन्यत्र नोकरी स्वीकार गरेको, निरोगिता प्रमाणित गरि दिए वापतको सेवा शुल्क कर्मचारीले नै लिनु खानु गरेको भन्ने विषयमा अनुसन्धान गर्दा स्वास्थ्य सम्बन्धी प्रमाण पत्र वापत लिएको शुल्क अस्पतालमा दाखिला नगरी पुरै रकम चिकित्सक आफैले लिने कार्यलाई सम्बन्धित अस्पताल व्यवस्थापनले व्यवस्थित गर्न र कुनै पनि कर्मचारीले पूर्व स्वीकृति वेगर काम गर्न नपाउने व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालयलाई लिखित सुझाव दिइयो । सो निर्णयको जानकारी प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय चितवन र भरतपुर अस्पताल, चितवनलाई समेतलाई आयोगको मिति २०६१।१।३ को निर्णयानुसार लेखी पठाइएको ।

परिच्छेद - ८
आयोगबाट भएका अन्य कारवाहीहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी श्री ५, श्री ५ को सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने व्यवस्था भएको छ भने १२ख. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६०।६१ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको ।

१. भक्तपुर जिल्ला, वागेश्वरी गाउँ विकास समितिका तत्कालीन सचिव रामशरण गेलालले वागेश्वरी गाउँ विकास समितिको रकम हिनामिना गरे भन्ने विषयमा अनुसन्धान गर्दा निज गेलालबाट असूल गर्नु पर्ने रकम रु. २,३०,३१५।४० असूल उपर गरी यस आयोगलाई जानकारी दिन आयोगको मिति २०६०।४।६ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

२. डावर नेपाल (प्रा.) लि. र माछापुच्छ्रे हर्वल (प्रा.)लि.लाई वन मन्त्रालयबाट लौठ सल्ला संकलनार्थ इजाजत दिँदा वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ विपरीत दिई भ्रष्टाचार भयो भन्ने उजूरीको बिषयमा आयोगको मिति २०५९।१२।१३ को निर्णयको व्यहोरामा उल्लेख भएको "वन विभागबाट स्वीकृत EIA प्रतिवेदनमा उल्लेखित" भन्ने शब्दहरुको सट्टा "वन विभागबाट स्वीकृत IEE प्रतिवेदनमा उल्लिखित" भन्ने शब्दहरु रहनु पर्ने अर्थात उक्त निर्णयको उपरोक्त अंश खण्डमा रहेको "IEE" कायम गरी सच्याई यसको जानकारी सम्बन्धित सबैलाई दिन र यो निर्णय पूर्व निर्णय साथ राखी कानून वमोजिम गर्न आयोगको मिति २०६०।४।९ को निर्णयानुसार सम्बन्धित निकायमा लेखी पठाइएको ।

३. मालपोत कार्यालय र नापी शाखा, धादिङ्गका कर्मचारीले सरकारी कागजात किर्ते गरी भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान हुँदा नापी शाखा धादिङ्गका तत्कालीन सह-लेखापाल तोम प्रसाद भट्टराई समेतले जग्गा धनीहरुबाट गैर कानूनी तवरले रकम लिई किर्ते गरी सरकारी कागजात सच्याएको र जग्गाधनी राम बहादुर गुरुङ्ग समेतले उक्त किर्ते कार्य गर्न गराउन आर्थिक प्रलोभनमा पारी गैरकानूनी काम गरे गराएको पाइएकोले सरकारी कागजात किर्ते गर्ने गराउने सम्बन्धित कर्मचारी र व्यक्तिहरुलाई कानून वमोजिम कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा आयोगको मिति २०६०।४।१९ को निर्णयानुसार लेखी पठाइएको ।

४. नापी शाखा, धादिङ्गका तत्कालीन सह-लेखापाल तोम प्रसाद भट्टराई समेतको मिलेमतोबाट नापी शाखामा रहेको ट्रेस नक्शा खुर्कि सिमाना बढाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा यस आयोगबाट अनुसन्धान हुँदा निज तोम प्रसाद भट्टराई समेतको मिलेमतोमा सरकारी वन बुटेनको कित्तालाई व्यक्ति विशेषको कित्तामा गाभी सरकारी कागजात सच्याई किर्ते गरेको देखिन आएकोले किर्ते कागजातको महल अन्तर्गत कानूनी कारवाहीका लागि आयोगको मिति २०६०।४।१९ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, धादिङ्गलाई लेखी पठाइएको ।

५. जग्गा नापीका समयमा जग्गाधनी र मोही महल खाली भै नाप नक्शा भएकोमा नापी शाखा धादिङ्गका तत्कालीन सह-लेखापाल तोम प्रसाद भट्टराईले जग्गा धनी महलमा बालकृष्ण खकुरेलको नाम थप गरी किर्ते फिल्डबुक तयार गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा यस आयोगबाट अनुसन्धान हुँदा नापीका समयमा फिल्डबुकमा जग्गा धनी र मोहीको महल दुवै खाली रहेकोमा निज तोम प्रसाद भट्टराईले

राजकुमार खकुरेल र राम प्रसाद खकुरेल समेतबाट गैर कानूनी लाभ लिई सरकारी कागजातको जग्गा धनी महलमा बालकृष्ण खकुरेल भन्ने व्यक्तिको नाउँ थपी किसानको नाम थर वतन महलमा मसी लगाई सक्कल कागजात किर्ते गर्ने कार्य गरेको अनुसन्धानबाट देखिन आएकोले निज तोम प्रसाद भट्टराई, राजकुमार खकुरेल र राम प्रसाद खकुरेल उपर कानूनी कारवाहीको लागि आयोगको मिति २०६०।४।१९ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा लेखी पठाइएको ।

६. जग्गा नापीका समयमा किसानको महलमा बुटेन र अन्य महल खाली रही नाप नक्शा भएकोमा नापी शाखा, धादिङ्गका तत्कालीन सह-लेखापाल तोम प्रसाद भट्टराई समेतको मिलोमतोमा किसानको महलमा गंगा प्रसाद आचार्यको नाम थप गरी किर्ते फिल्डबुक तयार गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा निज तोम प्रसाद भट्टराईले गंगा प्रसाद आचार्य समेतको मिलोमतोमा कायम मुकायम नापी निरीक्षक राम विलास साहबाट प्रमाणित गराई किर्ते कार्य गरेको देखिन आएकोले कारवाही हुनका लागि आयोगको मिति २०६०।४।१९ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय धादिङ्गमा लेखी पठाइएको ।

७. कृषि अनुसन्धान परिषद्ले लिएको विभिन्न तहको परीक्षाको नतिजा प्रकाशन गर्दा अनियमितता गरेको भन्ने उजूरी उपर छानवीन हुँदा आयोगबाट मिति २०५८।५।२७ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी आयोगको अनुसन्धानबाट विवादित परीक्षा प्रक्रियामा संलग्न भएका मध्ये दुषित नतिजा प्रकाशनका लागि सहभागी भएका जिम्मेवार व्यक्ति को को हुन ? स्पष्ट खुल्ने गरी कानून बमोजिम निर्णय गर्नु भनी यस आयोगका नाममा मिति २०५९।५।२१ मा सर्वोच्च अदालतबाट भएको परमादेश, तत्सम्बन्धमा पेश भएको प्रतिवेदन र आरोपित पदाधिकारीहरुले दिएको स्पष्टीकरण उपर छलफल हुँदा कृषि तथा सहकारी मन्त्रालयका सह-सचिव सुरेश कुमार बर्मा, वरिष्ठ वैज्ञानिक डा. माधव जोशी, वरिष्ठ बाली रोग विज्ञ डा. सुन्दर कुमार श्रेष्ठ, सदस्य-सचिव एस.५, मुख्य वैज्ञानिक दुलारचन साहु पथिक र प्रशासकिय अधिकृत कुमाल बहादुर थापा समेतले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएको र निजहरुबाट अनुचित कार्यहरु भएको देखिएकोले विभागीय कारवाही गरी यस आयोगलाई जानकारी दिन भनी कृषि तथा सहकारी मन्त्रालयका सह-सचिवको हकमा कृषि तथा सहकारी मन्त्रालयमा र अन्यका हकमा नेपाल कृषि अनुसन्धान परिषद्मा लेखी पठाइयो । साथै हाल तत्कालीन अध्यक्ष एवं नेपाल कृषि अनुसन्धान परिषद्का तत्कालीन कार्यकारी निर्देशक ध्रुव जोशीको हकमा विभागीय अभिलेख राख्न नेपाल कृषि अनुसन्धान परिषद् र मन्त्रिपरिषद् सचिवालयमा आयोगको मिति २०६०।५।१० को निर्णयानुसार लेखी पठाइएको ।

८. परम्परादेखि मसानघाट रहेको सार्वजनिक जग्गालाई ६ नं. नापी गोश्वाराका प्रमुख समेतको मिलेमतोमा व्यक्तिको नाममा दर्ता गर्ने प्रयास गरे भन्ने उजूरीका सम्बन्धमा छानवीन हुँदा निवेदकहरुले छूट भएको भनि दर्ता माग गरेको जग्गामा कसैको हकदावी पुग्ने भए उजूर गर्नु भनि गोरखापत्रमा सूचनासम्म निकालिएको तर कुनै व्यक्तिका नाममा दर्ता भै सकेको नदेखिएकोले दर्ता गर्न छुट भएको भनिएका जग्गा दर्ताको लागि छुट जग्गा दर्ता सिफारिश समितिले सिफारिश गर्नु पर्दाको अवस्थामा कानून बमोजिम प्रमाणहरु एकिन गरी राम्ररी केलाई निर्णय गर्न ६ नं. नापी गोश्वारामा लेखी सो को जानकारी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई दिन आयोगको मिति २०६०।५।११ को निर्णयानुसार लेखी पठाइएको ।

९. बन तथा भू-संरक्षण मन्त्रालयका रेञ्जरहरुको वेतलवी अध्ययन विदालाई तलवी अध्ययन विदामा परिणत गरी अनियमितता गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त मन्त्रालय र अन्तर्गतका बिभागहरुमा कार्यरत रेञ्जरहरु रामप्रसाद वगाले, महेन्द्रराज वाग्ले, धनन्जय लामिछाने, विष्णुहरी आचार्य, राजुवावु थापा, राजेश्वरमान श्रेष्ठ, रामशरण गौतम, भ्यामनारायण सापकोटा, नथुनी गोहियार यादव र घनश्याम झाले निजी प्रयासमा वि. एस्सी फरेष्ट्रि अध्ययन गर्नको लागि पहिले

वेतलवी अध्ययन विदा लिएको र पछि निवेदन दिई सोही विदालाई तलवी अध्ययन विदामा परिणत गरेको देखियो । एक पटक स्वीकृत भै सकेको वेतलवी अध्ययन विदालाई तलवी विदामा परिणत गर्न नमिल्ने नियम हुँदा हुँदै तलवी अध्ययन विदा स्वीकृत गर्ने तत्कालीन सचिव रवि वहादुर विष्टको पछिल्लो निर्णय त्रुटिपूर्ण देखिन आएको तर निज निर्णयर्त्ता सेवा निवृत्त भै सकेको हुँदा निजको हकमा केही गरिरहनु नपर्ने तर उल्लिखित रेञ्जरहरुले अनुचित तवरवाट वेतलवी अध्ययन विदालाई तलवी विदामा परिणत गराई अध्ययन अवधि भरको तलव, भत्ता लगायतका रकम वुझि श्री ५ को सरकारलाई हानि नोक्सानी पुऱ्याएको हुँदा ती रेन्जरहरुवाट त्यस्तो रकम असूल उपर गर्न आयोगको मिति २०६०।५।१५ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

१०. काठमाडौं महानगरपालिका वडा नं ७ चाबहिलमा पर्ने सडक बाटोको जग्गा सोही ठाउँ बस्ने मानकुमारी श्रेष्ठले दुई आना जग्गा खरीद गरी ३ नं नापी टोलीका अमिन समेतलाई मिलाई सडक समेत घुसाई दर्ता नापनक्सा कायम गराई घर निर्माण गरी बसेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा कि.नं ६४ मा घर भएको र सो घरले दक्षिणतर्फ सार्वजनिक बाटोको भाग मिचेको, कि.नं. ६५ बदर भै हाल कायम हुन आएको कि.नं. ३५८ मा घरको जगले सार्वजनिक बाटो मिचेको र कि.नं. ६६ को जमीन हाल खाली रहेको देखिएकोमा हाल र साविकको नाप नक्सा एवं प्रमाण समेत हेरी भिडाई कानूनको रीत पुऱ्याई मिचिएको सार्वजनिक बाटोको जग्गा सार्वजनिक बाटोमा नै कायम गरी ३ (तीन) महिना भित्र यस आयोगलाई जानकारी गराउनको लागि आयोगको मिति २०६०।६।७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

११. शाही औषधि लिमिटेडमा विभिन्न किसिमका अनियमितताहरु भएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा सुवोध गिरी तत्कालीन संचालक समितिका अध्यक्ष, राजेन्द्र वहादुर तुलाधर तत्कालीन महाप्रवन्धक, दिवाकर विक्रम राणा तत्कालीन कायम मुकामय दशौं तह, गोपालचन्द्र शर्मा सातौ तह, केशवध्वज जोशी तत्कालीन एघारौं तह (हाल अवकाश प्राप्त), खगेन्द्र चुडामणि वज्राचार्य तत्कालीन आठौ तह (हाल अवकास प्राप्त), कुमार प्रसाद खनाल तत्कालीन कायम मुकायम एघारौं तह, महेन्द्रध्वज जोशी सातौ तह, श्याम कुमार श्रेष्ठ तत्कालीन कायम मुकायम छैठौं तहका पदाधिकारी एवं कर्मचारीहरुले व्यापार प्रवर्द्धन एवं जलपान शिर्षकमा अनुचित ढंगले खर्च गरेको कुरा निजहरुको वयान र प्राप्त कागज प्रमाणबाट समेत देखिएको हुंदा सो रकम ३ महीना भित्र असुल उपर गरी यस आयोगलाई जानकारी दिनु भनी आयोगको मिति २०६०।६।७ को निर्णयानुसार संचालक समितिका अध्यक्षलाई लेखी पठाइएको ।

१२. महोत्तरी, सुन्दरपुर गाउँ विकास समिति स्थित श्री ठाकुरजी (राम जानकी मन्दिर) को सार्वजनिक जग्गालाई लालविहारी दास भन्ने व्यक्तिले सर्भे नापीमा आफ्नो नाममा नापी गराई दर्ता गराए भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा मालपोत कार्यालय महोत्तरीले सो जग्गा सार्वजनिक जग्गा हो भनी जानकारी दिएको तर वि.सं. २०२५ सालमा नै उक्त जग्गाहरु लाल विहारी दास भन्ने व्यक्तिको नाममा दर्ता रहेको देखिंदा मालपोत ऐनमा "कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउंमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः वदर हुनेछ र त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा श्री ५ को सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ" भन्ने व्यवस्था भए वमोजिम सो जग्गा सम्वन्धमा जो जे बुझ्नु पर्ने वुझी सोही ऐन वमोजिम कार्य सम्पन्न गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६०।६।२९ को निर्णयानुसार मालपोत कार्यालय महोत्तरीलाई लेखी पठाइएको ।

१३. मालपोत कार्यालय, चावहिल र पशुपतिनाथ भण्डार तहविल कार्यालयका कर्मचारी र लोकनाथ पौडेलको मिलेमतोमा काठमाडौं जिल्ला जोरपाटीको वागमती नदीको सरकारी जग्गा दर्ता गर्न लागेकोले दर्ता नगरी संरक्षण गरी पाउं भन्ने निवेदन उपर अनुसन्धान हुँदा जग्गा खाने नियतले नारायणप्रसाद भट्टराई

मुख्य बनी कीर्ते जालसाजी कागजात तयार पारेको र अन्य व्यक्तिहरु लोकनाथ पौडेल र ज्ञानवहादुर मोक्तान समेत सो अपराध गर्न संलग्न देखिनाले निजले किर्ते गरेको कसूरमा आवश्यक कारवाही गर्न संकलन गरिएका कागजात समेतको सकल मिसिल र थुनामा रहेका नारायणप्रसाद भट्टराई र लोकनाथ पौडेललाई आयोगको मिति २०६०।८।११ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा लेखी पठाइएको ।

१४. पकनाजोल स्थित गौरीशंकर होटलले विद्युत लाइन चोरी गरेको कारणबाट काटिएको लाइन वापतको तिर्नु पर्ने जरिवाना नतिराई विद्युत प्राधिकरणले विद्युत लाइन जडान गरिदिएको विषयको उजूरी निवेदन उपर छानवीन गर्दा गौरीशंकर होटलले विद्युत चोरी गरेकोमा रु. ५,०५,०४९।६० जरिवाना गर्ने रायसाथ टिप्पणी उठेकोमा महा-प्रबन्धकले नयाँ नियमावली बमोजिम चेक गरी रायसाथ पेश गर्ने आदेश दिएको र त्यसपछि पहिले रायसाथ पेश गर्ने पदाधिकारी इन्जिनियर पंकजराज मिश्रले उक्त होटललाई रु ३२,९१९।२० क्षतिपूर्ति एवं जरिवाना गर्ने गरी पुनः टिप्पणी उठाई पेश गरेको रायलाई प्रबन्धक पुष्पराज खड्काले सदर गरेको देखियो । यस सम्बन्धमा आयोगबाट अनुसन्धान कारवाही शुरु गरेपछि निजहरुले उक्त हानी नोक्सानी तथा क्षतिपूर्तिको रकम रु. २१,३८,४३८।४० निर्धारण गरी पहिले गरेको गलत निर्णय सच्याएको समेत देखिन आयो । निज इन्जिनियर पंकजराज मिश्र र प्रबन्धक पुष्पराज खड्कासँग आयोगबाट स्पष्टीकरण माग गरिदा आफूहरुबाट त्यस्तो गल्ती जानाजान नभई अज्ञानताबस हुन गएको स्वीकार गरी स्पष्टीकरण पेश हुन आएको देखियो । निजहरुले प्राधिकरणलाई हानी नोक्सानी पुऱ्याउने मनसाय राखेर काम नगरेको भन्ने उल्लेख गरी गल्ती स्वीकार गरे तापनि आफ्नो कर्तव्य निर्वाह गर्दा लापरवाही गरेको देखिन आई सो हदसम्म स्पष्टीकरण सन्तोषजनक नदेखिनुका साथै प्रबन्धक पुष्पराज खड्का र इन्जिनियर पंकजराज मिश्रले आफ्नो पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिएकोले निजहरु माथि विभागीय कारवाही गर्ने र पछि सच्याइएको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई नोक्सान पर्न गएको रकम रु. २१,०५,५१९।२० विद्युत चोरी गरी महसूल छल्ने ग्राहक गौरीशंकर होटलबाट असूल उपर गर्ने र विद्युत चोरी गरी महसूल छल्ने ग्राहकबाट असूल उपर हुन नसकेमा सो रकम निर्णयकर्ताहरु पुष्पराज खड्का र पंकजराज मिश्रबाट असूल उपर गर्ने, सो असूल उपर गर्ने कार्य ६ महिनाभित्र सम्पन्न गर्ने भनी आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।

१५. विघटित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति झापाका तत्कालीन अमिन खडानन्द साहले आफ्नी श्रीमती निर्मला कुमारी देवी साहको नाममा अव्यवस्थित वसोवासी भनी प्रदान गरेको जग्गाको दर्ता वदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गरी आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार लेखी पठाइएको ।

१६. विघटित सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समितिका सदस्य सचिव समेत रहेका ९ नं. नापी गोश्वाराका प्रमुख नापी अधिकृत नारायण चौधरीले विराटनगर नगर क्षेत्र भित्रका मुर्दा जलाउन प्रयोग हुने सार्वजनिक जग्गाहरु आफ्ना भाइ सत्यनारायण चौधरी, साला विनोद कुमार देव र ९ नं. नापी गोश्वाराकै लेखापाल दुर्गा वस्नेतकी पत्नी रुपा राईका नाउंमा मोरङ्गको वखरी गाउँ विकास समितिमा पर्ने बिभिन्न जग्गाहरु सुकुम्वासी भनी जग्गा प्रदान गर्न गैरकानूनी निर्णय गरेको देखियो । तसर्थ ती जग्गा व्यक्तिको नाउँमा भएको दर्ता वदर गरी श्री ५ को सरकारको नाममा श्रेस्ता कायम गरी आयोगलाई जानकारी गराउन आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

१७. यातायात व्यवस्था कार्यालय, वाग्मती अञ्चलको कीर्ते वनावटी कागजात तैयार गरी सो कार्यालय र जनकपुर अञ्चलका कर्मचारीहरुलाई मिलाई तुल्सीराम पाण्डे समेतले आठवटा ट्रकहरु दर्ता गराएको भन्ने विषयमा अनुसन्धान गर्दा प्रतिवादी तुल्सीराम पाण्डे र निजको वारेस लालु पथ्थरकटलाई सरकारी

छाप दस्तखत कीर्ते गरेको सम्वन्धमा र भन्सार छली अवैध रुपमा ट्रकहरु पैठारी गरेको सम्वन्धमा छुट्टा छुट्टै मुद्दा चलाउन मिसिलको प्रमाणित प्रतिलिपि आयोगको मिति २०६०।९।२४ को निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाइएको ।

१८. हेभी इक्यूप्मेन्ट डिभिजन, वुटवलको कीर्ते कागजात तैयार गरी यातायात व्यवस्था कार्यालय वागमती र जनकपुर अञ्चलका कर्मचारीहरुलाई मिलाई तुल्सीराम पाण्डे समेतले वीसवटा जीपहरु दर्ता गराएको भन्ने विषयमा प्रतिवादी तुल्सीराम पाण्डे र निजको वारेस लालु पथ्थरकटलाई सरकारी छाप दस्तखत किर्ते गरेको सम्वन्धमा र भन्सार छली अवैध रुपमा जीपहरु पैठारी गरेको सम्वन्धमा छुट्टा छुट्टै मुद्दा चलाउन मिसिलको प्रमाणित प्रतिलिपी आयोगको मिति २०६०।९।२४ को निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाइएको ।

१९. जिल्ला विकास समिति, वारामा इञ्जिनियर पदमा कार्यरत मेघुप्रसाद जायसवालले वेलारुस मिन्स्क कलेज, वेलारसियन स्टेट पोलिटेक्नीकल एकेडेमीवाट हाइड्रोलिक इञ्जिनियरिङ कन्स्ट्रक्सन विषयमा प्राप्त गरेको ३ वर्षे डिप्लोमाको प्रमाणपत्रको समकक्षी प्रमाणपत्र सो पदमा नियुक्तिको लागि पेश गरेको दरखास्त फारामसाथ संलग्न गरेको देखिन नआई सो प्रमाण पत्रको मान्यता सम्वन्धी प्रश्न अनुसन्धानकै विषय भएको तर निज पदमा वहाल रहि रहँदा निजले आफ्नो विरुद्धको प्रमाण लोप वा नाश गर्न सक्ने भएकोले निजलाई सो पदवाट निलम्वन गर्न जिल्ला विकास समिति, वारामा आयोगको मिति २०६०।९।२५ को निर्णयानुसार लेखी पठाइएको ।

२०. धादिङ्ग जिल्ला, छत्रे देउराली गाउँ विकास समितिका विभिन्न सरकारी एवं सार्वजनिक जग्गाहरु व्यक्ति विशेषको नाममा दर्ता गर्न थाके गाउँ विकास समितिका पूर्व अध्यक्ष विष्णु प्रसाद घिमिरेले साविक देखिको वन, जंगल, सार्वजनिक बाटोलाई विभिन्न व्यक्तिहरुले कमाएको हो भनी हकभोगको गलत सिफारिस गरी निजले अनुचित कार्य गरेको देखियो । हाल निज राष्ट्र सेवक नभएकाले निजले गरेको अनुचित कार्यको अभिलेख राख्न आयोगको मिति २०६०।१०।१ को निर्णयानुसार धादिङ्ग जिल्ला विकास समितिको कार्यालयमा लेखी पठाइएको ।

२१. कृषि औजार कारखानाका महा-प्रवन्धक रमेश प्रसाद नेपाल र राममिलन उपाध्यायले नेपाल दुग्ध विकास संस्थानलाई सप्लाई गर्ने टेङ्कर एवं कारखानाको लागी आवश्यक पर्ने वेयरिङ्गमा व्यापक भ्रष्टाचार गरे भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा हाल कृषि औजार कारखाना खारेज भईसकेको र सम्वन्धित कर्मचारीहरु सार्वजनिक पदमा नरहेका हुंदा आयोगको मिति २०६०।१०।६ को निर्णयानुसार निजहरुको अभिलेख राख्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा लेखिएको ।

२२. स्वास्थ्य सेवा विभाग अन्तर्गत स्वास्थ्य संस्था तथा जनशक्ति विकास महाशाखाले ब्याचलर इन अकूपेशनल थेरापी विषयको छात्रवृत्तिमा अनियमित गरेको भन्ने विषयमा तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनाली, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. बद्रीलाल श्रेष्ठ, तत्कालीन सचिव श्रीराम पौडेल, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालयका क्षेत्रीय निर्देशक डा. यशोवर्द्धन प्रधान, सरुवा रोग अस्पताल टेकुका निर्देशक डा. छत्र अमात्य र छात्रवृत्ति शाखाका शाखा अधिकृत ऋषिराम खड्कालाई आयन्दा यस किसिमको अनुचित कार्य नगर्ने नगराउने तर्फ सचेत गराउन पठाउने भनी यस आयोगबाट मिति २०५०।९।२ मा निर्णय भएको थियो । सो निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी गएकोमा तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनाली, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. बद्रीलाल श्रेष्ठ, तत्कालीन सचिव श्रीराम पौडेलहरुका हकमा हालसम्म पनि निर्णय कार्यान्वयन नभएको र निजहरु हाल सेवामा नरहेको सम्बन्धमा छलफल हुंदा निजहरुको अभिलेख राख्न आयोगको मिति २०६०।१०।१३ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको ।

२३. जिल्ला विकास समिति, सल्यान र सामुदायिक वन उपभोक्ता संघ, सल्यान शाखाका अध्यक्ष खुम वहादुर खत्री वीच आयमूलक (जडिवुटी) समायो जातका विरुवा उत्पादन तथा वितरण गर्ने कार्यक्रममा रु. १,५०,०००।- अनुदान दिने गरी सम्झौता भएकोमा संझौता अनुसार विरुवा वितरण नगरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजूरी सम्वन्धमा अनुसन्धान हुँदा ३८,००० विरुवा वितरण गरेको भर्पाई गलत देखियो । उपभोक्ता संघले पेश गरेको सम्झौता सम्वन्धी प्रस्ताव अनुसार १ थान विरुवाको रु १।५० पर्ने भै ३८,००० विरुवाको जम्मा रु ५७,०००।- हानी नोक्सानी भएको । तर अरु जातका विरुवाहरु वितरण गर्दा लगभग रु. १९,०००।- खर्च भएको देखिँदा वास्तविक नोक्सानी भएको रकम रु ३८,०००।- निजबाट कानून वमोजिम असुल उपर गर्न आयोगको मिति २०६०।१०।१४ को निर्णयानुसार जिल्ला विकास समिति, सल्यानमा लेखी पठाइएको ।

२४. सर्लाही, रानीगञ्ज गाउँ विकास समितिको वडा नं. ३ स्थित कित्ता नं. ३१ को सार्वजनिक गाउँ ब्लकको जग्गामा घर नभए पनि घर देखाई रजिष्ट्रेशन पारित गरी गराई भ्रष्टाचार गरे भन्ने सम्वन्धमा छलफल हुँदा उक्त कि.नं. ३१ मा चारवटा घर रहेको भन्ने गाउँ विकास समितिको सिफारिशको आधारमा उक्त घरहरु शंकरबहादुर थापाले आफ्नी श्रीमती तेजकुमारी थापालाई हालै देखिको वकसपत्र गरिदिएकोमा अनुसन्धानको समयमा भएको शंकरवहादुर थापा, तेजकुमारी थापा लगायतको बयान तथा सर्जमिनवाट समेत उक्त कित्तामा रहेका सवै घरहरु २०५८ कात्तिकमा भत्काई हाल कुनै घर नरहेको भन्ने देखिँदा उक्त जग्गाको जग्गाधनी श्री ५ को सरकार नै रहेको प्रष्ट भयो । तसर्थ उक्त सरकारी जग्गा अतिक्रमण हुन नदिन तर्फ आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६०।१०।१४ को निर्णयानुसार प्रमुख जिल्ला अधिकारी, सर्लाहीलाई लेखी पठाइयो । साथै स्रेस्तामा समेत उक्त व्यहोरा जनाउन मालपोत कार्यालय, सर्लाहीलाई पनि जानकारी दिइयो ।

२५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन आवश्यक कारवाहीको लागि यस आयोगमा प्राप्त भएकोमा सो प्रतिवेदनमा पूर्व सहायकमन्त्री वीरेन्द्र कुमार कनोडियाको आयस्रोत नखुलेको सम्पत्ति सम्वन्धमा अनुसन्धान हुँदा निज वीरेन्द्र कुमार कनोडिया समेत संलग्न रहेको महालक्ष्मी सुगर्स लि.को नाममा भारतीय नम्बर प्लेटका सवारी साधनहरु रहे भएको देखिएकोले यसरी नेपालका उद्योगमा भारतीय नम्बरका सवारी साधनहरु के कुन कानून बमोजिम रहन सक्ने हो ? यदि नसक्ने भए के कस्तो कारवाही हुनु पर्ने हो ? सो सम्वन्धमा आवश्यक अनुसन्धान र कारवाहीका लागि आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाइएको ।

२६. त्रिभुवन विश्वविद्यालय, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरको क्यास काउन्टरमा काम गर्ने कर्मचारीहरुबाट रकम हिनामिना भएको भन्ने सम्वन्धमा अनुसन्धान गर्दा आर्थिक बर्ष २०५७।०५८ देखि हालसम्मको मात्र लेखापरीक्षण गरिएको र सो पूर्वका आर्थिक बर्षहरुको श्रेस्ता हेरेको नदेखिंदा आ.ब. २०५७।०५८ पूर्वको श्रेस्ता पनि आँफैले छानवीन गरी रकम हिनामिना भएको देखिए सम्बद्ध कर्मचारीहरुबाट असूल उपर गर्न महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पसलाई लेखी यसको जानकारी त्रिभुवन विश्वविद्यालयलाई दिन आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार लेखी पठाइएको ।

२७. बिदेश स्थित शाही नेपाल वायुसेवा निगमका कर्मचारीले तलब रकम भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान हुँदा नेपाली मुद्राको हिसावले आफूले पाउने तलव निगमको केन्द्रीय कार्यालयबाट तोकिएको दरको आधारमा स्थानीय मुद्रामा बुझिलिनु पर्नेमा सो नगरी निगमको हङ्गकङ्ग कार्यालयमा कार्यरत मेनेजर हरिभक्त मानन्धर, वरिष्ठ लेखा अधिकृत दामोदर खत्री, मेनेजर गौतमदास श्रेष्ठ, लेखा अधिकृत मेनेजर यादव लामिछाने, वरिष्ठ लेखा अधिकृत मदनमान ब्रज्राचार्य, अधिकृत कृष्णवीर सुवेदी, वरिष्ठ लेखा अधिकृत प्रकाशमान श्रेष्ठ प्रबन्धक मन बहादुर खड्का, वरिष्ठ लेखा अधिकृत केशबराज शर्मा, अधिकृत ध्रुव कुमार प्रधान, प्रवन्धक वासुदेव प्रसाद गौतम, अधिकृत कृष्ण गोपाल जोशी, वरिष्ठ सहायक प्रकाश प्रसाद लोहनी, वरिष्ठ लेखा अधिकृत गोविन्दमान श्रेष्ठले हङकङ डलर ३,७२,४५७।५९ र सिंगापुर स्थित कार्यलयमा कार्यरत मेनेजर नागेश्वर राय, वरिष्ठ अधिकृत गणेशमान बरुण, लेखा अधिकृत हरिहर प्रसाद शर्मा, प्रबन्धक राधव प्रसाद जोशी, अधिकृत शंकर निधि शर्मा, लेखा अधिकृत शान्त कुमार श्रेष्ठ, वरिष्ठ सहायक अनुप कुमार श्रेष्ठले सिंगापुर डलर ९,२७९।१० नोक्सान पारेको देखियो । उल्लिखित कर्मचारीहरुले निगमले तोकेको प्रचलित दर भन्दा बढी दरमा विदेशी मुद्रा बुझि आफ्नो पदीय कर्तव्य पालन नगरी निगमलाई हानी नोक्सानी पुऱ्याएको देखिएकोले बढी बुझेको विदेशी मुद्रा हाल प्रचलित विनिमय दरको हिसावले निजहरुबाट असूल उपर गरी सोको जानकारी ३ (तीन) महिना भित्र आयोगलाई दिन आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार शाही नेपाल वायु सेवा निगमका महा-प्रवन्धक र निगमको सञ्चालक समिति तथा अर्थ विभाग समेतलाई लेखी पठाइएको ।

२८. गोपाल प्रसाद बस्यौला समेतले किर्ते पासपोर्ट बनाई मानिस विदेश पठाउन त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीसँग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सोमबहादुर जुञ्जालीले प्रयोग गरेको तेन्जिङ छुचोक लामाको नामको राहदानी नक्कली देखिएको, सो राहदानी लिन प्राप्त गरेको नागरिकतामा उल्लेख भएका तेन्जिङ छुचोक लामाको बाबु भनिएका साङ्पो लामाको नामको नागरिकता नक्कली देखिएको, सोही आधारबाट तेन्जिङ छुचोक लामाले नागरिकता लिएकोले स्रोत नै नक्कली भएकोले सो नागरिकता पनि नक्कली भएको, त्यस्तै सोनाम ढोन्डुप लामाले साङ्पो लामालाई बाबु देखाई लिएको नागरिकता पनि नक्कली देखिएको, अनुसन्धानका क्रममा प्राप्त भेन जाङचुक दोर्जे लामाको राहदानीका सिफारिसकर्ता अस्तित्वमा नै नभएका कर्मचारी भई नक्कली सहिछाप देखिएको समेत हुनाले नागरिकता ऐन, २०२० बमोजिम प्रमाणपत्र रद्द गरी कसूरदारलाई सजाय गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालय र झुठा राहदानी तर्फ राहदानी ऐन, २०२४ बमोजिम कारवाही गर्न आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार सम्बन्धित कार्यालयमा लेखी पठाइएको ।

२९. नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ्ग सेवा, केन्द्रीय वर्कशप हेटौडाले लिलाम गरेको बा.अ.च. ५१७६ नम्वर को सवारी साधनको लिलाम सकार गरी यातायात व्यवस्था कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ र यातायात व्यवस्था कार्यालय, सगरमाथा अञ्चल, लहानका कर्मचारीहरु समेतको मिलेमतोमा सन् २००० पछि बनेको फोर्ड कारलाई उक्त लिलामी भएको फोर्ड कार हो भनी कागज पत्र मिलाई भन्सार समेत छली ल्याइएको नयाँ कार गैर कानूनी रुपमा दर्ता गरी श्री ५ को सरकारलाई भन्सार लगायतका राजस्व हानी नोक्सानी पुऱ्याउने र आफू समेतलाई गैरकानूनी लाभ लिने वदनियतले भ्रष्टाचार जन्य कार्य गरेको भन्ने विषयमा अनुसन्धान गर्दा बा.३च. ३०१४ नम्वरको गाडीको अन्तिम धनी देखिएको युनिक कार्गो एण्ड कुरियर सर्भिस, काठमाडौलाई चोरी पैठारी भएको उक्त गाडी जफत गर्ने समेतको निर्णय भएको व्यहोराको जानकारी दिनुका साथै अनुसन्धानबाट बा.३च. ३०१४ नम्वर कायम भई हाल संचालनमा रहेको फोर्ड कार भन्सार समेत छली अवैध चोरी पैठारी भई आएको अनुसन्धानबाट देखिएको हुँदा उक्त सवारी साधन जफत गर्ने तर्फ आवश्यक कारवाही गर्न आयोगको

मिति २०६०।१०।२३ को निर्णयानुसार मिसिलको प्रमाणित प्रति सहित सम्बन्धित निकायमा लेखी पठाइएको ।

३०. यातायात व्यवस्था बिभाग र अन्तर्गत कार्यालयमा गैरकानूनी तवरले चोरीका गाडीहरु दर्ता हुने गरेको भन्ने उजूरीका संम्बन्धमा छानवीन हुँदा भन्सार नतिरी राजश्व छली चोरी निकासी गरी ल्याइएका बा.३ च ३७७९ र बा.३ च ४०४४ नम्वरका गाडीहरु राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम जफत हुने हुँदा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान विभागमा लेखी पठाइयो र हालका गाडी धनीहरुलाई सो कुराको जानकारी दिइयो । त्यसै गरी कर्जा वापत गाडी धितो राख्दा ऋण स्वीकृत नै नभई बैंकको नाममा गाडी नामसारी गर्ने तथा ऋण अस्वीकृत भएको अवस्थामा ऋण भुक्तानी गरेको भन्ने व्यहोरा जनाई साविक गाडी धनीका नाममा दर्ता नामसारी गरी दिने तथा एकाको नामको गाडी निजको मन्जुरीले भनी अन्य व्यक्तिको नाममा नामसारी गरी दिन लेखी दिने परिपाटीबाट बैंक जस्तो सर्वसाधारणले भर पर्नु पर्ने संस्थाको कार्य प्रक्रियामा शंका उत्पन्न हुन सक्ने तथा तेस्रो व्यक्तिको नाममा गाडी नामसारी गर्दा आवश्यक राजश्व दस्तूर तिरी नामसारी गर्नु पर्ने प्रक्रिया पनि उल्लंघन हुन जाने देखिँदा सो तर्फ बैक अफ काठमाडौ र अन्य वाणिज्य बैंकहरुलाई समेत सचेत गराउन आयोगको मिति २०६०।१०।२३ को निर्णयानुसार नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

३१. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नेपालगन्जबाट वी.डी. ट्रेडर्स तथा नेपाल ट्रेडिङ सेन्टरका नाममा कर्जा प्रवाह गर्दा तथा नेपाल बैंक लिमिटेड, धम्बोजी शाखा, बाँकेबाट वी.डी. ट्रेडर्सका नाममा कर्जा प्रवाह गर्दा भएको अनियमिताका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नेपालगंजबाट वी.डी. ट्रेडर्स तथा नेपाल ट्रेडिङ सेन्टरका नाममा कर्जा प्रवाह गर्दा धितो बापत धान मात्र लिएको देखियो । ऋणि भागेको प्रस्तुत विषयमा अनुसन्धान हुँदा बैंकले धितो वापत सुरक्षणमा लिएको गोदाम समेत यकीन हुन सकेन । त्यसैले उक्त कर्जा अचल सम्पत्ति धितो नलिई प्रवाह गरेको देखिएको, धान रहेको गोदाम अनुसन्धानका समयमा बैंकले देखाउन नसकेको कारणबाट कर्जा बैंक हित विपरित प्रवाह भएको देखिन आयो । त्यसै गरी नेपाल बैंक लिमिटेड, धम्बोजी शाखा, बाँकेबाट वी.डी. ट्रेडर्सका नाममा कर्जा प्रवाह गर्दा रु. पच्चीस लाखको धितो पारित गराई रु. पचास लाख कर्जा प्रवाह गरेको देखिन्छ । कर्जाको सुरक्षण बापतको सामान राखिएको गोदाममा हेर्दा कर्जा प्रवाह गर्दाका अवस्थामा खुलाए अनुसारका सामान रहेको देखिदैन । उक्त कर्जा प्रवाह गर्दा धितो सुरक्षण भन्दा बढी कर्जा प्रवाह हुनु बैंकको हित विपरित देखिन आयो । तसर्थ उल्लिखित दुवै बैंकका कर्मचारीहरु उपर कारवाही गरी उक्त कारवाहीको र ऋण असूल भएको जानकारी यस आयोगलाई गराउन आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार उक्त दुवै बैंक तथा बैंकको प्रधान कार्यालयलाई लेखी पठाइएको ।

३२. खाँण देवी माध्यमिक बिद्यालय चौरासे, सुर्खेतमा निम्न माध्यमिक तृतीय श्रेणीको अस्थायी शिक्षक पदमा कार्यरत नन्दाराम कंडेलले उक्त पदमा नियुक्ति पाउन आफ्नो शिक्षा सम्बन्धी योग्यता ढाँटेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा निज कंडेलले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र प्रमाणीकरणका लागि लेखि पठाइएकोमा उक्त अनुक्रमांक गलत छ भनी सम्वन्धित अध्ययन संस्थाबाट लेखि आएको व्यहोरा माध्यमिक शिक्षा परिषद्, सानो ठिमी, भक्तपुरबाट लेखि आएको हुनाले निजले प्राप्त गरेको प्रमाणपत्र नक्कली देखिन आएतापनि निजको राजिनामा स्वीकृत भै सेवामा नरहेको बुझिन आएकोले निज उपर मुद्दा दायर नगर्ने निर्णय भयो । तर निजले पेश गरेका प्रमाणपत्रका प्रतिलिपि हेर्दा निजले सुर्खेत शिक्षा क्याम्पसबाट बी.एड्.को प्रथम बर्ष उत्तीर्ण गरेको लब्धांक पत्र समेत देखिएबाट निजले सोही नक्कली आइ.ए. को प्रमाणपत्रको आधारमा थप अध्ययन जारी राखेको देखिन आएकोले निजको आइ.ए.को प्रमाणपत्रका सम्बन्धमा सवै जिल्लालाई जानकारी गराउन प्रमुख जिल्ला अधिकारी, सुर्खेतलाई लेख्ने र लोक सेवा आयोग, शिक्षा मन्त्रालय एवं त्रिभुवन विश्वविद्यालयलाई समेत जानकारी दिने गरी आयोगबाट मिति २०६०।१०।२७ मा निर्णय गरियो ।

३३. साविक १७६।१६६ को लगतमा लेखिएको गुठी जग्गा र लुमडी भद्रकाली माई पिशाच चतुर्दशी गुठीको जग्गा साविक लगत बमोजिम पुरै दर्ता हुन नसकेको भन्ने भनाइ गुठी संस्थान र कर्मचारीहरुको बयान एवं प्राप्त कागजातबाट देखिन आएकोले सो गुठीको दर्ता हुन बाँकी जग्गा गुठीका नाउमा दर्ता गरी ४ महिनाभित्र यस आयोगमा जानकारी दिने र सो समयमा कार्य नगरेमा गुठी संस्थानका प्रशासकलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन अनुसार कारवाही हुने व्यहोराको जानकारी दिने गरी आयोगको मिति २०६०।११।१ को निर्णयानुसार सम्बन्धित सक्कल फाइलहरु सम्बन्धित कार्यालयमा फिर्ता पठाईएको ।

३४. तत्कालीन होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रले किचेनको सामान/उपकरण खरीद आदि कार्य गर्दा अनियमितता गरे भन्ने विषयको उजूरी उपर छानबीन गरी अनुसन्धान अधिकृतले पेश गरेको अनुसन्धान प्रतिवेदन, मिसिलसाथ संलग्न कागज प्रमाण समेतका आधारमा कारवाही हुँदा वैठकबाट सो कार्य मुलुकी ऐन, भाग ४ ठगीको महल अन्तरगतको कसूर देखिनाले र सो कसूरको अनुसन्धान तहकिकात तथा मुद्दा सम्बन्धी कारवाही सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत पर्ने हुनाले आवश्यक कारवाहीको लागि सम्बन्धित कागज प्रमाण र तामरत्न इन्टरनेशनलका प्रोप्राइटर अमृतरत्न ताम्राकारलाई जिल्ला प्रहरी कार्यालय, काठमाडौं हनुमानढोकामा आयोगको मिति २०६०।११।१२ को निर्णयानुसार लेखी पठाइएको ।

३५. झापा, इलाम लगायतका ४३ जिल्लाका लागि मतदाता परिचयपत्र छपाई गर्ने ABS Digital Printing and Support नामको फर्मको प्रस्ताव रु. ६,१०,२९,४५७।५० मा ४२,०८,९३५ थान परिचयपत्र बुझाउने गरी २०५८।६।३० मा गृह मन्त्रालय र उक्त ठेकेदार वीच सम्झौता भएको देखिन्छ । यसमा आयोगबाट मिति २०६०।११।१९ मा देहाय वमोजिम गर्ने निर्णय भयो :-

- ☞ आफूसित हुदै नभएका उपकरणहरु छन् भनी ढाँटी बोलपत्र पेश गर्ने उक्त ABS फर्मलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा लेखी पठाउने ।
- ☞ ABS कम्पनीलाई फोटो खिच्नका लागि विभिन्न सामानहरु उपलव्ध गराउने फोटो कन्सर्न प्रा.लि. र सर्वोदय प्रिण्टर्स प्रा.लि. ले राजश्व छल्ने काम गरेको पाइएकोले सो तर्फ पनि आवश्यक कारवाही गर्न अनुसन्धानबाट देखिएको तथ्यहरुको विस्तृत विवरण तथा सम्बन्धित कागजातहरु समेत सम्बन्धित निकायमा पठाउने । साथै प्रस्तुत अनुसन्धानबाट देखिएको तथ्यहरुको आधारमा सम्बन्धित कम्पनी, फर्म, व्यक्तिबाट राजश्व उठ्ती हुन सकेकोमा कानून बमोजिम दिन मिल्ने भए यस विषयका अनुसन्धान अधिकृतलाई पुरस्कार दिन सम्बन्धित निकायमा लेखी पठाई दिने ।
- ☞ यस सम्पूर्ण प्रकरणमा संलग्न गृह मन्त्रालयका सरकारी कर्मचारीहरुले हेलचक्र्याई पूर्वक काम गरेको तथा बोलपत्र आव्हान गर्दा प्रस्तावकको छनौट गर्दा र करारको प्रशासन गर्दाका अवस्थामा सरकारलाई हानी नोक्सानी नपुगेको भएपनि करार प्रशासनको मूल्य र मान्यता तथा कानूनद्वारा निर्दिष्ट प्रकृयालाई उपयुक्त किसिमले लागू गरेको देखिएन । अतः त्यस्तो अदक्षतापूर्ण र लापरवाहीपूर्ण तरीकाले काम गरेकोले उक्त मन्त्रालयका सम्बन्धित अधिकारीहरु सचिव अनन्तराज पाण्डे, सो मन्त्रालयका तत्कालीन सचिव टिकादत्त निरौला, सह-सचिवहरु उमेशप्रसाद मैनाली, निरञ्जन बराल र शुशिलजंग बहादुर राणा, उप-सचिवहरु नेत्रबहादुर कार्की, एकमणि नेपाल र कविराज खनाल, उप-सचिव (कानून) कोषकुमार नेम्वाङ्ग, शाखा अधिकृत टेकविरजंग रायमाझी, लेखा अधिकृत न्हुछेबहादुर महर्जन, उप-सचिव (लेखा) भक्तराज जोशी, तत्कालीन उप-सचिव (लेखा) द्वारिकाप्रसाद आचार्य, लेखा अधिकृत जनकराज शर्मा र निर्वाचन आयोगका वरिष्ठ कम्प्यूटर अप्रेटर मातृकाप्रसाद श्रेष्ठलाई

निजहरुबाट अव आइन्दा यस्तो काम हुन नपाओस भनी ध्यान आकर्षण गराउने । साथै ठेकेदार सर्बोदय प्रिन्टर्स प्रा.लि.बाट उठाउनु पर्ने रकम रु.७,२१,६८७।२० एक महिना भित्र असूल उपर गरी आयोगमा जानकारी गराउने ।

३६. २०३९ सालमा निर्माण व्यवसाय संचालन गर्ने गरी 'घ' वर्गमा दर्ता भएको भण्डार थोटुङ्ग निर्माण सेवा प्रा.लि. का प्रोप्राइटर दिपक कुमार श्रेष्ठले गलत कागजपत्र तयार पारी पेश गरेका आधारमा 'घ' वर्ग बाट 'क' वर्गमा स्तरबृद्धि गरे गराइएको विषयमा अनुसन्धान गर्दा कागज किर्ते गर्ने प्रोप्राइटर दिपक कुमार श्रेष्ठलाई सरकारी छाप दस्तखत किर्तेमा कारवाही चलाउन आयोगको मिति २०६०।११।२६ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा मानिस र मिसिल पठाइएको ।

३७. जिल्ला महोत्तरी भ्रमरपुरा गाउँ विकास समिति वडा नं. ९ (ख) कि.नं. २८२ क्षेत्रफल १-१७-१४ (एक विघा सत्र कट्ठा चौध धुर) सार्वजनिक जग्गा सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति, महोत्तरीले गैर कानूनी रुपमा विभिन्न व्यक्तिहरुलाई वितरण गरेको भन्ने विषयमा सुकुम्वासी समस्या समाधान आयोग, जिल्ला समिति महोत्तरीवाट २०५८।३।११ मा उक्त जग्गा विभिन्न व्यक्तिहरुलाई वितरण गर्ने गरी निर्णय भएको देखिए पनि जग्गाधनी प्रमाणपुर्जा वितरण भई नसकेको अवस्था मिसिल संलग्न कागजातवाट देखियो । प्रचलित ऐन नियम विपरित गरिएको उक्त निर्णय कार्यान्वयन नगर्न नगराउन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) अनुसार उक्त निर्णयवाट उत्पन्न दुष्परिणाम प्रचलित कानून अनुसार सच्याइ सो पूरै कित्ता जग्गा सार्वजनिक नै कायम रहने व्यवस्था मिलाई तीन महिनाभित्र आयोगलाई जानकारी गराउन आयोगको मिति २०६०।१२।१२ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइयो ।

३८. पूर्वमन्त्री रविन्द्र नाथ शर्मा अर्थ मन्त्री पदमा रहँदा मिति २०५४।८।२९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वरामद भएको सुनको सुराकी वन्ने व्यक्तिलाई कमिशन दिने सिलसिलामा बनावटी सुराकी खडा गरी सरकारी कोषबाट रु. १,०९,३८,३९९।५४ निकाली हिनामिना गरेको भन्ने समेतको भ्रष्टाचारको कसूरमा निज समेतका विरुद्ध यस आयोगबाट विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भै सो अदालतबाट कारवाही भैरहेको छ । सोही मुद्दाको सिलसिलामा मिति २०६०।१२।२३ मा माननीय मन्त्री श्री सर्वेन्द्रनाथ शुक्लाले रविन्द्रनाथ शर्माको साक्षी भै विशेष अदालतमा गरेको बकपत्रमा यस आयोगबाट पेश भएको आरोपपत्रलाई "नियोजित आरोपपत्र", "व्यक्तिको प्रतिष्ठामा धक्का पुऱ्याउन गरिएको", "कपोल कल्पित", "षडयन्त्र", "न्यायको दृष्टिले अनुपयुक्त", "न्यायको सिद्धान्तको पूर्णतया विरुद्ध", "आश्चर्य", "नियोजित" तथा "लान्छनायुक्त", अनुसन्धान गरिएका खास विषयलाई "कागताली", साक्षीलाई "प्रलोभन र दवावमा पारेको" भन्दै प्रतिवादी रविन्द्रनाथ शर्मालाई "मुद्दा चलाउन नहुने" भन्ने कुरा उल्लेख गरेको पाइयो । राज्य संयन्त्रको एउटा अंग यस अख्तियार दुरुपयोग अनुसन्धान आयोगले श्री ५ को सरकारका तर्फबाट दायर गरेको मुद्दा, प्रमाण र साक्षीलाई लान्छित गर्नु बहालवाला मन्त्रीको लागि शोभनीय र पदीय मर्यादा अनुकुल हो भन्न नसकिएबाट यस विषयलाई गम्भीरता पूर्वक लिई निजलाई आवश्यक कारवाही गर्न आयोगको मिति २०६०।१२।२४ को निर्णयानुसार प्राप्त वक पत्रको प्रतिलिपी समेत संलग्न गरी सम्माननीय प्रधानमन्त्रीलाई लेखी पठाइयो ।

३९. मलंगवा नगरपालिकामा मुखिया पदमा कार्यरत रामचन्द्र रायले त्यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड मलंगवामा रहेको खातामा रकम जम्मा गरेको भौचर सच्याएको भन्ने सम्बन्धमा निजलाई दामकाम सम्बन्धी कुनै पनि जिम्मेवारीबाट तत्कालै हटाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को भाग-५ को परिच्छेद्-३ बमोजिम कारवाही गरी सो को जानकारी आयोगलाई गराउन आयोगको मिति २०६०।१२।२५ को निर्णयानुसार मलंगवा नगरपालिकालाई लेखी पठाइयो ।

४०. गैर नेपाली नागरिकहरुलाई नेपाली नागरिकताको कीर्ते प्रमाण पत्र वनाई सोही कीर्ते नागरिकताको प्रमाण पत्रको आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौका कर्मचारीहरु समेतको मिलेमतोमा नेपाली राहदानी बनाई भ्रष्टाचार जन्य कसूर गरे भन्ने विषयमा गैर कानूनी रुपमा राहदानी लिएका नेपालमा वसोवास नभएका गैर नेपालीहरु सुसान्त कार्की, अभिसेक मुखिया, जेफरी खत्री, ववीन खत्री, सुरज राई, अनिल थापा, ललीत क्षत्री, सारथी वस्नेत, मनोज देवान, सुरेन तामाङ्ग,उदय गुरुङ्ग, शैलेन्द्र थापा, रमेश राई, पासाङ्ग शेर्पा, रिवाज गुरुङ्ग,संजय गुरुङ्ग, सगेन्द्र प्रधान, सुरेश तामाङ्ग, गजेन्द्र गुरुङ्ग, फुर्वा शेर्पा र अन्य व्यक्ति मन्जीला लामा फरार रहेको हाल पक्राउ नपरेको हुनाले निजहरु फेलापरेका वखत पक्राउ गरी अदालतमा दाखिला गर्ने तथा फेला नपरेका भोजपुर घर हुने भनिएका मणीकुमार राईको तीन पुस्ते र वतन एकिन भए वा पक्राउ परे पछि निज समेतलाई अदालतमा दाखिला गर्न सम्वन्धित निकायमा लेखी पठाइएको । साथै नुर्व वाङ्दी शेर्पा, नविन राई, राकेश सुब्बा, विकास प्रधान, युगेन क्षेत्री, सुनोद मोक्तान, छिरिङ्ग लामा र आदित्य राईको नाममा राहदानी जारी गर्ने गरी भएको निर्णय प्रति हालसम्म आयोगमा प्राप्त हुन नआएको र सुवास थापा, मिञ्जु भुटिया, फुपु छिरिङ लामा, सुनिल गुरुङ्ग र सोनाम तोप्गे शेर्पाको हकमा थप अनुसन्धान गर्नु पर्ने भई निजहरुको नाममा राहदानी जारी भएको विषयमा अनुसन्धान जारी राख्ने । त्यसै गरी अनुसन्धानको क्रममा वरामद भई आयोगमा प्राप्त हुन आएका माथि उल्लिखित गैर नेपाली नागरिकहरुले लिएको प्रमाणित भएको राहदानीहरु प्रचलित कानून बमोजिम रद्द गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।१।७ को निर्णयानुसार पररा्ष्ट्र मंत्रालयमा लेखी पठाइएको ।

४१. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक रमेशचन्द्र न्यौपाने र लेखापाल तारा राज कोइराला समेतले शैक्षिक सामग्री छपाई, ढुवानी र विज्ञापन दिने लगायतको काममा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा श्री ५ को सरकारलाई नोक्सानी पुऱ्याएको रु. ५,७०,०७६।८० तत्कालीन कायम मुकायम निर्देशक रमेशचन्द्र न्यौपाने र लेखापाल तारा राज कोइरालासँग र अर्को रु. ५०,०००।- लेखापाल तारा राज कोइरालासँग असूल गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६१।१।१० को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको ।

४२. तत्कालिन होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र स्वायत्त संस्था भएकोले सो केन्द्रको संचालक समितिवाटै नयाँ भवन निर्माण र पुरानो भवन जिर्णोद्धारको ठेक्का सम्बन्धी अन्तिम निर्णय हुनु पर्नेमा तत्कालीन पर्यटन राज्यमन्त्री भीम बहादुर रावलले राज्यमन्त्रीको हैसियतले सो ठेक्काको निर्णय गरेको देखियो । तसर्थ यसमा निजवाट अनुचित कार्य भएको ठहर भएकोले सो सम्बन्धमा निजको अभिलेख राख्न आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखी पठाइएको ।

४३. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालीन निर्देशक पदम बहादुर चन्द र शाखा अधिकृत कृष्ण प्रसाद चापागाईले सहायक तहका कर्मचारीहरु अस्थायी नियुक्ति, सरुवा र एक ठाँउबाट अर्को ठाँउमा काज खटाँउदा ठूलो रकम लिनु खानु गरी व्यापक भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा शाखा अधिकृत कृष्ण प्रसाद चापागाईबाट रु. १३७२९४।५२ भरी भराउ गर्न आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाइएको ।

४४. उदयपुर सिमेन्ट उद्योग संचालक समितिको मिति २०५८।१०।२१ को ३५१ औं बैठकबाट विभिन्न संस्थानबाट उक्त उद्योगमा सरुवा भई आएका कर्मचारीको जीवन बीमा सम्बन्धमा बीस वर्षको बीमा अवधिलाई मानी अन्य संस्थानमा बीमा भएको अवधि कट्टा गरी बाँकी अवधि भएमा मात्र सो अवधिको लागि बीमा गर्ने र सरुवा भई आएका कर्मचारीको अघिल्लो संस्थानमा बीमा नभएको भए उद्योगमा नोकरी गर्न सक्ने अवधिको समानुपातिक अवधि मात्रको बीमा गर्ने गरी निर्णय भएको देखिन्छ । अतः

उक्त निर्णय ३ (तीन) महिनाभित्र कार्यान्वयन गरी यस आयोगमा जानकारी गराउनका लागि राष्ट्रिय बीमा संस्थानले यस आयोगलाई लेखेको मिति २०६०।८।२४ को पत्र र अन्य संस्थानबाट उक्त उद्योगमा सरुवा भएका कर्मचारीहरुले साबिक संस्थानबाट सावधिक जीवन बीमा बापतको समर्पण मूल्य प्राप्त गरे, नगरेको सम्बन्धमा लिखित रुपमा उल्लेख गरिदिएका कागजातको छायाँप्रति राखी उक्त उद्योगमा लेखी पठाइयो । अन्य संस्थानबाट उक्त उद्योगमा सरुवा भई अवकाश प्राप्त गरी सकेका व्यक्तिहरु क्रमशः कोमलनाथ शर्मा-१, लक्ष्मणप्रसाद आचार्य-१ र विपिनकुमार उपाध्याय-१ को हकमा समेत राष्ट्रिय बीमा संस्थान र निजहरु साविकमा कार्यरत रहेको संस्थानबाट निजहरुले सावधिक जीवन बीमा बापत समर्पण मूल्य प्राप्त गरे, नगरेको सम्बन्धमा विवरण प्राप्त गरी निजहरुले उद्योगमा सरुवा हुनु पूर्व कार्यरत संस्थानबाट समर्पण मूल्य प्राप्त गरी सकेका भए उद्योग संचालक समितिको निर्णय कार्यान्वयन गर्दा निजहरुले उद्योगबाट पुनः पाएको समर्पण मूल्यको रकम संचालक समितिको उक्त निर्णय बमोजिम निजहरुले उद्योगबाट पाउनु पर्ने रकम भन्दा बढी हुन्छ वा हुँदैन हिसाब गरी बढी देखिन आएमा बढी देखिए जति रकम ३ महिना भित्र सरकारी बाँकी सरह असूल उपर गरी यस आयोगमा जानकारी गराउनका लागि आयोगको मिति २०६१।२।२१ को निर्णयानुसार उक्त उद्योगमा लेखी पठाइएको ।

४५. पुरातत्व बिभाग अन्तर्गतको इवावही जिर्णोद्धार परियोजनाका लागि आर्थिक बर्ष ०४७।४८ मा काठ खरीद गर्दा हिनामिना र अनियमितता भयो भन्ने सम्बन्धमा अनुसन्धान गर्दा आर्थिक बर्ष ०४७।४८ मा इवावही जिर्णोद्धार परियोजना ललितपुरको लागि नेपालगञ्जबाट सालको चिरान काठ ३,४६०.८५ क्यू.फि. खरीदार उत्तमलाल चिपालुले बुझी पाटन दरबारमा जम्मा २९४९.३७ क्यू.फि. काठमात्र ल्याई पुऱ्याई ५११.४८ क्यू.फि. काठ नपुग भएकोमा काठ ढुवानी गर्ने ठेकेदार छत्र बहादुर ओलीले नेपालगञ्जबाट काठ लोड गरी लगेर ३५१.२८ क्यू.फि. काठ कम गरी पाटन दरबारमा पुऱ्याएको र खरीदार उत्तमलाल चिपालुले नेपालगञ्जबाटै १६०.२० क्यू.फि. कम काठ लोड गरी पठाएको खुल्न आएको छ । यसरी खरीदार उत्तमलाल चिपालुले अनुचित कार्य गरेको देखिन आएकोले निजले बुझाउन बाँकी नपुग १६०.२० क्यू.फि. काठको तत्कालीन अवस्थामा पुरातत्व विभागले कायम गरेको मूल्य प्रति क्यू.फि. काठ रु. ४५२।९७ का दरले हुन आउने रकम रु. ७२,५६५।८० मा बार्षिक १०% व्याज समेत जोडी निजवाट असूल उपर गरी निजलाई आइन्दा यस्तो कार्य दोहोरिन नदिन सचेत गराउने र ठेकेदार छत्रबहादुर ओलीले बुझाउन बाँकी नपुग काठ ३५१.२८ क्यू.फि. को उल्लिखित दरले हुन आउने रकम रु. १,५९,११९।३० मा १०% व्याज समेत जोडी निज ठेकेदारबाट २ महिना भित्र असूल उपर गरी निज ठेकेदारलाई कालो सूचिमा राख्ने । परियोजनाको रकम खर्च गरी खरीद गरिए अनुसारको काठ प्राप्त गर्ने तर्फ कुनै कारवाही नगरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कर्तव्य पालन नगरी तत्कालीन परियोजना प्रमुख हाल शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका इन्जिनीयर भाइकाजी तिवारीले समेत उल्लिखित अनुचित कार्य गरेको देखिन आएकोले निजलाई आइन्दा यस्तो कार्य दोहोरिन नदिन सचेत गराउनुका साथै ठेकेदार छत्रबहादुर ओलीबाट असूल उपर हुनु पर्ने रकम २ महिना भित्र असूल हुन नआएमा सो म्याद नाघे पछिको १ महिना भित्र निज भाइकाजी तिवारीबाट असूल उपर समेत गरी आयोगमा जानकारी दिन पुरातत्व विभागका महानिर्देशकलाई लेखी भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई समेत जानकारी दिइयो । उपर्युक्त बमोजिमको म्याद भित्रै असूल उपर नभएमा यस आयोगवाट कानून बमोजिमको अन्य कारवाही समेत हुने व्यहोरा पनि आयोगको मिति २०६१।१।३० को निर्णयानुसार जानकारी गराइएको ।

४६. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चूंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा समेत बदनियत पूर्वक

प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनको पालना नगरी नगराई भ्रष्टाचारजन्य काम कारवाहीबाट नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्दा जनकपुर नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा सदस्यहरु (१०० जना) ले गैरकानूनी रुपमा लिनु खानु गरेको देखिएको जम्मा रु. ६५,५७,६९०।- लिने खाने तत् तत् व्यक्तिहरुबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्नु गराउनु भनी स्थानीय विकास मन्त्रालयमा लेखी पठाईयो । रु. ४,८००।- र ४६,००१।- ठेक्का तिर्ने गरी मो.आलम राइनले ठेक्का लिएका पोखरीको चलन गर्ने र ठेक्का रकम तिर्ने आर्थिक दायित्व समेत सकारेका जागेश्वर यादवले तिर्न बुझाउन बाँकी देखिएको रकम रु. ४२,३०१।- जिल्ला प्रशासन कार्यालय, धनुषामा धरौटी राखेको देखिदा सो रकम असूली सम्बन्धी कारवाही टुंगो लगाउन लेखी पठाईयो । त्यसै गरी २०५७।१।४ देखि २०६०।१।४ सम्मका लागि रु.१,१५,००१।- मा जनकपुर-६ स्थित गोडधोई पोखरी ठेक्का लिने ठेकेदार नन्दलाल साहले तिर्नु बुझाउनु पर्ने देखिन आए जति रकम असूल गर्न र दीर्घसार पोखरी रु. २,००,०००।- मा र ठाडी पोखरी रु. ८४,०००।- मा ठेक्का लिने प्रमोद साहले भोग चलन गरेको अवधि अनुसारको तिर्नु बुझाउनु पर्ने ठेक्का रकम जति देखिन्छ असूल गर्न लेखी पठाईयो । आर्थिक बर्ष २०५७।५८ र ०५८।५९ का हाट बजार करका ठेकरदार क्रमशः मनोजकुमार साह र मनोजकुमार चौधरीका हकमा निजहरुले तिर्न बुझाउन पर्ने बाँकी रकम मध्ये कर उठाएको अनुपातमा कति असूल गर्न बाँकी छ ? सो सम्बन्धमा नियम सम्मत निक्यौंल गरी असूल उपर गर्न लेखी पठाईयो । त्यस्तै पंकज हार्डवेयर स्टोर्सका प्रोप्राइटर रामचन्द्र महतोलाई प्रचलित कानून बमोजिम कारवाही र सजाय गरी भन्सार असूल उपर गर्न अर्थ मन्त्रालय भन्सार विभाग समेतमा लेखी पठाई कारवाही र सजाय गरे पछि सोको जानकारी आयोगलाई दिन समेत सम्बन्धित निकायलाई लेखी पठाईयो । उपर्युक्त बाहेक पोखरी प्रयोग र व्यवस्थापन, विद्युत, खानेपानी महसूल, लेखापरीक्षण, श्रेस्ता प्रणाली र पेश्की लगायतका बिषयहरुमा सम्बन्धित निकायहरुलाई सुझाव दिने, ध्यानाकर्षण गराउने र निर्देशन दिने कार्य आयोगको मिति २०६१।२।४ को निर्णयानुसार गरियो ।

४७. यातायात व्यवस्था कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ र यातायात व्यवस्था कार्यालय, सगरमाथा लाहानका कर्मचारीहरु समेतको मिलेमतोमा कागज पत्र मिलाई भन्सार समेत छली ल्याइएका नयाँ जीपहरु गैरकानूनी रुपमा दर्ता गरी श्री ५ को सरकारलाई भन्सार लगायतका राजस्व हानी नोक्सानी पुऱ्याउने र आफू समेतलाई गैरकानूनी लाभ लिने वद्नियतले भ्रष्टाचार जन्य कार्य गरे भन्ने विषयमा संलग्न देखिएका सोमबहादुर श्रेष्ठ, कृष्णलाल श्रेष्ठ, अनुराज प्रधान र अमरनाथ श्रेष्ठलाई भन्सार छली अवैध रुपमा जीप पैठारी गरेको सम्वन्धमा छुट्टै मुद्दा चलाउन र अनुसन्धानबाट चोरी पैठारी भएको देखिएको बा. २ च ६८५६ नम्वरको जीप जफत गर्ने तर्फ आवश्यक कार्य गर्न मिसिलको प्रमाणित प्रतिलिपि र उक्त जीप सम्वन्धित निकायहरुमा पठाईयो ।

४८. जुम्ला जिल्ला लाम्रो गाउँ विकास समिति-८ निवासी दत्त बहादुर विष्टले नपाएको पगरी पाएको भन्ने सम्बन्धमा प्रचलित कानून बमोजिम जे जो गर्नु पर्ने हो सो अनुसार गर्न गराउन आयोगको मिति २०६१।३।४ को निर्णयानुसार जुम्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइयो ।

४९. कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका विभिन्न विभाग र कार्यालयहरुमा कार्यालय प्रयोजनका लागि निर्माण भएका भवनहरु आवासमा प्रयोग भैरहेका छन् भन्ने सम्वन्धमा छलफल हुँदा जुन प्रयोजनका लागि भवनहरु बनेका हुन सोही प्रयोजनमा ती भवनहरु प्रयोग गर्ने र गर्न लगाउने, यदि कुनै भवनहरु अनधिकृत रुपमा प्रयोग गरिएका छन् भने ती भवन २१ दिन भित्र खाली गराई आयोगमा जानकारी गराउन आयोगको मिति २०६१।३।१४ को निर्णयानुसार अख्तियारवालालाई लेखी पठाइयो ।

५०. नेशनल लाइफ एण्ड जनरल इन्स्यूरेन्स कम्पनीको उपशाखा कार्यालय जनकपुरका पियन दिपेन्द्र चौधरी विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) तथा दफा १७ को कसूरमा भ्रष्टाचारमा मुद्दा

चलाउनु पर्ने रायसाथ जिल्ला प्रशासन कार्यालय, धनुषाबाट प्राप्त अनुसन्धान तहकिकातको फायलमा आयोगबाट मिति २०६१।२।१९ मा निर्णय भएकोमा उक्त निर्णय उपर जिल्ला प्रशासन कार्यालय, धनुषाले पुनर्विचारको लागि पठाएको पत्र आयोगमा पेश हुँदा पियन दिपेन्द्र चौधरीले खर्च गरी मासेको भनिएको रु. २,४८,१२२।- रकम कम्पनीको नाममा जम्मा भै नसक्दै निज दिपेन्द्र चौधरीले रकम जम्मा गर्ने व्यक्तिलाई निजहरुले जम्मा गर्न दिएको रकम बैंकमा रहेको कम्पनीको खातामा जम्मा भएको देखिने किर्ते भौचर बनाई बैंकमा जम्मा गराएको विश्वास पारी कम्पनी र विमित व्यक्ति समेतलाई धोका दिई आफै खाई मासी ठगी गरेको देखियो । निजले नभए नगरेको काम गरे भएको छ भनी बदनियत साथ आफूलाई लाभ र अरुलाई नोक्सान हुने गरी गरेको कसूर मुलुकी ऐनको ठगीको महल अन्तर्गतको कसूर देखिनाले पूर्व निर्णय बमोजिम नै हुन आयोगको मिति २०६१।३।१४ को निर्णयानुसार प्राप्त फाइल जिल्ला प्रशासन कार्यालय, धनुषामा फिर्ता पठाउने निर्णय गरिएको ।

५१. भन्सार छली चोरी पैठारी भई संचालनमा रहेका र चोरी पैठारीको आसंकामा पक्राउ परी विभिन्न भन्सार कार्यालयमा रहेका सवारी साधनहरु गैर कानूनी रुपमा दर्ता भएको भन्ने बिषयमा अनुसन्धान गर्दा नेपालमा नै बनी निर्माता कम्पनीको पत्रानुसार दर्ता भएको र प्राविधिक प्रतिवेदनमा ईन्जिन नं. र च्यासीस नं. सक्कली भएको भनी प्रतिवेदन प्राप्त भएको सवारी साधनहरु भे. १ ज १५३, भे. १ ज १५२ र भे. १ ज १०३ नं. का सवारी साधनहरु श्री ५ को सरकार मन्त्रिपरिषदको मिति २०६०/११/१४ को निर्णय बमोजिम सम्बन्धित सवारी धनीलाई फिर्ता दिन भन्सार विभागलाई लेखी पठाइयो । सवारी साधनमा गलत बिवरण भएको/रि-पंच भएको देखिएको तर कुन कार्यालयका कर्मचारीहरु के कुन रुपमा संलग्न छन् भन्ने एकिन गर्न नसकिएका २२ थान सवारी साधनहरु सम्बन्धमा श्री ५ को सरकारको मिति २०६०/११/१४ को निर्णयानुसार आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा पठाउनु भनी भन्सार बिभागमा लेखी पठाउने, साथै सुराकी कमिशनको सम्बन्धमा भन्सार ऐनको मनसाय समेतलाई विचार गरी निर्णय गर्न सम्बन्धित भन्सार कार्यालयहरुलाई लेखी पठाउने, गलत नम्बर प्लेट लगाई संचालनमा रहेको भनी भन्सार ऐन अनुसार कारवाहीको क्रममा रहेको ना.१ख १६१६ नम्बरको सवारी साधनको हकमा यातायात व्यवस्था कार्यालयमा दर्ता भएको नदेखिएकोले तत्सम्बन्धी कारवाही अबिलम्ब टुंग्याउन सम्बन्धित फाइल कृष्णनगर भन्सार कार्यालयमा फिर्ता पठाउने गरी आयोगबाट मिति २०६१।३।१५ मा निर्णय भएको ।

५२. सर्लाही जिल्ला, हरकठवा गाउँ विकास समिति वडा नं. ३ घर भई हाल सर्लाही मलंगवा नगरपालिका वार्ड नं. ३ बस्ने भू.पू.प्र.ना.नि. मनोहर झाले सुरक्षाकर्मीलाई प्रभावमा पार्ने बदनियतले आफूले अवैध रुपमा भारतीय सामानहरु नेपाल भित्र प्रवेश गराउँदा पक्राउ नगरिदिन अनुरोध गर्दै रिसवत दिने प्रयास गरेको अभियोगमा विशेष अदालत, काठमाण्डौंमा मुद्दा दायर गर्न पठाएको अनुसन्धान प्रतिवेदन उपर छलफल हुँदा सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रतिवादी कायम गरेका भू.पू.प्र.ना.नि. मनोहर झा कसूर गर्दाका बखत सार्वजनिक पदमा बहाल रहेको नदेखिएको र आयोगले प्रत्यायोजित गरेको अधिकार क्षेत्र भित्र नपरेको विषयमा के कुन कानूनी आधारमा प्रतिवेदन पेश भएको हो, यसतर्फ ध्यानाकर्षण गराउँदै प्रस्तुत विषयमा कानून बमोजिम आवश्यक कारवाही गर्न आयोगको मिति २०६१।३।१६ को निर्णयानुसार प्राप्त सक्कलै मिसिल जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा फिर्ता पठाइएको ।

परिच्छेद - ९

विभागीय वा अन्य कारवाही गर्न लेखिएका विषयको अनुगमन

(आ.ब. २०५९/६० सम्मको)

(क) अर्थ मन्त्रालय वा अन्तर्गत :

१. वातावरणीय हिसावले खतरापूर्ण मानिएको क्लोरोफ्लोरो कार्बन ग्यास आयात गरेको विषयमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई त्यस्ता पदार्थ आयात गर्नको लागि प्रतितपत्र खोल्नु अघि मन्त्रालयको पूर्व अनुमति लिनु पर्ने व्यवस्थाको लागि सम्बन्धित वाणिज्य बैंकहरुलाई तत्काल लागू हुने गरी आवश्यक निर्देशन जारी हुन मिति २०५७।७।१७ को पत्रबाट अनुरोध गरिएकोमा नेपाल राष्ट्र बैंकबाट सबै वाणिज्य बैंकहरुलाई मिति २०५७।७।२५ मा आवश्यक व्यवस्था मिलाउन लेखीए तापनि विभिन्न वाणिज्य बैंकहरुले आयात इजाजत पत्र प्राप्त नगरेका पक्षहरुलाई सो मिति पछि मन्त्रालयको पूर्व अनुमति बिना प्रतित पत्र खोलि दिएको र नेपाल राष्ट्र बैंकले पनि यस सम्बन्धमा अनुगमन गर्न नसकेको देखियो । अतः नेपाल राष्ट्र बैंकबाट आदेश भइसके पछि पनि प्रतित पत्र खोल्ने वाणिज्य बैंकहरु र सम्बन्धित पदाधिकारीहरु तथा नेपाल राष्ट्र बैंकका तर्फवाट आवश्यक अनुगमन गर्न तोकिएका कर्मचारीहरु यकिन गरी निजहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ एवं नेपाल राष्ट्र बैंक, कर्मचारी नियमावली, २०४९ बमोजिम ३ महिना भित्र कारवाही गर्न आयोगको मिति २०६०।३।२७ को निर्णयानुसार नेपाल राष्ट्र बैंकका गभर्नरलाई लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको । साथै वातावरण संरक्षण सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतामा आँच आउने गरी मुनाफालाई मात्र लक्ष बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालकै दुर्नाम हुने गरी मिति २०५७।६।९ पश्चात् प्रतितपत्र खोली यस्तो ग्यास आयात गर्ने सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाही गर्न माननीय जनसंख्या तथा वातावरण मन्त्रीलाई लेखी पठाइएकोमा कारवाहीको जानकारी हालसम्म पनि प्राप्त नभएको ।

२. मिति २०५५।२।१० का दिन २१.३० बजेको आर. ए. ४०७ क्रो काठमाडौं-बैंकक-सिङ्गापुर उडानबाट भा.रु. १ करोड २१ लाख मूल्य बराबरका ५०० दरका नोटहरु सुनील मास्के समेतले लुकाई छिपाई अवैध तरिकाले निकासी गर्न लागेको भन्ने सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट अनुसन्धान हुंदा मुचुल्का फेरिएको र सुटकेशमा लगाएको सेक्युरिटी बेल्ट स्ट्रिपको प्रयोगशाला परीक्षण गर्न प्रहरीमा पठाए पछि सो बेल्टबारे कुनै किसिमको खोजतलास अनुगमन नगरेको मात्र हैन, घटनाको वास्तविकतासित सम्बन्धित थुप्रै अनुत्तरीत प्रश्नहरु हुँदा हुँदै ती प्रश्नहरुको कुनै तार्किक उत्तर खोजी वास्तविकता पत्ता लगाउनमा उदासीन रही तत्कालीन महानिर्देशक तीर्थराज शर्माले भारतीय रुपैयाँ नेपाल मार्फत् तेश्रो देशमा निकासी बारम्बार भइरहेको तथ्य जान्दा जान्दै त्यस्तो रुपैयाँ पक्रने र छाड्ने क्रम जारी राखी भन्सार ऐन अन्तर्गत अनुसन्धान र कारवाही हुन सक्ने व्यवस्था रहे भएको तर्फ कुनै ध्यान नदिएकोले यसतर्फ निजको ध्यानाकर्षण गराउने भन्ने आयोगको निर्णय कार्यान्वयनको हालसम्म जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालयका व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीत पत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।४ को निर्णय अनुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इन्चार्ज कृष्णबहादुर पन्त उपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी पठाएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

४. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयका कर्मचारीहरुले केन्द्रीय कार्यालयको स्वीकृति बिना नेपाल उड स्टक कम्पनी प्रा.लि. का सञ्चालक खेमचन्द्र चौडरीयालाई ऋण प्रवाहमा धितोको बढी मूल्यांकन गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, काठमाडौंका तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय, एल.सी. शाखा इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ तथा एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारी उपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले मिति २०५६।११।१६ मा तत्कालीन प्रवन्धक बुद्धिसागर उपाध्याय अनिवार्य अवकास भई सकेको, तत्कालीन एल.सी. इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ लामो समयदेखि अनुपस्थित रहेको र अनुपस्थित मिति देखि लागू हुने गरी राजिनामा समेत दिई सकेको तथा तत्कालीन एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारी उपर अर्कै उजूरीको सम्बन्धमा भ्रष्टाचारमा मुद्दा परी स्वत: निलम्वनमा रहेको भन्ने बेहोराको पत्र आयोगलाई प्राप्त भएको । यसमा आयोगको पूर्व निर्णयानुसार विभागीय कारबाही गर्ने तर्फ हालसम्म पनि कुनै कारबाही चलाएको नदेखिएको ।

५. मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली-काठमाडौं आर.ए. २१८ नम्वरको उडानबाट आएकी उषा सुव्वाले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलेमतो गरी चोरी पैठारी गरेको भन्ने सम्बन्धमा नायव सुब्बा नरेन्द्र बस्नेत, नायव सुबबा (प्रा.) गोविन्दनाथ मिश्र, खरीदार मोहनकुमार पोखरेल, खरीदार अशोक सत्याल समेतलाई विभागीय कारबाही गर्न आयोगको मिति २०५७।१।२३ को निर्णयानुसार अर्थ मन्त्रालयमा लेखी पठाएकोमा सचेत गराइएको जानकारी प्राप्त भएको । निजहरुलाई विभागीय कारवाही नै गर्नु पर्नेमा बिभागीय कारवाहीको हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

६. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुरबाट नहरमा परेको जग्गालाई धितो मूल्यांकन गरी ऋण प्रवाह गरी अनियमितता गरेको भन्ने सम्बन्धमा उक्त कार्यालयका सह-लेखा अधिकृत सूर्यनाथ न्यौपानेलाई बिभागीय कारवाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

७. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ललितपुर इमाडोल स्थित ६-२-०-० रोपनी जग्गा धितो लिई रु. १५ लाख हाईपोथिकेशन ऋण प्रवाह गरेकोमा सो धितो जग्गा अति थोरै मूल्य रु. २९,९५५।- मा लिलाम गरी बैंकका कर्मचारी समेतको मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा तत्कालिन कर्जा असूली विभागका प्रमुख मोहन न्यौपाने र विभागीय प्रमुख ध्रुवलाल प्रधानलाई विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाएकोमा सचेत गराइएको जानकारी प्राप्त भएको । निजहरुलाई विभागीय कारवाही नै गर्नु पर्नेमा हालसम्म पनि सो को जानकारी प्राप्त नभएको ।

८. राष्ट्रिय बाणिज्य बैंक, महेन्द्रपुल शाखाबाट निलम ह्याचरी प्रा.लि.लाई विभिन्न मितिमा कर्जा प्रवाह भएकोमा अब असूल उपर हुन नसक्ने अवस्थामा पुगेकोले तत्कालीन प्रवन्धक शशि शर्मा प्याकुरेल र एकाउन्टेन्ट प्रवीण श्रेष्ठलाई विभागीय कारबाही गर्न र निमित्त एकाउन्टेन्टको रुपमा कार्य गर्ने श्रीकृष्ण खड्कालाई सचेत गर्न उक्त बैंकको केन्द्रीय कार्यालयमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत :

१. उदयपुर सिमेन्ट उद्योगको लागि Pot Transmitter, single bar-graph indicator र Moving coil indicator मिति २०५४।४।२२ को बीलबाट खरीद गरी रु. ८१,३४०।- र Switching power supply, PCB Handfree master र Dynamic selfcheck amp. मिति २०५४।९।१६ को बीलबाट खरीद गरी रु.

१,०४,८६८।- लालिमा ट्रेड इम्पेक्स ललितपुरलाई भुक्तानी दिइएको तथा RI Converter र Photo cell मिति २०५५।१२।२७ को बीलबाट खरीद गरी रु. ४३,२१८।- अशोक श्री ट्रेड कन्सर्न, सप्तरीलाई भुक्तानी दिइएकोमा उक्त सबै सामानहरु गुणस्तर युक्त छ भनी सोही उद्योगका इन्जिनीयर महेश साहले प्रमाणित गरेको पाइयो । सामान नयाँ हो भन्न सकिने विश्वसनीय आधार नदेखिंदा नदेखिदै उक्त सामानको गुणस्तर प्रमाणित गर्ने इन्जिनियर महेश साह र सामान साथ प्राप्त बीलहरु सामान्य रुपमा हेर्दा नै शंकास्पद देखिएको कुरालाई वेवास्ता गर्दै उक्त बील प्रमाणित गर्ने वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाले अनुचित कार्य गरेको देखिन आएको हुंदा निजहरुबाट प्रमाणित भई दाखिला हुन आएको भनिएका सामानहरुको परल मूल्य रु. २,२९,४२६।- दुवै जनाबाट असूलउपर गरी उद्योगलाई सोध भर्ना गरी निजहरु उपर बिभागीय कारवाही गर्न, प्लान्टहरुको निरीक्षण नै नगरी सामानहरुको माग फाराम सिफारिस गर्ने प्लान्ट महाशाखा प्रमुख महेशप्रसाद काफ्लेलाई अव आइन्दा यस्तो कार्य नगर्न नगराउन सचेत गराउन तथा उल्लिखित अवस्था हुंदा हुंदै सोको वेवास्ता गरी सामान दाखिला कार्यमा संलग्न तत्कालीन स्टोर इन्चार्ज हाल उप-प्रवन्धक विदुर ढुंगाना, तत्कालीन स्टोर इन्चार्ज हाल वरिष्ठ अधिकृत विपिन उपाध्याय र तत्कालीन स्टोरकिपर विजयप्रसाद लुइटेललाई सचेत गराउन आयोगको मिति ०५९।४।२२ को निर्णयानुसार उदयपुर सिमेन्ट उद्योग लिमिटेडलाई लेखीएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको ।

२. बाँसवारी छाला जुत्ता कारखाना लि.को हाता भित्रको जग्गा संचालक समितिको निर्णयले प्रचलित दरभन्दा कम मूल्यमा च्याम्पियन फूट वेयरलाई बिक्री गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा यस आयोगको मिति २०४९।११।५ को निर्णयानुसार तत्कालीन संचालक समितिका पदाधिकारीहरुलाई सतर्कता अपनाउन मन्त्रिपरिषद् सचिवालयलाई लेखीएकोमा हालसम्म पनि सो को जानकारी प्राप्त हुन नआएको ।

३. हेटौडा सिमेन्ट उद्योग अन्तर्गत ओखरे खोलासम्म जाने प्रवेश मार्ग निर्माणमा सम्झौताभन्दा कम तौलको ग्याबियन तार जाली प्रयोग गरी निर्माण कार्य गराई सम्झौताकै दर रेटमा बील भुक्तानी दिई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको मिति २०५५।३।४ को निर्णयानुसार सो उद्योग का तत्कालीन नायव महाप्रवन्धक राधेश्यामप्रसाद चौरसिया र का.मु. नायव महाप्रवन्धक शिरोमणी ढकाललाई सचेत गर्न उद्योग मन्त्रालयमा लेखीएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त नभएको ।

४. कोइला आयातको सम्झौता गर्दा घटी लिने गरी सम्झौता गरेको, जग्गा खरीद, भवन निर्माण, टेलिफोन सुविधा तथा औषधी उपचार खर्च समेतमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।३।१३ को निर्णयानुसार नेपाल कोल लिमिटेडका तत्कालीन नायव महाप्रवन्धक बिष्णुराज अर्याललाई विभागीय कारबाही गर्न आपूर्ति मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको जानकारी प्राप्त हुन नआएको ।

५. नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले श्री ५ को सरकारले तोकेको सुविधा भन्दा वढी लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निज झाले तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत :

१. वि.सं. २०५७ मा कृषि सामग्री संस्थानबाट युरिया मल खरीद गर्दा मन्त्रिपरिषद्को निर्णय वमोजिम वार्ताद्वारा राष्ट्रिय सहकारी संघ लिमिटेडसँग भारतको IFFCO बाट उत्पादित मल खरीद गर्न सो संघसंग

भएको सम्झौता र रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ बमोजिम पैठारी कर्ताको लोगो सहितको वोरा भित्र पोलिथिन समेत हुनु पर्नेमा भित्र पोलिथिन नराखेको पैठारीकर्ताको लोगो विनाको युरीया मल प्राप्त गरी एक वर्ष सम्म यस्तो मल सर्वसाधारणलाई विक्री गर्ने गरेको देखिएकोले सो कार्य गर्ने कृषि सामग्री संस्थानका तत्कालीन महाप्रवन्धक नित्यराज कोइरालाको कार्य र सोही सम्झौता बमोजिम एल.सी.बाट भुक्तानी गर्नु पर्नेमा ड्राफ्टवाट भुक्तानी गर्ने निर्णय गर्ने संचालक समितिका तत्कालीन अध्यक्ष मुक्तिनारायण श्रेष्ठको कार्यलाई सन्तोषजनक मान्न नसकिने हुंदा यी दुवै जनाको हकमा यो निर्णयमा व्यक्त टिप्पणी अभिलेखको रुपमा राख्न आयोगको मिति ०६०।२।३० को निर्णयानुसार मन्त्रिपरिषद्मा लेखी गएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको ।

२. कृषि अनुसन्धान परिषद्वाट पाखिवास कृषि अनुसन्धान केन्द्रका विभिन्न कर्मचारीलाई अस्थायी वा ज्यालादारीमा आवश्यकता अनुसार त्यहांवाटै छनौट गरी नियुक्त गर्न सक्ने अधिकार प्रत्यायोजन भैसकेको अवधिमा पनि उक्त परिषद्का निर्देशक दुलारचन साहु पथिकले विभिन्न व्यक्तिहरुवाट आफैले निवेदन लिई त्यस्तो निवेदनमा नियुक्ति दिनका लागि तोक लगाएको र सोही तोकका आधारमा सम्वन्धित व्यक्तिले नियुक्ति पनि पाएको देखिएकोले आफ्नो मातहतमा रहेका कर्मचारीलाई अधिकार प्रत्यायोजन भइसकेको बिषयमा पनि दवाव दिई आफू अनुकूलको काम गराई अनुचित कार्य गरेकोले आयोगको मिति ०५९।१२।१३ को निर्णयानुसार सचेत गराउन लेखी गएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको ।

३. पशु स्वास्थ्य सेंवा सुदृढीकरण आयोजनाका सह-निर्देशक डा. प्रभाकर पाठक फ्रान्स भ्रमणमा जान घर विदा लिएको अवस्थामा निजले कार्यालयको कामबाट फुर्सद लिएको मान्नु पर्ने हुंदा निजले परियोजनाबाट भुक्तानी लिएको १९९०।- युरो बराबरको रकम भरिभराउ गर्न तथा सो कार्य गरे बापत निजलाई सचेत गराउन आयोगको मिति ०५९।१०।२० को निर्णयानुसार कृषि तथा सहकारी मन्त्रालयमा लेखी गएकोमा हालसम्म कुनै जानकारी प्राप्त नभएको ।

४. तत्कालीन कृषि मन्त्री पद्मसुन्दर लावतीले आफ्नो निवासको टेलिफोन खर्च नेपाल कृषि अनुसन्धान परिषद्बाट जवरजस्ती भुक्तानी गर्न लगाई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।७।१७ को निर्णयानुसार कृषि अनुसन्धान परिषद्का तत्कालीन कार्यकारी निर्देशक उपेन्द्र मिश्र तथा कृषि मन्त्रालयका तत्कालीन सचिव दानबहादुर शाही समेतलाई सचेत गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा निजहरु दुवै जना अवकाश भएको भन्ने जानकारी प्राप्त भएको तर रकम असूल उपर भएको हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

५. पशु सेवा विभागबाट तालीम सञ्चालन गर्ने गराउने जिम्मेवारी प्राप्त क्षेत्रीय पशु तालीम केन्द्र विराटनगरका तत्कालीन तालीम अधिकृत डा. योगेन्द्रप्रसाद यादवले आफू तालीम अधिकृत भएकै बेला गैर सरकारी तालीम संचालन गरी तालीममा सहभागी नै नभएकी जिल्ला खोटाङ खाल्टे गाउं विकास समिति वडा नं. ७ वस्ने यशोदा के.सी.लाई तालीम प्राप्त गरेको भनी प्रमाण-पत्र दिने दिलाउने कार्य गरेको र उक्त प्रमाण-पत्रमा श्री ५ को सरकारको पूर्व स्वीकृति बिना श्री ५ को सरकारको निशान छाप, चिन्ह, तालीम भवन र सरकारी छाप समेत प्रयोग गरेको र छुट्टै कार्यालयको कार्य संचालन समेत आफू कार्यरत तालीम केन्द्रबाटै गर्ने गरेकोले निज डा. योगेन्द्रप्रसाद यादवलाई विभागीय कारबाही गरी निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को ३ बमोजिम ५ वर्षसम्म बढुवा रोक्का गर्न र यसै विषयमा आफू अध्यक्ष रहेको गैर सरकारी संस्थाको कार्य आफू पदासिन पशु सेवा विभाग अन्तर्गतको तालीम केन्द्रबाट सञ्चालन गराएकोले तत्कालीन महानिर्देशक डा. प्रल्हाद सापकोटालाई सोही ऐनको दफा ५९ को खण्ड (क) को २ बमोजिम दुई तलव वृद्धि रोक्का गर्न आयोगको मिति

२०५७।९।५ को निर्णयानुसार अख्तियारवाला समक्ष लेखिएकोमा हालसम्म पनि कारबाहीको कुनै जानकारी प्राप्त नभएको ।

६. नेपाल कृषि अनुसन्धान परिषद्ले लिएको विभिन्न तहको परीक्षाको नतीजा प्रकाशन गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा पदपूर्ति समितिका सदस्यहरु बाली रोग विज्ञान महाशाखा प्रमुख डा. सुन्दरकुमार श्रेष्ठ, कृषि तथा सहकारी मन्त्रालयका सहसचिव सुरेशकुमार बर्मालाई विभागीय कारबाही गर्न लेखीएकोमा हालसम्म पनि कारवाही भए नभएको कुनै जानकारी प्राप्त हुन नआएको ।

७. सह-लेखापाल निलाबहादुर रायमाझीले मस्यौट गरेको रकम रु. २,०६,०७१।३६ आन्तरिक लेखा परीक्षण बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेको भएपनि उक्त विवाद आर्थिक वर्ष २०५२।५३ को देखिंदा उक्त रकम मस्यौट गरेको दिन देखिको दशौंदका हिसावले सूद समेत असूल गराई निजलाई बिभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवाला कहां लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

८. कृषि विकास योजना नक्टाझ्ँझमा आर्थिक वर्ष २०५७५८ मा Impact evaluation of Deep Tubewell irrigation in the Command area of the Agriculture development project (पहिलो काम) र Impact evaluation of Agriculture development project and preparation of project for donor agency (दोश्रो काम) सम्बन्धी दुईवटा अध्ययनको काम गराउंदा योजना प्रमुख बद्रिप्रसाद विमोलीलाई विभागीय कारबाही हुन र शुरु टिप्पणी उठाई आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ विपरीत राय पेश गर्ने कृषि इञ्जिनीयर फुलगेन प्रधान तथा सोही नियमावली विपरीत भए गरेको काममा आफ्नो राय नबझाई सहमति जनाउने मूल्यांकन समितिका सदस्यहरु मध्येका लेखा अधिकृत मुकुन्दकेशरी पोखरेल र हाइड्रोजियोलजिष्ट इच्छाकुमार श्रेष्ठलाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रीलाई लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ग) गृह मन्त्रालय वा अन्तर्गत :

१. पूर्वान्चल अनाथाश्रमका बालबालिकाहरु अनियमित तवरले विदेशीहरुलाई धर्मपुत्र/पुत्री दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।१०।१० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मोरंगका तत्कालीन प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडा तथा पूर्वान्चल अनाथाश्रम विराटनगरका प्रमुख सीता पोखरेल उपर विभागीय कारवाही गर्न गृह मन्त्रालय तथा समाज कल्याण मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारबाही गरेको कुनै जानकारी प्राप्त हुन नआएको ।

२. गैर नेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कारबाही गर्न लेखी गएकोमा कारबाही गरेको कुनै जानकारी प्राप्त नभएको ।

३. भोजपुर जिल्लाको कारागार भवन एवं कम्पाउण्ड वाल निर्माण गराउंदा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।१०।१८ को निर्णयानुसार जिल्ला कार्यालय, भोजपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारीद्वय नरेन्द्रराज पौडेल र वामनप्रसाद न्यौपाने तथा जिल्ला भवन कार्यालय, भोजपुरका कायम मुकायम असिष्टेण्ट इन्जिनियर रत्नबहादुर काफ्ले उपर विभागीय कारबाही गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा कारबाहीको कुनै जानकारी प्राप्त हुन नआएको ।

४. नाम्गेल डोल्कर लामा र निजको पूर्व पति जर्मन नागरिक कास्टेन डाइकसँगको आफ्नो सम्पत्तिमा विवाद परी काठमाडौं जिल्ला अदालतमा कारबाही चलिरहेको मुद्दा र प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालयबाट हुने कारबाहीको टुंगो नलागेसम्म निजहरुको सम्पत्ति यथास्थितिमा राख्ने भन्ने जिल्ला प्रशासन कार्यालयको आदेश विपरीत कार्य गर्ने वडा प्रहरी कार्यालय, बौद्धका प्रहरी निरीक्षक तुलसीप्रसाद अधिकारीलाई प्रहरी नियमावली अनुसार विभागीय कारबाही गर्न आयोगको मिति ०५८।१२।१३ को निर्णयानुसार गृह मन्त्रीलाई लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(घ) जलस्रोत मन्त्रालय वा अन्तर्गत :

१. प्रचलित कानून विपरीत अनुचित निर्णय गरी कर्मचारीको बृत्ति विकासमा बाधा पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।२६ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका तत्कालीन निर्देशक प्रेमराज गौतम, बढुवा समितिका सदस्य सुशीलकुमार शर्मा समेतलाई विभागीय कारबाही गर्न आयोगको निर्णयानुसार नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई लेखी गएकोमा जलस्रोत मन्त्रालयको च.नं. २४६ मिति २०५८।५।२९ को पत्रानुसार कारवाही गर्न नपर्ने भनी लेखी आएकोमा आयोगको निर्णयानुसार नै विभागीय कारवाही गर्नु पर्ने ।

(ङ) वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत :

१. तत्कालीन बांके, बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्ष समेतले जग्गा वितरण गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०४८।११।५ को निर्णयानुसार मालपोत कार्यालय बांकेका तत्कालीन मालपोत अधिकृत श्यामानन्द सुमन तथा भेरी अन्चल क्षेत्रीय बसोवास कार्यालय, बांकेका तत्कालीन नायव सुब्बा खेमराज सुवेदी उपर सचेत गराउन वन तथा वातावरण मन्त्रालयमा लेखी गएकोमा तत्कालीन वन तथा वातावरण मन्त्रालयले मिति २०४८।१२।२६ मा सचेत गराउने निर्णय गरेको तर सम्बन्धित कर्मचारीलाई सचेत गराईएको जानकारी भने प्राप्त नभएको ।

२. बुडर-जोगबुढा-दैजी सडकको सडक रेखाङ्कन भित्र परेका विभिन्न जातका २५२६ रुखहरु २०५० साल असार मसान्त भित्र कटान गरी निकासी गर्ने गरी मिति २०४९।३।८ मा जिल्ला वन कार्यालय, डडेल्धुरा र ठेकेदार रामहरि शर्मा बीच भएको करारनामा विपरीत करारको अबधि समाप्त भएको ६।७ वर्षपछि रुख काट्न दिने निर्णय गरेको सम्बन्धमा वन विभागका तत्कालिन महा-निर्देशक दिव्यदेव भट्टलाई विभागीय कारवाही गर्न लेखी गएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(च) विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत :

१. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनाष्ट)ले बिना नीति नियम इ-मेलको संचालन गरी विभिन्न व्यक्ति एवं संस्थालाई लाइन वितरण गरी संस्थालाई हानि नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार रोनाष्टका तत्कालीन उपकूलपतिलाई सचेत गराउन रोनाष्टमा लेखी गएकोमा हालसम्म पनि सो सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

(छ) भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत :

१. रसुवा स्थित हेलिप्याड निर्माण गराउंदा अनियमित कार्य गरेको सम्बन्धमा आयोगको मिति २०४९।९।१६ को निर्णयानुसार असिष्टेण्ट इन्जिनियर किरणकुमार चित्रकार र ओभरसियर राजकुमार श्रेष्ठलाई

विभागीय कारवाही गर्न लेखी पठाएकोमा निजहरु कार्यरत तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयले कारबाही गरेको जानकारी हालसम्म पनि उपलब्ध नभएको ।

२. इलाम बजार क्षेत्रमा नेपाल दूर संचार संस्थानले पिच सडक खनी केबुल विछ्याएको ठाउंमा डिभिजन सडक कार्यालय, इलामबाट लागत अनुमान अनुसार मर्मत सम्भार कार्य नभएको भन्ने सम्बन्धमा डिभिजन सडक कार्यालय, इलामका डिभिजनल इन्जिनियर गोपालप्रसाद सिंहलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखीएकोमा सो सम्वन्धमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

३. तातोपानी भन्सार कार्यालयमा बसपार्क निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सो कार्यालयका प्रमुख शेरजंगध्वज कार्की, डिभिजन सडक कार्यालयका तत्कालीन डिभिजन प्रमुख निज रामकुमार लम्साल, डिभिजन सडक कार्यालय. चरिकोटका तत्कालीन इन्जिनियर नवीनमान श्रेष्ठ उपर विभागीय कारबाही गर्न सम्वद्ध मन्त्रालयहरुमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

४. निजामती कर्मचारीको सेवा समूह परिवर्तन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पूरा नगरी सेवा समूह परिवर्तन गरेको भन्ने सम्बन्धमा तत्कालीन सचिव हिरण्यलाल रेग्मीको हकमा निजले सेवाबाट अवकास पाइसकेको हुंदा मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्न लेखीएको र अन्य अधिकृतहरु आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको हकमा लोकसेवा आयोगबाट आवश्यक कारबाही गर्न लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत :

१. पशुपति आदर्शनगर निर्माण समिति, वीरगन्जले श्री ५ को सरकारबाट प्राप्त गरेको जग्गा मध्ये प्लट नं. ८५९/८६० मा तत्कालीन वीरगन्ज नगर पञ्चायत बोर्ड समेतको निर्णय बमोजिम बस स्टैण्ड सन्चालन भई सो जग्गा २०३३ सालमा नगर पञ्चायतलाई हस्तान्तरण भएको थियो । सोही बस स्टैण्डको जग्गा २०४६ सालको शहरी नापीमा वीरगन्ज उप-महानगरपालिका वडा नं. १३ स्थित कि.नं. १७ मा ज.वि. १-२-४-३ र कि.नं. २२४ मा ज.वि. ०-०-३-३ नापी भई फिल्ड बुकमा बस स्टैण्ड र बस पार्क जनिएकोबाट वीरगन्ज उप-महानगरपालिकाको भोग अधिकार भित्रको जग्गा रुक्मिणीदेवी केडियाका नाममा बदनियत पूर्वक अस्थायी दर्ता गर्ने निर्णय गरेको देखिन आएकोले १ नं. नापी गोश्वाराका तत्कालीन प्रमुख हृदयनारायण मिश्रलाई हदैसम्मको बिभागीय कारवाही गर्न आयोगको मिति ०६०।३।१९ को निर्णयानुसार सम्बन्धित निकायमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. जग्गा नापजाँच गर्दा तोकिएका अधिकारीवाट कुनै गल्ती वा त्रुटी वा ऐन नियम विपरीत काम गरेको वा सरकारी सार्वजनिक जग्गा वा गुठी अधिनस्थ जग्गा मिची दर्ता गराएको देखिएमा सुधार गराउने, सार्वजनिक जग्गा वचाउने वा नापजाँच गर्दा कुनै समस्या उठेमा सुल्झाउने प्रयोजनको लागि जग्गा नापजाँच ऐन २०१९ को दफा ११ (ख) अनुसार गठन भएको समितिमा १ नं. नापी गोश्वारा वीरगञ्जका तत्कालीन नापी प्रमुख एवं समितिका सदस्य सचिव हृदय नारायण मिश्रले पर्सा जिल्ला अन्तर्गत साविक नापीमा वन, वुटेन, पर्ति, खोला, चौर, सडक आदि जनिएको सखुवा पर्सौनी गाउं विकास समितिका जम्मा कित्ता २२० ज.वि. ११६–१४–६.५३, महादेव पट्टी गाउं विकास समितिको जम्मा कित्ता १५ ज.वि. ३४–११–१.३९ र चोर्नी गाउँ विकास समितिको जम्मा कित्ता ३ ज.वि.

१–१–५.८७ लाई साविक देखि जोतभोग गरेको भनी बनावटी कथित तिरो तिरेको रसीदको दोश्रो प्रति र गाउँ विकास समितिको सिफारीसको आधारमा विभिन्न व्यक्तिहरुको नाममा दर्ता गर्ने गरी अधिकार नै नभएको कुरामा निर्णय गराई लालपूर्जा समेत वितरण गरेको विषयमा आयोगको मिति ०६०।३।१९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद भट्टराई, १ नं. नापी गोश्वाराका प्रमुख हृदय नारायण मिश्र, प्रमुख मालपोत अधिकृत उमानाथ झवाली र नापी टोली प्रमुख सत्यलाल राय यादवलाई विभागीय कारवाही गर्न सम्वन्धित निकायहरुमा लेखी गएकोमा सो सम्बन्धमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

३. आर्थिक वर्ष २०५६।५७ मा नापी विभाग अर्न्तगतको कित्ता नापी महाशाखाको लागि आवश्यक आधुनिक उपकरण खरिद गर्ने क्रममा आवश्यक ६ सेट टोटल स्टेशन र एसेसरिज समेतको लागि .वोलपत्र आह्वान गरेको सम्बन्धमा आयोगको मिति ०५९।८।४ को निर्णयानुसार कित्तानापी महाशाखाका तत्कालीन निमित्त उप-महानिर्देशक नारायण भट्टराईलाई पाँच वर्षसम्म बढुवा रोक्का हुने गरी र तत्कालीन प्रमुख नापी अधिकृत विष्णुकुमार न्यौपानेको एक तलव वृद्धि रोक्का हुने गरी विभागीय सजाय गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएकोमा र तत्कालीन लेखा अधिकृत मोहनबहादुर चापागाई निजको दुई तलव वृद्धि रोक्का हुने गरी विभागीय सजाय गर्न महालेखा नियन्त्रकलाई लेखी पठाइएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

४. भीमभक्तेश्वर गुठीको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।१०।१५ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका अधिकृत ध्रुवप्रसाद वाग्ले र नायव सुब्बा कोमलप्रसाद श्रेष्ठ उपर विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त नभएको ।

५. जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरीत गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धाँधली गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५०।१०।२९ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मालपोत अधिकृत कलाधर देउजा, शान्तबहादुर श्रेष्ठ उपर विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा तोकिएको काम काज गरेको हुंदा कारबाही गर्न नपर्ने भनी मालपोत विभागबाट लेखी आएको तर आयोगको निर्णयानुसारको कारबाहीको हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

६. धनगढी नगरपालिका - ३ का वंशीधर शर्माको कि.नं. ७०४ को घर भएको जग्गालाई घर नभएको भनी झूठा फिल्ड निरीक्षण प्रतिवेदन दिने नापी कार्यालय, कैलालीका अमीन गंगाप्रसाद मालीलाई विभागीय कारबाही गरी सोको जानकारी यस आयोगलाई दिन नापी विभागलाई लेखीएकोमा हालसम्म कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(झ) शिक्षा तथा खेलकूद मन्त्रालय वा अन्तर्गत :

१. गैर कानूनी ढंगले अष्ट्रेलिया वस्ने सरोज गुरुङलाई कानून बमोजिम अवकाश दिइसकेको कुरा लुकाई टिप्पणी पेश गर्ने प्रशासन शाखाका तत्कालीन अधिकृत डेम वस्नेत, लेखा अधिकृत वासुदेव आचार्य तथा विभागीय प्रमुख कमल खनाललाई सचेत गराउन र निज सरोज गुरुङलाई अनियमित अध्ययन विदा स्वीकृत गरी अवकाशमा परेको अवधिको समेत तलव भत्ता खुवाए वापतको रकमलाई पेश्कीमा कायम गरिएको र निजसंग सो रकममध्ये केही रकम असुल भएको भन्ने देखिंदा असुल गर्न वाँकी रकम निजबाट असुल गर्ने, निजबाट असुल हुन नसकेमा निर्णयमा संलग्न मुख्य पदाधिकारी सदस्य सचिव विनोदशंकर पालिखेवाट असुल गर्ने तर्फ कारवाही गर्न आयोगको मिति ०५९।१०।६ को निर्णयानुसार

राष्ट्रिय खेलकूद परिषद्लाई लेखी पठाइएकोमा सो सम्बन्धमा कारवाही भएको जानकारी हालसम्म पनि प्राप्त प्राप्त नभएको ।

२. विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा योजना क्षेत्र भित्र सञ्चालित सर्कुलर पोखरी खन्ने कार्यमा वास्तविकता भन्दा बढी कार्य दिन देखाई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार लुम्बिनी विकास कोषको तत्कालीन संचालक समितिलाई सचेत गराउन शिक्षा मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त हुन नआएको ।

३. शिक्षा मन्त्रालयबाट शिक्षा नियमावलीमा भएको व्यवस्था विपरीत प्राथमिक विद्यालयहरुको लेखा परीक्षण कार्य शिक्षा मन्त्रालयबाट पारिश्रमिक भुक्तानी दिने गरी नाम मात्रको लेखा परीक्षण गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा शिक्षा मन्त्रालयका तत्कालीन सचिव शरद कुमार भट्टराईको अभिलेख राख्न र सह-सचिव विश्वनाथ ढकाल र उप-सचिव (लेखा) गोपिनाथ मैनालीलाई सचेत गराउन विभागीय मन्त्री समक्ष लेखी पठाएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

४. त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाल कमर्स क्याम्पस, मीन भवनको हाता भित्र आर्थिक वर्ष २०५६।५७ मा भवन निर्माण सम्बन्धी बोलपत्र स्वीकृत गर्दा निर्माण समितिका सदस्य द्वय केशवप्रसाद पाण्डे र राजेन्द्रगोपाल श्रेष्ठ आमन्त्रित सदस्यको हैसियतले मात्र निर्माण समितिको बैठकमा उपस्थित भएको देखिए तापनि गैरकानूनी निर्णयमा सहभागी भएको देखिंदा निजहरु उपर विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालयका उपकूलपति समक्ष लेखीएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त हुन नआएको ।

५. जिल्ला शिक्षा कार्यालय, सर्लाहीका तत्कालीन जिल्ला शिक्षा अधिकारी हिराप्रसाद ढकालले अनियमित तरीकाबाट अस्थायी शिक्षक नियुक्ति, सरुवा गरेको भन्ने सम्बन्धमा निज हिराप्रसाद ढकाल उपर यस भन्दा अगाडि भएका कारबाही भन्दा कडा विभागीय कारबाही गर्न एवं उक्त कार्यालयका नायव सुब्बा रामपुकार यादवलाई कुनै पनि कार्यालयको विद्यालय प्रशासन शाखाको जिम्मेवारी समेत नदिने र सजाय स्वरुप अन्यत्र सरुवा गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत :

१. नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले फिलिपिन्स र वंगलादेशमा आफ्ना छोराछोरी अध्ययनरत रहेको अबस्थामा संस्थानबाट आफूलाई प्राप्त सुविधाको टेलिफोनबाट निजहरुलाई ट्रंक कल गरी सोको भुक्तानी संस्थानबाट गराएको देखिएकोले सुविधाको दुरुपयोग गरी निजी प्रयोजनमा ट्रंक कल गरेको रकम रु. ९४,५६०।- र सोको नियमानुसारको व्याज निज प्रकाशकुमार पौडेलबाट असूल गर्न र प्रयोग भएको टेलिफोनबाट गरिएको ट्रंक कल संस्थानको काममा प्रयोग गरेको भन्ने कुनै आधार प्रमाण नलिई प्रयोग गर्ने अधिकारीबाट प्रमाणित नगराई कारोवार नै नभएको मुलुकमा गरेको ट्रंक कलको रकम भुक्तानीको सिफारिस गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कारबाही गर्न नेपाल यातायात संस्थानलाई लेखीएकोमा हालसम्म पनि कारबाहीको जानकारी प्राप्त हुन नआएको ।

(ट) **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत :**

१. शाही नेपाल वायु सेवा निगमका तत्कालीन कानूनी सल्लाहकार रामकृष्ण निरालाले राजदरवारमा दु:खद घटना घटेकोले सार्वजनिक शोक विदा भई काठमाडौ जिल्ला अदालत बन्द रहेको अवस्थामा बहस नै नगरी भुक्तानी लिएको सम्बन्धमा नेपाल कानून व्यवसायी परिषदको जानकारीको लागि लेख्नुका अतिरिक्त उल्लिखित रकम असूलीका लागि आयोगको मिति ०५९।१२।१८ को निर्णयानुसार पठाइएकोमा सर्वोच्च अदालतमा रिट दर्ता गरी अदालतबाट अन्तरिम आदेश समेत जारी भएको भन्ने निगमको पत्र प्राप्त भएकोले आयोगको निर्णय कार्यान्वयन हुन बाँकी नै रहेको ।

२. शाही नेपाल वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सह-सचिव हरिभक्त श्रेष्ठलाई विभागीय कारबाही गर्न क्रमश: अर्थ मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएको र निगमका तत्कालीन अध्यक्ष अजित नारायण सिंह थापाको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयलाई लेखिएकोमा कारबाही गरेको कुनै जानकारी प्राप्त हुन नआएको ।

३. शाही नेपाल वायु सेवा निगम, अपरेशन्स विभागका तत्कालीन कायम मुकायम निर्देशक सुधीर राईले विमान चालक तथा कर्मचारीका लागि सिंगापुर तथा फ्रयांकफर्टमा होटेल भाडामा लिएको सम्वन्धमा निज राईको ५ (पांच) ग्रेड घटाउने गरी विभागीय कारबाही गर्न आयोगको मिति ०५८।४।२४ को निर्णयानुसार निगमलाई लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ठ) **सूचना तथा सञ्चार मन्त्रालय वा अन्तर्गत :**

१. चलचित्र विकास बोर्डको सदस्य सचिवमा नियुक्त भएपछि मणिराम ओझाले चलचित्र घरहरुको भौतिक पूर्वाधार पुगे-नपुगेको जाँच नगराई नवीकरण गरिदिएको सम्बन्धमा आयोगको मिति ०५९।१२।४ को निर्णयानुसार निज उपर बिभागीय कारवाही गर्न सूचना तथा सञ्चार मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त नभएको ।

२. इलाका हुलाक कार्यालय रुम्जाटारका खरिदार मधुप्रसाद दाहालले धनादेश रकम रु. १५,०००।- हिनामिना गरेको सम्बन्धमा वेरुजु रहेको रकम असुल उपर भई सकेकोले विभागीय कारवाही गर्न जिल्ला प्रशासन कार्यालय, ओखलढुंगालाई लेखी गएकोमा हालसम्म पनि कारवाहीको जानकारी प्राप्त नभएको ।

(ड) **स्थानीय विकास मन्त्रालय वा अन्तर्गत :**

१. बारा जिल्ला वेनौली गाउं विकास समिति स्थित सार्वजनिक पोखरीमा माछा पालन गरी विक्री गर्ने कार्यको एक पटक डाक वढावढ भई कवोल गरी सम्झौता समेत भइसकेको अवस्थामा गाउँ परिषद्बाटै कबोल अंक घटाउने निर्णय गरेको सम्बन्धमा गाउं विकास समितिका तत्कालीन अध्यक्ष कैलासप्रसाद यादवले अनुचित कार्य गरेकोले निजलाई सचेत गराउन आयोगको मिति ०६०।१।२५ को निर्णयानुसार लेखी गएकोमा हालसम्म पनि कुनै जानकारी नआएको ।

२. सिरहा जिल्ला, सन्हैठा गाउं विकास समितिका अध्यक्षले गाउं विकास समितिलाई प्राप्त सरकारी अनुदान रकम बेहिसाव गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ (संशोधन सहित) को नियम २२ को प्रावधान विपरीत एकैपटक लगत. इष्टमेट र मूल्यांकन गर्ने

गराउने गाउं विकास समिति अध्यक्ष राजेश्वर यादव, ओभर सियर दुःखी हरिजन र सहायक ओभर सियर मोहितनारायण महतोलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि सचेत गराएको जानकारी प्राप्त नभएको ।

३. सार्वजनिक उद्यान तथा सभागृह बिकास समितिको पसल भाडा दिंदा, सामान खरीद आदि विभिन्न कार्यहरुमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा सदस्य सचिव पुष्पलाल श्रेष्ठ तथा लेखा अधिकृत सहदेव श्रेष्ठलाई बिभागीय कारवाही गरी सोको जानकारी यस आयोगमा पठाउन स्थानीय बिकास मन्त्रालयलाई लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

४. जिल्ला बिकास समितिको कार्यालय, बांके अन्तर्गत बिनौना, बैजापुर र कन्चनपुर गाउं विकास समितिहरुमा आर्थिक बर्ष २०५२।५३ देखि २०५४।५५ सम्म ठेकेदार र प्राविधिकले मिलेमतो गरी गुणस्तरहिन सामग्री प्रयोग गरी निर्माण गरेको पुल, कलभर्टहरु भत्के बिग्रेको सम्बन्धमा ओभर सियर धनबहादुर रोकाया र इन्जिनियर नारायणप्रसाद श्रेष्ठलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

५. वीरगञ्ज उपमहानगरपालिकाका प्रमुख विमलकुमार श्रीवास्तवले सम्वन्धित निकायको स्वीकृति नलिई वीरगञ्ज भन्सारदेखि गण्डकसम्मको माटो पुर्ने कामको प्रकृति अनुसार एकै लागत अनुमान तयार गर्नु पर्नेमा टुक्रा टुक्रा गरी तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिंदा निजलाई सचेत गराउनको लागि स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

६. काठमाडौं महानगरपालिकाद्वारा स्थायी कर्मचारी पदपूर्ति गर्दा अनियमितता भएको सम्बन्धमा बोर्ड अध्यक्ष काठमाडौं महानगरपालिका प्रमुख केशव स्थापितलाई आइन्दा त्यस्तो कार्य नगर्न सचेत गराउन र अन्य कर्मचारीहरु जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि रामशरण चिमोरीया, सदस्य सचिव हरिप्रसाद रिमाल र स्थानीय विकास मन्त्रालयका प्रतिनिधि रामप्रसाद शर्मा समेतलाई विभागीय कारबाही गर्न काठमाडौं महानगरपालिकालाई लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

७. स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालित वि.पि. मार्ग सडक योजना, दाङबाट आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा सडक निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा स्थानीय विकास निर्माण आयोजनाका तत्कालीन प्रमुख मोतिलाल पाण्डेबाट बण्ड वापतको रकम रु. ३१,०००।- असूल उपर गर्न स्थानीय विकास मन्त्रालयमा लेखीएकोमा हालसम्म असूल उपर भएको जानकारी प्राप्त हुन नआएको ।

८. लहान नगरपालिकाका तत्कालीन सचिव पुष्पराज ढुंगानाले उप-प्रमुख राजेन्द्र महतोको नामको पेश्की फछ्यौंट गर्दा यान्त्रिक कार्यालय लाहानमा रकम दाखिला गरेको भर्पाई माग गर्नु पर्नेमा सो माग नगरी पेश्की फछ्यौंट र सोधभर्ना भुक्तानी गरी पछि मात्र भर्पाई पेश गर्न पत्र लेखी कार्यालयको काममा लापरवाही गरेको देखिएकोले अब आइन्दा त्यस्तो कार्य नगर्न निज पुष्पराज ढुंगानालाई सचेत गर्न र नगरपालिका प्रमुख मुनि साहले नगरपरिषदबाट पारित भएका विकास योजनाहरुको कार्यान्वयन नगरपालिका बोर्डको निर्णय बिना सीधै तोक आदेशबाट कार्यान्वयन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) प्रतिकूल हुने गरी काम कारबाही गरेको समेत देखिएकोले निज मुनि साहलाई अब आइन्दा यस्तो कार्य नगर्ने गरी सचेत गर्न स्थानीय विकास मन्त्रालयमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

(ढ) **स्वास्थ्य मन्त्रालय वा अन्तर्गत :**

१. परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी प्रसूति गृह विकास समितिले मेडिसिन डिपो सञ्चालन गर्ने सम्बन्धी इजाजत प्राप्त नगरेको फर्मको दरभाउ पत्र स्वीकार गर्ने तर्फ श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह विकास समितिका पदाधिकारीहरु अध्यक्ष डा. वि.डि. चटौत, सदस्यहरु उप-सचिव सदानन्द उपाध्याय, डा. कस्तुरी मल्ल, डा. लता ब्रजाचार्य, उर्मिला वैद्य र शर्मिला लिगललाई ध्यानाकर्षण गराई सोको जानकारी स्वास्थ्य मन्त्रालयलाई दिइएको । तत्कालीन सदस्य सचिव डा. सरस्वती पाध्येले त्यस्तो प्रकृतिको विवादित सम्झौतामा अर्को पक्षको दस्तखत नहुँदै आफू अनिवार्य अवकाश हुने अघिल्लो दिन २०५८।६।५ मा दस्तखत गरेको र अर्को पक्षको दस्तखत भने मिति २०५८।८।२५ मा मात्र भएको देखिंदा सो को विभागीय अभिलेख राख्न आयोगको मिति ०६०।२।२८ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयमा लेखीएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

२. वि.पि. कोइराला मेमोरीयल क्यान्सर अस्पताल, भरतपुरको सञ्चालक समितिको मिति २०५५।९।१० को बैठकको "कोटेशनद्वारा दर भाउ लिई अस्पताल नियमावलीको परिधि भित्र रही" खरीद गर्ने भन्ने निर्णय विपरीत खरीद गरेको सम्बन्धमा अस्पतालका तत्कालीन कार्यकारी निर्देशक, हाल यातना पिडित सरोकार केन्द्रमा कार्यरत डा. विदुर वस्तीको हकमा निज हाल सार्वजनिक पदमा नरहेकोले मन्त्रिपरिषद् सचिवालयलाई निजको अभिलेख राख्न आयोगको मिति ०५९।१२।२३ को निर्णयानुसार लेखी गएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

३. साझा स्वास्थ्य सेवाका व्यापार अधिकृत रामकुमार श्रेष्ठले विराट फर्मा वुटवलका कर्मचारी निश्चल पोखरेलले पेश गरेको मिति २०५६।१।१९ नं. ३४२ को हातैले लेखेको सक्कल बील फिर्ता दिई भ्याटमा दर्ता नै नभएको कम्पनीको नक्कली भ्याट नम्बर राखिएको अर्को कम्प्यूटर प्रिन्ट गरिएको बील तयार गरी गराइ भुक्तानीको लागि सिफारिस गरी अनुचित कार्य गरेकोले निजलाई विभागीय कारवाही गर्न साझा स्वास्थ्य सेवामा लेखी गएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

४. पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका कायम मुकायम निर्देशक डा. महानन्द मिश्रले आर्थिक ऐन नियमको रीत पुऱ्याई औषधीहरुको जेनेरिक नाम उल्लेख गरी बोलपत्र प्रकृयाको माध्यमवाट प्रतिस्पर्धा गराई आर्थिक वर्ष २०५६।५७ को लागि औषधी खरिद गर्नु पर्नेमा २०५६ पौषमा नै बजेट निकासा भै सकेको अवस्थामा बजेट ढीला निकासा भएको भन्ने बहाना गरी पारदर्शी ढंगले कारवाही नगरी कम्पनीको नाम किटान गरी साझा स्वास्थ्य सेवालाई औषधी आपूर्ति गर्न दिएको आदेश उचित नदेखिंदा अव आइन्दा यस प्रकारको कार्य नगर्न सचेत गराउन आयोगको मिति ०५९।६।७ को निर्णयानुसार लेखी गएकोमा हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको ।

५. सामान खरिद गर्दा सामान स्टोरमा दाखिला नगरी नक्कली बील बनाई भुक्तानी दिने गरेको र कार्यालय तथा अस्पतालहरुमा आवश्यक पर्ने स्टेशनरी सामान छपाईमा आर्थिक प्रशासन सम्बन्धी नियम विपरीत खरिद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा. के.बि. सिंह कार्की तथा लेखा अधिकृत रत्नबहादुर नेपाली समेतलाई बिभागीय कारवाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि सो को जानकारी प्राप्त हुन नआएको ।

६. स्वास्थ्य मन्त्रालय अन्तर्गत चिकित्सा महाशाखा टेकूबाट बढी क्षमताको एक्स-रे मेशीन खरीद गर्न आदेश भएकोमा कम क्षमताको मेशीन बढी मूल्यमा खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।५।२४ को निर्णयानुसार वीर अस्पतालका प्रमुख रेडियोलोजिष्ट डा. नेत्रबहादुर

अमात्य, त्रिभुवन विश्वाविद्यालय शिक्षण अस्पतालका तत्कालीन प्रमुख रेडियोलोजिष्ट डा. टेकबहादुर बुढाथोकी, वीर अस्पतालका सम्भार अधिकृत गंगालाल श्रेष्ठ तथा स्वास्थ्य सेवा विभाग, चिकित्सा महाशाखाका प्रमुख डा. हरिनाथ आचार्य समेतलाई बिभागीय कारवाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारवाही गरेको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १०
तामेली

आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्र भित्र नपरेको, प्रथम दृष्टि मै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारवाही गर्न सम्भव नभएको, गोलमोटोल, अत्यन्त सामान्य र मामूली विषयको सम्वन्धमा उजूरी परेको भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० वमोजिम आयोगबाट त्यस्ता उजूरीहरु तामेलीमा राख्ने निर्णय गरिन्छ। गत आर्थिक वर्षमा उपर्युक्तानुसार तामेलीमा राख्न निर्णय गरिएका उजूरीहरुको देहायमा सविस्तार वर्णन गरिएको छ।

१. प्रगन्ना कुलो सिंचाई योजना, दाङको निर्माण कार्यको बोलपत्र आव्हान तथा सम्झौताको समयमा स्पेसिफकेशन नतोकी सम्झौता पछि जियोटेक्स्टाइलको स्पेसिफिकेशन तोकी ठेकेदारलाई मर्कामा पारेको भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा प्रगन्ना कुलो सिंचाई योजनाले तोकेको जियोटेक्स्टाइलको प्रयोगबाट श्री ५ को सरकारलाई हानी नोक्सानी नहुनुका साथै योजना र ठेकेदार बीच भएको शुरु सम्झौता अनुसार नै ठेकेदारले विल पेश गरी भुक्तानी लिएको देखिएकोले आयोगको मिति २०६०।४।२२ को निर्णयानुसार प्रस्तुत फाइल तामेलीमा राखिएको।

२. पूर्व मन्त्री खुमवहादुर खड्काले निजको जेठान मुकुन्द गौतमलाई साझा यातायात, नेपाल यातायात संस्थान र एन. सि. सि. एन. लि. का महाप्रवन्धक र अध्यक्ष बनाई गैर कानूनी रुपमा हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरे गराएको भन्ने विषयमा यस आयोगबाट अनुसन्धान गर्दा निज मुकुन्दराज गौतमका नाममा आयात निर्यात गर्ने गरी दिपेश इन्टरप्राइजेज नामको व्यापारिक फर्म दर्ता भएको देखिएको। निजको सगोल परिवारमा रहेको दाङ्ग, मानपुर गाउँ विकास समिति वा.नं.४(ग) स्थित १५-२-१६ विगाहा जग्गा विक्री गरेको देखिएको र सोबाट प्राप्त रकमबाट निजले आफ्नो व्यवसाय संचालन गरेको पुष्टि हुन आएको। पैतृक बाहेक निज र निजको सगोलका परिवारका नाममा कुनै घर जग्गा खरिद गरेको नदेखिएको। एन.सी.सी.एन.लि.का अध्यक्ष, साझा यातायातका महाप्रवन्धक र नेपाल विद्युत प्राधिकरण संचालक समितिको सदस्य जस्ता पदहरुमा कार्य गरी सकेका निज मुकुन्दराज गौतम उपर यत्तिकै आधारमा मात्र अस्वभाविक रुपमा सम्पत्ति आर्जन गरेको मान्न सकिने अवस्था नदेखिएकोले आयोगको मिति २०६०।५।२६ को निर्णयानुसार प्रस्तुत फाइल तामेलीमा राखिएको।

३. वोयल्सन कन्सर्नका प्रोपाइटर पूर्ण वहादुर श्रेष्ठले रोटरी इलेक्ट्रिक कन्भर्टर आयात गर्न नेपाल एस.वी.आई. वैंकवाट अमेरिकन डलरको एल.सी. खोली सामान आयात नहुँदै रकम मात्र भुक्तानी भई विदेशी मुद्रा अपचलन भएको प्रतितपत्र कारोवारमा वैंकको कर्मचारीहरुको संलग्नता सम्वन्धमा यस आयोगबाट छानवीन गर्दा विदेशी मुद्रा अपचलन गरेको कसूरमा प्रोपाइटर उपर काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भैसकेको देखियो। प्रतितपत्र कारोवारमा संलग्न कर्मचारीहरुले बदनियत राखी बैंकलाई प्रत्यक्ष नोक्सानी पुऱ्याएको भन्न सकिने अवस्था नभएको र बैंकका कर्मचारीलाई तोकिएको कार्यविधिको पालना नगरी अनुचित कार्य गरेको सम्वन्धमा वैंककै तर्फवाट छानवीन भई सम्वन्धित कर्मचारीलाई सचेत समेत गराई सकेको देखिंदा आयोगको मिति २०६०।५।३१ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको।

४. प्रहरी उपरीक्षक टपेन्द्रध्वज हमालले आफ्नो हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा निजले तलव, भत्ता, कमिशन, यु.एन. मिशनमा जाँदा वचत गरेको रकम र ससुरा प्रभाकर विक्रम शाहबाट दाइजो प्राप्त गरेको देखिन्छ। यसरी निज र निजका परिवारका सदस्यको नाउँमा हाल रहेको चल अचल सम्पत्तिलाई निजको बैध आयको अनुपातमा अस्वाभाविक

प्रकृतिको मान्न मिलेन । त्यस्तै काठमाडौं वटु टोलमा निज समेतको संलग्नतामा मिति २०५९।६।३ मा सुन लुटिएको भन्ने घटनाका सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न आयोगबाट प्रहरी महानिरीक्षकलाई लेखी पठाई सकिएको हुँदा आयोगको मिति २०६०।६।२२ को निर्णयानुसार प्रस्तुत कारबाहीको फाइल तामेलीमा राखिएको ।

५. प्रहरी निरीक्षक बसन्त विक्रम राणाले आफ्नो हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा निज राणाले आफूले पाउने तलव भत्ता बाहेक यु.एन. मिशनमा जाँदा रकम बचत गरेको र कर्मचारी सञ्चयकोषबाट समेत सापटी लिएको देखियो । सो बाहेक निजले पैतृक जग्गाबाट प्राप्त भएको आय, ससुरालीबाट प्राप्त दाइजो समेतबाट आर्जन गरेका आधारहरु देखिन्छन् । यसरी निज र निजका परिवारका सदस्यको नाउँमा हाल रहेको चल अचल सम्पत्तिलाई निजको वैध आयको अनुपातमा अस्वाभाविक मान्न मिलेन । काठमाडौं वटु टोलमा निज समेतको संलग्नतामा सुन लुटिएको भन्ने सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न आयोगबाट प्रहरी महानिरीक्षकलाई लेखी पठाई सकिएको हुँदा आयोगको मिति २०६०।६।२२ को निर्णयानुसार प्रस्तुत कारबाहीको फाइल तामेलीमा राखिएको ।

६. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८, को प्रतिवेदन एवं यस आयोगमा परेका उजूरी तथा अन्य श्रोतबाट प्राप्त सूचना र जानकारीको आधारमा पूर्व राज्यमन्त्री ज्योतेन्द्र मोहन चौधरीको स्रोत नखुलेको सम्पत्ति सम्वन्धमा अनुसन्धान गर्दा निजको नामको २७-१६-०४ बिगाहा जग्गा निजले आफ्नो बाबुबाट अंश बापत प्राप्त गरेको देखियो । सो मध्ये बिभिन्न मितिमा बिभिन्न व्यक्तिलाई हक हस्तान्तरण गरी हाल जग्गा ९-१६-८ बिगाहा बांकी भएको देखिन्छ भने निजले बिभिन्न मितिमा स्वआर्जनवाट प्राप्त गरेका कुल जग्गा ४-१-१६ बिगाहा मध्ये बिभिन्न व्यक्तिलाई २-१९-८ बिगाहा जग्गा हक हस्तान्तरण गरी हाल स्वआर्जित जग्गा १-२-८ वांकी भएको देखिंदा निजको साथमा हाल कुल १०-१८-१६ जग्गा कायम देखिन्छ । सो जग्गालाई सम्पत्ति न्यायिक जांचवुझ आयोगले पनि कैफियत नगरेको र निजले स्वआर्जनवाट प्राप्त गरेको जग्गा पनि निज प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुनु अगाडी नै खरिद गरेको देखियो । यसै गरी निजको रुपन्देही भगवानपुर गा.वि.स. को घर पनि सांसद हुनुभन्दा अगावै २०४७ मा निर्माण भएको देखियो । निजसँग ११० तोला सुन रहेको देखियो जुन बिवाहको उपलक्ष्यमा माइतीवाट ६० तोला र घरवाट ५० तोला दिएको भनी वयानमा उल्लेख गरेकोमा निज ज्यातेन्द्र मोहन चौधरीको वुवा भूमिपति भएको कुरा २७-१६-०४ बिगाहा जग्गा निजलाई अंश वापत दिएवाट पुष्टी भएकोले गाउँका धनी व्यक्तिले तराईको प्रचलन अनुसार पनि छोराको विवाहमा आफ्नो गच्छे अनुसारको सुन दिएको हुन सक्ने अवस्था देखिँदा ५० तोला सुन पाउनु सामान्य कुरा हुने र ज्योतेन्द्रका ससुराले विवाहमा छोरीलाई ६० तोला सुन दिएको स्वभाविकै देखियो । निजले सांसदको हैसियतले पाएको सुविधा अन्तर्गत मित्सुविसी पजेरो गाडी खरिद गरेको देखिएको छ भने आम्दानी तर्फ हेर्दा निजले बिभिन्न मितिमा मन्त्री एवं सांसद पदमा रहंदा प्राप्त पारिश्रमिक एवं भत्ताबाट वचत गरेको रकम वाहेक ऋण समेत लिएको देखियो । यसरी निजले मन्त्री पदमा रहंदा प्राप्त गरेको इन्धन, दैनिक भ्रमण भत्ता लगायतका रकम र सांसद पदमा रहँदा प्राप्त गरेको घर भाडा, सेवा खर्च, भ्रमण खर्च आदिबाट समेत केही रकम वचत हुने कुरालाई अन्यथा मान्न सकिएन । निज आफ्नो गाउँ जिल्लाको राम्रै आर्थिक हैसियत भएको व्यक्ति देखिएको र निजको कृषि आय समेतलाई विचार गर्दा हाल निजसित रहेको सम्पत्तिको सामान्य अन्तरकै आधारमा निज अस्वाभाविक र अमिल्दो जीवन स्तरमा रहे भएको भन्न सकिने स्थिति देखिएन । तसर्थ आयोगको मिति २०६०।६।२३ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

७. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं यस आयोगमा परेका उजूरी तथा अन्य श्रोतबाट प्राप्त सूचना र जानकारीको आधारमा पूर्व मन्त्री सिद्धराज ओझाको स्रोत नखुलेको सम्पत्ति

सम्बन्धमा अनुसन्धान गर्दा निजको जीवन यापन सामान्य देखिएको र निजको हाल पनि डोटी जिल्लामा ४५-१२-३-३ रोपनी जग्गा र कैलाली जिल्लामा ११-१९-५ विगाहा मोही कायम नरहेको जग्गा भएको देखिंदा सो जग्गाबाट आय आर्जन हुन सक्ने देखिन्छ। निजले सांसद तथा मन्त्री पदमा छंदा प्राप्त गरेको पारिश्रमिक, इन्धन, कार्यालय सामान, दैनिक भ्रमण भत्ताको रकम र सांसद पदमा रहंदा प्राप्त गरेको घरभाडा, सेवा खर्च, इन्धन, भ्रमण खर्च समेतका रकमबाट केही रकम बचत हुन सक्ने देखियो। सो बाहेक निजको १२ वर्ष अवधिको प्रतिनिधि सभा सदस्य कालमा निज संसदीय समितिको सभापति, सहायकमन्त्री, राज्यमन्त्री र मन्त्री समेत गरी कुल ५ वर्ष ८ महिना ३ दिन कार्य गरेको व्यक्तिको पदीय आय र कृषि आय समेतलाई विचार गर्दा हाल निजसित रहेको सम्पत्तिको सामान्य अन्तरकै आधारमा निजले अस्वाभाविक र अमिल्दो जीवन स्तर यापन गरेको भनि भन्न सकिने स्थिति देखिएन। तसर्थ आयोगको मिति २०६०।६।२३ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन र निजका हकमा यस आयोगमा परेको उजूरी तथा अन्य श्रोतबाट प्राप्त सूचना र जानकारी समेतको आधारमा पूर्व मन्त्री सीतानन्दन रायको स्वआर्जित सम्पत्तिको आय स्रोत पुष्टि नभएको भन्ने कुराको अनुसन्धान गर्दा निज रायका एक छोरा आई.एस्सी. गरी मित्रराष्ट्र चीनमा अध्ययनरत रहेको एवं बाँकी दुई जनाले पनि आई.एस्सी सम्मको अध्ययन पश्चात् घरमै रहेको पाइयो। निज रायले करिब १२ बिगाहा भन्दा बढी जग्गा अंशबाट प्राप्त गरेको पाइयो। सार्वजनिक पदमा प्रवेश गरे पश्चात् निजले काठमाडौं महानगरपालिका क्षेत्रमा ०-९-२-० रोपनी, भक्तपुरमा १-०-०-० रोपनी, धनुषामा ०-१-३-१ बिगाहा र महोत्तरी जिल्लामा ०-३-० बिगाहा जग्गा खरिद गरी २०५७ सालमा घर निर्माण गरेको पाइयो। त्यसै गरी निजले सांसद सुविधा अन्तर्गत गाडी खरिद गरेको समेत देखियो। निज सार्वजनिक पदमा आउनु पूर्व डेढ दशक भन्दा बढी कानून व्यवसायीको रूपमा काम गर्नुका साथै विभिन्न महाविद्यालयहरुमा अध्यापन कार्य गरेको समेत देखियो। निज संसद सदस्य एवं मन्त्री पदमा रहँदा प्राप्त गरेको तलव भत्ता बाहेक विदेश भ्रमणबाट पनि रकम वचत गरेको देखिन्छ भने शिवम आयल स्टोर्समा लगानी गरी छोरी सरिता रायसँग बराबरीको साझेदारीमा चलाएको समेत देखियो। निजले माथि उल्लेखित घर निर्माण, जग्गा, सुन, शेयर तथा गाडी खरिदका लागि उपर्युक्त आय वाहेक बिभिन्न बैंक तथा वित्तीय संस्थाबाट ऋण समेत लिएको देखियो। तसर्थ समग्र रुपमा निजको सम्पत्ति सम्बन्धमा भएको अनुसन्धानबाट निज सीतानन्दन रायको आर्थिक जीवनस्तर अस्वाभाविक र अमिल्दो रुपमा रहे भएको नदेखिंदा आयोगको मिति २०६०।६।२३ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

९. विभिन्न सरकारी कार्यालय, संघ संस्थान तथा शिक्षण संस्थामा कार्यरत कर्मचारीहरुले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु सम्बन्धमा छानवीन गर्दा नेपाल बैंक लिमिटेडका वरिष्ठ पियन गुमान सिंहको हकमा निजको शैक्षिक योग्यताको सक्कल प्रमाण-पत्र बैंकले पठाउन पनि नसकेको र सो प्रमाण-पत्रका आधारमा नोकरी प्रवेश गरेको वा पदोन्नति भएको कुरा प्रमाणबाट पुष्टि हुन नआएको हुँदा हाललाई कारवाही अगाडि नबढाई तामेलीमा राखीएको। कृषि बिकास बैंकका शाखा अधिकृत दिपक रेग्मीको हकमा कानपुर बिश्व बिद्यालयबाट वि.ए. पास गरेको प्रमाण-पत्र त्रिभुवन बिश्व बिद्यालय मार्फत प्रमाणीकरण भई आएकोले आयोगको मिति २०६०।६।२६ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल पनि तामेलीमा राखियो।

१०. ललितपुर जिल्ला इमाडोल गाउँ विकास समिति वडा नं. ९(क) कि.नं. १३२ को क्षेत्रफल ०-१५-२ रोपनी जग्गा दोहोरो मोठ, दर्ता, तिरो बनाई मालपोत कार्यालयका कर्मचारी र जग्गा दलालको मिलेमतोबाट दोहोरो श्रेस्ता बनाई गैरकानूनी कार्य गरे भन्ने विषयमा अनुसन्धान गर्दा दोहोरो श्रेस्ता मालपोत कार्यालयको लगतमा ०२६ सालबाटै बनी त्यस पछि विभिन्न व्यक्तिहरुले खरिद बिक्री गर्दै हाल एका तर्फ गीता घिमिरे र अर्कोतर्फ देवी प्रसाद घिमिरेका नाउँमा दोहोरो श्रेस्ता कायम भएको र

यी दुवै ठेलीमा रोक्का र दोहोरो भनी नलेखिएको कारणले हाल दोहोरो श्रेस्ता बन्न गएको भन्ने कुरा मालपोत कार्यालय ललितपुरका कर्मचारीहरुको बयान र सक्कल श्रेस्ताबाट देखिन आएको । दोहोरो दर्ता सम्बन्धमा हाल दुवै पक्ष मालपोत कार्यालय, ललितपुरमा तारेखमा रहेको देखिएकोले आयोगको मिति २०६०।७।४ को निर्णयानुसार प्रस्तुत फाइललाई तामेलीमा राखिएको ।

११. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं यस आयोगमा परेको उजूरी तथा अन्य श्रोतबाट प्राप्त सूचना र जानकारीबाट पूर्व मुख्यसचिव तिर्थमान शाक्यले गैरकानूनी तरीकाले सम्पत्ति आर्जन गरेको वा भ्रष्टाचार गरेको हो हैन भन्ने कुराको छानवीन गर्दा निज २०२२ सालमा नायब सुब्बा पदबाट निजामती सेवामा प्रवेश गरी नेपाल न्याय सेवाको शाखा अधिकृत पद्मा रहंदा सर्वोच्च अदालत र कानून मन्त्रालयमा सेवा गरेको । उप-सचिव तथा सह-सचिवको पद्मा छंदा कानून तथा न्याय मन्त्रालयमा सेवा गरेको । सचिव पद्मा रहंदा कानून सुधार आयोग तथा कानून मन्त्रालयमा र अन्तमा मुख्य सचिव पदबाट अवकाश प्राप्त गर्नुभएको देखिन्छ । निजले नोकरी अवधिमा प्राप्त गरेको तलव, भत्ताका अतिरिक्त नोकरी अवधिमा ५२ पटक विदेश भ्रमण गर्दा प्राप्त गरेको भत्ताबाट रकम बचत गर्नु भएको देखिन्छ । त्यसै गरी निजले अवकाश पश्चात पनि सेवा गर्नु भए बापत यु.एन.डि.पी. बाट पारिश्रमिक प्राप्त गर्नु भएको र श्री ५ को सरकारबाट निवृत्तीभरण समेत प्राप्त गर्नु भएको देखिएको छ । यसको अलावा निजले कन्सल्टेन्सी बापत स्थानीय विकास मन्त्रालय, ए.डि.बी., जि.बि.स. महासंघ, कानून अनुसन्धान सेवा केन्द्र र डेनिडा डा.सु. समेतबाट विभिन्न मितिमा रकम प्राप्त गर्नु भएको देखिन्छ । त्यसै गरी निजकी श्रीमती नानी शोभा शाक्यको नाममा रहेको राष्ट्रिय बचत पत्रको व्याज, नागरिक एकांकको व्याज, राष्ट्रिय बचत पत्र तथा नागरिक एकांक बिक्रिबाट समेत आम्दानी गर्नु भएको देखिएको छ । यसका अतिरिक्त निजले संयुक्त नाममा रहेका पाटन तथा काठमाडौंको कोटेश्वरको जग्गा ६-३-०-० रोपनी २०४२ सालदेखि २०५८ सालसम्म विभिन्न मितिमा बिक्रि गरी आय आर्जन गर्नुभएको देखिन्छ । निजको २ वटा पैतृक घरहरु मध्ये ललितपुर टंगल टोलको घरको २६ वर्ष ३ महिनाको घर भाडा रकम, जेठो छोराले आफ्नो किचन वेयरको व्यापारबाट मासिक रुपमा घरमा बुझाएको रकम, कान्छो छोराले सेवा प्रवेश गरे देखि २०६० साल आषाढ मसान्तसम्म मासिक रुपमा घरमा बुझाएको रकम, विभिन्न मितिमा प्राप्त लाभांश र निजले बिक्रि गरेको सुन समेतबाट निजको आय भएको देखिन्छ । सरकारी कार्यालय तथा अन्य संस्थाबाट निजले प्राप्त गरेको आय स्रोतको अतिरिक्त सगोलमा रहेका तर आ-आफ्नो पेशा गरी राम्रो आय आर्जन गरि रहेका छोराहरुले घर खर्च वापत नियमित रुपले दिने गरेको भनिएका रकम समेतलाई दृष्टिगत गर्दा निज तीर्थमान शाक्यको आर्थिक जीवनस्तर अस्वाभाविक र अमिल्दो भएको नदेखिनाले आयोगको मिति २०६०।७।१२ को निर्णयानुसार निज उपरको कारबाहीको फाइल तामेलीमा राखिएको ।

१२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं यस आयोगमा परेको उजूरी तथा अन्य श्रोतबाट प्राप्त सूचना र जानकारीबाट पूर्व राज्य मन्त्री रामजनम चौधरीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने उल्लेख भएको सम्वन्धमा अनुसन्धान गर्दा करिब ८ बिघा भन्दा बढी जग्गा निजको वावुलाई अंश वापत प्राप्त भएको । निजका वावुको नाममा भएका जग्गा जमिन लगायतका सबै चल अचल सम्पत्ति निज १ मात्र छोरो भएको कारणले निजलाई प्राप्त हुने देखिन आयो । निज चौधरी २०४८ साल देखि २०५९ साल सम्म लगातार ३ पटक प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई दुई पटक सहायक मन्त्री र एक पटक राज्यमन्त्री पदमा नियुक्त भएको देखिन्छ । निज संसद सदस्य रहेको अवधिभरमा संसद सदस्य, सहायक मन्त्री र राज्यमन्त्री रहंदा तलब, भत्ताका अतिरिक्त विदेश भ्रमणमा जांदा प्राप्त भत्ताबाट समेत रकम बचत गरेको देखिन्छ । त्यस अतिरिक्त निजका वावुका नाममा रहेको तराईको जग्गाबाट निजको परिवारलाई खान लाउन पुग्ने भई केही वचत समेत हुन सक्ने कुरालाई इन्कार गर्न मिल्ने देखिदैन । सार्वजनिक पदमा प्रवेश गरेपछि निजले सो अवधिमा कैलाली, त्रिनगर गाउँ विकास समिति-१ मा कि.नं. ७१६ क्षेत्रफल १ कठ्ठा

१० घूर जग्गा, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका ९ मा कि.नं. २५० को क्षेत्रफल ०-६-२-३ रोपनी र कि.नं. २६० क्षेत्रफल ०-१-०-० जग्गा खरिद गरी सोही जग्गामा घर निर्माण गर्नुका साथै गाडी, ट्रयाक्टर र मोटर साइकल खरिद गरेको देखिए तापनि उल्लेखित आय र फाइनान्स एवं विभिन्न विभिन्न ५ व्यक्तिहरूबाट ऋण लिएको समेत देखिंदा निजको आयको अनुपातमा खर्च अस्वाभाविक देखिएन। यस प्रकार निजले आयस्रोतको अनुपातमा अमिल्दो जीवनयापन गरेकोँ नदेखिएकोले आयोगको मिति २०६०।७।१२ को निर्णयानुसार निज उपरको कारबाहीको फाइल तामेलीमा राखिएको।

१३. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा पूर्व राज्य मन्त्री हस्तवहादुर मल्लको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने उल्लेख भएको र निजका हकमा यस आयोगमा परेको उजूरी तथा अन्य स्रोतबाट प्राप्त सूचना एवं जानकारी समेतका सम्बन्धमा अनुसन्धान गर्दा निज हस्त बहादुर मल्लले सार्वजनिक पदमा रहँदा गैर कानूनी तरिकाले सम्पत्ति आर्जन गरेको वा भ्रष्टाचार गरेको हो होइन भन्ने कुराको छानवीन गर्दा निज करिव १२ वर्ष शिक्षण पेशामा रहेको र २०४८ सालमा प्रतिनिधि सभा सदस्यमा मुगु जिल्लाबाट निर्वाचित भई २०४८ सालमा सहायक मन्त्री पदमा नियुक्ति हुनुका साथै दोस्रो पटक २०५१ मा प्रतिनिधि सभाको सांसद पदमा निर्वाचित भई पुनः सहायक मन्त्री एवम् राज्यमन्त्री पदमा नियुक्त हुनुभएको देखिएको। निज सांसद, सहायक मन्त्री एवम् राज्यमन्त्री पदमा रहँदा प्राप्त गरेको पारिश्रमिक, भत्ता बाहेक विदेश भ्रमण, मुगुको घरको क्षतिपूर्तिका साथै घर बहाल बाट समेत आय आर्जन गरेको देखियो। सार्वजनिक पदमा रहँदा निजले मुगु, बाँके, काठमाडौं र ललितपुरमा केही जग्गा खरिद गरेको देखिन्छ। साथै निजले हरिसिद्धि र मुगुमा घर निर्माण एवं मर्मत गरेको, गाडी खरिद गरेको एवं बैकमा रकम मौज्दात राखेको देखिन्छ। निज मल्लले सार्वजनिक पद धारण गरेपछि खरिद गरेको गाडी, काठमाडौंको जोरपाटी, ललितपुरको हरिसिद्धि र बांकेको बनकटवा तथा मुगुमा किनेका जग्गा जमिन र हरिसिद्धिमा बनेको घरको लागि निजले सांसद, सहायक मन्त्री तथा राज्यमन्त्री पदमा रहंदा प्राप्त गरेको पारिश्रमिक, भत्ता, दशै खर्च, घर भाडा आदी श्रोतवाट प्राप्त रकमले खरिद एवं निर्माण गरेको हुन सक्ने देखिन्छ। साथै निजले ऋण लिई गाडी खरिद गरेको भन्ने भनाईलाई अन्यथा मान्नु पर्ने अवस्था देखिएन। यसरी निजको आय स्रोत र खर्चमा केही अन्तर देखिए पनि लामो समयसम्म सार्वजनिक पद धारण गरेको अवधिमा निजले उल्लेख्य रुपमा कुनै चल अचल सम्पत्ति जोडेको नदेखिनुका अतिरिक्त निजले अमिल्दो, अस्वाभाविक एवं उच्च जीवनस्तर यापन गरेको नदेखिंदा आयोगको मिति २०६०।७।१२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

१४. काठमाडौं महानगरपालिका वडा नं ३, बाँसवारी स्थित कि.नं ४१ को ६-०-०-२ रोपनी जग्गा श्यामबीर शाक्यको लगत भिडाई नक्कली सिफारिस र कागजात पेश गरी तीर्थवीर सिं शाक्य समेतको नाममा दर्ता गरी गोरेटो बाटो मात्र भएको उक्त जग्गा बद्रि सिटौला र चन्द्रप्रसाद काफ्लेले बकसपत्र गरी लिई १२ फुटे बाटो देखाई नेपाल बैक लिमिटेड, काठमाडौं बैंकिङ्ग कार्यालयमा धितो राखी कर्जा लिए भन्ने समेतको उजूरी उपर अनुसन्धान हुँदा उक्त जग्गाको मोहीले तीर्थवीर शाक्यको जग्गा हो भनी दर्ता गर्न मन्जुरी दिएको, सरजमिनबाट नामसारी हुने भनी उल्लेख भएको, का.म.पा. वडा नं. २६ बाट रत्नवीर शाक्य र रत्न वाडा भन्ने एउटै व्यक्ति हुन भनी सिफारिस भएको देखिएकोले जग्गा दर्ता सम्बन्धमा कोही कसैको बदनियत पुष्टि हुन सकेन। नेपाल बैंक लिमिटेड काठमाडौंबाट रु. ५८ लाख बराबरको कर्जा स्वीकृत भै कर्जा प्रवाह भएको देखिएकोमा धितो स्वरुप राखिएको घर जग्गा यस आयोगबाट मुल्यांकन हुँदा रु. ६३,५२,३४१।७१ बराबरको हुने देखिएकोले कर्जा लिने दिने कार्यमा संलग्न व्यक्तिहरुबाट भ्रष्टाचार गरेको नदेखिएकोले आयोगको मिति २०६०।७।१३ को निर्णयानुसार प्रस्तुत मुद्दाको फाइल तामेलीमा राखिएको।

१५. वन बिज्ञान अध्ययन संस्थानका डीन अभयकुमार दासले नियम विपरित ट्रान्सकृप्ट उपलब्ध गराउनुका साथै International Tropical Timber Organisation बाट प्राप्त रकम हिनामिना गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा निज प्रो डा. अभयकुमार दास मिति २०५५।१।१८ मा डीनमा नियुक्त भई मिति २०५९।१।१७ सम्म कार्यरत रहेको र I..T.T.O. बाट प्राप्त अमेरिकी डलर १२,०३,०००।०० Training and Manpower

Development in Community Forestry शीर्षकमा खर्च भएको तथा सो परियोजनाको संयोजक अन्य व्यक्ति नै हुनुका साथै सो परियोजना २०५०।३।१ देखि २०५६।७।१४ सम्म संचालन भएको देखिंदा निज दासले रकम हिनामिना गरेको भन्ने देखिएन। त्यसै गरी ट्रान्सकृप्ट पनि बैठकबाट अनुमोदन गराएर वितरण गरेको देखिएकोले आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार प्रस्तुत फाइल तामेलीमा राखिएको।

१६. नेपाल दूरसञ्चार संस्थानका प्रबन्धक मधुसुदन कर्माचार्य समेतले गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा निज कर्माचार्यले काठमाडौं महानगरपालिका वार्ड नं. ३४ मा जग्गा खरिद गरी २ तले साधारण घर बनाएको, निजको श्रीमतीको नाममा एउटा मारुती गाडी र निजको नाममा एउटा मोटरसाइकल तथा केही बैंक मौज्दात रहेको देखियो। उक्त सम्पत्ति जोड्न निजले कर्मचारी संचयकोष र संस्थानबाट सापटी लिएको समेत देखिनुका साथै हालसम्म निजले प्राप्त गरेको तलव, भत्ता, बोनस आदि रकम र संस्थानको काममा पटक पटक विदेश भ्रमण गरेको देखिएकोले सार्वजनिक पद धारण गरे पश्चात् निजले जोडेको चल अचल सम्पत्ति अस्वाभाविक देखिन नआएको हुँदा आयोगको मिति २०६०।८।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

१७. नेपाल दूरसञ्चार संस्थानका प्रबन्धक अमृतप्रसाद श्रेष्ठ समेतले अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा निजकी सासुले निजकी श्रीमतीलाई बकस दिएको रुपन्देही, बुटवल नगरपालिका वार्ड नं.३ स्थित ०-०-८ विगाह जग्गामामा ४ कोठे भुई तले घर निर्माण गरेको, ऐ. जिल्ला मोतिपुर गाउँ विकास समिति वा.नं. ४ (क) स्थित ०-१-१३ विगाहा जग्गा निजको श्रीमतीको नाममा खरिद गरेको र सामान्य रकम बैंक मौज्दात रहेको देखियो। सो चल अचल सम्पत्तिको श्रोत तर्फ हेर्दा निजले कर्मचारी संचयकोष र संस्थानबाट ऋण लिएको, १६ पटक विदेश भ्रमण गरेको र हालसम्म निजले प्राप्त गरेको तलव, भत्ता, बोनस, इन्सेन्टीभ आदि समेतको सन्दर्भमा निजले जोडेको चल अचल सम्पत्ति अस्वाभाविक देखिन नआएको हुँदा आयोगको मिति २०६०।८।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

१८. नेपाल दूरसञ्चार संस्थानका नायब महाप्रबन्धक रुपक हाल्दार समेतले गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा निजले प्राप्त गरेको तलब, भत्ता, इन्सेन्टीभ, बोनस, विदेश गै बचत गरेको रकम, घरभाडा, निजकी आमा र भाउजूले प्राप्त गर्दै आएको निवृत्तिभरण समेतलाई विचार गर्दा निज हाल्दारले अस्वाभाविक रुपमा सम्पत्ति आर्जन गरेको देखिन नआएकोले आयोगको मिति २०६०।८।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

१९. नेपाल दूरसञ्चार संस्थानका महाप्रबन्धक रत्नकाजी तुलाधर समेतले गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान गर्दा निज रत्नकाजी तुलाधरले सार्वजनिक पद धारण गरे पश्चात् निजकी श्रीमती अम्बिका तुलाधरका नाममा बालाजुमा ०-६-०-० रोपनी जग्गा खरिद गरी ३ तले घर निर्माण गरेको देखियो। भक्तपुरमा निजको छोरा रविन तुलाधरका नाममा ०-७ -१-० रोपनी जग्गा खरिद गरेको र सुन जवाहरात लगायतका चल अचल सम्पत्ति जोडेको देखियो। निजले प्राप्त गरेको तलव, भत्ता, बोनस, इन्सेन्टीभ र विदेश भ्रमण गर्दाको बचत रकम, संस्थानबाट प्राप्त गरेको बिभिन्न सापटी, विमा रकम भुक्तानी र निजकी श्रीमतीले अध्यापन गरे वापत प्राप्त गरेको तलव भत्ता समेत तर्फ विचार गर्दा निज रत्नकाजी तुलाधरले अस्वाभाविक रुपमा सम्पत्ति जोडेको नदेखिएकोले आयोगको मिति २०६०।८।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

२०. नेपाल दूरसञ्चार संस्थानका कार्यकारी इन्जिनीयर विज्ञान जङ्ग राणा समेतले गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा निज राणाले सार्वजनिक पद धारण गरे पश्चात् पैतृक घरको तल्ला थप गरे बाहेक कुनै अचल सम्पत्ति जोडेको देखिएन । निजको नाममा रहेको बैंक मौज्दात तर्फ हेर्दा १ वर्षसम्म संयुक्त अधिराज्यमा संस्थानबाट तालिमको लागि जाँदा बचेको रकम, हालसम्म प्राप्त गरेको तलव, भत्ता, बोनस आदि र निजको पारिवारिक पृष्ठभूमिका आधारमा समेत निजले अस्वाभाविक रुपमा चल अचल सम्पत्ति जोडेको नदेखिँदा आयोगको मिति २०६०।८।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

२१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व राज्यमन्त्री राम बहादुर गुरुङ्गको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज गुरुङ्गको लमजुङ्ग, ताप्रिङ्ग-७ मा एउटा घर तथा करिब २५ रोपनी पैतृक जग्गा रहेको देखिन्छ । निज प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित हुनु अघि करिब १५ वर्ष शिक्षक भई काम गरेको र तत्पश्चात २०४८, २०५१ तथा २०५६ मा गरी लगातार ३ पटक प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई सो अवधि मध्ये करिब २ वर्ष ४ महिना राज्य मन्त्री पदमा नियुक्ति हुनु भएको देखिन आयो । निज गुरुङ्गले सार्वजनिक पदमा प्रवेश गरेपछि बैंक मौज्दात, सुन, चाँदी, कम्प्यूटर, साँसद सुविधाको गाडी, मोटर साइकल, तथा साङ्गे जल विद्युत कम्पनीको ३६५० कित्ता शेयरका अतिरिक्त लमजुङ्ग, ताप्रिङ्ग ७ मा कि.नं. ४९१ को २-०-२-३ रोपनी, ऐ. बेशीशहर-९ मा कि.नं. १३९४ र १३९७ गरी २-५-३-० रोपनी जग्गा खरिद गरेको देखिन्छ । आय आर्जन तर्फ हेर्दा निजले करिब १५ वर्ष शिक्षक पदमा रही काम गरेको, सोही अवधिमा आई.यू.सि.एन. मा पनि काम गरेको र २०४८ सालदेखि २०५९ सालसम्म प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भई सो अवधि मध्ये करिब २ वर्ष ४ महिना राज्यमन्त्री समेत भई कार्य गरेको देखिंदा उपरोक्त सार्वजनिक पदमा रहँदा प्राप्त हुने तलव, भत्ता, विदेश भ्रमण लगायतका आर्थिक सुविधाहरु जस्ता स्रोतबाट आर्जित रकमले घर खर्च चलाई सोबाट बाँकी रकम उक्त चल/अचल सम्पत्ति आर्जन गर्न प्रयोग भएको हुन सक्ने नै देखियो । निजको लमजुङ्ग जिल्लामा भएको करिब २५ रोपनी जग्गाबाट प्राप्त हुने कृषी आम्दानीलाई निजको सानो परिवारमा हुने खर्चको अनुपातमा हेर्दा सोबाट पनि केही बचत हुनसक्ने देखिन आई सो वचत समेत उल्लेखित सम्पत्ति आर्जनमा प्रयोग हुन सक्ने तथ्यलाई अन्यथा भन्न सकिने स्थिति देखिन आएन । निज पूर्व राज्यमन्त्री गुरुङ्गले सांसद सुविधामा खरिद गरेको गाडीमा भएको लगानी रकमको स्रोत सम्बन्धमा हेर्दा निजले सो रकम काठमाडौं बौद्ध निवासी हिमालयन रग इण्डष्ट्रिजका ज्ञानु शेर्पाबाट ऋण लिई खरिद गरेको र सो रकम तिर्न नसकेको हुँदा उक्त गाडी समेत निजैले प्रयोग गरेको भन्ने निज गुरुङ्गको भनाई रहेको र उक्त व्यहोरालाई निज ज्ञानु शेर्पाले यस आयोगमा उपस्थित भई आफ्नो बयानद्वारा पुष्टि गरिदिएको समेत देखिंदा प्रस्तुत विषयलाई पनि अस्वाभाविक मान्न सकिएन । निज गुरुङ्गको आयस्रोतको तुलनामा भएको खर्च अस्वाभाविक नदेखिएको तथा लामो समयसम्म सार्वजनिक पद धारण गरेका निज गुरुङ्गले उल्लेख्य रुपमा कुनै चल, अचल सम्पत्ति जोडेको नदेखिनुका अतिरिक्त निजले अमिल्दो, अस्वाभाविक एवं उच्च जीवनस्तर यापन गरेको समेत नदेखिंदा आयोगको मिति २०६०।८।५ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

२२. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व राज्यमन्त्री बिष्णु बिक्रम थापाको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजको सिन्धुपाल्चोक, वाडेगाउं गाउँ विकास समिति वडा नं. ५ मा पैतृक घर र हाल काठमाडौं महानगरपालिका-६, बौद्ध रामहिटीमा २ तले घर र करिव २ रोपनी जग्गाका साथै सिन्धुपाल्चोकमा करिव २२.५ रोपनी पैतृक जग्गा रहेको देखिन आयो । त्यसै गरी निजले सांसद सुविधामा टोयोटा जीपका साथै सुन, टेलिभिजन, डेक, कम्प्यूटर आदि खरिद गर्नुका अतिरिक्त निजसंग

नगद र बैक मौज्दात रहेको देखियो । टोयोटा गाडी खरिद गर्ने रकम कार्पेट उद्योग गर्ने निजका भाईले दिएको र सो वापत भाई समेतले सो गाडी प्रयोग गरेको भन्ने निजको भनाई भएकोमा उक्त गाडी खरिदको बिषयलाई अन्यथा मान्नुपर्ने स्थिति देखिएन । निज थापाले सार्वजनिक पदमा प्रवेश गरेपछि प्राप्त गर्नु भएको आयश्रोत तर्फ हेर्दा सांसद, सहायक मन्त्री एवं राज्यमन्त्री पदमा रहंदा तलब, भत्ता, गार्ड क्वार्टर निर्माण, फर्निसिङ्ग वापत तथा औषधोपचार सहयोग रकम बाहेक निजले बिदेश भ्रमणबाट समेत रकम बचत गरेको देखिन आयो । साथै निज सांसद हुनु अघि नेपाल राष्ट्र बैकमा कार्यरत रहँदा प्राप्त गरेको तलब, भत्ताबाट समेत रकम बचत हुने देखियो । यसरी निजको हालको हैसियत सम्बन्धमा विश्लेषण गरी हेर्दा निजको आयश्रोत र खर्चमा केही अन्तर देखिए पनि लामो समय सार्वजनिक पद धारण गरेका निज थापाले उल्लेख्य रुपमा कुनै चल अचल सम्पत्ति जोडेको नदेखिनुका अतिरिक्त निजले अमिल्दो, अस्वाभाविक एवं उच्च जीवन स्तर यापन गरेको देखिएन । तसर्थ आयोगको मिति २०६०।८।५ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

२३. काभ्रे जिल्ला खनालथोक घर भै हाल अनौपचारीक शिक्षा केन्द्र सानोठिमीको निर्देशक पदमा कार्यरत हरिबोल खनालले भ्रष्टाचार गरि अवैध रुपमा सम्पत्ति जोडेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान गर्दा निज खनालको घर र जग्गा बाहाल वापत प्राप्त रकम, बनेपा बर्दिवास सडकमा परेको जग्गाको मुआब्जाबाट प्राप्त रकम, विदेश भ्रमण गर्दा प्राप्त रकम र तलब, भत्ता बाट भएको बचत रकम समेतलाई हेर्दा निजको पारिवारिक जीवन आय स्रोतसँग अमिल्दो नदेखिएको र आर्थिक अवस्था पनि अस्वाभाविक नदेखिएको हुंदा आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

२४. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व मन्त्री देवीप्रसाद ओझाको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजको झापा शिवगञ्जमा करिब ३ बिगाहा खेत र एउटा घर पैतृक सम्पत्तिको रुपमा रहेको देखिन्छ । निज ओझाले सार्वजनिक पदमा प्रवेश गरेपछि गरेको आर्जन तर्फ हेर्दा बैंक मौज्दात, सुन, चाँदी, विद्युतीय उपकरणहरु, साँसद सुविधाको गाडी, मोटर साइकल, शेयर लगानीका अलावा काठमाडौंको कोटेश्वरमा र झापाको नक्कलबन्दा र धुलाबारीमा जग्गा खरिद गर्नुका साथै काठमाडौं जोरपाटीमा ४ आना जग्गा खरिद गरी सो जग्गामा घर समेत बनाएको देखिन आयो । निज ओझाले सार्वजनिक पदमा प्रवेश गरेपछि प्राप्त गर्नु भएको आयस्रोत तर्फ हेर्दा सांसद र मन्त्री पदमा रहँदा पारिश्रमिक, भत्ता, राजनीतिक पिडित सहायताका अतिरिक्त विदेश भ्रमणबाट समेत रकम बचत गरेको देखिन आयो भने निज प्रतिनिधि सभा सदस्य हुनु अघि २०२६ साल देखि २०४१ साल सम्म शिक्षक भई काम गरेको र निजकी श्रीमतीले पनि शिक्षिका भई काम गरेको देखिन्छ । यसरी निज ओझाको आर्थिक हैसियत सम्बन्धमा विश्लेषण गरी हेर्दा आयस्रोतको तुलनामा भएको खर्च अस्वाभाविक नदेखिएको तथा लामो समयसम्म सार्वजनिक पद धारण गरेका निज ओझाले उल्लेख्य रुपमा कुनै चल/अचल सम्पत्ति जोडेको नदेखिनुका अतिरिक्त निजले अमिल्दो, अस्वाभाविक एवं उच्च जीवनस्तर यापन गरेको समेत नदेखिंदा आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

२५. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व मन्त्री ढुण्डीराज शास्त्रीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज शास्त्रीकी श्रीमतीको नाममा सिद्द आर्युवेदिक औषधालय प्रा.लि दर्ता भई २०५२।४।१ देखि सो उद्योग संचालनमा रहेको, निजको एक छोरा सामुदायिक स्वास्थ्य परियोजना ललितपुरमा कन्सल्टेण्ट भै काम गरिरहेको, वुहारी नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय बिमान स्थलमा प्रमुख अधिकृत (एयर ट्राफिक कन्ट्रोलर) पदमा कार्यरत रहेको र अर्का छोरा र वुहारी जापानमा रहेको देखिन्छ । निजको गृह जिल्ला अर्घाखांचीमा ३४ रोपनी र रुपन्देहीमा १ बिगाहा जग्गा पैतृक सम्पत्तिको

रुपमा रहेको देखिन्छ। निज शास्त्रीले सार्वजनिक पदमा प्रवेश गरेपछि बैंक मौज्दात, साँसद सुविधाको गाडी, मोटर साइकल, शेयरमा लगानी गर्नुका साथै भक्तपुरको दिव्यश्वरीमा ०-१०-३-३ रोपनी र कटुन्जेमा ०-१०-१-०० रोपनी चितवनको मंगलपुरमा ३ कट्ठा र पाल्पाको दोभानमा १० रोपनी जग्गा खरिद गर्नु भएको र भक्तपुर दिव्यश्वरीमा पक्की घर समेत निर्माण गर्नुभएको देखिन आयो। निज शास्त्रीले सांसद सुविधामा खरिद गरेको गाडीमा भएको लगानी रकमको स्रोत सम्बन्धमा हेर्दा निजले अरुण खनाललाई अख्तियारनामा दिई निज खनालबाट नेपाल श्रीलंका मर्चेन्ट बैंकलाई गाडी बिक्री गरेको र सो बैंकले पनि गाडी आफ्नो नाममा निज शास्त्रीबाट हस्तान्तरण भई आएपछि हस्तान्तरण गर्ने शर्तमा काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वर बस्ने मिनु श्रेष्ठलाई उपयोग गर्न दिएको देखिन आयो। यसरी श्री ५ को सरकारले सुविधा स्वरुप उपलव्ध गराएको गाडी खरिद गर्दा आफ्नो आम्दानीको अतिरिक्त इष्टमित्रसंग सरसहयोग एवं ऋण लिई खरिद गरिएको तथा सो ऋण चुक्ता गर्नको लागि गाडी हस्तान्तरण गरेको देखियो। निज शास्त्रीले सार्वजनिक पदमा प्रवेश गरेपछि प्राप्त गर्नु भएको आयस्रोत तर्फ हेर्दा निज सांसद तथा मन्त्री पदमा रहँदा तलव, भत्ता र अन्य सुविधा बाहेक विदेश भ्रमणबाट समेत रकम बचत गरेको देखियो। सो बाहेक निजले राजनीतिक पीडित सहायता समिति तथा जग्गा बिक्रीबाट रकम प्राप्त गर्नुका साथै कृषि बिकास बैंक एवं पिपल्स फाइनान्सबाट समेत ऋण लिएको देखिन आयो। निज शास्त्रीले पेश गरेको सम्पत्ति विवरण, बयान लगायतका आधार प्रमाणहरुबाट निजको हालको आर्थिक हैसियत सम्बन्धमा विश्लेषण गरी हेर्दा निजको आयस्रोतको तुलनामा भएको खर्च अस्वाभाविक नदेखिएको तथा लामो समयसम्म सार्वजनिक पद धारण गरेका निज पूर्व मन्त्री शास्त्रीले उल्लेख्य रुपमा कुनै चल/अचल सम्पत्ति जोडेको नदेखिनुका अतिरिक्त निजले अमिल्दो, अस्वाभाविक एवं उच्च जीवनस्तर यापन गरेको समेत नदेखिंदा आयोगको मिति २०६०।८।१२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

२६. ललितपुर उप-महानगरपालिकामा खरिदार पदमा कार्यरत मायादेवी खत्रीले माध्यमिक शिक्षा परिषद उत्तर प्रदेशबाट इन्टरमिडियट परीक्षा पास गरेको प्रमाण पत्र सेवा प्रवेश गर्दा पेश गरेको नदेखिएको, क्याम्पसमा वि.एड. अध्ययन गर्न पेश गरी डिग्री हासील नगरी विचैमा छाडेको भनी महेन्द्र रत्न क्याम्पस ताहाचलबाट लेखि आएको र निजले नेपालबाटै आइ. ए. पास गरेको प्रमाणपत्रहरु पेश गरेको देखिँदा आयोगको मिति २०६०।९।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

२७. वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बि.डि.एस.चौथो वर्षमा अध्ययनरत भुपेन्द्र नेपालीले माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेशबाट विज्ञान संकायमा इन्टरमिडिएट परीक्षा प्रथम श्रेणीमा पास गरेको प्रमाणपत्र शिक्षा मंत्रालयमा छात्रवृत्तिको लागि २ पटक पेश गरेको। दोश्रो पटकमा छनौट हुँदा समेत नगई नेपालबाटै आइ.एस्सी परीक्षा पास गरेको प्रमाणपत्रबाट हाल वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बि.डि.एस. चौथो वर्षमा अध्ययन गरेको देखिन आएकोले आयोगको मिति २०६०।९।४ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

२८. बक्राहा नदी नियन्त्रण योजनाका योजना प्रमुख नारायण बहादुर थापा समेतले गैर कानूनी रुपमा सम्पत्ति संकलन गरी विराटनगर र काठमाडौंमा भव्य महलहरु बनाई लाखौंको बैंक मौज्दात समेत भएको भन्ने बिषयको उजूरी उपर अनुसन्धान गर्दा निज नारायणबहादुर थापा २०३१ सालदेखि राजपत्रांकित अधिकृत स्तरको प्राविधिक कर्मचारी भएको र घडेरी जग्गा खरिद देखि घर निर्माण गर्दासम्म पनि सगोलमै रहेको देखिएकोले सगोलको आम्दानीबाट समेत स्वाभाविक रुपमा जग्गा खरिद गरी घरहरु निर्माण भएको हुन सक्ने देखिन्छ भने बैंक मौज्दातका सम्बन्धमा निजको पारिश्रमिक, भत्ता, विदेश भ्रमणमा जाँदा भएको बचत रकम र कृषि आय समेतबाट जम्मा गरेको हुन सक्ने देखिएकोले नारायणवहादुर थापाले सार्वजनिक पद धारण गरे पश्चात् जोडेको चल अचल सम्पत्ति अस्वाभाविक

देखिन नआएको हुँदा आयोगको मिति २०६०।९।९ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

२९. दि टिम्वर कर्पोरेशन अफ नेपाल लिमिटेडका का.मु. महाप्रबन्धक रामचन्द्र भट्टले टि.सि.एन कार्यालय, वीरगंजमा प्रमुख हुँदा धनगढीबाट समिल वीरगंजमा स्थानान्तरण गर्दा सो कार्यको लागि छुट्याइएको रकम भन्दा वढि खर्च गरी भ्रष्टाचार गरे भन्ने बिषयमा अनुसन्धान गर्दा उक्त मिल जडान गर्दा वढि खर्च भएको सम्बन्धमा हेर्न टि.सि.एन. केन्द्रिय कार्यालयबाट खटिई गएका तत्कालीन प्रवन्धक भरत प्रसाद खनालले उक्त खर्च औचित्यपूर्ण नै रहेको भनि प्रतिवेदन पेश गरेको, स्वीकृत वजेट भन्दा वढी खर्च भएको रकमलाई सम्पत्तिमा देखाउने संचालक समितिको निर्देशन वमोजिम उक्त मिल जडान तथा मिल भवन निर्माणको खर्च सम्पत्तिमा देखाएको हुंदा उल्लेखित कार्यमा भ्रष्टाचार भएको भन्ने अवस्था रहेन । अत: आयोगको मिति २०६०।९।९ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

३०. गोरखापत्र संस्थानका महाप्रवन्धकको समेत कार्यभार सम्हालेका कार्यकारी अध्यक्ष डा. तुलसी प्रसाद भट्टराई, का.मु. महाप्रवन्धक हुमवहादुर वस्याल र निर्देशक किरण गौतम मिलि आफुले पाएको अधिकार भन्दा वाहिर गएर आर्थिक लाभ गर्ने मनसायले संचालक समितिको निर्णय विना रु. २ लाख ६२ हजार ए.ई.डी.ए. कन्सल्टीङ्ग ग्रुप (प्रा.) लि. लाई उपलब्ध गराई संस्थानलाई प्रत्यक्ष नोक्सानी पुऱ्याएको भन्ने विषयमा योजना महाशाखावाट प्रतिवेदन पेश भई छलफल हुंदा निजहरुले संस्थानको नियम बमोजिमनै काम कारवाही गरेको देखिएको हुँदा यस विषयमा कुनै अनुचित कार्य भएको देखिएन । तसर्थ आयोगको मिति २०६०।९।९ को निर्णयानुसार निजहरु उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

३१. राधादेवी सिखिकारका नाममा काठमाण्डौं महानगरपालिका वडा नं. २८(ख) कि.नं. १८२ को जग्गाको किर्ते श्रेस्ता खडागरी मित्रमान बानियाका नाममा दाखिल खारेज गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा दिएकाले यस्तो किर्ते काम गर्ने उपर कारवाही गरी दाखिल खारेज दर्ता वदर गरी पाउँ भन्ने उजूरी उपर छानवीन गर्दा आमा राधादेवीले छोरा मित्रमानलाई आफ्नो सवै सम्पत्ति शेष पछिको वकस पास गरी दिएकी हुँदा सोही वकसको आधारवाट राधादेवीका नामको सवै सम्पत्ति छोरा मित्रमानले दाखिल खारेज गरी लिनसक्ने देखिएको । यो दाखिल खारेज निर्णयबाट कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता भएको नदेखिएकाले आयोगको मिति २०६०।९।१० को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइल तामेलीमा राखिएको ।

३२. शाही नेपाल वायुसेवा निगमले ट्रान्स एरोसँग विमान भाडामा लिए बापत अग्रिम भुक्तानी दिएको रकममध्ये फिर्ता लिनुपर्ने बाँकी रकम लिनका लागि आवश्यक कारबाही गर्नु भनी शाही नेपाल वायु सेवा निगमलाई लेखी सो को अनुगमन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाइएको र निगमका अर्थ निर्देशक उपेन्द्रप्रसाद उपाध्यायले सहमतिको शर्त बमोजिम भन्दा बढी रकम भुक्तानी हुने गरी रकम भुक्तानी दिदै गएबाट निगमले दिनुपर्ने भन्दा बढी रकम भुक्तानी हुन गएको बारे निजसँग स्पष्टीकरण माग गरिएकोमा निज उपाध्याय आयोगद्वारा दायर गरिएको मुद्दामा प्रतिवादी भई निलम्बनमा रहनु भएको हुँदा उक्त मुद्दाको टुंगो लागेपछि यस सम्बन्धमा कारवाही गर्ने गरी आयोगबाट मिति २०६०।९।२१ मा हाल यो विषयलाई चालू मुद्दाको लगतबाट कट्टा गर्ने निर्णय भयो ।

३३. पशु उत्पादन निर्देशनालयका निर्देशक डा. ब्रज किशोर शाहले आर्थिक वर्ष ०५८।५९ मा ठेक्का पट्टावाट राँगा र पाडा आपूर्ति गर्दा अनियमित गरे भन्ने उजूरी उपर छलफल हुँदा सो निर्देशनालयका तत्कालीन निर्देशक डा. ब्रज किशोर शाहले राँगा र पाडा आपूर्ति गर्दा ठेक्का पट्टाको माध्यमबाट रीत पूर्वकै गरेको र आयात गरेको राँगा र पाडाहरु सम्वन्धित कार्यालयमा दाखिला भैसकेको तथा भुक्तानीका कार्यहरु पनि नियमानुसार नै भएको देखिंदा यसमा निज निर्देशकको मिलेमतोमा अनियमित काम भएको भन्ने

उजूरीको विषय पुष्टि नभएको हुँदा आयोगको मिति २०६०।९।२९ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

३४. चावहिल गणेशस्थान नजिकैको पाटी पुनः निर्माण गर्दा पशुपति क्षेत्र विकास कोषका प्राविधिक र ठेकेदार मिली भ्रष्टाचार गरे भन्ने विषयको उजूरी निवेदन उपर छलफल हुँदा निर्माणको काममा शुरुमा अनुमान गरे भन्दा बढी समय लाग्न गई सोही अनुपातमा केही रकम बढी खर्च भएको देखिए ता पनि कोषका पदाधिकारी एवं कर्मचारीहरुको बद्नियत नदेखिएको हुँदा आयोगको मिति २०६०।१०।१ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

३५. सामान्य प्रशासन मन्त्रालयले बिशिष्ट श्रेणीको पदमा बढुवा गर्दा अनियमित गरे भन्ने सम्बन्धमा जैनेन्द्रजीवन शर्माले आयोगमा दिएको उजूरी उपर अनुसन्धान हुँदा यसमा लोक सेवा आयोगका सदस्य समेत रहेको समितिबाट निजको अंक कट्टा गर्ने कार्य भएको, निजले उजूरीमा नै कानूनले तोकेको म्याद पश्चात कार्य सम्पादन मूल्याङ्कन फारम भरेको कुरा स्वीकार गरेको तथा त्यसरी समय व्यतित भए पछि कार्य सम्पादन मूल्याङ्कन फारम भरेमा अंक कट्टा गर्ने व्यवस्था रहेको देखिएको, यही विषयमा निजले सर्वोच्च अदालतमा रिट दायर गरेको समेत देखिएको हुंदा आयोगको मिति २०६०।१०।२ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

३६. चौथो सडक सुधार आयोजनाका आयोजना प्रमुख रमेशप्रसाद रिजाल समेतले नक्कली बील भरपाई खडागरी गैरकानूनी रुपमा करोडौंको संपत्ति आर्जन गरेकोले कारवाही गरी पाँउ भनि दिएको उजूरी उपर अनुसन्धान गर्दा २०२८ सालमा सडक कार्यालय, मोरङ्गको प्रमुख पदबाट सरकारी सेवा शुरु गरी विभिन्न सडक कार्यालय एवं आयोजनाहरुमा कार्यरत रही हाल सेवा निवृत्त भैसकेका तत्कालीन सिनियर डिभिजनल इन्जिनियर रमेशप्रसाद रिजालले सरकारी सेवामा प्रवेश गरे पश्चात काठमाडौंको बालुवाटार र शंखमुलमा २-२-०-० रोपनी जग्गा विभिन्न मितिमा खरिद गरी एउटा घर निर्माण गरेको र मोरङ्गको विराटनगर -४ मा एक घर निर्माण गरेको देखिन्छ । सरकारी सेवामा प्रवेश गर्नु पूर्व निजको तत्कालीन धरान नगर पंचायतमा ९ कट्ठा विटौरी जग्गा र एउटा घर रहेकोमा सो घर जग्गा विक्री गरेको । निजले २०२२।९।१३ मा भूमीसुधार कार्यालयमा पेश गरेको विवरण अनुसार मोरङ्ग जिल्लाको दुलारी गाउँ विकास समिति, कन्चनबारी तथा बिराटनगर उपमहानगरपालिका क्षेत्रभित्र समेत गरी २५ बिगाहा जग्गा रहेको देखिएको र सो मध्ये ११-१४-१९ बिगाहा जग्गा विभिन्न समयमा विक्री गरेको देखिन्छ । निजको छोरा उपेन्द्रप्रसाद रिजाल र भतिजा महेशप्रसाद रिजाल समेतले ५-०-४ विगाहा जग्गा वकस पत्रबाट प्राप्त गरेको पाईयो । सो बाहेक उपेन्दप्रसाद रिजाललाई टंकदेवी रिजालले विराटनगर उपमहानगरपालिका कञ्चनवारी स्थित १-१९-१४ बिगाहा जग्गा बकस गरी दिएको र ती जग्गाहरुमध्ये केही जग्गा विक्री समेत गरेको देखिन्छ । निज रमेशप्रसाद रिजालको पारिवारिक आर्थिक पृष्ठभूमि र निजका छोराहरु समेतले स्वयं आय आर्जन गरिरहेको समग्र स्थितिलाई दृष्टिगत गर्दा निजले भ्रष्टाचार गरेको नदेखिँदा आयोगको मिति २०६०।१०।२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

३७. सडक आयोजना निर्देशनालयका तत्कालीन लेखा अधिकृत योगराज पोखेल समेतले रनिङ्ग बिल भुक्तानी लगायतका कार्यहरु गर्दा भ्रष्टाचार गरी अमिल्दो आर्थिक हैसियत बनाएको भन्ने बिषयको. उजूरी उपर अनुसन्धान हुँदा सरकारी सेवामा प्रवेश गरेपछि निजले जग्गा खरिद गरी २ तले घर निर्माण गरेको, शेयर खरिद गरेको र निज तथा निजकी श्रीमतीको बैंक खातामा केही रकम मौज्दात रहेको देखिए पनि अमिल्दो आर्थिक हैसियत बनाएको नदेखिँदा आयोगको मिति २०६०।१०।२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

३८. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व सहायक मन्त्री यज्ञराज न्यौपानेको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज न्यौपानेले सोम पौड्याल र भाइ काशिचन्द्र न्यौपानेसँग सापटी लिई सांसद सुविधाको गाडी खरिद गरेको देखिन आयो । निजकी श्रीमती माला के.सी. को नाममा खरिद भएको नेपालगञ्ज नगरपालिका-१० क कि.नं २०२८ को ०-२-० घडेरीमा २०५६ सालमा घर निर्माण गर्न शुरु भई हालसम्म निर्माणाधिन रुपमा नै रहि रहेको पाईयो । उक्त घडेरी खरिद तथा घर निर्माण गर्न कालिकोट मान्माको घर तथा सुन बिक्रिबाट प्राप्त रकमका साथै आफ्नो तलव, जेठी सासु, सासु र भाईबाट प्राप्त ऋण सहयोगबाट खरिद तथा निर्माण गरेको भनी उल्लेख गरेको देखिन्छ । निजले मन्त्री तथा सांसद पदमा रहँदा बुझेको पारिश्रमिक, इन्धन वापतको रकम, दैनिक भ्रमण भत्ता, घर भाडा, सेवा खर्च, भ्रमण खर्च आदिबाट समेत केही बचत हुन सक्ने भएकोले र निजको जीवन स्तर अस्वाभाविक र अमिल्दो नदेखिएकोले निजले भ्रष्टाचार गरी अस्वाभाविक रुपमा सम्पत्ति आर्जन गरेको भन्न नसकिने भएकोले आयोगको मिति २०६०।१०।५ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

३९. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व राज्य मन्त्री भक्तबहादुर रोकायाको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजकी श्रीमती भद्रकली रोकायाको नाममा खरिद भएको नेपालगंज नगरपालिकामा रहेको ०-२-० विगाहा घडेरी र सो मा निर्माण भएको घर, निजको नाममा खरिद भएको बर्दिया जिल्लाको दौलतपुर तथा पशुपति नगरको २-१-५ विगाहा जग्गा, निजकै नाममा रहेको नेपालगन्ज नगरपालिकाको ०-०-१७ विगाहा घडेरी र निजको छोरा प्रेमबहादुर रोकायाको नाममा खरिद भएको सुर्खेत लेखपराजुली गाउँ विकास समितिको ४-१४-०-० रोपनी जग्गा र सांसद सुविधा अन्तर्गत खरिद गरेको टोयोटा गाडी समेतका सम्पत्ति निजले प्रतिनिधि सभा सदस्य तथा मन्त्री पदमा रहँदा प्राप्त गरेको पारिश्रमिक, दैनिक भ्रमण भत्ता जस्ता आयबाट भएको बचत, निजले ओभरसियर पदमा काम गरेको पारिश्रमिक र निजले जि.एम.डि. बोर्डिङ्ग स्कूल संचालन गरी प्राप्त आम्दानी समेतबाट खरिद गरेको देखियो । तसर्थ निजले भ्रष्टाचार गरी अस्वाभाविक रुपमा सम्पत्ति आर्जन गरेको भन्न सकिने स्थिति नदेखिंदा आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

४०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व सहायक मन्त्री वीरेन्द्र कुमार कनोडियाको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज कनोडिया तथा निजको परिवारले मुख्य रुपमा पिताका पाला देखि नै व्यापारिक काम कारोवार गरी आएको देखिन आयो । नेपाल बैंक लिमिटेड, कृष्णनगर लगायतका बैंकहरुमा निज तथा निजको सगोल परिवारका नाममा बैंक मौज्दात भएको, महालक्ष्मी सुगर्स मील रहेको, लर्ड बुद्ध एजुकेशनल एकडेमीमा शेयर भएको र काठमाडौं महानगरपालिका वडा नं. ९ मा १-५-१-२ रोपनी जग्गा खरिद गरेको देखिन आयो । निज बीरेन्द्र कुमार कनोडियाले २०३७ सालदेखि नै वाणिज्य विभागमा फर्म दर्ता गरी महेन्द्र इन्टरनेशनलको नामबाट व्यापार व्यावशाय गरी आएको, निज पारिवारिक रुपमा सगोलमा रहेको र निजका बाबु ओमप्रकाश कनोडियाले २०२२ साल देखि नै फर्म दर्ता गराई व्यापार व्यावशाय गरी आएको र व्यापारबाट मुनाफा समेत भई आय कर समेत तिरेको, निजका दाजु भाईहरु समेतले २०३४ सालमा विजय इम्पोरियम, २०४१ सालमा कनोडिया इम्पेक्स, २०४५ सालमा नेपाल काष्ठ प्रशोधन उद्योग, २०५७ सालमा निज विरेन्द्र कुमार कनोडियाकी पत्नीका नाममा एस.के.इन्टरनेशनल नामक फर्म दर्ता गरेको देखिएको । निज वीरेन्द्र कुमार कनोडियाले उप-सभापति, सांसद एवं सहायक मन्त्री हुँदा पारिश्रमिक समेतका रकम प्राप्त गरेको, निज वीरेन्द्र कुमार कनोडियाले आफनै नाममा दर्ता रहेको महेन्द्र इन्टरनेशनलको नामबाट बिभिन्न बैकहरुबाट बेला बेलामा संस्थागत ऋण लिने र तिर्ने गरेको देखिन आयो । यसरी समग्र रुपमा निज वीरेन्द्र कुमार कनोडियाले सार्वजनिक पद धारण गरे पछि आर्जेका सम्पत्ति एवं आय स्रोतका सम्वन्धमा विश्लेषण गरी हेर्दा निज वीरेन्द्र

कुमार कनोडिया सार्वजनिक पदमा प्रवेश गर्नु पूर्व नै व्यापार व्यावशायमा संलग्न भै मुनाफा गरेको एवं आय कर तिरेको देखिएको, परिवारका अन्य सदस्यहरु समेत व्यापारिक काम कारोवारमा संलग्न भई आएको, निज वीरेन्द्र कुमार कनोडियाले ठूलो मात्राका रकमहरु बैंकबाट ऋण लिने तथा तिर्ने गरेको समेत देखिएको र निजसंग रहेको नगद एवं बैंक मौज्दात समेत हेर्दा निजले यापन गरिरहेको जीवनस्तर अमिल्दो र अस्वभाविक नदेखिएको, तर निज वीरेन्द्र कुमार कनोडिया समेत संस्थापक शेयरवाला भएको महालक्ष्मी सुगर्स लि.लाई भएको सहवित्तीय ऋण प्रवाह सम्वन्धी विषयको छानविन यसै आयोगमा कारवाहीयुक्त अवस्थामा रहेको देखिएकोले आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार निज उपरको प्रस्तुत कारवाहीको फाइल तामेलीमा राखिएको ।

४१. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट पूर्व मन्त्री गोपालमान श्रेष्ठको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज २०४८।२।१ देखि प्रतिनिधिसभाको सदस्य भई सार्वजनिक पदमा प्रवेश गर्नु पूर्वनै निज र निजको परिवारका बस, ट्रक जस्ता आयमूलक सवारी साधन र स्याङ्गजा, पुतलीबजार तथा रुपन्देही, सिद्धार्थनगरमा घर जग्गा समेत भएको देखियो । निजले सार्वजनिक पद धारण गरेपछि नेपाल बैंक लि. कुपण्डोल समेतका बैंकहरूसित विभिन्न बैंकिङ्ग कारोवार गरी हाल निज एवं निजको सगोल परिवारसँग बैंक मौज्दात भएको देखिएको, आफ्नो कारोवारबाट लाभांश प्राप्त गरी शेयर प्राप्त गरेको, विभिन्न बस, ट्रक समेतका सवारी साधनहरू खरिद गरेको, घर घरायसमा प्रयोग हुने टि.भि., डेक जस्ता विद्युतीय उपकरणहरू रहेको देखिन आएको छ । निजले २०५० सालमा ल.पु. उप-म.न.पा.-२ सानेपामा १-०-२-३ रोपनी जग्गा खरिद गरी घर निर्माण गरेको, २०५२ र २०५७ सालमा पोखरा उप महानगरपालिकामा पौने दुई रोपनी जग्गा खरिद गरी घर निर्माण गरेको देखिन आएको । निज गोपालमान श्रेष्ठ सार्वजनिक पदमा प्रवेश गर्नु पूर्वनै ९ वटा बस तथा ट्रकहरु जस्ता यातायातका साधनहरू रहेको देखिन आएको र ती साधनहरू पछिल्ला वर्षहरूमा बिक्री गर्ने, नयाँ खरिद गर्ने समेतको कार्य गरी हाल तीनवटा ट्याङ्कर र २ वटा निजी कार समेतका सवारी साधनहरू निजसंग रहे भएको देखिन आयो । यस प्रकार निजले सार्वजनिक पद धारण गरेपछि आर्जित सम्पत्ति एवं आय स्रोतका सम्बन्ध निजले पेश गरेको बिवरण एवं बयानलाई दृष्टिगत गर्दा निजले यापन गरिरहेको जीवन स्तर वैद्य आय स्रोतसँग अमिल्दो र अस्वाभाविक नदेखिएकोले आयोगको मिति २०६०।१०।१९ को निर्णयानुसार हाल निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

४२. कृषि विकास बैंकका मक्की हसन मुसलमान, कृष्ण बहादुर सिंह, दिपक कुमार श्रेष्ठ, कुन्नु नारायण चौधरी, अब्दुल अजिज, नेपाल बैंक लिमिटेडका मानिकमान ब्रजाचार्य, नेपाल बिद्युत प्राधिकरणका रत्न दास श्रेष्ठ, नेपाल राष्ट्र बैंकका खेम बहादुर पुन र शब्दर हूसेनले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु उपर अनुसन्धान हुँदा ती प्रमाणपत्रहरु सम्वन्धित विश्वविद्यालय र बोर्डबाट प्रमाणीकरण भई आएकोले सो को जानकारी सम्बन्धित कार्यालयहरुलाई दिने र प्रस्तुत कारवाहीको फाइल तामेलीमा राख्ने गरी आयोगबाट मिति २०६०।१०।२२ मा निर्णय भयो ।

४३. मालपोत कार्यालय, नुवाकोट र भूमिसुधार कार्यालय, नुवाकोटमा कार्यरत रहँदा सनकमानसिं डंगोलले पहिले नै दर्ता भै प्रमाण पूर्जा पाएका विभिन्न स्थानमा रहेको, सार्वजनिक पर्ती वनदेवी गुठी समेतका जग्गाहरु आफ्नो र आफ्ना परिवारका सदस्यहरुको नाममा दर्ता गरी गलत र अनियमित कार्य गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा पुनरावेदन अदालत पाटन ललितपुरबाट मिति २०५१।१२।३ र मिति २०५८।२।१७ मा भएका फैसला समेतलाई हेर्दा निज सनकमानसिं डंगोलले साबिक ताम्रपत्रका आधारमा अदालतको फैसला समेतबाट दर्ता गराएका जग्गाको सम्बन्धमा बिवाद समाप्त भै सकेको र निज सनकमानसिंले दाबी गरेको अन्य जग्गा दर्ता गर्न नमिल्ने भनी सम्बन्धित कार्यालयबाट निर्णय भएको

देखिनाले प्रस्तुत उजूरीका सम्बन्धमा केही कारवाही गरिरहनु पर्ने अवस्था नदेखिएवाट आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

४४. काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख केशव स्थापित, निमित्त कार्यकारी अधिकृत सूर्य सिलवाल, श्याम प्रसाद तिमिल्सिना र काठमाडौं मालपोत कार्यालयका कर्मचारी समेतले टेकू स्थित जगन्नाथ गुठीको नाममा रहेको बिवादित जग्गा भाइ नाता पर्नेको नाममा खरिद गराई भ्रष्टाचार गरे भन्ने बिषयमा अनुसन्धान गर्दा श्री सर्वोच्च अदालतको पूर्ण इजलासको फैसलाले हक कायम भएका व्यक्तिका नाममा मोही नामसारी भई रैतानीमा परिणत भैसकेपछि काठमाडौं महानगरपालिकाले जग्गा खरिद गरेको देखिएकोले आयोगको मिति २०६०।१०।२९ को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइल तामेलीमा राखिएको ।

४५. नेपाल आयल निगमका तत्कालिन महाप्रबन्धक युवराज शर्माकी श्रीमती शिला पोखरेल समेतको शेयर लगानीमा संचालन भै रहेको काठमाण्डौं इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा.लि.ले प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा राखेको धरौटी रकम निर्णय नगराई फुकुवा गरी दिएको भन्ने सम्वन्धमा अनुसन्धान गर्दा अधिकार प्राप्त अधिकारीबाट उक्त धरौटी फिर्ता दिने निर्णय गराई धरौटी फुकुवा गरिदिन बैंकलाई पत्र लेखेको देखिएकोले आयोगको मिति २०६०।११।२० को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइल तामेलीमा राखिएको ।

४६. नेपाल दूरसंचार संस्थानका महाप्रवन्धक केशबबहादुर शाह समेतले गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने बिषयमा अनुसन्धान गर्दा निजले काठमाडौं महानगरपालिका वडा नं. २३(यं) को ०-११-३-० रोपनी घडेरी जग्गामा २ तल्ले घर निर्माण गरेको, नवलपरासी र चितवन जिल्लाहरुमा करिव १.५ विगाहा जग्गा खरिद गरेको र बैंक मौज्दात राखेको देखियो । निज शाहले हालसम्म प्राप्त गरेको तलव, भत्ता, इन्सेन्टीभ, बोनस, १९ पटक विदेश गै बचत गरेको रकम र घरभाडा समेतलाई विचार गर्दा निज शाहले सार्वजनिक पद धारण गरे पश्चात अस्वाभाविक रुपमा सम्पत्ति आर्जन गरेको देखिन नआएकोले आयोगको मिति २०६०।११।२० को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

४७. नेपाल दूरसंचार संस्थानका प्रवन्धक विष्णुप्रसाद कसजु समेतले गैरकानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा निज विष्णुप्रसाद कसजुले मिति २०४१।१।२० मा असिष्टेण्ट एक्जुकेटीभ इन्जिनीयर पदमा स्थायी नियुक्ति हुनु पूर्वनै मिति २०४०।७।३० मा काठमाडौं महानगरपालिका वार्ड नं. १० स्थित ०-१०-१-२ रोपनी घडेरी जग्गा रु. १,०६,२५०।- मा खरिद गरेको, सार्वजनिक पद् धारण पश्चात २०४४ सालमा ३ तल्ले घर निर्माण गरेको र बैंक मौज्दात राखेको देखियो । निज कसजुले प्राप्त गरेको तलव, भत्ता, इन्सेन्टीभ, बोनस, १० पटक विदेश भ्रमण गरी बचत गरेको रकम, अंशवापत २०५१।९।२० मा प्राप्त गरेको नगद र निजकी श्रीमतीको नाममा दर्ता भएको थ्रि ए ट्रेडिङ्ग हाउस नामक व्यापारिक फर्मबाट प्राप्त आम्दानी समेतलाई विचार गर्दा निज कसजुले सार्वजनिक पद धारण गरे पश्चात अस्वाभाविक रुपमा सम्पत्ति आर्जन गरेको देखिन नआएकोले आयोगको मिति २०६०।११।२० को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

४८. जग्गा धनी जस बहादुर गुरुङ्गबाट तत्कालिन तुल्सीपुर नगर निर्माण समितिले तुल्सीपुर ५ घ को कि.नं. ११६ समेतका ६ कित्ता जग्गा रजिष्ट्रेशन गरी लिएकोमा कि.नं. ११६ नगर निर्माण समितिको नाममा दाखिल खारेज नभै पुनः सोही कित्ता दोहोरो दर्ता भै अन्य व्यक्तिका नाममा हक हस्तान्तरण भएकोमा भ्रष्टाचार गरी दर्ता गराए भन्ने विषयमा जग्गाको दोहोरो दर्ता भएमा मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा ३ बमोजिम मालपोत कार्यालयले दोहोरो दर्ता सच्याउन सक्ने हुँदा दोहोरो दर्ता सच्याँउन मालपोत कार्यालय, दाङ्गलाई निर्देशन दिने र सो निर्णयको जानकारी तुल्सीपुर नगरपालिका समेतलाई

दिने गरी आयोगको मिति २०६०।११।२६ को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइल तामेलीमा राखिएको ।

४९. बारा, बेल्दारी गाउँ विकास समिति वडा नं.७ को कि.नं. १९ को क्षे.फ. ०-३-१० जग्गा पिता महावीर राय यादवको मृत्यु पश्चात् म हरदेव राय यादव तथा भाई बालदेव राय यादव समेतका नाउमा नामसारी दर्ता हुने जग्गालाई मालपोत कार्यालय वाराका कर्मचारीहरु र गाउँ विकास समिति अध्यक्ष समेतबाट झुठा सिफारिश गरि भारत चम्पारण बस्ने पुनित राय यादवले एकलौटी आफ्ना नाउमा दर्ता नामसारी गरि स्वदेशी महावीर राय यादवको जग्गा बिदेशीका नाउँमा श्रेस्ता बनाई भ्रष्टाचार गरे भन्ने बिषयमा हरदेव राय यादव र महावीर राय यादव समेतले जिल्ला अदालत बारामा फिराद गरि जिल्ला अदालत बारा र पुनरावेदन अदालत हेटौंडा समेतबाट फैसला गराई आफ्नो नाउँमा जग्गा दर्ता नामसारी गरि सकेको अवस्था रहेको हुँदा आयोगको मिति २०६०।११।२६ को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइललाई तामेलीमा राखिएको ।

५०. सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व मन्त्री यामलाल कंडेल र निजकी श्रीमती गीता अधिकारी कंडेलको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज यामलाल कंडेल २०५१ देखि २०५५ सम्म प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मन्त्री पदमा नियुक्त भएको देखिन्छ । निज संसद सदस्य र मन्त्री पदमा रहँदा तलब, भत्ता र विदेश भ्रमणबाट समेत रकम प्राप्त गरेको देखिन्छ । त्यस अतिरिक्त निजले सार्वजनिक पदमा आउनु पूर्व शिक्षकको रूपमा काम गरेको र निजकी श्रीमतीले शिक्षिकाको रूपमा काम गरेको देखिन्छ । निजले सो अवधिमा विभिन्न व्यक्तिबाट विभिन्न प्रयोजनका लागि ऋण तथा सापटी लिएको भन्ने पनि उल्लेख गरेको देखिन्छ । सार्वजनिक पदमा प्रवेश गरेपछि निजले सुर्खेत, कोठी कांडा गाउँ विकास समिति-६ मा एक तले घर निर्माण गरेको देखिन्छ । यसै गरी निजले गाडी, टेलिभिजन, भि.सि.आर. आदि खरिद गर्नुका साथै निज र निजकी श्रीमतीको बैंक मौज्दात रहेको पनि देखिन्छ । निज सार्वजनिक पदबाट अलग भएपछि गाडी बिक्री गरी र घरमा तला थप गर्ने कार्य गरेको पाइयो । निज यामलाल कंडेल मिति २०५५ साल माघदेखि सांसद पदबाट अलग हुँदा निज वा निजको परिवारका कुनै सदस्यको नाममा पनि कुनै वित्तिय संघ संस्थामा शेयर लगायतका कुनै लगानी रहेको नदेखिएको, साथै बैंक वा वित्तिय संस्था लगायतका अन्य कुनै संघ संस्थामा अस्वभाविक रूपमा कुनै रकम जम्मा रहेको समेत देखिएन । यस प्रकार निज कंडेल सांसद तथा मन्त्री हुँदा प्राप्त गरेको आयको सन्दर्भमा निजको सम्पत्ति असन्तुलित र अस्वाभाविक नदेखिएको हुँदा आयोगको मिति २०६०।११।२७ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

५१. पूर्वमन्त्री रविन्द्रनाथ शर्माको स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा छानवीन अनुसन्धान गर्ने सिलसिलामा निजका छोरा हेमन्त ज्ञवाली सार्वजनिक पद धारण गरेको व्यक्ति भएको र निजका उपर समेत सम्पत्ति न्यायिक जाँचबुझ आयोगले स्रोत नखुलेको सम्पत्ति देखाई प्रतिवेदनमा उल्लेख गरेकोले पूर्वमन्त्री रविन्द्रनाथ शर्माको स्रोत नखुलेको सम्पत्ति सम्बन्धी अनुसन्धानका क्रममा निज हेमन्त ज्ञवाली समेतको सम्पत्तिको छानवीन अनुसन्धान गरी सो सम्बन्धमा लगाउ अनुसन्धानको रूपमा छानवीन गर्दा निज हेमन्त ज्ञवाली तथा निजकी पत्नी शैलजा ज्ञवालीले क्रमशः नगर विकास कोष र सिद्धार्थ बैंक समेतमा काम गरी तलब भत्ता प्राप्त गरेको, २०४१ सालदेखि घरायसी कागज गरी अंश वण्डा गरी छुट्टि भिन्न भै अंश वापत रकम पाएको, निजले विदेश भ्रमणबाट रकम प्राप्त गरेको र शेयर लाभांश आदिबाट आय आर्जन गरेको देखियो । निज हेमन्त ज्ञवालीले सार्वजनिक पद धारण गरे पछि निजकी पत्नी शैलजा ज्ञवालीका नाममा काठमाडौं, चपली गाउँ विकास समिति-९घ मा ४-६-१-० रोपनी जग्गा खरिद गरी बसोवास गरी आएको । निजकी सासु स्वस्तिका शर्माका नाममा काठमाडौं खड्का भद्रकाली-६ ख स्थित कि.नं. १४९ को क्षेत्रफल १-०-०-० रोपनी जग्गा र सो मा बनेको घर पूर्वमन्त्री रविन्द्रनाथ शर्माले गैरकानूनी रूपमा

आर्जन गरी निजहरूका नाममा राखेको पुष्टि भएकोले जफत समेतको मागदावी सहित विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भइसकेको छ। यसरी समग्र रूपमा निज हेमन्त ज्ञवालीले सार्वजनिक पद धारण गरेपछि आर्जन गरेको सम्पत्ति एवं आयस्रोतका सम्बन्धमा हालसम्म भएको अनुसन्धानबाट निजले अवैध रूपमा सम्पत्ति आर्जन गरेको नदेखिएकोले निज उपरको कारवाहीको फाइल आयोगको मिति २०६०।११।२७ को निर्णयानुसार तामेलीमा राखिएको।

५२. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व मन्त्री ओमकार प्रसाद श्रेष्ठको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज श्रेष्ठ नेपाली काँग्रेसको पूर्व केन्द्रीय सदस्य तथा मिति २०५२।७।२७ मा राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित भई मन्त्री पनि रही सकेको र निजकी पत्नी हिरादेवी श्रेष्ठ २०२४ सालदेखि हालसम्म वीर अस्पतालमा स्टाफ नर्समा कार्यरत रहेको देखिन्छ। श्रीमती हिरादेवी श्रेष्ठको नाममा ललितपुर उप-महानगरपालिका वडा न. १ज कि.नं. २९३ र कि.नं. २९४ गरी जम्मा १-७-०-० रोपनी जग्गामा २०३७ सालमा घर निर्माण भएको, निज हिरादेवी श्रेष्ठकै नाममा ललितपुर उप-महानगरपालिका वडा नं. १ङ को कि.नं. ५१४ को ०-८-०-० रोपनी जग्गा, ललितपुर उप-महानगरपालिका वडा नं. १घ को साविक कि.नं. २ को ०-१०-०-० रोपनी जग्गा र कि.नं. ५२९ को ०-४-०-२ रोपनी जग्गा, मारुती गाडी एक तथा बिभिन्न बैंकमा रकम मौज्दात रहेको ओमकार प्रसाद श्रेष्ठले सार्वजनिक पद धारण गर्नु पूर्व देखि नै रहेको देखियो। निजले सार्वजनिक पद धारण गरेपछि संसदको भत्ता एवं पारिश्रमिक, मन्त्रीको पारिश्रमिक एवं भत्ता, राजनैतिक पिडित सहायता र विदेश भ्रमण गर्दा प्राप्त रकमका अलावा सेन्ट्रल फाइनान्सबाट ऋण लिएको देखियो। त्यस्तै जग्गा विक्री, गाडी विक्री, श्रीमतीको पारिश्रमिक, भत्ता सुविधा घर भाडा र पैत्रिक सम्पत्तिबाट आय आर्जन भएको देखियो। ओमकार प्रसाद श्रेष्ठको नाममा ललितपुर उपमहानगरपालिका वडा नं ५ख कि.नं. ६१२ (हाल वडा नं १४ नखीपोट) को ०-८-०-० रोपनी जग्गामा ओमकार प्रसाद श्रेष्ठको मन्जुरीनामा लिई नेपाली कांग्रेस पार्टी जिल्ला कार्यालय ललितपुरको नाममा भवन निर्माण भई उक्त भवन पार्टी कार्यालयको नाममा ललितपुर उपमहानगरपालिकाबाट नक्सा पास भई पार्टी कार्यालयले सो भवन प्रयोग गरिरहेको देखिंदा भवन निर्माण भएको जग्गा ओमकार प्रसाद श्रेष्ठको नाममा भए तापनि भवन नेपाली कांग्रेस जिल्ला कार्यालय ललितपुरले निर्माण गरेको देखिन आयो। निज सार्वजनिक पदमा रहदा अख्तियारको दुरुपयोग गरी सम्पत्ति आर्जन गरेको भन्ने देखिन नआएकोले निजले सार्वजनिक पद धारण गरेको अवधिमा प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण र निजको हालको हैसियत तथा आर्थिक स्थिति अस्वाभाविक र अमिल्दो नदेखिंदा आयोगको मिति २०६०।१२।११ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५३. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार वरिष्ठ प्रहरी उपरिक्षक हेमबहादुर गुरुङ्गको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजका छोराछोरीले नेपालका स्कूल कलेजहरूमा अध्ययन गरी छोरी हाल संयुक्त अधिराज्यमा अध्ययनको सिलसिलामा गई उतै रोजगारी समेत गरी बस्ने गरेको देखियो। निज हेमबहादुर गुरुङ्ग मिति २०३३।११।६ देखि नेपाल प्रहरी सेवामा इन्सपेक्टर पदमा प्रवेश गरी हाल वरिष्ठ प्रहरी उपरिक्षक पदमा कार्यरत रहेको देखिन्छ भने निजकी पत्नी हरिमाया गुरुङ्ग मिति २०३२।६।१५ देखि २०५७।११।३० सम्म बिभिन्न पदमा बहाल रही काम गरेको देखिन्छ , यसरी निजहरूको आय आर्जनको मुख्य श्रोत पति पत्नीको तलव, भत्ता, भ्रमण भत्ता, सुविधा आदि रहेको, २०६० साल आषाढसम्म निज हेमबहादुर गुरुङ्गले तलव, भत्ताका अलावा हेइटी मिशनबाट समेत आय आर्जन गरेको देखिन्छ। सो बाहेक निजले निजका बाबुबाट समेत आर्थिक सहयोग प्राप्त गरेको, निजले पोखरामा जग्गा बिक्री गरी आय आर्जन गरेको समेत देखिन आउँछ। निजको काठमाडौं र पोखरा स्थित घडेरी जग्गा खरीद, काठमाडौंको खड्का भद्रकालीमा घर (पाले घर सहित)

निर्माण, मोटर साइकल खरीद, शेयर खरीद, गरगहना, सुन, चाँदी खरिद र छोरी कञ्चन गुरुङ्गलाई संयुक्त अधिराज्य अध्ययनका लागि पठाउँदा लाग्ने खर्च उल्लेखित आयबाट खर्च भएको देखिन आयो। निजले सार्वजनिक पद धारण गरेको अवधिमा प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण र निजको हालको जीवन स्तर अस्वाभाविक र अमिल्दो रूपमा रहेको नदेखिंदा आयोगको मिति २०६०।१२।११ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५४. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व सहायक मन्त्री झलकनाथ वाग्लेको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजका छोरा छोरी दाङ्गका निजी विद्यालयमा र हाल काठमाडौंको निजी विद्यालयमा अध्ययन गरेको देखिए पनि खास खर्चिलो देखिएन। निज झलकनाथ वाग्लेले २०३५।५।१९ देखि २०४७।१२।१४ सम्म प्राविधिक सहायक पदमा कार्य गरी राजिनामा दिई अवकाश लिएको र सो पछि २०५१।८।२ मा प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई २०५५ माघ सम्म सांसद र सोही अवधि भित्र २०५५।५।१० देखि २०५५।९।९ सम्म भूमिसुधार तथा व्यवस्था सहायक मन्त्री रही कार्य गरेको समेत देखिन्छ। यसै गरी निजकी पत्नी चिन्ता कुमारी वाग्लेको बयान अनुसार निजकी पत्नीले जागृती कार्यक्रम जाजरकोटका अध्यक्षको हैसियतले २ वर्षसम्म काम गरेको भन्ने उल्लेख गरेको पाइयो। यसरी निजहरुको आय आर्जनको मुख्य स्रोतमा निज झलकनाथ वाग्लेको निजामती सेवामा रहँदाको तलव भत्ता सुविधा, सांसद र सहायक मन्त्री हुँदाको तलव भत्ता सुविधा तथा पत्नीको कृषि र पसल व्यवसायबाट आएको आम्दानी नै रहेको देखियो। निजले गाडी खरिद गर्दाको समयमा छुट्टै सम्झौता गरी ऋण सापटी लिएको देखिन आयो। निजको उपर्युक्त आय जाजरकोट तथा काठमाडौंमा घर घडेरी खरिद गर्दा, प्राडो जीप खरिद गर्दा, पसल व्यवसायमा लगानी गर्दा र जाजरकोटमा घर निर्माण गर्दा खर्च भएको देखिन आयो। निजले सार्वजनिक पद धारण गरेको अवधिमा निज र निजका सगोलका परिवारका नाममा कुनै वैंकमा रकम मौज्दात नदेखिएको, कुनै वैंक वा वित्तीय संस्थाको शेयर, डिवेञ्चर वा वचतपत्र खरिद गरेको समेत पाइएन। यसप्रकार निजले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण र निजको हालको हैसियत तथा आर्थिक जीवनस्तर अस्वाभाविक र अमिल्दो रूपमा रहे भएको नदेखिंदा आयोगको मिति २०६०।१२।१८ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५५. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व मन्त्री अर्जुननरसिंह के.सी.को चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज के.सी. २०३० सालदेखि त्रिभूवन विश्वविद्यालयमा प्राध्यापन पेशामा प्रवेश गरी २०३८ सालदेखि तत्कालीन राष्ट्रिय पञ्चायतको सदस्य समेतको राजनैतिक पद धारण गर्दै २०४८ सालको प्रतिनिधि सभाको सदस्य तथा २०५२।०५३ मा स्वास्थ्यमन्त्री समेतको पद धारण गरेको देखिएको। निज के.सी.ले सार्वजनिक पद धारण गरे पछि नुवाकोट, विदुर नगरपालिका-४ मा ४-२-३-० रोपनी खरिद गरेको देखिएको। निज के.सी.की पत्नी प्रतिमा के.सी.का नाममा ललितपुर-५छ. मा ३-४-१-० रोपनी, चितवन, भरतपुर ६ख मा ०-३-९ विगाहा, काठमाडौं, गोंगबु ५क. मा ०-१२-२-० रोपनी, काठमाडौं, साङ्गला गाउँ विकास समिति-९ख. मा ९-०-०-१ रोपनी, ललितपुर हरिसिद्धि १ख. मा मोही हक कटाई ५-८-३-० रोपनी जग्गाहरु रहे भएको देखिन्छ। त्यस्तै प्रकारले निज प्रतिमा के.सी. का नाममा रहेको काठमाडौं गोंगवु ५क. को जग्गामा घर निर्माण भएको देखिन्छ। निज अर्जुननरसिंह के.सी.ले २०५३ सालमा ल्याण्डक्रुजर जीप खरिद गरेको देखिन्छ। यसका अतिरिक्त निज के.सी.सँग घरायसी प्रयोगका बिद्युतीय उपकरण, सुन, चाँदीका गरगहना र बैक मौज्दात रहेको देखिन आयो। निज के.सी.ले प्राध्यापनको कार्य गरी आय आर्जन गरेको अलावा पञ्चायत कालका साथै २०४६ साल पछि पनि सांसद तथा मन्त्री हुँदा पारिश्रमिक, भत्ता र विदेश भ्रमणबाट आय आर्जन गरेको देखिन आयो। यसका अतिरिक्त निजकी पत्नी प्रतिमा के.सी.ले ऋण लिएको तथा विद्यालयको शिक्षिका समेतको कार्य गरी

आय आर्जन गरेको देखिन्छ। निज प्रतिमा के.सी. का नाममा ललितपुर जिल्लाका बिभिन्न जग्गाहरु मध्ये अधिकांश निजका पिता कमल वहादुर थापाले हालैको बकसपत्र गरी छोरीलाई प्रदान गरेको र ती जग्गाहरु नापीकै बखत देखि निज कमल वहादुर थापाका नाममा रहे भएकोले बकस समेत प्राप्त गरेको तथ्य स्थापित भएको देखिन आयो। यसरी निज अर्जुननरसिंह के.सी.ले सार्वजनिक पदमा रहंदा आर्जन गरेको सम्पत्ति र निजको स्रोत समेतका अवस्थालाई हेर्दा निजले यापन गरिरहेको जीवन स्तर बैध आय स्रोतसँग अमिल्दो र अस्वाभाविक नदेखिएकोले आयोगको मिति २०६०।१२।१८ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५६. विभिन्न संघ संस्थानमा कार्यरत कर्मचारीहरुले शुरु नियुक्ति, पदोन्नति तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली भएको भनी विभिन्न मितिमा आयोगमा प्राप्त उजूरी उपर अनुसन्धान गर्दा ग्रामिण आवास कम्पनी लिमिटेड केन्द्रीय कार्यालयका तत्कालीन रिसेप्सनिष्ट हेमा दाहाल, सँगीता नेपाली र ठाकुर राम बहुमुखी क्याम्पस विरगन्जका तत्कालीन सहायक प्राध्यापक अनिल कुमार तिवारीको शैक्षिक प्रमाणपत्र प्रमाणीकरण गर्न पठाउँदा सम्वन्धित विश्वविद्यालयहरुबाट नक्कली भनी लेखिआएकोमा हेमा दाहाल अस्थायी नोकरी छाडी फेला नपरेकोले निज फेला परेको वखत अनुसन्धान कारवाही अगाडि बढाउने गरी र सँगीता नेपाली कुनै सेवामा नरहेको र अनिल कुमार तिवारी भारतीय नागरिक हुनुका साथै निजसँग सम्पर्क पनि हुन नसकेको र निजलाई त्रिभुवन विश्वविद्यालयको सेवाबाट हटाइ सकेको देखिँदा आयोगको मिति २०६०।१२।२३ को निर्णयानुसार निजहरु उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५७. सुदूर पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक डा. भोजराज भट्टले विभिन्न अनियमित कार्य गरे भन्ने उजूरी उपर छानवीन गर्दा उजूरीमा उल्लेख गरिएका औषधि खरीद, इन्धन खर्च, दुर्गम भत्ताको भुक्तानी, हेल्थ असिष्टेन्टलाई निमित्त मेडिकल अफिसर बनाएको, उमेर सच्याएको आदि आरोपहरु तथ्यहीन पाइएकोले आयोगको मिति २०६०।१२।२५ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५८. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व उपमहालेखापरीक्षक श्री दिवाकर प्रसाद भट्टराइको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजले अचल सम्पत्ति तर्फ काठमाडौं उपत्यकामा करिब ८-१३-३-१ रोपनी जग्गा खरिद गरी घर निर्माण गर्नु भएको देखिन्छ भने चल सम्पत्ति तर्फ सुविधामा एउटा गाडी खरिद गर्नु भएको र सामान्य बिद्युतीय उपकरणहरु खरिद गर्नु भएको देखिंदा सो बाहेक अन्य उल्लेख्य चल/अचल सम्पत्ति जोडेको देखिन आएन। निज सरकारी सेवामा कार्यरत रहंदाको अवधिमा निजलाई प्राप्त भएको तलव, भत्ताको अतिरिक्त बिदेश भ्रमणबाट प्राप्त रकम तथा श्रीमती एवं छोराहरु समेतका नोकरीबाट प्राप्त रकम, भाडामा दिएको गाडीबाट प्राप्त रकम, जग्गा बिक्रीबाट प्राप्त रकम र घर भाडा नै मुख्य आर्जनका स्रोतहरु भएको देखिन्छ। यसरी निजले सार्वजनिक पद धारण गरेपछि निज तथा निजका परिवारले प्राप्त गरेका बिभिन्न आम्दानीको अनुपातमा निजको चल अचल सम्पत्ति तथा अन्य खर्चहरु अमिल्दो र अस्वाभाविक नदेखिनुका साथै निजले उच्च जीवन यापन गरेको समेत नदेखिंदा आयोगको मिति २०६०।१२।३० को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

५९. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार सह-सचिव उमेशप्रसाद मैनालीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजले काठमाडौं महानगरपालिका-३२ स्थित कि.नं. ६३० मा ०-२-३-२ रोपनी जग्गा खरिद गरी सो जग्गामा दुई तले घर निर्माण गरेको, बैंकमा केही रकम मौज्दात राखेको र घरायसी प्रयोगमा रहने सुन, चाँदी समेत राखेको देखिन आयो। मिति २०५७।५।१६ मा भएको अंश

वण्डाको लिखतमा उल्लेख भएको रकम आफूले लिई पिता समेतलाई अंश छोडपत्र गरेको भन्ने सम्बन्धमा निजले आयोगमा सोधपुछको क्रममा अंशवण्डा हुँदा पिताजीले हाम्रो पठन पाठन, औषधि उपचार, अन्य घरायसी खर्च समेतको हिसाव गरी आफूले नगद प्राप्त गरेको भन्ने समेतको कथन रहेकोमा त्यसरी अंश वण्डा छोडपत्र गरेको वखत बाबु समेतबाट नगद नै निजले लिएको भन्ने तथ्ययुक्त आधार देखिन आएन। समग्र रूपमा निज उमेशप्रसाद मैनालीले सार्वजनिक पद धारण गरे पछि प्राप्त गरेको तलव, भत्ता तथा बिदेश भ्रमणबाट हुन जाने बचतबाट उपर्युक्तानुसारको चल अचल सम्पत्ति आर्जन गरेको हुन सक्ने देखिँदा र निजले यापन गरिरहेको जीवन स्तर अमिल्दो र अस्वाभाविक नदेखिएकोले आयोगको मिति २०६०।१२।३० को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

६०. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार सह-सचिव श्यामप्रसाद मैनालीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजको परिवारको नाममा चल सम्पत्तिको हकमा घर घरायसमा प्रयोग भएका सुन, चाँदी, बैंक मौज्दात र एउटा स्कुटर रहेको देखियो। अचल सम्पत्तिको हकमा निजकी श्रीमती विमला मैनालीका नाममा काठमाडौं महानगरपालिका २३(ठ) मा क्षेत्रफल ०-१५-०-० जग्गा पटक पटक गरी खरिद गरेको र सो जग्गामा बनेको अढाई तल्ले घर र काठमाडौं महानगरपालिका-२३(व) मा निजकी अर्की श्रीमती इन्दिरा मैनालीका नाममा क्षेत्रफल ०-५-०-० जग्गा र सोमा बनेको दुई तल्ले घर भएको देखिन आयो। निजको आय स्रोत तर्फ हेर्दा तलव, भत्ता, विदेश भ्रमण, पर्वतारोहण दलमा सम्पर्क अधिकृत भई जाँदा, भन्सार कार्यालयबाट सुराकी पुरस्कार, संचयकोष सापटी समेतका रकमहरू प्राप्त गरेको देखिन्छ। सो बाहेक निजकी पत्नी विमला मैनालीले निज श्यामप्रसाद मैनाली प्रमुख जिल्ला अधिकारी रहँदा पि.ए. बसी रकमहरू प्राप्त गरेको देखिन आयो। निज श्यामप्रसाद मैनालीकी अर्की पत्नी इन्दिरा मैनाली शिक्षिका भएकी र सो वापत पारिश्रमिक एवं संचयकोष सापटी समेतका रकमहरू प्राप्त गरेको देखिन्छ। निज श्यामप्रसाद मैनालीले मिति २०५७।५।१६ मा भएको अंशवण्डाको लिखतमा उल्लेख भएको रकम आफूले लिई पिता समेतलाई अंश छोडपत्र गरेको भन्ने सम्बन्धमा निजले आयोगमा सोध पुछका क्रममा भाइहरूको संरक्षक भई काठमाडौंमा बस्दा बुबाले गरेको खर्च, जग्गा किन्न एवं घर बनाउन समेत पटक पटक गरी दिएका रकम समेत बापत रकम प्राप्त गरेको हुँ भने पनि सो रकम अंशवण्डा छोडपत्र गरेका वखत बुबा समेतबाट नगद नै निजले पाएको भन्ने देखिन आएन। तथापी समग्र रूपमा निज श्यामप्रसाद मैनालीले सार्वजनिक पद धारण गरेपछि आर्जन गरेका सम्पत्ति तथा वैद्य आयस्रोत समेतको प्रारम्भिक अनुसन्धानको अवस्था हेर्दा निजले यापन गरिरहेको जीवनस्तर निजको आयस्रोतसँग अमिल्दो र अस्वाभाविक नदेखिएकोले आयोगको मिति २०६०।१२।३० को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

६१. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व सचिव रविवहादुर बिष्टको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजले सार्वजनिक पदमा बहाल भएपछि हालसम्ममा २-१०-२ जग्गा खरिद गरेको, २ वटा घर निर्माण गरेको र अवकाश भई सकेपछि बैक मौज्दातको रकम समेत निकाली २०६० साल माघमा सिभिल होम्सबाट ललितपुरको सैबुमा ०-५-१-० जग्गामा बनेको अढाइ तले घर र सुविधाको कार खरिद गरेको देखिएको छ। निजले पारिश्रमिक, अवकाश भुक्तानी, २४ पटक बिदेश भ्रमण, कन्सल्टेन्सी कार्य, घर भाडा र ऋण समेत गरी आय आर्जन गरेको देखिएको छ। तसर्थ निजको आय स्रोतको अनुपातमा निजले यापन गरिरहेको जीवनस्तर अस्वाभाविक र अमिल्दो नदेखिंदा आयोगको मिति २०६०।१२।३० को निर्णयानुसार हाल निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

६२. हाल कञ्चनपुर जिल्ला अदालतमा कार्यरत अमिन सुरेन्द्र विष्ट विघटीत सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समिति कञ्चनपुरमा काजमा रहेको अवस्थामा गैरकानूनी किसिमले आफ्नी श्रीमतीको नाउँमा सुकुम्वासी भनी जग्गा प्राप्त गरेको भन्ने विषयमा परेको उजूरी उपर छानवीन गर्दा गैर कानूनी काम कारवाही भएको पुष्टि हुने आधार नदेखिएकोले आयोगको मिति २०६१।१।८ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

६३. काठमाडौं जिल्ला साविक काठमाडौं नगरपालिका वडा नं. ९(ख) को कि.नं. १०२ हाल शहरी नापीमा कायम हुन आएको काठमाडौं महानगरपालिका वडा नं. १० को किनं. १२४ को क्षेत्रफल ०-१५-० जग्गा ०२२ सालको नापीबाटै बेनिस्सा पर्ति लेखिएको ०४४ सालमा दोश्रो शहरी नापी हुँदा जग्गाधनी एवं मोही महल खाली रही सार्वजनिक रुपमा रहेको र सो क्षेत्र परापूर्वकालदेखि सार्वजनिक चौरको रुपमा प्रयोग भएको जग्गालाई गोविन्द प्रसाद तिमिल्सीनाले नापी र मालपोत कार्यालयका कर्मचारीसँग मिलि आफ्ना नाउँमा जग्गा दर्ता गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान गर्दा सो जग्गा गोविन्द प्रसाद तिमल्सीनाले राधिका देवी थापा क्षेत्रीनीबाट मिति २०३२।२।२९ मा रजिष्ट्रेशन पारित गरि लिएको र ०४४ सालको शहरी नापीमा पनि काठमाडौं महानगरपालिका वडा नं. १० ट्रिक सिट नं. १०२-११४६-२२ को कि.नं. १२४ मा गोविन्द प्रसाद तिमल्सीनाको नाउमा जग्गा नाप नक्सा भई फिल्ड बुक तयार भएको र सोही आधारमा मिति ०४७।१२।२० मा ३ नं. नापी गोश्वराले जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(५) अनुसार गोविन्द प्रसाद तिमल्सीनालाई रैकर पूर्जा दिएको देखिन आएकोले आयोगको मिति २०६१।१।८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

६४. सागरनाथ वन विकास परियोजनाका कायम मुकायम प्रमुख दिवाकर दत्त पाण्डेले राजश्व रकम वैंक दाखिला नगरी हिनामिना गरेको, सरकारी गाडी दुरुपयोग गरेको, भारतीय मूलका मानिसलाई अनियमित तरीकाले नोकरी दिएको तथा नक्कली विल समेत बनाई भ्रष्टाचार गरी लिनु खानु गरेको भन्ने उजूरी उपर अनुसन्धान गर्दा उजूरीमा उठाईएका बूँदाहरु सत्य तथ्यमा आधारीत देखिन नआएकोले आयोगको मिति २०६१।१।८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

६५. मालपोत कार्यालय, चितवनमा रहेका मोठ स्रेस्ता मध्ये वीरेन्द्रनगर गाउँ विकास समिति र भण्डारा गाउँ विकास समितिको मोठ एक एकवटा गरी दुईवटा स्रेस्ता फेरवदल गरी फाइदा लिन खोजेको देखिएका व्यक्तिहरु यक्षबहादुर मल्ल र अजित थापाको फेरबदल गरिएको मोठ स्रेस्तामा लेखिएको नागरिकता नम्वर र वतन गलत भएको कुरा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६०।११।२१ को पत्रबाट खुल्न आएको छ । कार्यालयमा रहेको स्रेस्ता अनधिकृत रुपमा कार्यालय बाहिर लिएर जाने त्यस कार्यालयका पियन भिमलाल श्रेष्ठले भूमिसुधार कार्यालय, हेटौडाका खरिदार सन्जिव अधिकारीले भनेको हुनाले लिएर गएको हुँ भनेकोमा निज सन्जिव अधिकारीको मिति २०६०।८।६ मा मृत्यु भएको खुल्न आयो । फेरवदल गरिएका मोठ स्रेताबाट कुनै काम भै नसकेको कारण व्यक्तिको सम्पत्तिमा हानी नोक्सानी पुग्न नगएको र उक्त स्रेस्ता खारेज गर्ने कारवाही मालपोत कार्यालयबाटै भै सकेको पनि देखियो र मालपोत कार्यालयबाट भिमलाल श्रेष्ठ उपर विभागीय कारवाहीको उठान समेत भै रहेको सन्दर्भमा प्रस्तुत अनुसन्धान कारवाहीलाई अगाडि बढाउनु पर्ने अवस्था नदेखिंदा आयोगको मिति २०६१।१।१५ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

६६. बाल कल्याण प्राथमिक बिद्यालय, डाँडापातु, दाङको भवन निर्माण समितिका तत्कालीन अध्यक्ष ऋषिराज वलीले भवन निर्माणका लागि प्राप्त रकम हिना मिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा निज वलीले उपभोक्ताबाट रकम उठाएको भन्ने देखिएन । साथै भवन निर्माणको जिम्मेवारी निज वलीले पूरा गरेको नदेखिए पनि रकम हिनामिना गरेको तथ्य पुष्टि हुन नसकेकोले आयोगको मिति २०६१।१।१५ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

६७. कृषि विकास बैंकका भगवान लाल श्रीवास्तव, विद्या भुषण द्विवेदी र हरिनारायण प्रसाद नेपाल, नेपाल प्रहरीका यादव बहादुर घर्ती, त्रिभुवन विश्वविद्यालय, नसिङ्ग क्याम्पस नेपालगञ्जका भक्त राज गिरी र नेपाल राष्ट्र बैंकका कुमुद कुमार वर्माका शैक्षिक योग्यताका प्रमाणपत्रहरु ठीक भनी प्रमाणीकरण भै आएकोले सो को जानकारी सम्बन्धित कार्यालयलाई दिइ आयोगको मिति २०६१।१।२१ को निर्णयानुसार प्रस्तुत अनुसन्धान फाइल तामेलीमा राखिएको ।

६८. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व गृहराज्य मन्त्री देवेन्द्रराज कंडेलको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज कंडेल नवलपरासी जिल्लाबाट २०५१ र २०५६ सालमा गरी २ पटक प्रतिनिधि सभा सदस्यमा निर्वाचित भई सो अवधि मध्ये २ पटक गरेर करिब १ वर्ष ४ महिना गृह राज्यमन्त्री पदमा नियुक्त हुनु भएको देखिन्छ । निजको पैत्रिक घर नवलपरासी जिल्लाको रमपुरवा गाउँ विकास समिति वडा नं. ६ र ७ मा र सोही जिल्लाको बडहरा दुवौलिया गाउँ विकास समिति वडा नं. ४ मंगलापुरमा रहेको तथा ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ मा भएको पैत्रिक ०-१५-०-० रोपनी जग्गामा एउटा घर रहेको देखिन्छ । त्यस्तै नवलपरासी जिल्लाका बिभिन्न गाउँ विकास समितिहरुमा गरी ३० बिगाहा जग्गा रहेको देखिन्छ । निजले सार्वजनिक पदमा प्रवेश गरेपछि निज तथा निजका परिवारहरुको नाममा ९-६-३.६५ बिगाहा जग्गा हालै देखिको बकसपत्र तथा राजिनामा समेतबाट खरिद गरी प्राप्त गरेको देखिन्छ । साथै निजले सार्वजनिक पदमा आएपछि गरेको खर्चको सम्वन्धमा हेर्दा शेयर, पटक पटक गरी २ थान सवारी साधन खरिद बिक्री गरेको तथा सांसद सुविधामा एउटा जीप खरिद गरेको देखिन्छ भने एउटा मोटरसाईकल तथा नवलपरासीमा पुरानो टेक्टर बिक्री गरी एउटा टेक्टर खरिद गरेको समेत देखिन्छ । यसरी सवारी साधनहरु खरिद गर्दा पिपल्स फाईनान्सबाट पटक पटक गरी कर्जा लिएको देखिन आएको छ भने कृषि बिकास बैंक, परासी शाखाबाट पनि कर्जा लिई टेक्टर खरिद गरेको देखिन्छ । उपरोक्त आर्जित सम्पत्तिको आयस्रोत तर्फ बिचार गर्दा माथि उल्लेख भए अनुसार निजको सांसद तथा मन्त्री हुंदा प्राप्त पारिश्रमिक, भत्ता, बिदेश भ्रमणबाट प्राप्त रकम, जग्गा बिक्री, काठ, उखु, खाद्यान्न, माछा, फलफूल बिक्री, गाडी बिक्री, सुन बिक्री तथा बित्तिय संस्थाहरुबाट प्राप्त कर्जा समेतका रकमहरु नै मुख्य आयस्रोत भएको पाइयो । त्यस्तै जग्गाजमिन, ६० तोला सुन र गाडी बिक्रीबाट समेत निजलाई रकम प्राप्त भएको देखिन्छ । यसरी बैद्य आयस्रोत र खर्चको अनुपातमा निजले अमिल्दो, अस्वाभाबिक एवं उच्च जीवन स्तर यापन गरेको नदेखिंदा आयोगको मिति २०६१।१।२१ को निर्णयानुसार निज उपरको कारवाहीको फाईल तामेलीमा राखिएको ।

६९. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व राज्यमन्त्री मोहनबहादुर बस्नेतको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज बस्नेत २०५६ साल जेष्ठदेखि प्रतिनिधि सभाको सदस्य भई सार्वजनिक पद धारण गरेको र २०५८ साल कार्तिक देखि २०५९ साल असोज १८ गतेसम्म स्वास्थ्य मन्त्रालयको राज्यमन्त्री भएको देखिएयो । निज बस्नेतले सार्वजनिक पद धारण गरेपछि भक्तपुर जिल्ला बाल्कोट गाउँ विकास समितिमा आफ्ना नाममा ३-४-०-० रोपनी तथा आफ्नी पत्नी माण्डवी राणाका नाममा १-११-२-० रोपनी जग्गा तथा घर खरिद गरेको देखिन आयो । निज बस्नेत तथा निजकी पत्नी माण्डवी राणाको संयुक्त नाममा काठमाडौं महानगरपालिका-३५ मा ०-७-०-० रोपनी जग्गा र सोमा निर्माण भएको पक्की घर समेत रहेको देखिन आयो । त्यस्तै प्रकारले निजहरुसँग गाडी, गरगहना र बैंक मौज्दात समेतका चल अचल सम्पत्ति रहे भएको देखिन आयो । आयश्रोत तर्फ हेर्दा निज बस्नेतकी पत्नी माण्डवी राणाले स्वदेश तथा विदेशमा समेत नोकरी गरी रकम वचत गरेको कुरा स्थापित हुन आयो । निज माण्डवी राणा र मोहनबहादुर बस्नेतको २०५६ सालमा विवाह भएको र

विवाहमा निजले दाइजो पेवा वापत सुन, जवाहरत प्राप्त गरेको र सो सुन, जवाहरत भक्तपुर बाल्कोट समेतका जग्गा खरिद गर्दा बिक्री गरेको कुरा प्राप्त कागजातबाट देखिन आयो । यस्तै निज मोहनबहादुर बस्नेतले सांसद एवं राज्यमन्त्री पदमा बहाल रहँदा पारिश्रमिक एवं विदेश भ्रमणबाट रकम बचत गरको देखिन आयो । यस प्रकार निज बस्नेतले सार्वजनिक पद धारण गरे पश्चात स्रोत नखुल्ने सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवन स्तर बिताइ रहेको भन्न सक्ने अवस्था नहुँदा आयोगको मिति २०६१।१।२१ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

७०. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार प्रहरी अतिरिक्त महानिरीक्षक अनन्तराम भट्टराईको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज भट्टराईले सार्वजनिक पद धारण गरेपछि निजकी पत्नी सुशिला भट्टराईका नाममा का.म.न.पा.-१० मा १-१०-३-१ रोपनी जग्गा, सो जग्गामा बनेको पक्की घर, काठमाडौं, मूलपानी-९घ मा ३-१४-१-२ रोपनी जग्गा र सो जग्गामा बनेको घर, सर्लाही, भक्तिपुर गा.वि.स.मा २-१५-१३ विगाहा जग्गा, सोही जिल्लाको अत्रौलीमा २-१३-० विगाहा र ईश्वरपुरमा ११-१०-१५-६ विगाहा जग्गा, पोखरा, छिने डांडामा ०-१४-१-० रोपनी जग्गा, निज समेतका नाममा बैंक मौज्दात, शेयर, घरायसी प्रयोगका सुन, चाँदी, टि.भि., डेक जस्ता विद्युतीय उपकरण एवं अन्य माल सामानहरू रहेको देखिन आएको छ । निज भट्टराईकी पत्नीका नाममा रहेको उल्लेखित का.म.न.पा.-१० स्थित १-१०-३-१ को जग्गा र सोमा बनेको घर निजका बाबु शम्भुप्रसाद मैनालीले २०३८ सालमा खरिद गरी घर निर्माण गरी २०४९ सालमा छोरी सुशिला भट्टराईलाई हालै देखिको वकस पत्र पास गरिदिएको, सर्लाही भक्तिपुर तथा ईश्वरपुरका जग्गाहरू मध्ये ७-१८-१६ बिगाहा जग्गा पनि निज बाबुले नै वकस पारित गरिदिएको र निज शम्भुप्रसादको आर्थिक हैसियत हेर्दा निजले ती सम्पत्तिहरू छोरीलाई दाइजो प्रदान गर्न सक्ने देखियो । उपरोक्तानुसार आर्जित सम्पत्तिहरूको आयस्रोत तर्फ हेर्दा निज अनन्तराम भट्टराईको तलब, भत्ता, घर बहाल, वैदेशिक भ्रमणबाट बचत रकम, संचय कोष सापटी, भन्सार कमिशन, शेयरबाट प्राप्त लाभांश रकम, जग्गा बिक्री समेतको आयस्रोत देखिन आयो । उल्लेखित आयस्रोतका अलावा अधिकांश सम्पत्ति निजको ससुरा शम्भुप्रसादले आफ्नी छोरी सुशिलालाई वकस गरिदिएको देखिएको, केही सम्पत्तिहरू मात्र निजको आफ्नै आयबाट आर्जन भएको देखिएको । यस प्रकार निज अनन्तराम भट्टराईले यापन गरिरहेको जीवन स्तर बैद्य आय स्रोतसँग अमिल्दो र अस्वाभाविक नदेखिएकोले आयोगको मिति २०६१।१।२१ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

७१. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व मन्त्री राजीव पराजुलीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज र निजका सगोल परिवारका नाममा हाल ललितपुर, सैंवु भैंसेपाटीमा करिव २-५-३-३ जग्गा र एउटा घर, बीरगन्ज उपमहानगरपालिकामा २ वटा घर तथा पर्सा र बारा जिल्लामा ७-७-१८-४ बिगाहा जग्गा रहेको देखिन आयो । बीरगन्ज उपमहानगरपालिकामा १-१२-०-० बिगाहा जग्गा र २ वटा घर निज सार्वजनिक पदमा प्रवेश गर्नु अघिकै देखियो । निज सार्वजनिक पदमा प्रवेश गरेपछि काठमाडौं उपत्यकामा २-१३-१-३ रोपनी तथा बारा र पर्सामा गरी ७-४-११.७५ बिगाहा जग्गा खरिद गरेको र सैंबु भैंसेपाटीमा घर निर्माण गरेको देखिन्छ । उपर्युक्त जग्गाहरु खरिद गर्न आवश्यक पर्ने रकम निजले सांसद एवं मन्त्री पदमा रहँदा प्राप्त गरेको पारिश्रमिक, भत्ता, बिदेश भ्रमण गर्दा प्राप्त गरेको रकमबाट भएको बचत, जग्गा बिक्री, तथा बिभिन्न कर्जाहरुबाट प्राप्त गरेको भनी निजको बयानमा उल्लेख भएको र सो व्यहोरालाई कर्जा लिएको देखिने कागजातहरुबाट समेत पुष्टि हुन आएको देखिंदा प्रस्तुत तथ्यलाई अन्यथा भन्न सकिने स्थिति देखिएन तसर्थ आयोगको मिति २०६१।१।२३ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

७२. सिंचाई विकास डिभिजन नं. ३ मा नायव सुब्बा पदमा कार्यरत सूर्यकान्त लालकर्णको सम्पत्ति बिषयमा अनुसन्धान गर्दा निज सूर्यकान्त लाल कर्णले हैसियत भन्दा बढी सम्पत्ति आर्जन गरी उच्च जीवन यापन गरेको प्रमाणित हुन नआएको हुँदा आयोगको मिति २०६१।२।५ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

७३. सडक विभाग अन्तर्गत हिले भोजपुर सडक निर्माणको लागि परामर्शदाता छनौटमा सडक विभाग र TAEC+Silt JV को मिलोमतोमा अनियमित तरीकाले प्राविधिक प्रस्तावहरु मुल्यांकन गरी सो फर्मलाई बढी अंक दिएकोले प्राविधिक प्रस्तावहरु पुनः मुल्यांकन गरी पाउं भनी बिषयमा कुनै उल्लेखनीय अनियमितता भएको नदेखिएकोले आयोगको मिति २०६१।२।८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

७४. नेपाल बैंकमा कार्यरत विद्या उपाध्यायले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र ठीक देखिएकोले आयोगको मिति २०६१।२।११ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

७५. द टिम्बर कर्पोरेशन अफ नेपालबाट काठ लिलाम बिक्री गर्दा अनियमितता भएको भन्ने विषयको उजूरीका सम्बन्धमा छानवीन गर्दा टि.सि.एन.लाई नोक्सान पुऱ्याउने मनसायले संचालक समिति तथा महाप्रबन्धकबाट काम कारवाही भए गरेको नदेखिंदा आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

७६. पश्चिम तराई गरीवी निवारण परियोजना अन्तर्गत जिल्ला पशु सेवा कार्यालयबाट दाङ जिल्लाको फुलवारी गाउँ विकास समिति मा बाखा बोका वितरण गर्दा अनियमितता गरे भन्ने बिषयमा अनियमितता गरेको भन्ने कुरा पुष्टि हुन नआएबाट आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

७७. ग्रामिण तथा साना जलविद्युत विभाग, लमजुङबाट सुन्दर बजार गाउँ विकास समिति लाई ग्रामिण विद्युतीकरणका लागि उपलब्ध गराएको २५ थान पोल सुन्दरबजार गाउँ विकास समितिका भू.पू. गाउँ विकास समिति अध्यक्ष शंकरमान श्रेष्ठ, परेवा डाँडा गाउँ विकास समिति वडा नं. २ बस्ने उद्धवराज पाण्डे र नेपाल विद्युत प्राधिकरण साना जलविद्युत तथा ग्रामीण विद्युतीकरण विभाग उदिपुर सब स्टेशनका इन्चार्ज देवी बहादुर राना समेतको मिलोमतोमा प्रति पोल रु. ३,६५७।५० का दरले २५ पोलको रु. ९१,४३७।५० को भ्रष्टाचार गरे भन्ने बिषयका मिसिलमा संलग्न तथ्य अध्ययन गर्दा बेचिएका भनिएका पोलहरु मध्ये ४ थान पोलहरु सुन्दर बजार ढोरसिंमा प्रयोग भएको र बाँकी २१ पोल परेवा डाँडा र कुन्छामा प्रयोग भएको मिसिल संलग्न विभिन्न पत्रहरुबाट देखिएकोले आएको हुँदा पोल हिनामिना भएको भन्ने कुरा प्रमाणित हुन नसकेकाले आयोगको मिति २०६१।२।१५ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

७८. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व महालेखा नियन्त्रक श्री माधव प्रसाद घिमिरेको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजले अचल सम्पत्ति तर्फ काठमाडौं उपत्यकामा ५-८-३-२ रोपनी र बांके र चितवनमा ०-७-२.५ बिगाहा जग्गा खरिद गरेको र घर समेत निर्माण गरेको देखिन्छ भने चल सम्पत्ति तर्फ एउटा गाडी, २ वटा मोटरसाईकल र सामान्य बिद्युतीय उपकरणहरु खरिद गरेको देखिन्छ । निज घिमिरे २०२८ सालमा शाखा अधिकृत पदबाट सरकारी सेवामा प्रवेश गरी २०६० सालमा राजपत्राङ्कित बिशिष्ट श्रेणी (क्षेत्रिय प्रशासक) को पदबाट अवकाश पाएको देखिन्छ । सरकारी सेवामा कार्यरत रहंदाको उक्त अवधिमा निजको नियमित रुपमा प्राप्त हुने तलब, भत्ताको अतिरिक्त २०३७ फागुन देखि २०४१ फागुन सम्म अर्थ मन्त्रालयको उप सचिवको पदबाट बिश्व बैक वाशिङ्गटनमा काजमा ४ बर्ष काम गरी बिभिन्न आर्थिक सुविधा प्राप्त गर्नुका अलावा बिभिन्न समयमा

छात्रबृत्तिमा अध्ययनको लागि १६ महिना बेलायतमा रहेको समेत ५४ पटक बिदेश भ्रमण गर्दा उल्लेख्य रकम आर्जन गरेको र सन २००० देखि बिश्व बैंकबाट पेन्सन समेत प्राप्त गर्नु भएको देखिन्छ। यस प्रकार निज घिमिरे र निजका परिवारले प्राप्त गरि आएका बिभिन्न आम्दानीको अनुपातमा निजको चल अचल सम्पत्ति तथा अन्य खर्चहरु अमिल्दो र अस्वाभाबिक नदेखिनुका साथै निजले उच्च जीवन यापन गरेको समेत नदेखिंदा आयोगको मिति २०६१।२।२२ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

७९. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी अनुसार पूर्व मन्त्री मोतिप्रसाद पहाडीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज पहाडीले सार्वजनिक पदमा प्रवेश गरे पश्चात् आर्जन गरेका सम्पत्तिमा बाँके नेपालगञ्ज-१६ स्थित कि.नं. ३९३ समेतको ०-३-० बिगाहा जग्गा र सो जग्गामा बनेको घर तथा बैंक मौज्दात रकम समेतका चल/अचल सम्पत्ति रहे भएको देखिन आयो। निजको डोल्पा स्थित सबै घर जग्गाहरू सार्वजनिक पदमा प्रवेश गर्नु पूर्वका पैतृक सम्पत्ति रहेको र निजकी बुहारी रक्षा राणा पहाडीको नाममा रहेको काठमाडौं धापासी-७(ख) स्थित कि.नं. ३९, समेतको २-११-०-० रोपनी जग्गा र सो जग्गामा बनेको घर मोतिप्रसाद पहाडीको आर्जनबाट खरिद गरेको नभई निजकी बुहारी रक्षा राणा पहाडीलाई निजको बाबु नुरप्रताप राणाबाट वकस प्राप्त भएको देखिन आयो। निज मोतिप्रसाद पहाडीको नाममा रहेको टोयोटा जीप निज आँफूले खरिद नगरेको, विनोद सम्शेर राणाले सो गाडीको मूल्य तिरी निजले नै प्रयोग गरेको देखिन आयो। निजको छोरा केदारप्रसाद पहाडीको नाममा रहेको टोयटा जीप निजको ससुरा नुरप्रताप राणाले खरिद गरिदिएको र निजकै नाममा रहेको सान्त्रो हुण्डाई कार बैंक ऋणबाट खरिद गरेको कुरा सो गाडी स्ट्याण्डर्ड चार्टर्ड बैंकको नाममा रहेबाट पुष्टि हुने तथा निज मोतिप्रसाद पहाडीकी बुहारी रक्षा राणा पहाडीको नाममा रहेको कुमारी बैंक लि. को शेयर पनि निजको बाबुले खरिद गरिदिएको देखिन आयो। तसर्थ निज मोतिप्रसाद पहाडीले स्रोत नखुल्ने सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर बिताइरहेको नदेखिएकोले आयोगको मिति २०६१।२।२६ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको।

८०. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी मुताबिक पूर्व मन्त्री शरत सिं भण्डारीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजले गाडी र बागदरवार चर्चिल सपिङ्ग कम्प्लेक्सको भूईं तलाको पसल कवल खरिद गरेको पाइयो। उक्त खरिदका लागि निजको आयस्रोत तर्फ हेर्दा निजले २०५३ सालमा शिवनारायण चलचित्र मन्दिर गौशाला, महोत्तरी बिक्रि गरेको र महोत्तरी जिल्ला एवं ललितपुर, सैंबु-८ स्थित जग्गाहरु समेत बिक्रि गरी आवश्यक रकम प्राप्त गरेको देखिन्छ। सो बाहेक निजले ललितपुर, पुल्चोकको घर जग्गा बिक्रि गरी प्राप्त गरेको रकम समेत बचत गरेको देखिन आएको र निजले सांसद एवं मन्त्री हुँदा प्राप्त गरेको पारिश्रमिक र विदेश भ्रमणबाट समेत रकम बचत गरेको देखिएकोले गाडी एवं पसल कवल खरिदको स्रोत पुष्टि भएको देखिन आयो। औद्योगिक आय तर्फ निज शरतसिं भण्डारीकी श्रीमती समेतका नाममा २०५७ सालमा दर्ता भएको सोनामाई कमर्सियल कम्प्लेक्सको चुक्ता पूँजी मध्ये ६० प्रतिशत संस्थापक शेयर रहेकोमा संस्थापक शेयरवालाको हैसियतले लिन कबुल गरेको रकम हालसम्म दाखिला नगरेको हुनाले सो कम्पनीका नाममा खरिद भएको जग्गामा परेको मूल्यको ६० प्रतिशत रकमसम्म मात्र निजको लगानी मान्नुपर्ने हुँदा जग्गा खरीदमा परेको रकमको ६० प्रतिशतले हुने रकमसम्म निजको लगानी भएको देखियो। निज भण्डारीको माथि उल्लेखित आय स्रोत बाहेक जानकी चलचित्र मन्दिरबाट प्राप्त मुनाफा एवं निजकी श्रीमतीको नामको काठमाडौं, बागदरवारको पसल कवल नं. ५४ र इन्फोनेट प्रा.लि. को शेयरबाट प्राप्त हुने लाभांश समेतबाट आय आर्जन गरेको देखिएकोले उक्त लगानीको स्रोत पुष्टि भएको देखिन आयो। तसर्थ निज शरत सिं भण्डारीको उल्लेखित

आयस्रोत र निजले २०५३ सालमै मन्त्रिपरिषद्मा पेश गरेको सम्पत्ति बिवरण समेतलाई हेर्दा निजले गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवनस्तर यापन गरेको भन्ने देखिन नआएको हुँदा आयोगको मिति २०६१।२।२६ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

८१. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी मुताबिक पूर्व सचिव विष्णुप्रसाद खत्रीको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निज खत्रीले सार्वजनिक पदमा मिति २०२२।५।२३ मा प्रवेश गरे देखि मिति २०५४।५।२१ सम्म वहाल रहँदा कैलाली, बाँके र कञ्चनपुर जिल्लामा ११-३-१८ विगाह, कैलाली टिकापुरमा छोरा तिरेश खत्रीको नाममा ०.०६३० वर्गमिटर घडेरी खरिद गरेको र काठमाण्डौ उपत्यकाभित्र ५-९-०-३ रोपनी मध्ये ३-१-३-० रोपनी जग्गा सहित दुई वटा घर निर्माण गरेको र छोरा तिरेश खत्रीकै नाममा २-८-१-३ रोपनी जग्गा मोहीयानी हक स्वरुप समेत प्राप्त गरेको देखियो । काठमाडौं विशालनगरमा २०३२ सालमा श्रीमती शान्तिदेवी खत्रीका नाममा एउटा घर निर्माण भएपछि २०५५।०५६ मा अर्को एउटा घर शाही नेपाली सेनामा सेनानी पदमा कार्यरत छोरा राजेश खत्रीकी श्रीमती सरिता खत्रीका नाममा समेत निर्माण भएको देखिएको छ । निज विष्णुप्रसाद खत्री २०५४ सालमा सचिव पदबाट अवकाश भएका, छोरा तिरेशप्रसाद खत्री २०४७ सालदेखि सरकारी सेवामा रहेको र अर्का छोरा राजेश खत्री शाही नेपाली सेनामा कार्यरत रहेको देखियो । यसरी निजहरुको हालसम्मको पारिश्रमिक, विदेश भ्रमण, जग्गा बिक्री, ऋण तथा अवकाशपछि प्राप्त रकम लगायतको आयस्रोत र चल अचल सम्पत्तिको अवस्थाले निज खत्रीको जीवन स्तर अस्वाभाविक र अमिल्दो नदेखिंदा आयोगको मिति २०६१।२।२७ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

८२. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी मुताबिक सतर्कता केन्द्रका तत्कालीन प्रमुख मोहन बहादुर कार्की सार्वजनिक पदमा बहाल रहंदा आर्जन गरेको चल अचल सम्पत्तिको आयस्रोत पुष्टि नभएको भन्ने विषयमा अनुसन्धान गर्दा निजकी श्रीमती तारा कार्कीका नाममा काठमाडौं महानगरपालिका-९, बत्तिसपुतली स्थित ०-१३-३-१ रोपनी जग्गा २०२९ सालमा खरिद गरी सोही जग्गामा २०२९ सालमै घर निर्माण गरेको देखिन्छ । बाबुसँग २०३६ सालबाट छुट्टी भिन्न हुँदा बत्तिस पुतलीको क्षेत्रफल ०-८-०-० सहित जम्मा ०-१४-३-१ जग्गा प्राप्त गरेको अवस्था छ भने तराईतर्फ सर्लाही सुकेपोखरीमा भाइ केशर बहादुर कार्कीबाट मिति २०३४।११।८ मा क्षेत्रफल १-१५-४ र सासू जमुनीलक्ष्मी थापाबाट सर्लाही जब्दी गा.वि.स ६ र ९ को विभिन्न कित्ता जग्गा क्षेत्रफल ६-१९-१५ समेत निजकी श्रीमती तारा कार्कीका नाममा हालै देखिको वकस पत्र गरी मिति २०४०।९।१९ र बाँकी रहेका चल अचल सम्पत्ति मिति २०५१।८।२१ मा प्राप्त गरेको हुँदा उल्लेखित जग्गाको आयस्ता बाट परिवारको पालन पोषण लगायतका काम हुने गरेको अवस्था देखिन्छ । बैंक कारोवार तर्फ हेर्दा काठमाडौं वत्तिसपुतली स्थित एक घरमा वसोवास गरी अर्को एक घर बहालमा लगाई प्राप्त गर्दै आएको आय समेतबाट बैंक मौज्दात रहेका श्रीमती तारा कार्की तथा छोरीहरु एवं निज स्वयकै नामबाट खर्च भएका रकमहरु निजहरुको पारिवारिक अवस्था अनुरुप आय आर्जनका परिप्रेक्ष्यमा अस्वभाविक रुपमा लिनु पर्ने देखिएन । अतः २०२६ साल देखि इन्जिनियर पदमा सेवा प्रारम्भ गरेका मोहन बहादुर कार्कीले पारिश्रमिक, विदेश भ्रमण, जग्गाबाट प्राप्त आय रकम, घरभाडा समेतबाट प्राप्त गरेका आय बाट हालसम्म निजको जग्गा खरीद, घर निर्माण, घरायसी प्रयोगजन्य सामान तथा छोराछोरीका अध्ययन वापत भएका खर्च गरी केही रकम हाल बैंक मौज्दात रहेको समेत देखिन आयो । निज कार्की करिव ३४ वर्ष सरकारी सेवामा रही हालसम्म सचिव पदमा कार्यरत रहेका निज कार्कीको नियमित रुपमा प्राप्त हुने तलब, भत्ताको अतिरिक्त विदेश भ्रमण, घर भाडा र जग्गाबाट प्राप्त प्राप्त हुने आम्दानी नै मुख्य आय स्रोत भएको देखिन्छ । निज मोहन बहादुर

कार्कीले सार्वजनिक पद धारण गरेपछि निज तथा निजका परिवारले प्राप्त गरेका विभिन्न आम्दानीको अनुपातमा निजको चल अचल सम्पत्ति तथा अन्य खर्चहरु अमिल्दो र अस्वाभाविक नदेखिनुका साथै निजले उच्च जीवनयापन गरेको समेत नदेखिंदा आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

८३. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदन एवं अन्य सूचना, स्रोत समेतबाट प्राप्त जानकारी मुताबिक उपमहालेखपरीक्षक प्रचन्द्रलाल झाको स्वआर्जित सम्पत्ति निज निजामती पदमा वहाल रहँदा प्राप्त गरेको पारिश्रमिक र सुविधावाट वचत हुने रकमले निजको घर निर्माण र वैंक व्यालेन्सको आयस्रोत पुष्टि भएको मान्न मिल्ने देखिएन भन्ने सम्वन्धमा अनुसन्धान गर्दा निजले एउटा मोटर साइकल वाहेक अन्य कुनै सवारी साधन र घर जग्गा खरिद गरेको देखिएन । २०५२ सालमा घर निर्माण पूर्व निजहरुको पैतृक जग्गावाट काठमाडौं वौद्ध र सैंबुमा गरि झण्डै ९ रोपनी जग्गा विक्री गरेको देखिएको । निजको नाममा देखिएको वैक मौज्दात तर्फ हेर्दा निजले २०२५ साल देखि प्राप्त गरेको तलव भत्ता र पिपुल्स क्याम्पस, पकनाजोलमा ०४७ साल देखि अध्यापन गरी प्राप्त गरेको तलव भत्ता, पारिश्रमिक जम्मा भएको र त्यसरी जम्मा भएका रकमहरु मध्ये अधिकांश खर्च नगरी बैंकमा नै जम्मा रहन गएको देखियो । साथै हालका मितिमा बैंकमा जम्मा हुन आएको एकमुष्ट रकमका हकमा हेर्दा सो अवधिमा निजले ललितपुर इमाडोलको १२ आना जग्गा र काठमाडौं, भिमसेनगोलामा १० आना जग्गा विक्री गरेको कुरा प्राप्त कागजातबाट देखिन आएको छ । यस प्रकार हाल सम्मको अनुसन्धानबाट निजका पिताको जीवन कालमै निर्माण गरेको घर समेत निजहरुको पैतृक जग्गा विक्रीवाट आएको रकमले निर्माण गरेको, कुनै घर जग्गा खरिद नगरेको, तराई (पर्सा) मा रहेको पैतृक जग्गावाट प्राप्त उव्जनीले परिवारको सामान्य पालन पोषण हुन सक्ने देखिएको छ । निजको छोरा चार्टर्ड एकाउन्टेन्ट अध्ययनका लागि वेलायत गएको भए पनि त्यही काम गरी आफ्नो खर्च उपार्जन गर्ने गरेको र आफूले वेग्लै खर्च गर्न नपरेको भन्ने निजको कथनलाई अन्यथा भन्न सक्ने अवस्था नरहेको समेतवाट निजले अमिल्दो र अस्वाभाविक जीवन यापन गरेको नपाइएको हुँदा आयोगको मिति २०६१।२।२८ को निर्णयानुसार हाल निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

८४. नेपाल राष्ट्र बैंकमा कार्यरत जगदीश प्रसाद ओझा, मनोज कुमार श्रेष्ठ र हेमकुमारी गुरुङ्गले शुरु नियुक्ति, पदोन्नति तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका प्रमाणपत्रहरु उपर छानवीन गर्दा सम्वन्धित विश्वविद्यालय र बोर्डबाट ठीक छ भनी प्रमाणीकरण भई आएकोले आयोगको मिति २०६१।३।९ को निर्णयानुसार निजहरु उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

८५. जिल्ला विकास समिति, बाराका सवओभरसियर मेघुप्रसाद जायसवालले उक्त कार्यालयमा रुजु हाजिर रहेको अवस्थामा भारतको पि.टी. दिनदयाल उपाध्याय मेमोरियल कलेजमा पढ्दै नपढी नियमित विद्यार्थीको रुपमा सम्मिलित भई आई.एस्सी.परीक्षामा पास भएको प्रमाणपत्र लिई सोही प्रमाणपत्रको आधारमा बेलारुसबाट एम.ई.पास गरेको भनी हालसम्म जागिर खाई रहेको भन्ने विषयमा अनुसन्धान गर्दा भारतको पि.टी. दिनदयाल मेमोरियल कलेजबाट निजको प्रमाणपत्र ठीक छ भनी प्रमाणित भई आएको र बेलारुस स्टेट पोलिटेक्नीकल एकेडेमीबाट प्राप्त गरेको मास्टर्स अफ साइन्स इन इन्जिनियरीङ्गको उपाधिलाई सम्बन्धित विषयमा वि.ई. सरहको समकक्षी मान्यता दिएको त्रि.वि.वि. शिक्षाध्यक्षको कार्यालयको पत्रबाट देखियो । तसर्थ निज मेघुप्रसाद जायसवाल र अन्तरवार्ता समितिका कोही कसै उपर केही गरिरहनु पर्ने नदेखिएकोले आयोगको मिति २०६१।३।९ को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइल तामेलीमा राखिएको ।

८६. जनकपुर चुरोट कारखाना लिमिटेडका सत्य नारायण महासेठ (सहायक पाँचौं तह), तृप्ती नारायण (सि.ह. सहायक चौथो तह) र रतिस चन्द्र मिश्र (सहायक चौथो तह) ले शुरु नियुक्ति, पदोन्नती तथा अन्य सुविधा पाउने उद्देश्यले पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरु सम्वन्धित विश्व

विद्यालयहरुबाट ठीक भनी प्रमाणीकरण भई आएकोले सो को जानकारी निजहरु र सम्बन्धित कार्यालयलाई दिई प्रस्तुत कारवाहीको फाइल तामेलीमा राख्ने गरी आयोगबाट मिति २०६१।३।१६ मा निर्णय भएको ।

८७. यातायात व्यवस्था विभागका मेकानिकल इञ्जिनियर (रा.प.द्वि.प्रा.) सुशिल अग्रवालले आफू पदमा वहाल रहंदा भ्रष्टाचार गरी अवैध सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा निजको नाममा उल्लेख्य रुपमा कुनै पनि चल अचल सम्पत्ति देखिन नआएको र उजूरीको जिकिर पुष्टी हुन नआएकोले आयोगको मिति २०६१।३।१८ को निर्णयानुसार निज उपरको कारवाहीको फाइल तामेलीमा राखिएको ।

८८. मोहियानी हकको प्रतिकूल हुने गरी गल्फुटार आवास योजनामा अधिग्रहणमा परेको साविक चपली भद्रकाली गाउँ विकास समिति वडा नं. ९ (क) को जग्गाको मुआव्जा (जोत पोत दुवैं) एकलौटी रुपमा काठमाडौं, ढल्कु निवासी ऋषि कुमार पाण्डे तथा विजय कुमार पाण्डेलाई दिलाउनमा तत्कालीन प्रमुल जिल्ला अधिकारी, काठमाडौं उपत्यका नगर विकास समितिको आयोजना प्रमुख समेतको संलग्नता रहेकोले निजहरु उपर कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजूरी उपर अनुसन्धान गर्दा जिकिर अनुसार मोहीको समेत मुआव्जा दिलाउनमा तत्कालिन प्रमुख जिल्ला अधिकारी, आयोजना प्रमुख, नगर विकास समितिका प्रमुख समेतको संलग्नता रहेको भन्ने वस्तुनिष्ठ आधार प्रमाणको अभावमा थप अनुसन्धान गरिरहन नपर्ने देखिएकोले आयोगको मिति २०६१।३।१८ को निर्णयानुसार प्रस्तुत कारवाहीको फाइल तामेलीमा राख्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०६०/६१ मा आयोगमा परेका उजूरीहरु र कारवाहीको स्थिति, कारवाहीको तुलनात्मक विवरण र कूल उजूरी र फछ्यौंटको तुलनात्मक विवरण अनुसूची-९, १० र ११ मा दिइएको छ ।

परिच्छेद - ११
आयोगका अन्य गतिविधिहरु

(क) वाह्य गतिविधि

सभा, सम्मेलन, गोष्ठी तथा अध्ययनका सिलसिलामा बिदेश भ्रमण :

१. ३-५ डिसेम्वर २००३ सम्म मलेसियाको राजधानी क्वालालम्पुरमा एशियाली विकास बैंकद्वारा आयोजित "एशिया प्रशान्त क्षेत्रमा भ्रष्टाचार विरूद्धको अभियान" सम्मेलनमा सम्माननीय प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले सम्बोधन गर्नु भयो। उक्त सम्मेलनमा "नेपालमा भ्रष्टाचार निवारणका लागि भएका प्रयासहरू" नामक कार्यपत्र पनि प्रस्तुत गरिएको थियो।

२. संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा पारित भ्रष्टाचार विरूद्धको महासन्धीमा नेपालको तर्फबाट आयोगका सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले मेक्सिकोको मेरिडा शहरमा राष्ट्र संघद्वारा आयोजित भ्रष्टाचार विरूद्धको सम्मेलनका अवसरमा सन् २००३ डिसेम्वर १० (तदनुसार मंसिर २४, २०६०) मा हस्ताक्षर गर्नु भयो।

३. १४-२१ मार्च २००४ सम्म सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायले मित्र राष्ट्र जापान सरकारको मैत्रीपूर्ण निमन्त्रणामा जापानको भ्रमण गर्नु भयो। उक्त भ्रमणका अवसरमा प्रमुख आयुक्तज्यूले जापानमा भ्रष्टाचार विरूद्ध गठित संस्थाहरूको अवलोकन गर्नुका साथै आयोगको नयाँ भवनलाई आवश्यक पर्ने उपकरणहरू र आयोगमा कार्यरत जनशक्तिको क्षमता वृद्धिका लागि जापान सरकारबाट उपलब्ध हुन सक्ने सहयोग बारे छलफल गर्नु भएको थियो।

४. २०-२२ अप्रिल २००४ सम्म पाकिस्तानको राजधानी ईस्लामावादमा आयोजना भएको International Conference on UN Convention Against Corruption मा आयोगका माननीय आयुक्त श्री वेदप्रसाद सिवाकोटीको नेतृत्वमा उपन्यायाधिवक्ता श्री कुमुद प्रसाद शर्मा सहितको २ सदस्यीय प्रतिनिधिमण्डलले भाग लिएको थियो।

५. २६-२९ अप्रिल २००४ सम्म दक्षिण कोरियाको सिउलमा आयोजना भएको Asian Ombudsman Conference मा आयोगका माननीय आयुक्त श्री वासुदेव लामिछानेको नेतृत्वमा सहन्यायधिवक्ता श्री ऋषिराम दवाडी सहितको २ सदस्यीय प्रतिनिधिमण्डले भाग लिएको थियो।

६. २०-२७ आषाढ २०६१ सम्म आयोगका सचिव श्री वालकृष्ण प्रसाईको नेतृत्वमा गएको तीन सदस्यीय भ्रमण टोलीले भारतमा रहेका भ्रष्टाचार विरुद्ध कार्यरत विभिन्न संस्थाहरुको भ्रमण कार्यक्रम सम्पन्न गर्‌यो। उक्त टोलीमा सह-सचिव रत्नकाजी बज्राचार्य र सह-न्यायाधिवक्ता सूर्य प्रसाद कोइरालाको सहभागिता रहेको थियो। यस भ्रमणको प्रमुख उद्देश्य भारतका भ्रष्टाचार विरुद्ध कार्यरत निकायहरु र आयोग बीच सम्बन्ध बिस्तार गर्नु र ज्ञान तथा अनुभवहरुको आदन प्रदान गर्ने रहेको थियो। वहाँहरुले दिल्ली स्थित Central Bureau of Investigation, गाजियावादमा रहेको Central Bureau of Investigation Academy, Central Vigilance Commission Delhi, Delhi Anti-Corruption Bureau र भोपाल स्थित लोकायुक्त (AMBUDSMAN) को स्थलगत भ्रमण गरी त्यहाँको कार्य प्रणाली बारे जानकारी लिनुका साथै त्यहाँ कार्यरत उच्च पदस्थ कर्मचारीहरुसंग अन्तरकृया तथा छलफल गर्नु भएको थियो।

७. ५-७ जुलाई २००४ सम्म फिलिपिन्सको राजधानी मनिलामा भएको एशियाली विकास बैंक तथा ओ.ई.सी.डी. को संयुक्त तत्वावधानमा एशिया प्यासिफिक क्षेत्रका भ्रष्टाचार विरुद्ध कार्यरत संस्थाहरुको पाँचौ स्टेरिङ्ग ग्रुप मिटिङ्गमा सम्माननीय प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायको नेतृत्वमा सह-सचिव लक्ष्मण कुमार पोखरेल समेतको २ सदस्यीय प्रतिनिधि मण्डलले भाग लिएको थियो। यसको लगतै ७ देखि ९ जुलाईसम्म मनिलामै "Curbing Corruption on Public Procurement" विषयक सेमिनार संचालन भएको थियो। उक्त सेमिनारमा आयोगका सह-सचिव लक्ष्मण कुमार पोखरेल र उप-सचिव वेगेन्द्रराज शर्मा पौड्याल सहभागी रहनु भएको थियो। यस सेमिनारमा सार्वजनिक खरीद तथा सार्वजनिक खरीदमा हुने भ्रष्टाचार सम्बन्धी मूल धारणाबारे अन्तरक्रिया तथा समूह कार्य भएको थियो। साथै त्यसको निरुपण सम्बन्धी कार्यपत्रमा छलफल भएको थियो।

(ख) आन्तरिक गतिविधि

<u>तालीम, गोष्ठी तथा बिबिध क्रियाकलापहरु :</u>

१. अनुसन्धान सम्वन्धी काममा खटिने आयोगका अधिकृतहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०६० साउन महिनामा २० जना अधिकृत कर्मचारीहरुलाई अपराध अनुसन्धान सम्वन्धी तालीममा सहभागी गराइएको।

२. आयोगका पदाधिकारी तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता तर्जुमा गरी २०६०/६/२२ को निर्णयवाट लागू गरिएको।

३. २०६० कार्तिक १४ गते विभिन्न मन्त्रालयहरुका फोकल पोइन्टको पहिलो वैठक वस्यो। खासगरी आयोगबाट भएका निर्णयहरुको कार्यान्वयन प्रकृयालाई छिटो छरितो बनाउने तथा आयोगसँग सम्वन्धित विषयहरुमा समन्वय र अनुगमन कार्यमा सुधार ल्याउने उद्देश्यले फोकल पोइन्टहरुको वैठक नियमित रुपमा हरेक महिनाको अन्तिम कार्य दिन बस्ने गरेको छ।

४. विकास निर्माण सम्वन्धी कार्यका सम्बन्धमा परेका उजूरीहरुको आधारमा छानविन तथा अनुसन्धान गर्ने प्रकृयालाई दिशा निर्देश गर्ने उद्देश्यले तयार पारिएको विकास निर्माण सम्वन्धी अनुसन्धान दिग्दर्शन २०६०/७/१४ गतेदेखि लागू गरिएको।

५. मित्रराष्ट्र स्वीडेनका कानुन मन्त्री थोमस बोडर्स्टोमले २०६० माघ १ गते आयोगका पदाधिकारीहरुसँग भेट गरी भ्रष्टाचार नियन्त्रणका विषयमा छलफल गर्नु भयो।

६. भारतीय Central Bureau of Investigation का भूतपूर्व प्रमुख श्री जोगिन्दर सिंहले २०६० माघ २ गते आयोगको सभा हलमा आयोजित आयोगका अधिकृतहरुको भेलालाई अनुसन्धान सम्वन्धी आफ्नो अनुभव लगायतका विषयमा जानकारी गराउनु भयो।

७. भ्रष्टाचार नियन्त्रणका लागि सञ्चारकर्मीहरुसँग सहकार्य गर्ने उद्देश्यले आयोगले २०६० माघ ९ गते सञ्चारकर्मीहरुका लागि अभिमुखिकरण कार्यक्रमको आयोजना गरेको थियो।

८. भ्रष्टाचार नियन्त्रणमा सहकार्य गर्ने उद्देश्यले २०६० फागुन २८ गते आयोगकै परिसरमा कलाकर्मीहरुको भेला आयोजना भयो। सो भेलामा सहभागी कलाकारहरुले आ-आफ्नो कार्यक्षेत्रवाट भ्रष्टाचार नियन्त्रणमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे।

९. मोफसलमा रहेर एफ.एम. रेडियो तथा दैनिक पत्रिका संचालन गर्ने संचारकर्मीहरु वीच भ्रष्टाचार नियन्त्रणका लागि कार्य जालो निर्माण गर्ने उद्देश्यले २०६१/१/४ देखि ६ सम्म चितवनको भरतपुरमा National Workshop on Regional Media on Corruption Control नामक २ दिने कार्यशाला सम्पन्न भएको ।

१०. अमेरिकी बार एसोसियसन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संयुक्त आयोजनामा २०६१ बैसाख १७ र १८ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुरमा Financial Investigation Training Workshop सम्पन्न भएको ।

११. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको खास गरी अनुसन्धान सम्वन्धी काम कारवाहीमा रहेका समस्याहरु वारे छलफल गर्न आयोगका पदाधिकारी तथा उच्च पदस्थ कर्मचारी वीच २०६१/१/२७ गते गोदावरीमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।

१२. केन्द्रीय तथा मोफसलका पत्रकारहरुवीच समन्वय कायम गर्दै भ्रष्टाचार नियन्त्रणमा आयोगसँग सहकार्य गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले आयोगले स्थानीय अमेरिकी सहयोग संस्था समेतको सहयोगमा २०६१/२/२७ गते नगरकोटमा Buiding Linkages Between National and Regional Media for Corruption Control नामक एक दिने कार्यशाला सम्पन्न भएको ।

१३. सफ्टेक आई. टि. स्कूल मार्फत आयोगका २० जना कर्मचारीहरुलाई २०६१।२।१४ बाट २ महिने कम्प्युटर सम्वन्धी तालीम प्रदान गरिएको ।

१४. आयोगको वार्षिक कार्यक्रम वमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने ४ क्षेत्रीय प्रशासन कार्यालय तथा ९ जिल्ला प्रशासन कार्यालयहरुका अनुसन्धानमा संलग्न अधिकृत तथा मुद्दा फाँट हेर्ने सहायक कर्मचारी तथा सरकारी वकिल समेतलाई समावेश गरी अख्तियार दुरुपयोगको अनुसन्धान सम्वन्धी तालीम असार महिनामा सम्पन्न भएको ।

१५. श्री ५ को सरकारका विभिन्न ४९ वटा विभाग तथा सो स्तरका निकायहरुको आन्तरिक कार्यविधि सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा २०६१।३।३० गते सार्वजनिक गरियो । पटक पटकको छलफल तथा आयोगको प्रत्यक्ष सहजिकरणमा निर्माण भएका ती कार्यविधिहरु सम्वन्धित विभागहरुले साउन १ गते देखि लागू गरेका छन ।

१६. यस आर्थिक वर्षको एउटा महत्वपूर्ण उपलब्धीका रुपमा आयोगले प्राप्त गरेको टंगालस्थित साविकको राष्ट्रिय वाणिज्य बैंक रहेको क्षेत्रफल १९-५-५-१ को जग्गामा त्यहाँ रहेको पुरानो भवन भत्काई सुविधा सम्पन्न आधुनिक कार्यालय भवन निर्माणको काम थालनी भएको छ । आयोग र काठमाण्डौं महानगरपालिका वीच सम्झौता भए मुताविक १८ महिनाको अवधिमा नयाँ भवन निर्माण सम्पन्न गर्न आयोगले महानगरपालिकाबाट रु. १० करोड प्राप्त गरेको छ ।

१७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा श्री ५ को सरकारद्वारा नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको नयाँ रणनीति अनुरुप श्री ५ को सरकारले आयोगको नयां प्रशासनिक संगठनलाई स्वीकृत गरेको छ । अव आयोगमा ६ वटा अनुसन्धान महाशाखाहरु, १ मुद्दा महाशाखा, १ प्रहरी सेल, १ प्रशासन महाशाखा र १ योजना महाशाखा गरी जम्मा १० वटा महाशाखाहरु कायम भएका छन् । आयोगको दरवन्दी, काज र फाजिलमा कार्यरत जनशक्तिको

गणना गर्दा जम्मा २७७ कर्मचारीहरु नियमित हाजिर छन् र ३५ वटा पदहरु रिक्त छन् । नयां संगठन संरचना लागू हुनु भन्दा अगाडी आयोगका कर्मचारीको संख्या ८९ मात्र थियो । अहिले यो संख्या १९८ (पुल दरवन्दी २० समेत) भएता पनि काजमा रहेका समेत गरी ३१२ पुगी सकेको छ ।

१८. आयोगलाई तत्कालै र दीर्घकालीन रुपमा आवश्यक पर्ने जनशक्तिको विकासका लागि आयोगले निकट भविष्यमै Training Need Assessment गर्न लागेको छ । सो अध्ययन पश्चात भ्रष्टाचार र अनुचित कार्यको नियन्त्रणका लागि आयोग अझ प्रभावकारी र सक्षम हुन चाहिने जनशक्तिको उत्पादन गर्न स्वदेश तथा विदेशमा के कुन विषयमा तालिम प्रदान गर्न जरुरी छ भन्ने प्रक्षेपण गर्न सजिलो हुन जानेछ ।

१९. आयोगमा निकट भविष्यमै Management Information System लागू हुंदैछ । आयोगको लागि आवश्यक पर्ने कम्प्युटर लगायतका सञ्चार उपकरणहरु उपलब्ध गरी आगामी केही महिना भित्र Office Automation को प्रकृया थालनी हुंदै छ । यसबाट अनुसन्धान कार्यमा टेवा पुग्नुका साथै अनुगमन र जनसाधारणका लागि सूचना प्रवाह गर्न सुविधा पुग्न जाने छ । आयोगले गरेका केही महत्वपूर्ण निर्णयहरु र हासिल गरेका उपलब्धीहरु आयोगको Website मा राखिएको छ ।

२०. आयोगको संस्थागत विकास, जनशक्ति विकास र उपकरणहरुको उपलब्धताका लागि विदेशी सहयोगी निकायहरु DANIDA र DIFID बाट आर्थिक सहयोग प्राप्त भै रहेको छ र USAID ले पनि सहयोग गर्ने तत्परता देखाईरहेको छ ।

परिच्छेद - १२
उपसंहार

भ्रष्टाचार गर्नु सामाजिक अपराध हो र यसले मुलुकको सामाजिक, आर्थिक, राजनैतिक सबै पक्षलाई नकरात्मक प्रभाव पार्ने हुँदा यसको रोकथाम एवं नियन्त्रण हुन जरुरी छ । कानूनी शासन (Rule of Law) प्रजातन्त्रको आधार स्तम्भ हो भने सो आधार स्तम्भलाई मजबुत तुल्याउन पनि भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ ।

भ्रष्टाचार मुक्त मुलुक एवं समाजको स्थापना गर्नु आजको विश्वको सवैभन्दा ठूलो अभिलाषा रहेको छ । यो कार्य त्यत्तिकै चुनौतीपूर्ण पनि छ । संसारका प्रायः सबै जसो मुलुकहरु भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा संवेदनशील रहेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न मुलुकमा बिभिन्न किसिमका निकायहरुको गठन गरेको पाइन्छ । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संवैधानिक हैसियत प्रदान गरी भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व तोकिएको छ । आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न उपचारात्मक एवं निरोधात्मक उपायहरु अवलम्वन गर्दै आएको छ । विशेषतः भ्रष्टाचार नियन्त्रण सम्बन्धमा बनेका कानूनहरुमा भएको पछिल्लो संशोधन पश्चात आयोगले भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य सशक्त रुपले अगाडि बढाएको छ । यस कुराको पुष्टि माथि बिभिन्न परिच्छेद्हरुमा उल्लिखित विवरणहरुबाट स्पष्ट हुन्छ ।

यस आर्थिक वर्ष २०६०/६१ मा आयोगबाट भएका कारवाहीहरुको समीक्षा गर्दा ३७३२ उजूरी परेको र ती मध्ये ३१८८ उजूरीहरु आयोगबाट फछ्र्यौट भएका छन् । आयोगबाट भ्रष्टाचार सम्वन्धी ९८ मुद्दाहरु विशेष अदालत समक्ष दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी १४ मुद्दामा आयोगबाट पुनरावेदन गरियो । ३८ सार्वजनिक पदाधिकारीहरुलाई बिभागीय कारवाहीको लागि सम्बन्धि निकायमा लेखी पठाइयो भने २४ सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा २० सुझावहरु पठाइयो र ३ निकायहरुमा ध्यानकर्षणको लागि लेखी पठाइएको छ । आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३६४ उजूरी परेकोमा जम्मा ७४ फछ्र्यौट भई २९० फछ्र्यौट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १४४८ उजूरी परेकोमा जम्मा ४३१ फछ्र्यौट भई १०१७ फछ्र्यौट हुन बाँकी नै रहेको देखिन आएको छ । हाल मुलुकमा विद्यमान असहज परिस्थिति एवं वातावरणका कारण क्षेत्रीय तथा जिल्ला प्रशासन कार्यालयहरुबाट भ्रष्टाचार तथा अनुचित कार्यको रोकथामका काम प्रभावकारी ढङ्गले हुन नसकेको महसूस भएको छ ।

जबसम्म भ्रष्टाचारीलाई समाजले हेर्ने दृष्टिकोण परिवर्तन हुँदैन र उनीहरु माथि उपयुक्त कानुनी कारवाही हुँदैन त्यस्ता व्यक्तिहरु कानूनको आँखा छली समाजमा बस्न सक्ने वातावरण रहि रहन्छ, तबसम्म भ्रष्टाचार घट्ने भन्दा बढ्न जाने डर हुन्छ । तसर्थ भ्रष्टाचार एवं भ्रष्टाचारीलाई दुरुत्साहन गर्न एवं रोक्न कडा दण्डको व्यबस्था हुनु पर्ने हुन्छ । भ्रष्टाचार गरेमा कडा दण्ड भोग्नु पर्छ भन्ने कुरा जनमानसमा पार्न सकियो भने धेरै हद्सम्म भ्रष्टाचार रोक्न सकिन्छ । निसन्देहः भ्रष्टाचार भई सकेपछि त्यसको उपचार गर्नु भन्दा भ्रष्टाचार हुने वातावरणको सिर्जना हुन नदिनु नै बढी उपयोगी हुन आउँछ । भ्रष्टाचार रोकथाम सम्बन्धी कार्यमा सरकारको महत्वपूर्ण भूमिका रहन्छ र सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । यस परिप्रेक्ष्यमा भ्रष्टाचार नियन्त्रणमा सरकारले गरेका प्रतिबद्धता एवं सरकारी रणनीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन आवश्यक देखिन्छ । संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा पारित भ्रष्टाचार विरूद्धको महासन्धीमा नेपालको तर्फबाट आयोगका सम्माननीय प्रमुख आयुक्तले मेक्सिकोको मेरिडा शहरमा राष्ट्र संघद्वारा आयोजित भ्रष्टाचार विरूद्धको सम्मेलनका अवसरमा सन् २००३ डिसेम्वर १० (तदनुसार मंसिर २४, २०६०) मा हस्ताक्षर गर्नु भएबाट

भ्रष्टाचार नियन्त्रणका लागि हाम्रो प्रतिबद्धता अझ स्पष्ट रुपमा प्रकट भएको छ । भ्रष्टाचार रोकथामका लागि गठित सरकारी निकायहरुलाई सकृय एवं प्रभावकारी बनाउन पनि उत्तिकै जरुरी हुन्छ । साथै आयोगको दायरा भित्र नपरेका भ्रष्टाचारजन्य कृयाकलाप रोक्ने तर्फ पनि ध्यान दिन जरुरी छ । जवसम्म निजी क्षेत्र तथा आयोगको अधिकार क्षेत्र बाहिर परेका सार्वजनिक निकायहरुमा हुने भ्रष्टाचार रोक्न उचित संयन्त्रको बिकास गर्न सकिदैन तबसम्म भ्रष्टाचारमुक्त स्थिति सृजना हुन सक्दैन ।

आयोगलाई अधिकार सम्पन्न बनाउनेदेखि आयोगको संगठन बिस्तार एवं भौतिक सुबिधा बिस्तार गरी आयोगको क्षमता बृद्धि गर्ने कार्यमा सरकारको सहयोग आयोगले प्राप्त गरेको छ । विगत वर्षहरुमा श्री ५ को सरकारबाट उपलब्ध गराइएका जनशक्तिबाट नै केही महत्वपूर्ण उपलब्धीहरु हासिल गर्न सकेको छ । केही वर्ष यतादेखि आयोगको कार्य बोझ यथेष्ट बृद्धि भएको हुंदा सोही अनुरुप आयोगको नयां संगठन तयार भई श्री ५ को सरकारबाट स्वीकृत भै लागू भइसकेको छ । आयोगको जनशक्तिमा पनि उल्लेख्य बृद्धि भएको छ । दुई बर्षभित्र टंगालमा नयां भवन निर्माण गरिसक्ने लक्ष्यका साथ निर्माण सम्बन्धी प्राथमिक कार्य आरम्भ भएको छ । उपर्युक्त तथ्यलाई मध्यनजर गर्दा आयोगलाई अझ बढी साधन स्रोत सम्पन्न तुल्याउन श्री ५ को सरकारको सहयोगको आशा आयोगले लिएको छ । मुलुकको वर्तमान बिषम परिस्थितिमा पनि आफूलाई सुम्पिएको जिम्मेवारी आयोगले जे जति रुपमा पूरा गर्न सकेको छ यसमा सरकारका विभिन्न अंगहरु, नागरिक समाज, सचेत नागरिक एवं सञ्चार क्षेत्रबाट प्राप्त हुन गएको सहयोगबाट मात्र संभव भएको हो । आयोग एक्लैको प्रयासबाट मात्र मुलुकमा भ्रष्टाचार रोक्न एवं नियन्त्रण गर्न कठिन हुन्छ । यस किसिमको सहयोग एवं सहायता सदैव पाईरहने कुरामा आयोग बिश्वस्त रहेको छ ।

आयोगले गरेको काम कारवाहीबाट आम जनमानसमा के कस्तो प्रभाव परेको छ भन्ने तर्फ अध्ययन तथा मूल्यांकन गर्ने प्रयास पनि भई रहेको छ । आफ्ना काम कारवाहीहरुमा देखिएका समस्या, बाधा, अडकाउ, कमी, कमजोरी आदिलाई न्यूनीकरण गर्दै लैजाने रणनीति पनि आयोगले अख्तियार गरेको छ । तद्नुरुप आयोगले समसामयिक सुधार गरी त्यस्ता सुधारलाई अवलम्बन गर्ने नीति लिएको छ । मुलुकमा सुशासनको आवश्यकता र यसमा आयोग जस्ता निकायको भूमिकाको महत्व स्थापित भएको छ । यसका साथ साथै आयोगको काम कारवाहीको कारण सरकारी निकायहरुमा निर्णय गर्न डर त्रास पैदा भई राम्रो काम गर्नेहरुमा पनि नकारात्मक सोच नआओस् भन्नेतर्फ पनि आयोग सचेत एवं सजग छ । भ्रष्टाचार नियन्त्रण कार्य कसूरको अनुसन्धानबाट मात्र सम्भव नहुने हुंदा निरोधात्मक उपायहरु तर्फ बिभिन्न सरकारी निकाय, गैर सरकारी संस्था र नागरिक समाजसंग सहकार्य गर्दै आएको छ ।

आयोगले भ्रष्टाचार नियन्त्रण तर्फको प्रयासलाई अझ सबल, सुदृढ र सशक्त बनाउन आयोगका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक देखिएको छ । त्यसै गरी नवीन अनुसन्धान प्रविधि र तिनीहरुको प्रयोग वाञ्छनीय भएको छ । क्षमता अभिवृद्धि र नवीन प्रविधिहरुको प्रयोगबाट भ्रष्टाचारीहरु पहिल्याई दोषीलाई कारवाही गर्न ठूलो सघाउ पुग्ने हुँदा त्यस तर्फ पनि सरकार लगायत सम्बद्ध सबै पक्षको सहयोगको अपेक्षा राखिएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि आयोगले तयार पारेको रणनीति अनुरुप पर्याप्त कानूनी व्यवस्थाको अतिरिक्त भ्रष्टाचार नियन्त्रण गर्न केन्द्रिय र स्थानीय स्तरमा संस्थागत संयन्त्रको विकास एवं सुधार गर्नु पर्ने देखिएको छ । त्यस्तै भ्रष्टाचारका छिद्रहरु टाल्न नीतिगत मामिलामा दृष्टि पुऱ्याउने, प्रभाव अनुगमन गर्ने, राजनैतिक, व्यवसायिक, लगायत व्यापारिक समुदायमा आचार संहिता लागू गर्ने, अनुसन्धानको काममा क्षेत्रगत मन्त्रालय र जिल्ला कार्यालयको क्षमता वृद्धि र सशक्तीकरण गर्ने, राजस्व, विकास निर्माण तथा ठूलठूला खरिद, सेवा प्रदान गर्ने निकाय, शान्ति सुरक्षा जस्ता क्षेत्रहरुमा रणनीतिक छनौटका आधारमा मुद्दा छनौट गरी अनुसन्धान तहकिकात गर्ने, भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट आवश्यक प्रविधि उपलब्ध गरी क्षमता विकास गर्ने, नागरिक समाज तथा गैर सरकारी संस्थाहरुको संलग्नतामा भ्रष्टाचार विरोधी अभियान संचालन गर्ने, राजस्व वृध्दि, विकास आयोजनाहरुमा समय तथा खर्चको वृध्दिमा कमी, सार्वजनिक सेवा तथा

पूर्वाधारहरुमा सेवा प्रदानमा प्रभावकारिता तथा गुणस्तर वृध्दि र शान्ति सुरक्षामा सुधार जस्ता कुराहरुबाट सुशासनका सूचकहरुको मूल्यांकन गर्ने, आयोगसित सम्बन्धित बिभिन्न विषयहरुको प्रकाशन तथा सूचना संचार गर्ने तथा यथासंभव पारदर्शी बनाउने लगायतका रणनीतिहरु अवलम्वन गरी आगामी तीन बर्ष भित्र नेपाली जनताले अनुभूति गर्न सक्ने गरी नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा आयोग कृयाशील रहेको छ ।


श्री ५ महाराजाधिराज
सम्माननीय प्रमुख आयुक्त
तथा माननीय आयुक्तहरु
(आयोग)
राष्ट्रिय तथा
अन्तर्राष्ट्रिय
संघ संस्थाहरु
सचिव
मन्त्रालयहरु
६ वटा
अनुसन्धान
महाशाखाहरु
प्रशासन
महाशाखा
योजना
महाशाखा
मुद्दा
महाशाखा
प्रहरी
महाशाखा
राष्ट्रिय सतर्कता केन्द्र
राजस्व अनुसन्धान विभाग
अन्य विभागहरु
प्रहरी प्रधान
कार्यालय
राष्ट्रिय अनुसन्धान
विभाग
पुनरावेदन सरकारी वकिलहरु
क्षेत्रीय प्रशासकहरु
जिल्ला सरकारी वकिलहरु
प्रमुख जिल्ला अधिकारीहरु
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

हाल आयोगमा कार्यरत कर्मचारी संख्या

क)	अधिकृतस्तर	-	८२
ख)	सहायक स्तर	-	१४१
ग)	श्रेणी बिहिन	-	६१
घ)	सल्लाहकार	-	५
ङ)	सेवा करार	-	३
	जम्मा	-	२९२

दरबन्दी र पदपूर्तिको विवरण

सि.न.	सेवा	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त
१	प्रशासन, सचिव	विशिष्ठ	१	१	-
	जम्मा		१	१	-
२	प्रशासन, सह-सचिव	प्रथम	२	२	-
	न्याय, कानून सह-सचिव	प्रथम	२	१	१
	न्याय,स.व.सहन्यायाधिवक्ता	प्रथम	५	४	१
	जम्मा		९	७	२
३	प्रशासन, उप-सचिव	द्वितीय	८	८	-
	लेखा, उप-सचिव	द्वितीय	३	३	-
	न्याय,कानून, उप-सचिव	द्वितीय	३	३	-
	न्याय,स.व.उपन्यायाधिवक्ता	द्वितीय	४	४	-
	इन्जिनियरिङ्ग - वि.एण्ड आ.	द्वितीय	१	१	-
	इन्जिनियरिङ्ग - इरिगेसन	द्वितीय	१	१	-
	विविध - रेखा विशेषज्ञ	द्वितीय	१	-	१
	जम्मा		२१	२०	१
४	प्रशासन, शाखा अधिकृत	तृतीय	१४	१४	-
	लेखा, लेखा अधिकृत	तृतीय	१	१	-
	न्याय, कानून, शाखा अधिकृत	तृतीय	४	३	१
	न्याय, स.व. शाखा अधिकृत	तृतीय	५	४	१
	इन्जिनियरिङ्ग - वि.एण्ड आ.	तृतीय	३	२	१
	इन्जिनियरिङ्ग - जनरल	तृतीय	३	३	-
	इन्जिनियरिङ्ग - इरिगेसन	तृतीय	१	१	-
	इन्जिनियरिङ्ग - स्यानिटरी	तृतीय	१	१	१
	जम्मा		३२	२९	४

अधिकृत स्तर पद संख्या- ६३
पद पूर्ति संख्या - ५६
पद रिक्त संख्या - ७

सि.न.	सेवा	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
ना.सु. स्तर						
५	प्रशासन, ना.सु.	रा.प.अनं. प्रथम	३७	३५	२	लोकसेवा -१ पद परिवर्तन-१
	न्याय, कानुन, ना.सु.	रा.प.अनं. प्रथम	२	२	-	
	लेखापाल,	रा.प.अनं. प्रथम	१	१	-	
	ओभरसियर, इन्जि.,सिभिल	रा.प.अनं. प्रथम	१	१	-	
	कम्प्युटर अपरेटर	रा.प.अनं. प्रथम	८	६	२	
	टा.ना.सु.	रा.प.अनं. प्रथम	४	४	-	
	क्यामेरामेन	रा.प.अनं. प्रथम	१	१	-	
	जम्मा		५४	५०	४	
खरिदार स्तर						
६	प्रशासन, खरिदार	रा.प.अनं. द्वितीय	५	५	-	
	सहलेखापाल	रा.प.अनं. द्वितीय	१	१	-	
	टेलिफोन अपरेटर	रा.प.अनं. द्वितीय	२	२	-	
	जनरल मेकानिकल	रा.प.अनं. द्वितीय	१	-	१	
	फोटोकपी अपरेटर	रा.प.अनं. द्वितीय	२	-	२	
	जम्मा		११	८	३	
श्रेणी विहिन						
७	ह.स.चा.	श्रेणी विहिन	२२	२२	-	
	पियन, पाले, माली	श्रेणी विहिन	२८	२८	-	
	जम्मा		५०	५०	-	

कूल दरबन्दी तर्फ

	दरबन्दी	पुर्ति	रिक्त
अधिकृतस्तर	६३	५६	७
सहायकस्तर	६५	५८	७
श्रेणीविहिन	५०	५०	-
जम्मा	१७८	१६४	१४

१	प्रहरी सेल तर्फ	अधिकृतस्तर	दरबन्दी	पदपूर्ति	रिक्त
	वरिष्ठ प्रहरी उपरीक्षक	रा.प. प्रथम	१	-	१
	प्र.ना.उ.	द्वितीय	३	३	-
	ना.उ.	द्वितीय	१	१	-
	प्र.नि.	तृतीय	१	१	-
	निरीक्षक	तृतीय	१	१	-
		जम्मा	७	६	१
२	सहायकस्तर	दरबन्दी	दरबन्दी	पदपूर्ति	रिक्त
	प्र.ना.नि	रा.प.अनं प्रथम	५	३	२
	प्र.स.नि.	रा.प.अनं द्वितीय	३	३	-
	प्र.ह.	रा.प.अनं तृतीय	५	५	-
	प्र.ज.	रा.प.अनं चतुर्थ	२	२	-
		जम्मा	१५	१३	२

प्रहरी सेल तर्फ:

दरबन्दी	पूर्ति	रिक्त
अधिकृत स्तर:- ७	६	१
सहायक स्तर:- १५	१३	२
कूल जम्मा:- २२	१९	३

पूल दरबन्दी तर्फ

सि.न.	सेवा	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त
१	न्याय, सरकारी वकिल	विशिष्ठ	१	१	-
	न्याय, सरकारी वकिल	रा.प. प्रथम	१	१	-
	न्याय, कानुन	रा.प. द्वितीय	२	२	
	विभिन्न	विभिन्न	६	-	६
	जम्मा अधिकृतस्तर	जम्मा	१०	४	६
२	न्याय, स.व.	रा.प.अनं. प्रथम	१	१	-
	प्र.सा.प्र. टाइपिष्ट	रा.प.अनं.द्वितीय	१	१	-
	विभिन्न	विभिन्न	८	-	८
	जम्मा सहायकस्तर		१०	२	८

फाजिल दरबन्दीतर्फ

सि.न.	सेवा	श्रेणी	पदपूर्ति
२	शिक्षा सि.प्र (टु.गा.)	रा.प.अनं. प्रथम	१
	शिक्षा मुद्रण (सि.वु.वा.)	रा.प.अनं प्रथम	१
	शिक्षा मुद्रण (सि.प्रेसमेन)	रा.प.अनं प्रथम	१
	शिक्षा मुद्रण (सि.मो.टा.अ.)	रा.प.अनं प्रथम	१
	सा.प्र (टा.ना.सु.)	रा.प.अनं प्रथम	६
		जम्मा	१०

३	सा.प्र (टा.खरिदार)	रा.प.अनं द्वितीय	४
	शिक्षा मुद्रण (ब्लक फिनिसर)	रा.प.अनं द्वितीय	१
	शिक्षा मुद्रण (मो.टा.अ.)	रा.प.अनं द्वितीय	१
	शिक्षा मुद्रण (प्रुफरिडर)	रा.प.अनं द्वितीय	१
		जम्मा	७
जम्मा फाजिल दरबन्दी तर्फ			१७

अन्यत्र निकायबाट काजमा आउनु भएका अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु

सि.न.	सेवा	श्रेणी	पद
१	इन्जि.	प्रथम	१
		जम्मा	१
२	न्याय, स.व.	द्वितीय	२
	न्याय, कानून	द्वितीय	१
	प्रहरीतर्फ	द्वितीय	२
	ने.रा.बैंक	द्वितीय	३
	सि.डि.ई.	द्वितीय	१
		जम्मा	९
३	इन्जि. सर्भे	तृतीय	१
	प्र.हुलाक	तृतीय	१
	प्रहरी तर्फ	तृतीय	१
	ने.रा.बैंक	तृतीय	२
	कृ.वि.बैंक	तृतीय	१
		जम्मा	६
जम्मा अधिकृत स्तर			१६
५	इन्जि.,मेका.	रा.प.अनं प्रथम	१
	टा.ना.सु.	रा.प.अनं प्रथम	३
	सि.कम्पोजिटर	रा.प.अनं प्रथम	१
	प्रहरीतर्फ	रा.प.अनं प्रथम	१
	ना.सु.	रा.प.अनं प्रथम	१
	लेखापाल	रा.प.अनं प्रथम	१
रा.प.अनं प्रथम ना.सु.स्तर		जम्मा	८
६	खरीदार	रा.प.अनं द्वितीय	२
	इन्जि.,इलेक्ट्रीक	रा.प.अनं द्वितीय	१
	प्रहरीतर्फ	रा.प.अनं द्वितीय	१
रा.प.अनं द्वितीय खरिदार स्तर		जम्मा	४

७	टा.मु	रा.प.अनं तृतीय	२
८	ई. सि.	तेश्रो (ने.वि.प्रा.)	१
	जु. प्लम्बर	रा.प.अनं.तृ(खानेपानी)	१
	प्र.ह. प्रहरी	रा.प.अनं तृतीय	३
रा.प.अनं तृतीय मुखिया स्तर		**जम्मा**	**७**
९	प्रहरी जवान	रा.प.अनं चतुर्थ	६
रा.प.अनं चतुर्थस्तर		**जम्मा**	**६**
१०	ह.स.चा	श्रेणी विहिन	३
	पियन	श्रेणी विहिन	८
	श्रेणी विहिन	**जम्मा**	**११**
जम्मा सहायकस्तर (श्रेणी विहिन समेत)			**३६**
३	आयोगको सुरक्षा तर्फ (प्रहरी)	रा.प.अनं. प्रथम -	१
		रा.प.अनं. द्वितीय	१
		रा.प.अनं. तृतीय	४
		जम्मा	६
४	संवैधानिक पदाधिकारीज्यूका अंगरक्षक (प्रहरी)	रा.प.अनं. प्रथम	५
		रा.प.अनं. तृतीय	१
		जम्मा	६
५	सम्माननीय प्रमुख आयुक्तज्यूको सरकारी निवासका सुरक्षाकर्मी	रा.प.अनं. तृतीय	३
		रा.प.अनं. चतुर्थ	८
		जम्मा	**११**
	जम्मा सुरक्षा तर्फ (काज)		**२३**

जम्मा काजतर्फ

अधिकृतस्तर	१६
सहायकस्तर	३६
सुरक्षाकर्मी	२३
जम्मा काजतर्फ	**७५**

गृह अन्तर्गतको दरबन्दी (अख्तियार दुरुपयोग अनुसन्धान शाखा र इकाई)

सि.न.	सेवा	श्रेणी	पद*	
१	उप सचिव न्याय, कानून	रा.प. द्वितीय	५	५ वटा क्षेत्रीय प्रशासन कार्यालयमा १।१जनाको दरबन्दी
२	शाखा अधिकृत, न्याय कानून	रा.प. तृतीय	५	
३	शाखा अधिकृत, प्रशासन	रा.प. तृतीय	५	
४	नायब सुव्वा	रा.प. अनं प्रथम	५	
५.तराईका विभिन्न १० जिल्लाका लागि शा.अ. रा.प.तृतीय, न्याय,स.व.			१०	
जम्मा गृह तर्फको दरबन्दी			३०	१। १ जना दरबन्दी

करारमा कार्यरत

सि.न.	सेवा	श्रेणी	पदपूर्ति
१	कानुनी सल्लाहकार		२
२	प्रेस सल्लाहकार		१
३	इन्जिनियरिङ्ग सल्लाहकार		१
४	वित्तिय सल्लाहकार		१
५	इन्टेरियर डिजाईनर		१
६	ड्राईभर		१
७	स्वीपर, श्रेणी विहिन		१
जम्मा करारमा कार्यरत			८

सारांश

	दरबन्दी	पदपुर्ति	रिक्त
दरबन्दी	१७८	१६४	१४
प्रहरी सेल तर्फ	२२	१९	३
पूल दरबन्दी	२०	६	१४
फाजिल दरबन्दी	-	१७	-
काजमा	-	७५	-
करारमा	-	८	-
जम्मा	२२०	२८९	३१

नोट:-
सारांशमा गृह अन्तर्गतको दरबन्दी समावेश गरिएको छैन ।

सामान्य प्रशासन शाखा

- कम्प्युटर मर्मत (३१ सेट)
- अफिस सामान खरीद (स्टेसनरी, फर्नीचर तथा अन्य सामान)
- छपाई सम्बन्धी
- गाडी लिलाम
- क्यालेण्डर छपाई
- कूर्सी टेबल मर्मत
- चेकपोष्ट निर्माण र रात्री सुरक्षा बत्ती
- ०५९/६० सम्मको जिन्सी निरीक्षण
- अन्य जिन्सीको लिलाम विक्रीको कारवाही चलिरहेको
- आयोगले कम्पाउण्डमा र जनताको प्रत्यक्ष सम्पर्क हुने उपत्यकाका विभिन्न कार्यालयहरुमा ३० वटा उजुरी पेटीका राखी प्रत्येक महिना खोलिने व्यवस्था गरिएको
- सरसफाइको लागि बाल्टिनहरु राखिएको
- आयोगको मौजुदा भवनमा तला थप्ने र कम्पाउण्ड बढाउने कार्य भैरहेको
- मर्मत सम्भारको लागि सुपरिटेन्डेन्ट तोकेको
- कर्मचारीहरुलाई सवारी सुविधाको व्यवस्था गरेको
- टंगालमा नयाँ घर बनाउने कार्य शुरु गरेको
- कार्यालयको सरसफाई तथा बिजुली पानीको व्यवस्था मिलाएको

आ.व. २०६०।६१ मा आयोगको लागि भएको बजेट ब्यवस्था

वार्षिक विनियोजन रु. (थप समेत)		खर्च (रु.)		बाँकी (रु.)			कैफियत
		निकासा	खर्च	निकासा मध्ये	निकाशा नभएको	दुवै	
साधाराण	३३९,६८,७७५.००	३३,७३३,४३५.६६	३,३७,३३,४३५.६६	२,३५,३३९.३४		२,३५,३३९.३४	
अर्थ बजेट	२०,२८,५२१.७८	२,०२२,०४३.५८	२,०,२२,०४३.५८	६,४७८.२०		६,४७८.२०	
जम्मा	३,५९,९७,२९६.७८	३,५७,५५,४७९.२४	३,५७,५५,४७९.२४	२,४१,८१७.५४		२,४१,८१७.५४	
विकास बजेट	३१,५०,०००.००	३१,०८,१९४.३७	३०,१२,९५६.९०	९५,२३७.४७	४१,८०५.६३	१,३७,०४३.१०	
जम्मा	३१,५०,०००.००						
कूल जम्मा	३,९,१,४७,२९६.७८	३,८८,६३,६७३.६१	३,८७,६८,४३६.१४	३,३७,०५५.०१	४१,८०५.६३	३,७८,८६०.६४	

आ.व. २०६०।६१ को राजस्व तर्फ आम्दानी

प्रशासनिक दस्तुर, ठेक्का तथा परामर्स र सरकारी सामान विक्री समेत गरी जम्मा रु. ४९,०००।- मात्र राजस्व आम्दानी भएको छ।

आ.व. २०६०।६१ को धरौटी तर्फ आम्दानी

आ.व. २०५९।६० को जिम्मेवारी सरेको	रु. ३८,३१,२८८।३४
२०६० श्रावण देखि २०६१ आषाढ मसान्तसम्मको जम्मा धरौटी	रु. ८२,२०,०८५।९४
२०६१ आषाढसम्म फिर्ता वा सदर स्याहा भएको धारौटी रकम	रु. ४०,९८,६४५।८१
२०६१ आषाढ सम्ममा बाँकी धरौटी	रु. ७९,५२,७२८।४७

साधारण तर्फको खर्चको फाँटवारी

आर्थिक वर्ष : २०६०/०६१
बजेट उपशीर्षक नं. र नाम: १५/३/११० (अख्तियार दुरुपयोग अनुसन्धान आयोग)

जम्मा बजेट रकम	:	३३,९६८,७७५।००
०६० चैत्र महिना सम्मको खर्च	:	२४,०९५,५०७।९४
बाँकी बजेट	:	९८,७३,२६७।०६

नोट:

- आ.व. २०५९/६० सम्म म.ले.प. र आ.ले.प. बेरुजु नभएको
- यस आ.व. २०६०/६१ को म.ले.प. नभएको ।

बिकास तर्फको खर्चको फाँटवारी

आर्थिक वर्ष : २०६०/०६१
बजेट उपशीर्षक नं. र नाम: १५/४/२०० (संस्थागत सुदृढीकरण)

जम्मा बजेट रकम	:	३१,५०,०००।००
२०६० चैत्र महिना सम्मको खर्च	:	३,४१,८०६।९७
बजेट बाँकी	:	२८,०८,१९३।०३

भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धमा क्षेत्रीय प्रशासन कार्यालयहरुबाट भएको कारवाहीको विवरण
(आ.व. ०६०।०६१)

सि.नं.	क्षेत्रीय प्रशासन कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या	
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी		कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित				
१	पुर्वाञ्चल क्षे.का. धनकूटा	२९	१०	३०	६	५९	१६	१८	४						२२	४१	१२
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	६१	१९	५१	२६	११२	४५	१९							१९	९३	४५
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	२४	८	१३	१५	३७	२३	२५	८						३३	१२	१५
४	मध्यपश्चिमाञ्चल क्षे.का. सूर्खेत	२	७		७	२	१४									२	१४
५	सुदुरपश्चिमाञ्चल क्षे.का.दीपायल	६	५	२६	१९	३२	२४									३२	२४
	जम्मा	१२२	४९	१२०	७३	२४२	१२२	६२	१२						७४	१८०	११०
	कूल जम्मा					३६४										२९०	

भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कारवाहीको विवरण
(आ.व. ०६०।०६१)

सि.नं.	जिल्ला प्रशासन कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाकी उजूरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
०		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	
१	ताप्लेजूङ	१				१		१							१	१	०	०	०	
२	पांचथर	९	२			९	२	११								०	९	२	११	
३	इलाम	८	१६			८	१६	२४		३						३	८	१३	२१	
४	झापा	१७	६	२		१९	६	२५								०	१९	६	२५	
५	संखूवासभा	१			१	१	१	२		१						१	१	०	१	
६	तेह्रथूम	४				४		४								०	४	०	४	
७	भोजपूर	१०				१०		१०	७							७	३	०	३	सदरमूकाम आक्रमणमा ७ वटा मिसिल नष्ट (फोनबाट)
८	धनकूटा	०		१	१	१	१	२									१	१	२	

९	सूनसरी	२८	८	६	१	३४	९	४३	३	१						४	३१	८	३९	
१०	मोरङ	३३	१	११		४४	१	४५	२१	१						२२	२३		२३	
११	सोलूखुम्बू	६		२		८		८	१							१	७		७	
१२	ओखलढुंगा	१				१		१								०	१		१	
१३	खोटाङ	१३		३		१६		१६								०	१६		१६	
१४	उदयपूर	१४		३		१७		१७	८		१		२			११	६		६	
१५	सिराहा	६१		१६		७७		७७	७				२			९	६८		६८	
१६	सप्तरी	७९		०		७९		७९	१५						१	१६	६३		६३	मूद्दा संख्या मात्र देखाएको
१७	दोलखा	३		६		९		९	१							१	८		८	
१८	रामेछाप	२७		९		३६		३६	३		१					४.	३२		३२	
१९	सिन्धूली	३८	२	४	२	४२	४	४६	१	१						२	४१	३	४४	
२०	सर्लाही	३७		१७		५४		५४	२१		६		२			२९	२५		२५	
२१	महोत्तरी	१४	१०	३	१	१७	११	२८					२			२	१५	११	२६	
२२	धनूषा	७३		३८		१११		१११	४१		७		५			५३	५८		५८	
२३	मकवानपूर	६६				६६		६६	२३				२१		४	४८	१८		१८	
२४	चितवन	३	१४	४	१०	७	२४	३१	२		१	१				४	४	२३	२७	
२५	बारा	६				६		६								०	६	०	६	
२६	पर्सा	६०		१४		७४		७४	३०		१		९			४०	३४	०	३४	
२७	रौतहट		२		१५		१७	१७		६						६	०	११	११	

२८	रसूवा	१				१		१								०	१	०	१	फोनबाट
२९	धादिङ	१				१		१								०	१	०	१	फोनबाट
३०	नूवाकोट	१८				१८		१८	३							३	१५	०	१५	फोनबाट
३१	सिन्धूपाल्चोक	१०				१०		१०	१				१			२	८	०	८	
३२	काभ्रेपलान्चोक	६		३		९		९	१		२					३	६	०	६	
३३	भक्तपूर	३	४	५	७	८	११	१९								०	८	११	१९	
३४	ललितपूर	१				१	०	१								०	१	०	१	
३५	काठमाडौं	५७	२४	२		५९	२४	८३	३	५	६					१४	५०	१९	६९	
३६	नवलपरासी	१०				१०		१०								०	१०	०	१०	फोनबाट
३७	कपिलवस्तू	३				३		३	१		१					२	१	०	१	
३८	रुपन्देही	१०	२८		२१	१०	४९	५९								०	१०	४९	५९	
३९	पाल्पा	२				२		२	१		१					२	०	०	०	
४०	गुल्मी	२४		६		३०		३०	४		२					६	२४	०	२४	
४१	अर्घाखांची															०	०	०	०	मूद्दा नपरेको फोनबाट
४२	गोर्खा	२				२		२								०	२	०	२	
४३	लमजूङ	५		३	१	८	१	९	४	१	१		१			७	२	०	२	
४४	कास्की	४५				४५		४५	५				१			६	३९	०	३९	
४५	तनहू	१२	३			१२	३	१५					२	१		३	१०	२	१२	
४६	स्याङ्जा	९	४	१		१०	४	१४								०	१०	४	१४	

४७	मनाङ	१				१		१								०	१	०	१	
४८	रुकूम	८				८		८	४							४	४	०	४	
४९	रोल्पा	२				२		२	१							१	१	०	१	फोनबाट
५०	सल्यान			७	१	७	१	८	२	१	२					५	३	०	३	
५१	प्यूठान		१				१	१								०	०	१	१	फोनबाट
५२	दाङ	१७		१०	१	२७	१	२८	२२	२	१		१			२६	२	०	२	
५३	पर्वत	३		१		४		४	२							२	२	०	२	
५४	म्याग्दी	४				४		४								०	४	०	४	फोनबाट पूरानो रेकर्ड आक्रमणमा ध्वस्त भएको
५५	मुस्ताङ															०	०	०	०	मूहा नपरेको
५६	बाग्लूङ	९				९		९	१							१	८	०	८	
५७	दैलेख	९		२		११		११	६							६	५	०	५	
५८	सूर्खेत	२	१			२	१	३		१						१	२	०	२	
५९	जाजरकोट	१०				१०		१०								०	१०	०	१०	
६०	बांके	१८	१०	१६	१६	३४	२६	६०	९	१३	५		२			२९	१८	१३	३१	
६१	बर्दिया	८	११			८	११	१९					१			१	७	११	१८	
६२	हूम्ला															०	०	०	०	नपरेको
६३	जूम्ला	४				४		४					१			१	३	०	३	
६४	डोल्पा	७				७		७			२					२	५	०	५	

६५	मुगु	१४				१४		१४								०	१४	०	१४	
६६	कालीकोट	१३				१३		१३	७							७	६	०	६	
६७	बझाङ			१		१		१								०	१	०	१	
६८	बाजूरा	३				३		३								०	३	०	३	फोनबाट
६९	डोटी	२	२	१	३	३	५	८	१		१					२	१	५	६	
७०	अछाम	६				६		६			१					१	५	०	५	फोनबाट
७१	कैलाली	१७		१		१८		१८	१३		१					१४	४	०	४	
७२	दार्चूला	२				२		२								०	२	०	२	फोनबाट
७३	बैतडी	६				६		६								०	६	०	६	फोनबाट
७४	डडेलधूरा	३				३		३	१						२	३	०	०	०	
७५	कंचनपूर	५	३	७	६	१२	९	२१	४	५	३	१				१३	५	३	८	
	जम्मा	१००४	१५२	२०५	८७	१२०९	२३९	१४४८	२८०	४१	४६	२	५३	१	८	४३१	८२१	१९६	१०१७	


अभियोजन र अन्य कारवाहीको स्थिति
१४%
२%
२२%
७%
५५%
मुद्दा दर्ता
पुनरावेदन
विभागीय कारवाही
ध्यानाकर्षण
सचेत


विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको बर्गिकरण
२१%
१५%
६%
१०%
४%
४४%
गैरकानुनी सम्पत्ति आर्जन
नक्कली प्रमाणपत्र
रिसवत लिएको
राहदानी
सवारी दर्ता
अन्य


सफल/असफल मुद्दाहरुको अनुपात
१६%
८४%
सफल
असफल


आयोगमा परेका उजूरीहरु र कारवाहीको स्थिति
१५%
८५%
फछ्र्यौट
बाँकी


कारवाहीको तुलनात्मक विवरण (आ.व. २०५७/५८-२०६०/६१)
उजुरी संख्या
१६०
१४०
१२०
१००
८०
६०
४०
२०
०
आ.व. २०५७/५८
आ.व. २०५८/५९
आ.व. २०५९/६०
आ.व. २०६० / ६१
आर्थिक वर्ष
अदालतमा मुद्दा दायर
विभागीय कारवाही
सचेत/सतर्क
ध्यानाकर्षण
सुझाव


कूल उजुरी र फछ्र्यौटको तुलनात्मक विवरण
(आ.व. २०५७/५८-२०६०/६१)
उजुरी संख्या
४०००
३५००
३०००
२५००
२०००
१५००
१०००
५००
०
आ.व. २०५७/५८
आ.व. २०५८/५९
आ.व. २०५९/६०
आ.व. २०६०/६१
आर्थिक वर्ष
उजुरी परेको
फछ्र्यौट